# लेखनाथ पौड्याल सम्बन्धी अध्ययन परम्परा

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी

**जीवलाल भुसाल**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०६५

लेखनाथ पौड्याल सम्बन्धी अध्ययन परम्परा - जीवलाल भुसाल २०६५

# लेखनाथ पौड्याल सम्बन्धी अध्ययन परम्परा

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी

**जीवलाल भुसाल**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०६५

# शोधनिर्देशकको सिफारिस

नेपाली एम.ए. (शैक्षिक वर्ष २०६२/०६४) का विद्यार्थी श्री जीवलाल भुसालले **लेखनाथ पौड्याल सम्बन्धी अध्ययन परम्परा** शीर्षकको यो शेधकार्य मेरा निर्देशनमा पूरा गर्नुभएको हो । नेपाली स्नातकोत्तर तहको शोधका सम्भाव्य अपेक्षाका दृष्टिले म यस शोधकार्यका परिणति एवं प्राप्तिसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका निम्ति सिफारिस गर्दछु ।

............................

डा. महादेव अवस्थी

सहप्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रि.वि.कीर्तिपुर

मिति : २०६५/०८/११

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र श्री जीवलाल भुसालले त्रि.वि स्नातकोत्तर तह (एम.ए) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि गर्नुभएको **लेखनाथ पौड्याल सम्बन्धी अध्ययन परम्परा** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख राजेन्द्र सुवेदी ....................

२. शोधनिर्देशक सहप्राध्यापक डा. महादेव अवस्थी ...................

३. बाह्य परीक्षक डा. वासुदेव त्रिपाठी .....................

मिति : २०६५/०८/१५

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले मेरा आदरणीय गुरु डा. महादेव अवस्थीको प्राज्ञिक निर्देशनमा तयार पारको हुँ । आफ्नो अति व्यस्त जीवनमा पनि अमूल्य समय दिई मलाई समुचित निर्देशन दिएर लेखनमा अभिप्रेरित गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरूप्रति सर्वप्रथम म हार्दिक कृतज्ञता टक्राउन चाहन्छु । साथै उत्साह सञ्चारित गर्नुहुने विभागीय प्रमुख श्रद्धेय गुरु प्रा. राजेन्द्र सुवेदीप्रति हार्दिक आभार गर्दछु । त्यस्तै शोधशीर्षक छनोट गर्नमा र लेखनकार्यमा प्रोत्साहन र उचित सल्लाह दिनुहेन श्रद्धेय गुरुहरू प्रा.डा. व्रतराज आचार्य, श्री केशव सुवेदी र श्री गोविन्दप्रसाद शर्माप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा आवश्यक सामग्रीहरू सङ्कलन गर्न सहयोग तथा सल्लाहसुझाउ दिने गुरुमा रमा शर्मा र लेखनाथ प्रतिष्ठानका सम्पूर्ण कर्मचारीहरूप्रति विशेष कृतज्ञता व्यक्त गर्दछु ।

अनेक बाधाअड्चन तथा अप्ठ्याराहरू आइपर्दा पनि मलाई उचित साधन, समय र वातावरण दिएर मेरो अध्ययनलाई निरन्तरता दिनुहुने मेरा पूज्य बुबा होमलाल भुसाल तथा आमा नमकला भुसाल साथै दाजु सन्तप्रसाद भुसाल तथा बहिनी मिना भुसालप्रति पनि अनुगृहीत छु ।

शोधशीर्षक चयनदेखि लेखनसम्म आवश्यक सल्लाहसुझाउ दिने सम्पूर्ण मित्रहरूप्रति म धन्यवाद नदिइरहन सक्दिन ।

त्यस्तै शोधकार्यका समयमा विविध सामाग्री उपलब्ध गराउने त्रि.वि. केन्द्रीय पुस्तकालयप्रति म हार्दिक आभार प्रकार गर्न चाहन्छु । सङ्कलित सामग्रीहरू झर्को नमानीकन शुद्धताका साथ टङ्कन गरिदिने 'जी' कम्प्युटर सेन्टरका जितेन महर्जनलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

जीवलाल भुसाल
शैक्षिक सत्र २०६२/६४
रोल नं. २६१
त्रि.वि.
नेपाली केन्द्रीय विभाग

# विषयसूची

पृष्ठ


पहिलो परिच्छेद

शोधपरिचय १-४

१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता ३

१.६ शोधको क्षेत्र र सीमा ३

१.७ सामग्रीसङ्कलन विधि र शोधविधि ४

१.८ शोधको रूपरेखा ४

दोस्रो परिच्छेद

पौड्यालसम्बन्धी फुटकर समीक्षात्मक अध्ययनहरूको सर्वेक्षण ५-५५

२.१ पत्रपत्रिकाभित्र पौड्यालसम्बन्धी गरिएको अध्ययन ५

२.२ सम्पादकीय र भूमिकामा पौड्यालसम्बन्धी गरिएको अध्ययन ४७

तेस्रो परिच्छेद

लेखनाथ पौड्यालसम्बन्धी पुस्तकाकार अध्ययनहरूको सर्वेक्षण ५६)७२

चौंथो परिच्छेद

लेखनाथ पौड्यालसम्बन्धी विशेषाङ्क र स्मारिकाहरूको सर्वेक्षण ७३-८३

४.१ पौड्यालका सम्बन्धमा भानु लेखनाथ विशेषाङ्कभित्र भएका सर्वेक्षणहरू ७३

४.१.१ पौड्यालका सम्बन्धमा विशेषाङ्कभित्र भएका संस्मरणहरू ७८

४.१.२ पौड्यालका सम्बन्धमा विशेषाङ्कभित्र भएका विशेष स्तम्भहरू ७८

४.१.३ पौड्यालका सम्बन्धमा विशेषाङ्कभित्र भएका कविताहरू ७९

४.२ पौड्यालका सम्बन्धमा स्मारिकाभित्र भएका सर्वेक्षणहरू ७६

४.२.१ लेखनाथ स्मारिका खण्डभित्रका प्रकाशित कविताहरू ८३

पाँचौ परिच्छेद

लेखनाथ पौड्यालसम्बन्धी शोधअध्ययनहरूको सर्वेक्षण ८४-८९

५.१ विद्यावारिधीय शोधप्रबन्धहरू ८४

५.२ स्नातकोत्तरीय शोधकार्यहरू ८६

छैंटौ परिच्छेद

कवितासङ्कलन, इतिहास, समालोचना र निबन्ध सङ्ग्रहमा गरिएको लेखनाथ पौड्यालसम्बन्धी अध्ययन/सर्वेक्षण ९०-१०८

६.१ कविता विधा ९०

६.२ इतिहास विधा ९१

६.३ समालोचना विधा ९४

६.४ निबन्ध विधा १०८

सातौं परिच्छेद

लेखनाथ पौड्यालसम्बन्धी सान्दर्भिक अध्ययनहरू १०९

आठौं परिच्छेद

शोधनिष्कर्ष ११०-११२

सन्दर्भग्रन्थसूची ११३-१२३

## सङ्क्षेपीकृत सूची

| | |
|---|---|
| एम.ए. | मास्टर अफ आर्टस् |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| रा.स.स | राष्ट्रिय समाचार समिति |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| पं | पण्डित |
| वि.सं. | विक्रम सम्वत् |
| सम्पा. | सम्पादक |
| इ.सं. | इस्वी संवत् |
| दो.सं. | दोस्रो संस्करण |
| ते.सं. | तेस्रो संस्करण |
| चौ.सं. | चौथो संस्करण |
| पाँ.सं. | पाँचौ संस्करण |
| छै.सं. | छैटौं संस्करण |
| बा.सं. | बाह्रौ संस्करण |
| सा.प्र. | साझा प्रकाशन |
| म.सं.वि. | महेन्द्र संस्कृत विश्वविद्यालय |
| म.वी.वि. | महेन्द्र वीर विक्रम |
| डा. | डाक्टर |
| ने.भा.प्र.प्र. | नेपाली भाषा प्रकाशिनी समिति |
| अनु. | अनुदित |
| पृ. | पृष्ठ |
| का.प्र. | कार्यालय प्रमुख |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

लेखनाथ पौड्याल नेपाली साहित्यको परिष्कारवादी धाराका प्रसिद्ध कवि हुन् । उनको जन्म वि.सं. १९४१ मा हालको लेखनाथ नगरपालिका-६ मा पुस १५ गते आइतवार शुक्ला एकादशी तिथिमा आत्रेयगोत्रीय पं. राधाकृष्ण शर्मा पौड्यालका नाति, तथा पं. दुर्गादत्त पौड्याल र बसुन्धरा देवीका जेठा छोराका रूपमा भएको हो । उनको जन्म प्राकृतिक सौन्दर्यले बिछ्‌ट्टै रमाइलो नेपाल राज्यको गण्डकी अञ्चल, कास्की जिल्लाको अर्घौ पौवा गाउँ अन्तर्गत अर्चले डाँडामा भएको हो । प्राकृतिक सौन्दर्यले पूर्ण अर्घौं अर्चलेका मनोहर गाउँठाउँमा हुर्किएका पौड्यालले पाँच वर्षको उमेरमा अक्षरारम्भ गरी क्रमशः गणेशस्तोत्र, गङ्गास्तुति, सरस्वतीस्तोत्र, दुर्गाकवच, चण्डी र अमरकोशको अध्ययन आफ्नै गुरुकुलमा गरे । चौध वर्षको उमेरमा काठमाडौंको रानीपोखरी संस्कृत पाठशालामा भर्ना भई आफ्नो अध्ययनलाई निरन्तरता दिई विभिन्न आरोह अवरोहका बीच पौड्यालले संस्कृतमा व्याकरण मध्यमासम्मको अध्ययन गरी आफ्नो औपचारिक अध्ययनक्रमलाई त्यत्तिमै बिसाए तापनि स्वाध्ययनबाट उनले जीवनभर निकै ज्ञान आर्जन गरिरहे ।

लेखनाथ पौड्यालले नेपाली साहित्यको माध्यमिक कालका पछिल्लो प्रहरमा र आधुनिक कालको पहिलो प्रहरमा नेपाली कवितामा महत्त्वपूर्ण एवं अग्रणी भूमिका खेले । 'मानसाकर्षिणी' र 'शृङ्गारपच्चीसी' (१९६१/६२) जस्ता कविताबाट उनले आफ्नो कवितायात्रा प्रारम्भ गरेका प्रतिभा हुन् । नेपाली साहित्यको/कविताको इतिहासमा लगभग (६) छ दशक जति कलम चलाई आफ्नो जीवन सुम्पेका कवि पौड्यालले साहित्यका विभिन्न विधामा कलम चलाएको देखिन्छ । उनले नाटक पनि रचेको देखिन्छ तापनि उनी नेपाली काव्यजगत्का शिरोमणि र त्यसको आधुनिक काल एवम् परिष्कारवादी धाराका प्रवर्तक र प्रतिष्ठापक मानिन्छन् । उनले नेपाली र नेपालीइतर भाषामा कलम चलाई बहुभाषिक योगदान गर्नुका साथै मौलिक र अनुदित किसिमका कृतिद्वारा बहुप्रकारात्मक योगदान पनि गरेको पाइन्छ भने आधा दर्जन जति नाटक र एक दर्जनको हाराहारीमा प्रकाशित काव्य र प्रशस्त फुटकर कविताहरूबाट उनको सृजनात्मक व्यक्तित्व समृद्ध बनेको छ । माधवी १९६५ मा प्रकाशित समस्यापूर्ति रचनाबाट साहित्यलेखनलाई तीव्र रूपमा अगाडि बढाएपछि पौड्यालले ऋतुविचार (१९७३), बुद्धिविनोद (१९७३), सत्यकलि संवाद (१९७६), गीताञ्जली (

१९८६), अमरज्योतिको सत्यस्मृति (२००८), मेरो राम (२०११) जस्ता खण्डकाव्य लक्ष्मीपूजा
(१९९४), भर्तृहरिनिर्वेद (२०२०) जस्ता नाटक तरुण तपसी (२०१०) जस्तो नव्यकाव्य र लालित्य भाग १ (२०१०) तथा लालित्य भाग २ (२०२५) जस्ता कवितासङ्ग्रहहरूका रचना एवं प्रकाशनद्वारा नेपाली साहित्यका इतिहासमा आफ्नो विशिष्ट स्थान बनाएका हुन् ।

## १.२ समस्याकथन

प्रस्तुत शोधकार्य लेखनाथ पौड्यालसम्बन्धी अध्ययनपरम्परासँग सम्बद्ध रहेको छ । पौड्याल (१९४१-२०२२) नेपाली साहित्यको कविता विधाको विशिष्ट प्रतिभा तथा आधुनिक नेपाली कविताका परिष्कारवादी धाराको प्रवर्तक मानिन्छन् । पौड्यालका कविताकृतिहरूको विभिन्न दृष्टिबाट अध्ययन तथा अध्यापन विभिन्न तहमा भएको छ तर सो अध्ययनपरम्पराको सुरुवात कहिलेदेखि भयो र त्यो के-कसरी अगि बढ्दै आयो भन्ने बारेमा व्यवस्थित अनुसन्धान हुनु आवश्यक ठानी यो शोधकार्य गरिएको हो । त्यसैले प्रस्तुत शोधकार्य निम्न लिखित मुख्य समस्याको विवेचनामा केन्द्रित रहेको छ :

(क) लेखनाथ पौड्यालसम्बन्धी अध्ययन-परम्पराको थालनी कसले गरेको हो र त्यो कहिलेबाट सुरु भएको हो ?

(ख) पौड्यालका जीवनी, व्यक्तित्व, साहित्यिक कार्यकलाप, प्रवृत्ति तथा योगदानका बारेमा क-कसले, के-कस्तो अध्ययन गरेका छन् ?

(ग) पौड्यालबारे हालसम्म के-कति अध्ययन भएको छ ?

(घ) पौड्यालबारे भएका अध्ययनहरूको महत्त्व कस्तो छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य विषय लेखनाथ पौड्यालसम्बन्धी अध्ययन-परम्परा रहेको छ । कुनै पनि उद्देश्य विना अध्ययनको थालनी गरिँदैन त्यसैले प्रस्तुत शोध अध्ययनको आफ्नै उद्देश्य रहेको छ । यस क्रममा माथि समस्याकथनमा उल्लेख गरिएका समस्याहरूको समाधान गर्दै लेखनाथ पौड्यालसम्बन्धी सामान्य चिनारी दिनु पनि यस अध्ययन उद्देश्य हो । यो शोधकार्य खास गरी निम्नलिखित उद्देश्यप्राप्तिमा केन्द्रित रहेको छ :

(क) लेखनाथ पौड्यालसम्बन्धी अध्ययन-परम्पराको थालनी कसले गरेको हो र त्यो कहिलेबाट सुरु भएको हो भनी किटान गर्ने ।

(ख) पौड्यालका जीवनी, व्यक्तित्व, साहित्यिक कार्यकलाप प्रवृत्ति तथा योगदानका बारे क-कसले कस्तो अध्ययन गरेका छन् प्रस्ट पार्ने ।

(ग) पौड्यालका बारेमा भएका समग्र अध्ययनहरूको निर्क्यौल निकाल्ने ।

(घ) पौड्यालसम्बन्धी अध्ययनले नेपाली समालोचनात्मक अध्ययन परम्परामा गरेको योगदानको निरूपण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

आधुनिक नेपाली साहित्यको क्षेत्रमा परिष्कारवादी धाराका प्रवर्तक लेखनाथ पौड्यालका कुनै न कुनै रचना विश्वविद्यालयका विभिन्न तहमा अनिवार्य विषयका रूपमा पठनपाठन गरिएको छ । पौड्यालका रचनाहरूको अध्ययन, विश्लेषण पनि अध्ययनकर्ताहरूले गर्दै आइरहेका छन् तर तत्सम्बन्धी अध्ययन कसरी हुँदै आएको छ भन्ने बारेमा विस्तृत खोजविन भएको पाइँदैन । आजसम्म लेखनाथ पौड्यालसम्बन्धी विभिन्न पुस्तक, पत्रपत्रिका लेखहरू छरिएर रहेको पाइए तापनि ती सामग्रीहरूको व्यवस्थित रूपले अध्ययन र खोज अनुसन्धान नभएको हुनाले नै पौड्यालसम्बन्धी एकीकृत र पूर्ण रूपमा केन्द्रित रहेको अध्ययन परम्पराको पूर्वकार्य भएको देखिँदैन ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

नेपाली साहित्यमा खास गरी कविता विधामा लेखनाथ पौड्यालको गहकिलो योगदान रहेको छ । उनका बारेमा फुटकर तथा पुस्तकाकार एवं शोधमूलक अध्ययन निरन्तर रूपमा भइआएको देखिन्छ तापनि त्यसको थालनी कहिलेदेखि भयो र के-कति भयो भन्ने विषयमा एकीकृत व्यवस्थित अध्ययन भएको थिएन त्यसैले यस शोधकार्यमा पौड्यालसम्बन्धी अध्ययनपरम्पराको निर्क्यौल गरिएको छ र यही नै यस अनुसन्धानको औचित्य हो । यसैमा लेखनाथ पौड्यालका सम्बन्धमा अनुसन्धान गर्ने अध्येताहरूले यस शोधबाट आधारभूत सन्दर्भ सामग्रीसम्बन्धी सूचना प्राप्तगर्न सक्ने हुनाले पनि यस अध्ययनको अनुसन्धानात्मक महत्त्व छ ।

## १.६ शोधको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्यको क्षेत्र साहित्यकार लेखनाथ पौड्यालसम्बन्धी अध्ययनपरम्परा रहेको छ । पौड्यालसम्बन्धी फुटकर अध्ययन परम्परा वि.सं. १९६३ सालदेखि थालिई निरन्तर रूपमा अगाडि बढेको देखिन्छ । यद्यपि पौड्यालसम्बन्धी व्यवस्थित अध्ययन परम्परा भने वि.सं. १९६५ सालदेखि माधवी पत्रिकाको प्रकाशनसँगै भएको पाइन्छ । यस शोधकार्यमा नेपाली साहित्यजगत्का साहित्यकार लेखनाथ पौड्यालकै विषयमा केन्द्रित रही पौड्यालका बारेमा अध्ययन गरिएका पुस्तकहरू, साहित्यविषयक आङ्किक चर्चा भएका पुस्तकहरूका प्राप्तिको उल्लेख गरिएको छ । साथै विभिन्न पत्रपत्रिकामा पौड्यालका बारेमा प्रकाशित लेखहरू, पत्रिका विशेषाङ्कहरू र स्मारिकामा लेखिएका लेखहरू उल्लेख गरिएको छ । यस्तैगरी त्रिभुवन विश्वविद्यालय र यसका आंशिक विश्वविद्यालयअन्तर्गत पौड्यालका विषयमा स्नातकोत्तरीय शोधपत्र, विद्यावारिधीय

शोधप्रबन्ध र यससँग सान्दर्भिक अध्ययनका शोधपत्रलाई पनि समेटिएको छ । यसमा पौड्यालका रथयात्रासम्बन्धी पुस्तकहरू र पौड्यालमा केन्द्रित प्रवचन मालासम्बन्धी पुस्तकलाई समेत समावेश गरिएको छ । त्यस्तै गरी पौड्यालका विषयमा चर्चा गरिएका विभिन्न पुस्तकहरूको भूमिका र सम्पादकीयका साथै प्रकाशित फुटकर लेखहरू पुस्तकाकार कृतिहरू र पौड्यालसम्बन्धी गरिएका महत्त्वपूर्ण जे जति अध्ययनहरू उपलब्ध हुन सक्छन् तिनलाई सकेसम्म समेटेर नै यो शोधकार्य सम्पन्न गरिएको छ । पौड्यालसम्बन्धी विभिन्न दृष्टिकोणबाट धेरै अध्ययन-विश्लेषण भए तापनि यहाँ एक स्नातकोत्तरीय शोधार्थीको समयगत र आर्थिक सामर्थ्यगत सीमाका कारणले नेपालको राजधानी, यहाँका प्रतिष्ठित पुस्तकालय, अन्य सम्बन्धित गुठी र सदनमा पौड्यालका बारेमा गरिएका जे जति महत्त्वपूर्ण अध्ययनहरू उपलब्ध भएका छन् तिनको निष्कर्षात्मक र विवरणात्मक सर्वेक्षण गरी शोधकार्य गरिएको छ ।

## १.७ सामग्रीसङ्कलन विधि र शोधविधि

यस शोधकार्यका निम्ति आवश्यक पर्ने सामग्रीको सङ्कलन मुख्यतया पुस्तकालयीय अध्ययन विधिका आधारमा गरिएको छ । यस क्रममा लेखनाथ पौड्यालसम्बन्धी अध्ययन तथा उनका बारेमा लेखिएका सूचनात्मक टिप्पणीहरू र लेखहरूको अध्ययनबाट पनि सामग्री सङ्कलन गरिएको छ । पौड्यालको मृत्युहुनुभन्दा अगाडि विभिन्न विद्वान्हरूले लिएका अन्तर्वार्ता, छलफल र भेटवार्ताका सामग्रीहरू पनि यस शोधका सामग्री हुन् । त्यसै गरी पौड्यालका रचना, पौड्यालमै केन्द्रित पुस्तक, पौड्यालबारे आंशिक चर्चा गरिएका कृति र उनका कृतिका बारेमा लेखिएका सम्पादकीय भूमिका तथा प्रकाशकीय पनि यस शोधका सामग्री नै हुन् ।

प्रस्तुत शोधकार्यमा सङ्कलित सामग्रीको विश्लेषण गर्दा ऐतिहासिक अध्ययन विधिका साथै विवरणात्मक एवम् सर्वेक्षणात्मक विधिको उपयोग गरिएको छ ।

### १.८ शोधको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सङ्गठित गरी निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ ।

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | पौड्यालसम्बन्धी फुटकर समीक्षात्मक अध्ययनहरूको सर्वेक्षण |
| तेस्रो परिच्छेद | : | लेखनाथ पौड्यालसम्बन्धी पुस्तकाकार अध्ययनहरूको सर्वेक्षण |
| चौथो परिच्छेद | : | पौड्यालसम्बन्धी विशेषाङ्क स्मारिकाहरूको सर्वेक्षण |
| पाँचौ परिच्छेद | : | पौड्यालसम्बन्धी शोधअध्ययनहरूको सर्वेक्षण |
| छैटौं परिच्छेद | : | कवितासङ्कलन, इतिहास, समालोचना र निबन्धसङ्ग्रहमा गरिएको पौड्यालसम्बन्धी अध्ययन |
| सातौं परिच्छेद | : | पौड्यालसम्बन्धी सान्दर्भिक अध्ययन |
| आठौं परिच्छेद | : | शोधनिष्कर्ष |

## दोस्रो परिच्छेद

# पौड्यालसम्बन्धी फुटकर समीक्षात्मक अध्ययनहरूको सर्वेक्षण

विभिन्न लेखक-समालोचकहरूले गरेका लेखनाथ पौड्यालसम्बन्धी विभिन्न अध्ययनहरू तथा सर्वेक्षणहरू फुटकर लेखका रूपमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भेटिन्छन् । त्यस्ता फुटकर लेख लेखी सर्वप्रथम पौड्यालसम्बन्धी चर्चा परिचर्चा गर्ने कार्यको थालनी राममणि आ.दी. अर्थात् छद्मभेषी मातृप्रसाद अधिकारीबाट भएको हो । अधिकारी वा आ.दी.ले वि.सं. १९६५ सालमा माधवी पत्रिकामा 'पं. लेखनाथ पौड्याल छप्की वालाको' शीर्षकको लेख प्रकाशन गरे जसबाट पौड्यालसम्बन्धी अध्ययनको थालनी भएको थियो । पौड्यालसम्बन्धी अध्ययन राममणि आ.दी.देखि थालिई आजसम्म पौड्यालका कृतित्व, व्यक्तित्वका साथै साहित्यका विविध विधामा पौड्यालले गरेका कार्यहरूमा केन्द्रित भएर निकै सघनतापूर्वक अघि बढिरहेको देखिन्छ ।

## २.१ पत्रपत्रिकाभित्र पौड्यालसम्बन्धी गरिएको अध्ययन

पत्रपत्रिकामा पौड्यालको कवित्व, फुटकर समालोचनात्मक लेख लेख्ने परम्पराको सुरुवात मातृप्रसाद शर्मा अधिकारीबाट भएको हो । पत्रपत्रिकामा पौड्यालको अध्ययन शर्मा अधिकारीद्वारा लिखित 'पं लेखनाथ पौड्याल छप्की वालाको' भन्ने लेख बनारसबाट निस्कने मासिक पत्रिका माधवी १९६५ मा प्रकाशित भएपछि सुरु भएको हो । उक्त लेखदेखि हालसम्ममा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरू बारेको टिप्पणी कालक्रमिक रूपमा क्रमशः प्रस्तुत गरिएको छ ।

**मातृप्रसाद शर्मा अधिकारी, 'पं. लेखनाथ पौड्याल छप्की वालाको',** माधवी **कला १, संख्या ४, १९६५, पृ. ७९ -**

'पं. लेखनाथ पौड्याल छप्की वालाको' शीर्षकको लेख सम्पादक मातृप्रसाद शर्मा अधिकारीले लेखेका हुन् र यसमा लेखक तथा सम्पादक अधिकारीले लेखनाथ पौड्यालको रचना शक्ति र अन्य कविसँग पौड्यालको तुलनात्मक अध्ययनका बारेमा सामान्य टिप्पणी गरेका छन् । यहाँ पौड्याललाई ठूला र गुणयुक्त कविका रूपमा चिनाउँदै अन्य कविको तुलनामा पौड्यालको रचना शक्ति राम्रो रहेको र यही हिसावले पौड्यालले काव्य वा सिर्जना रचेमा अवश्य पौड्याल ठूला गुणयुक्त नेपाली कवि बन्ने भनी लेखक अधिकारीले भविष्यवाणीका शब्दहरूमार्फत प्रशंसात्मक समीक्षा गरेका छन् । पौड्यालका कविताले मातृभाषामा सरलार्थ लिएका भन्दै यमक र अनुप्रास नमिलेका भन्ने आलोचकलाई फेल खुवाएको साथै पौड्यालका रचनामा कुनै किसिमको

शङ्का नपाइने कुराको उल्लेख अधिकारीले गरेका छन् । अनुप्रासयुक्त नेपाली कवितामा पण्डित पौड्यालको कविता उत्तम ठहरिएको, यमक अनुप्रासभित्र सरलपन पाइने हुनाले कवितामा विशेष आनन्द मिल्ने विचार लेखक अधिकारीले व्यक्त गरेका छन् ।

**सम्पादकीय, 'ऋतुविचार'**, शारदा **वर्ष १, संख्या ३, १९९२, पृ. ३१**

'ऋतुविचार' शीर्षकको समालोचनात्मक लेख सम्पादक ऋग्दि ब. मल्लले लेखेका हुन् र उक्त लेखमा मल्लले सम्पादकीयको तर्फबाट लेखनाथ पौड्यालको कलमबाट लेखिएको नेपाली साहित्यको कविता विधालाई रसास्वादन नगर्ने प्रेमीहरू सायद कमै भएको टिप्पणी गरिएको छ । पौड्यालका हरेक कवितामा जत्तिको पद लालित्य र सरलता छ उत्तिकै उच्च भावले परिपूर्णता पाइने र त्यसैले बालकदेखि विद्वान्हरू सम्मलाई कविताका माध्यमबाट मन बहकाइदिन पौड्यालको ऋतुविचार लगायत अन्य रचना सफल भएको कुरा सम्पादकीयमा मल्लले उल्लेख गरेका छन् । ऋतुविचार पुस्तक पौड्यालकै कलमबाट निस्केको परिवर्तित द्वितीय संस्करण हो जुन विद्यार्थीहरूका निम्ति परमोपयोगी तुल्याउन पौड्यालले ठूलो परिश्रम गर्नु परेको विचार सम्पादकीयमा व्यक्त भएको छ । यो पुस्तकको ठूलो चमत्कार भनेको छ । ऋतुमध्ये कुनै एउटा ऋतुको वर्णन पढ्न लाग्दा त्यही ऋतु आफ्नो आँखाको अगाडि नाच्न थाल्नु भन्दै यस्तो चमत्कृत ग्रन्थ लेखी नेपाली भाषामा यस्तो सेवा गर्ने पौड्याललाई जति धन्यवाद दिए पनि कमै हुने कुरा सम्पादकले बताएका छन् ।

**भरत शमशेर ज.ब.रा., 'हाम्रा राष्ट्र-भाषाका कविवर लेखनाथ'**, साहित्यस्रोत **वर्ष १, संख्या २, जेठ २००४, पृ. २४**

भरत शमशेर ज.ब.राद्वारा लेखिएको 'हाम्रा राष्ट्र भाषाका कविवर लेखनाथ' शीर्षकको लेख साहित्यस्रोत पत्रिकामा प्रकाशित छ । यसमा लेखनाथ पौड्याललाई नेपाली भाषाको वर्तमान युगका प्रवर्तकका रूपमा ज.ब.रा.ले उभ्याएका छन् । फौजी साहित्यको रूपमा अश्लील संभोग विप्रलम्भ आदि शृङ्गारको मात्र प्रचलन रहेको अपूर्ण भाषामा पूर्ण प्रतिभाशाली कविवर पौड्याल तीव्र रूपमा भाषालाई सुधार गर्न लागे र सफल पनि भए भनी ज.ब.राले उल्लेख गरेका छन् । पौड्यालले कवि वा लेखक र पाठक दुवै थरिका हृदयमा घुस्ने कविता रच्न सफल भएका भन्दै पौड्यालका कविताले समग्र वस्तुस्थितिलाई समेट्न सकेको चर्चा ज.ब.रा.ले गरेका छन् ।

**ईश्वर बराल, 'श्री लेखनाथ पौड्याल : नीतिकार कवि'**, साहित्यस्रोत **वर्ष ३, संख्या १, २००६, पृ. १६-१७, ७३ ।**

'श्री लेखनाथ पौड्याल : नीतिकार कवि' शीर्षकको समालोचनात्मक लेख ईश्वर बरालद्वारा लेखिएको हो जुन साहित्यस्रोतमा प्रकाशित छ । यसमा लेखनाथ पौड्याललाई 'नीतिकार कवि'का रूपमा चिनाउने काम गर्दै ऋतुविचारमा रहेका प्रकृतिको सूक्तिमय नैतिक आधारका बारेमा बरालले टिप्पणी गरेका छन् । लेखनाथका नीति कवितामा अर्ति दिने मुख्य लक्ष्य बुझिन्छ र कवितामा मुख्य वर्णित विषय जीवनको ध्येय, धर्मको उच्चारण पहिल्याउनु रहेको लेखक बरालले यहाँ औंल्याएका छन् । दर्शनको खोजीमा तदरुक्ताका साथ लागेका पौड्याल जीवनज्योति, कवितामा विश्व निर्माण गर्ने कुशल प्रयास तथा अथक परश्रम गर्ने व्यक्तित्व भएको विचार बरालले व्यक्त गरेका छन् । धेरैजसो ठाउँमा पौड्याल अध्यात्मपट्टि नै लागेको र नेपाली साहित्यमा पौड्यालको आफ्नो एउटा विशिष्ट धारा समेत रहेको र त्यसको कडीमा धेरै थोरै प्रयास अरूहरूको भएको तर पौड्यालको कलाकारितालाई कसैले उछिन्न नसकेको कुरा बरालले यस लेखमा बताएका छन् ।

**पारसमणि प्रधान, 'पण्डित लेखनाथ शर्मा'**, भारती **वर्ष १, संख्या १, असार २००६, पृ. १८**

लेखक पारसमणि प्रधानले 'पं. लेखनाथ शर्मा' शीर्षकको लेख लेखेका छन् र यो भारती पत्रिकामा प्रकाशित छ । यसमा लेखक प्रधानले लेखनाथ पौड्यालको परिचय दिँदै मुख्य मुख्य कृतिहरूको जानकारी र नेपाली भाषाप्रति पौड्यालको आकर्षण के कसरी भयो त भन्ने बारेमा टिप्पणी गरेका छन् र साथै पौड्यालको आत्म जीवनीको पृष्ठभूमिलाई समेत उद्धृत गरेका छन् ।

**हृदयचन्द्रसिंह प्रधान, 'नेपाली काव्य र उसका प्रतिनिधि कवि'**, जागृति **वर्ष १, अङ्क २, २००९, पृष्ठ : मुख**

'नेपाली काव्य र उसका प्रतिनिधि कवि' शीर्षकमा लेखक हृदयचन्द्रसिंह प्रधानले लेख लेखेका छन् । यसमा लेखनाथ पौड्यालका रचना शैलीमा पाइने नयाँपन र छन्द शैली लगायत अन्य पक्षका बारेमा प्रधानले टिप्पणी गरेका छन् । नेपाली पद्यको अपरिष्कृत परिपाटीलाई क्रान्ति गरेर नयाँ प्रवाहमा प्रवाहित गर्ने प्रतिभा पौड्याल नै रहेको भन्दै पौड्यालको रचना शैलीमा नयाँ ढङ्ग र छन्द शैली माजिएको छ भनी प्रधानले उल्लेख गरेका छन् । पौड्यालका रचनामा प्रायः परम्परापूर्ण र रूढिगत नैतिकता, विचार परिपक्वता रहेको र भावनात्मकता नभई शब्दात्मकताको आवरण

केही बढीरहेको हुनाले वस्तुतः पौड्याल हृदयका भन्दा मस्तिष्कका कवि भएको विचार प्रधानले व्यक्त गरेका छन् । पौड्यालको सत्य, सुन्दर, भाव, विचार तथा कल्पनाको गुञ्जन र मन्थनबाट सधै एक अनौठो सुन्दर मंगल अभिव्यक्तिको सोतो बर्सने कुरा प्रधानले यहाँ औँल्याएका छन् । पौड्यालका कविताले अनुप्रासीय लयात्मकताको टेका दिई संगीत बहन गरेर वीणा झङ्कृत गर्छ र यो नै पौड्यालको पहिचान भएको प्रधानद्वारा प्रस्ट्याइएको छ । पौड्याल विशेषतः 'नैतिक संस्कृतका कवि भएको' र कविताको भाषाद्वारा नै राम्रो नीति र सुन्दर संस्कृतिको प्रचार गर्नु पौड्यालको मुख्य उद्देश्य भएको प्रधानले चर्चा गरेका छन् । नेपाली साहित्यमा भानुभक्तादिले खडा गर्दै ल्याएको परिष्करणलाई पौड्यालले मजबुत गरेकोले पौड्याल नै सच्चा युगान्तकारी परिष्कृत कवि हुन् भन्ने धारणा प्रधानको रहेको छ ।

**गोर्खापत्र, 'श्री शिक्षामन्त्रीबाट आश्वासन लेखनाथ समारोह समितिको प्रतिनिधि मण्डललाई'**, गोर्खापत्र **भाग ५५, संख्या १०४, पौष १९, २०११**

गोर्खापत्रले 'श्री शिक्षामन्त्रीबाट आश्वासन लेखनाथ समारोह समितिको प्रतिनिधि मण्डललाई' शीर्षकको लेख लेखेको छ । यस लेखमा साहित्यिक कार्यजस्तो सुन्दर कामलाई सरकारले सकेसम्मको सहयोग दिने र आफू पनि त्यस समितिको उपसमितिमा रहने कुरा मन्त्रीले बताएको भनी गोर्खापत्रले टिप्पणी गरेको छ ।

**राजेश्वर देवकोटा, 'नेपाली साहित्यको राजनैतिक पृष्ठभूमि'**, प्रगति **वर्ष २, अङ्क ३, पूर्णाङ्क ९, २०११, पृ. १२३**

राजेश्वर देवकोटाद्वारा लेखिएको 'नेपाली साहित्यको राजनैतिक पृष्ठभूमि' शीर्षकको लेख प्रगति पत्रिकामा प्रकाशित छ र यसमा लेखनाथ पौड्यालका रचनाले समाजका खराब पक्षमाथि व्यङ्ग्य प्रहार गरेको कुरालाई टिप्पणी गरिएको छ । यहाँ आर्थिक युगले सताइएको व्यवस्थालाई धन महिमाले व्यङ्ग्य प्रहार गरेको र, एकतन्त्रीय शासनको लौह व्यवस्थालाई ठाडो प्रहार गरी पिँजडाको सुगा देखापरेको भन्दै यस्तै अन्य थुप्रै पौड्यालका रचनाले खराब पक्षलाई प्रहार गर्दै राम्रा पक्षको समर्थन गरेको कुरा देवकोटाले यहाँ औँल्याएका छन् ।

**शङ्करप्रसाद कोइराला, 'कवि शिरोमणि श्री लेखनाथ'**, शारदा **वर्ष २०, संख्या २, माघ २०११, पृ. ३२-३५**

'कवि शिरोमणि श्री लेखनाथ' शीर्षकको लेख शङ्करप्रसाद कोइरालाद्वारा लेखिएको र यो शारदा पत्रिकामा प्रकाशित छ । यसमा लेखनाथ पौड्याललाई गरिएको सम्मान कार्यक्रमको बारेमा लेखक कोइरालाले टिप्पणी गरेका छन् । नेपालका सारा

लेखकहरू मिलेर पौड्याललाई जुन किसिमको सम्मान गरियो त्यो सम्मान र सौभाग्य जीवित अन्य नेपाली साहित्यकारहरूले कमै तथा विरलै प्राप्त गर्न सफल भएको लेखक कोइरालाद्वारा उल्लेख गरिएको छ ।

**भरतराज पन्त, 'मेरा स्मृतिपटमा देखापर्ने कवि लेखनाथ'**, रत्नश्री **वर्ष १३, अङ्क ५, द्वैमासिक २०१६, पृ. ३०-**

भरतराज पन्तले 'मेरा स्मृतिपटमा देखापर्ने कवि लेखनाथ' शीर्षकको संस्मरणात्मक लेख लेखेका छन् जुन रत्नश्री पत्रिकामा प्रकाशित छ । यसमा लेखनाथ पौड्यालको साहित्यिक व्यक्तित्व पक्षमा लेखक पन्तले सामान्य टिप्पणी गरेका छन् । नेपाली साहित्यका महान् व्यक्तित्व पौड्यालले नेपाली साहित्यजगत्मा सेवा गरेकाले साहित्य परषद् लगायत नेपाली जनताले र तत्कालीन सरकारले ठूलो सम्मान गरेको कुरा यहाँ पन्तले उल्लेख गरेका छन् ।

**यदुनाथ खनाल, 'तरुण तपसी-एक दृष्टिकोण'**, नेपाली **पूर्णाङ्क ४, त्रैमासिक २०१७, पृष्ठ २७-२९**

यदुनाथ खनालद्वारा लेखिएको 'तरुण तपसी- एक दृष्टिकोण' शीर्षकको समीक्षात्मक लेख नेपाली पत्रिकामा प्रकाशित छ र यसमा खनालले लेखनाथ पौड्यालको तरुण तपसी रचनाको विविध पक्षमाथि सामान्य टिप्पणी गरेका छन् । पौड्याल नेपाली साहित्यजगत्मा पाश्चात्य साहित्यबाट अप्रभावित रहेका एक मात्र व्यक्तित्व हुन् जसको बलियो प्रमाण तरुण तपसी भएको खनालले बताएका छन् । तरुण तपसी पौड्यालको पाश्चात्यजगत्बाट अप्रभावित विशुद्ध नीतिप्रधान काव्य हो जुन नेपाली साहित्यको एक उत्तम कविता हो भन्दै कलरिजले देखाएको सिद्धान्तका आधारमा गुण दोषको विवेचना गर्दा यस कविताको उत्तमता झन तिखारिएर आउने विचार खनालले व्यक्त गरेका छन् । इतिहास, विज्ञान र दर्शनका सबै दृष्टिबाट कविता बन्न सफल यो काव्यमा विशेषगरी कवि आध्यात्मिक प्रगतिको इतिहास रहेको खनालले प्रस्ट्याएका छन् । आद्योपान्त तरुण तपसीलाई एकीकरण गरी हेर्दा प्रकृतिलाई ज्ञान र ज्ञानलाई प्रकृति तुल्याएको अनुभव हुने हुनाले यो काव्य 'नेपाली साहित्यकै एक महान् देन हो र यस तपसीभित्र आत्म र शरीरको समन्वय समेत पाइने' लेखक खनालको दृष्टिकोण छ ।

**पारसमणि प्रधान, 'कविशिरोमणि लेखनाथ पौड्याल'**, दियालो **वर्ष ५, हागो २०, २०२१, पृ. १४**

'कविशिरोमणि लेखनाथ पौड्याल' शीर्षकको लेख पारसमणि प्रधानले लेखेका हुन् जुन दियालो पत्रिकामा प्रकाशित छ । यसमा लेखनाथ पौड्यालको जीवनवृत्त र

साहित्यतर्फ पौड्यालको आकर्षण बारेमा प्रधानले चर्चा गरेका छन् । नेपाली साहित्यमा सुन्दरी (१९६३) र माधवी (१९६५) पत्रिकामार्फत हलन्त बहिष्कार गर्न सफल भएका पौड्याल नेपाली भाषालाई अरू भाषा सरह बनाउन तथा उन्नति गराउने प्रमुख कवि भएको कुरा प्रधानले उल्लेख गरेका छन् । संवत् १९६९ मा लालित्य पुस्तक राममणिले प्रकाशित गराई १९६७ सम्म लेखिएका पौड्यालका पाँचवटा सुन्दर कविताहरू मनोलड्डू १९६४, राजप्रभाव वर्णन, कवि कवितालाप १९६७, विचित्रवाहिनी (हास्य) र राधारञ्जन (शृङ्गार) जस्ता कविता संलग्न भएकोले पौड्याल लेख्ने काममा अझ हर्षित भएको टिप्पणी प्रधानले गरेका छन् ।

**कुञ्जवर्तिनी विप्रलब्ध, 'पण्डित लेखनाथ शर्मा पौड्याल'**, रूपरेखा **वर्ष ६, अङ्क २, पूर्णाङ्क ५०, असार २०२२, पृ. ४**

'पण्डित लेखनाथ शर्मा पौड्याल' शीर्षकको पद्यात्मक कविता कुञ्जवर्तिनी विप्रलब्धद्वारा लेखिएको छ र यो रूपरेखा पत्रिकामा प्रकाशित छ ।

**रत्नध्वज जोशी, 'कविशिरोमणि लेखनाथ : भाषाशैली'**, नेपाली **पूर्णाङ्क २३, २०२२, पृ. ३-५**

रत्नध्वज जोशीद्वारा लेखिएको 'कविशिरोमणि लेखनाथ : भाषाशैली' शीर्षकको लेख नेपाली पत्रिकामा प्रकाशित छ र यस लेखमा जोशीले लेखनाथ पौड्यालमा रहेको भाषा लेखनप्रतिको धैर्य, भाषाप्रतिको विश्वास, स्थिर लक्ष्य र पौड्यालप्रति जनभावनाको आस्थाका बारेमा टिप्पणी गरेका छन् । नेपाली भाषाको क्षेत्रले निश्चित ढाँचा प्राप्त गर्न नसकेको अवस्थामै पौड्याल देखापरे जुन सुन्दरी र माधवीका माध्यमबाट पौड्याल लगायत अन्यको अथक प्रयासबाट भाषाका क्षेत्रमा विवेकयुक्त निश्चित दृष्टिकोण दिइयो भन्न सकिने जोशीले उल्लेख गरेका छन् । पौड्यालको कविकवितालापले कविको निश्चित लक्ष्यआत्मविश्वासयुक्त दृष्टिकोणको परिचय दिन्छ त्यस्तै गरी बुद्धिविनोदले समष्टिको विषयमा चिन्तन गर्ने प्रवृत्तिको लक्षण प्रस्तुत गर्न सफल भयो भने लालित्यले शैलीको स्तरलाई माथि उठाउन विशेष भूमिका खेलेको हुनाले पौड्यालले भाषा लेखनप्रतिको धैर्यतालाई प्रस्तुत गर्न सफल भएको जोशीद्वारा औँल्याइएको छ ।

**रा.स.स.**, **'कविशिरोमणिको स्वास्थ्य सुधार'**, गोर्खापत्र **वर्ष ६५, अङ्क २५१, माघ ४, २०२२**

रा.स.स.ले 'कविशिरोमणिको स्वास्थ्यमा सुधार' शीर्षकमा फुटकर लेख लेखेको छ र यो गोर्खापत्रमा प्रकाशित छ ।

**रा.स.स., 'कवि शिरोमणिको आस्था चिन्ताजनक'**, गोर्खापत्र **वर्ष ६५, अङ्क २६९, माघ २२, २०२२**

'कविशिरोमणिको आस्था चिन्ताजनक' शीर्षकमा रा.स.स.ले फुटकर सूचनात्मक लेख लेखेको छ । यस लेखमा लेखनाथ पौड्याल सिकिस्त बनेको कारणले पौड्यालकै इच्छा बमोजिम भरतपुर अस्पतालबाट नारायणगढको धर्मशालामा सारिएको कुरा रा.स.स.ले उल्लेख गरेको छ ।

**रा.स.स., 'कविशिरोमणि लेखनाथलाई अभिनन्दनपत्र समर्पण'**, गोर्खापत्र **वर्ष ६५, अङ्क २५१, माघ ४, २०२२**

'कविशिरोमणि लेखनाथलाई अभिनन्दनपत्र' समर्पण शीर्षकको लेख रा.स.सद्वारा लेखिएको हो र यसमा रा.स.सले लेखनाथ पौड्याललाई ८२ औँ जन्मजयन्तीको अवसरमा भरतपुरमा अभिनन्दन चढाएको र उक्त कार्यक्रममा सदस्य केदारमान व्यथितले पौड्यालको स्वास्थ्यका बारेमा जानकारी दिएको प्रसङ्गलाई सामान्य रूपमा टिप्पणी गरेको छ ।

**रा.स.स., 'अभिनन्दन'**, गोर्खापत्र **वर्ष ६५, अङ्क २३८, पौष २०, २०२२**

रा.स.सले  'अभिनन्दन' शीर्षकमा एउटा सानो फुटकर जानकारीमूलक लेख लेखी गोर्खापत्रमा प्रकाशित गरेको छ । यसमा लेखनाथ पौड्यालको अभिनन्दन नारायणगढमा गरिएको कुरा रा.स.स.ले उल्लेख गरेको छ ।

**संवाददाता, 'कविशिरोमणिको उपचारका लागि आर्थिक सहायता'**, गोर्खापत्र **वर्ष ६५, अङ्क २५३, माघ ६, २०२२**

संवाददाताद्वारा लेखिएको 'कविशिरोमणिको उपचारका लागि आर्थिक सहायता' शीर्षकको लेख गोर्खापत्रमा प्रकाशित छ । यस लेखमा लेखनाथ पौड्यालको स्वास्थ्य उपचारका लागि आर्थिक सहायता आवश्यक परेको र यसैलाई मध्यनजर गरेर तत्कालीन सरकारले रु दस हजार दिने निर्णय गरेको कुरा संवाददाताले यहाँ उल्लेख गरेका छन् ।

**संवाददाता, 'जन्मोत्सव मनाउने निर्णय'**, गोर्खापत्र **वर्ष ६५, अङ्क २३३, पौष १४, २०२२**

'जन्मोत्सव मनाउने निर्णय शीर्षकमा गोर्खापत्रमा सम्वाददाताले लेख लेखेका छन् र यसमा लेखनाथ अभिनन्द समितिले लेखनाथ पौड्यालको अभिनन्दन गर्ने निर्णय गरेको प्रसङ्गमाथि समीक्षा गरेको छ । सम्पूर्ण जीवन नेपाली साहित्यको वृद्धिमा लागेका पौड्याल नेपाली साहित्यका अविष्मरणीय प्रतिभा भएको कुरा कार्यक्रममा उपस्थित वक्ताहरूले बताएका भनी संवाददाताले यहाँ टिप्पणी गरेका छन् ।

**संवाददाता, 'कविशिरोमणि लेखनाथको स्वास्थ्यमा पर्याप्त सुधार'**, गोर्खापत्र **वर्ष ६५, अङ्क २३३, पौष १४, २०२२**

'कविशिरोमणि लेखनाथको स्वास्थ्यमा पर्याप्त सुधार' शीर्षकको लेख गोर्खापत्र पत्रिकाका संवाददाताद्वारा लेखिएको हो र यसमा लेखनाथ पौड्यालको स्वास्थ्यसम्बन्धी टिप्पणी गरिएको छ । पौड्यालको स्वास्थ्यमा दिन प्रतिदिन सुधार हुँदै आएको जानकारी डक्टरबाट प्राप्त भएको र पौड्याल चाँडै नै स्वस्थ हुने कुरा सम्बन्धित चिकित्सकबाट आफूलाई जानकारीमा आएको संवाददाताले यहाँ उल्लेख गरेका छन् ।

**संवाददाता, 'कविशिरोमणि लेखनाथको बयासीयौं जन्मोत्सव समारोह'**, गोर्खापत्र **वर्ष ६५, अङ्क २३८, पौष २०, २०२२**

गोर्खापत्रका संवाददाताले 'कविशिरोमणि लेखनाथको बयासीयौं जन्मोत्सव समारोह' शीर्षकमा लेख लेखेका छन् र यसमा लेखनाथ पौड्यालले नेपाली साहित्यको गोरेटोलाई राजमार्ग बनाएको बारेमा टिप्पणी गरेका छन् । पौड्यालसँग भेट हुँदा पौड्यालले जीवनलाई परिभाषित गर्ने, हेर्ने दृष्टिकोण र पौड्यालले भनेका केही चाखलाग्दा प्रसङ्गलाई संवाददाताले यहाँ उल्लेख गरेका छन् ।

**सम्वाददाता, 'नेपाली साहित्यमा पाश्चात्य अनुकरण हुनु हुँदैन'**, गोर्खापत्र **वर्ष ६५, अङ्क २३५, पौष १६, २०२२**

'नेपाली साहित्यमा पाश्चात्य अनुकरण हुनु हुँदैन' भन्ने शीर्षकको लेख, गोर्खापत्रका संवाददाताले लेखेका हुन् र यो गोर्खापत्रमा प्रकाशित छ र यसमा भरतपुर उपचार गरेका लेखनाथ पौड्यालसँग भेटका क्रममा संवाददातालाई दिएको अन्तर्वार्ता र साहित्यप्रति पौड्यालको चासोलाई संवाददाताले यहाँ चर्चा गरेका छन् । नेपाल आफ्नो पहिचान भएको राष्ट्र भएकोले नेपाली राष्ट्रभाषालाई आफ्नै किसिमको मौलिक पहिचान चाहिने हुनाले 'नेपाली भाषा र साहित्यमा पाश्चात्य साहित्यको अनुकरण हुनु हुँदैन' भन्ने धारणा पौड्यालको रहेको भनी संवाददाताले यहाँ उल्लेख गरेका छन् । आफूलाई नेपाली साहित्यक्षेत्रमा आत्मसन्तुष्टि प्राप्त नभएको र आफू स्वस्थ भए नेपाली साहित्यलाई अझ विस्तृत बनाउने र कविताको आन्तरिक सुख खोज्ने प्रयत्न गर्ने वाचा पौड्यालले अन्तर्वार्तामा दिएको कुरा संवाददाताले यहाँ औँल्याएका छन् ।

**आनन्ददेव भट्ट, 'एक महान कविको मृत्यु'**, रत्नश्री **वर्ष ३, अङ्क ४, २०२३, पृ. ४२**

'एक महान कविको मृत्यु' शीर्षकको लेख आनन्ददेव भट्टद्वारा लेखिएको हो, जसमा लेखक भट्टले लेखनाथ पौड्याल हामीबाट विदा भए तापनि पौड्यालको रचनाले उनलाई महान् बनाइरहेको र बनाइ नै रहने कुराको टिप्पणी गरेका छन् । पौड्याल

नेपाली साहित्यका अन्य कविभन्दा विल्कुल भिन्न र आदरणीय, सम्माननीय रहेको भन्दै पौड्यालको रचनाले नै पौड्याललाई यो स्थानमा पुऱ्याउन सफलता मिलेको लेखक भट्टले उल्लखे गरेका छन् । लेखनाथ क्रान्तिकारीझैँ प्रत्यक्ष आउन नसके पनि लोक भलाई र जनसाधारण प्रतिको आस्था र प्रेमलाई भने कहिल्यै नगुमाई साहित्यमा निरन्तर लागि नै रहेको कुरा भट्टद्वारा यहाँ बताइएको छ । पौड्याल उमेर र विचार दुवैमा हाम्रो देशहेरी मनग्यै बूढो भई परलोक हुनु भो तर पौड्यालका विभिन्न रचनामा छरिएका तरुना र जीवन अनुकूल जनकल्याणकारी कलात्मक अभिव्यक्ति पाएका भावना र विचारहरूले लामो भविष्यसित खेल्दै जानेछन् भन्ने दृष्टिकोण भट्टको रहेको छ ।

**भानुभक्त पोखरेल, 'लेखनाथका बारे केही'**, प्रतिबिम्ब **सङ्कलन, २०२३, पृ. ६९**

भानुभक्त पोखरेलले 'लेखनाथका बारे केही' शीर्षकको समालोचनात्मक लेख लेखेका छन् जुन प्रतिबिम्ब पत्रिकामा प्रकाशित छ । उक्त लेखमा लेखनाथ पौड्याल नेपाली भाषा र साहित्यको इतिहासमा भानुभक्त आचार्यपछिका एक महान् पुरुष भएको पोखरेलले टिप्पणी गरेका छन् । साहित्यिक शिल्पचातुरी एवम् भाषा शैली रचनाकारिताको माधुर्यले गर्दा लेखनाथले हाम्रो भाषालाई रचनाशीलताको शिखरमा पुऱ्याए, ठेट नेपाली शब्दसित तारतम्य मिलाए र सतत् प्रयत्नले भाषाको भण्डारलाई अक्षयरत्न थप्न सफल भए यसरी भाषा साहित्यका क्षेत्रमा अनवरत सेवा गरेका पौड्याललाई नेपाली भाषाका भगीरथभन्दा अत्युक्ति नहुने विचार पोखरेलले व्यक्त गरेका छन् । नेपाली साहित्यको इतिहासमा कलापक्ष र भावपक्षमा नवीनता ल्याई आफूभन्दा अगाडिको युगको चरमोत्कर्ष र पछाडिको युगको अरूणोदय बनेर नेपाली साहित्यमा सधै ध्रुवताराझैँ उदाउन सक्नु नै पौड्यालको महानता हो भन्ने कुरा पोखरेलद्वारा औँल्याएको छ । पौड्यालका कविता रस माधुर्य र भाव भङ्गिमाले भरिएका हुन्छन् भन्दै पौड्याल भाषामा शिष्टता, सौन्दर्यात्मक चेतना, कवितामा भावोत्कृष्टता र मीठास ल्याउने प्रतिभा सम्पन्न व्यक्तित्व हुन भन्ने पोखरेलले बताएका छन् ।

**विश्वनाथ न्यौपाने, 'लेखनाथ ज्ञानकुञ्ज'**, ने.रा.वि. **हिउँद दोस्रो प्रकाशन, २०२४, पृ. ३७**

विश्वनाथ न्यौपानेद्वारा लेखिएको 'लेखनाथ ज्ञानकुञ्ज' शीर्षकको लेख ने.रा.वि. पत्रिकामा प्रकाशित छ र यसमा नेपाली साहित्यका ऐतिहासिक विभूति भानु र मोतीसँग लेखनाथ पौड्याललाई तुलना गरिएको कुरालाई टिप्पणी गरिएको छ । भानु, मोती जस्तै नेपालका ऐतिहासिक विभूतिमध्ये आधुनिक साहित्यका महारथी पौड्याल सुगा र कोइली जस्ता मधुर भाषी चराहरूको प्राकृतिक ज्ञानकुञ्जलाई आफ्ना रचनामा

जन्माउने एक युगसूचक व्यक्तित्व बनेको कुरा लेखक न्यौपानेले यस लेखमा उल्लेख गरेका छन् ।

**रेवतीरमण खनाल, 'तरुण तपसी : एक तुलनात्मक अवलोकन',** मधुपर्क **वर्ष १, अङ्क ९, २०२५, पृ. ६२-७०**

रेवतीरमण खनालले 'तरुण तपसी : एक तुलनात्मक अवलोकन' शीर्षकको लेख लेखेका छन् र यो लेख मधुपर्कमा प्रकाशित छ । यसमा लेखनाथ पौड्यालको तरुण तपसीको विविध पक्षलाई सामान्य चर्चा लेखक खनालले गरेका छन् । यसमा तरुण तपसीमा पाइने छन्द र संस्कृत शब्दको प्रयोग धेरै भए तापनि ती छन्द र संस्कृत शब्दहरू देवकोटा र सोमनाथका जस्ता खट्किने नभएका बरु हाम्रो समाजमा प्रचलित भैसकेका शब्द प्रयोग पौड्यालका रचनामा पाइने कुरा लेखक खनालले उल्लेख गरेका छन् । जसरी सिपालु सुनुवारले सुनका गहनामा हिरा र मोतीका पत्थरलाई जोडेर सुन्दर आभुषण बनाउँछ त्यसरी नै पौड्यालले संस्कृत शब्दको रूप नबिगारी सलक्क राखिदिएका जसले सुन्दरतालाई झल्काउन मदत्त मिलेको लेखक खनालले औँल्याएका छन् । वैचिœय, आलङ्कारिक भाषा प्रयोगद्वारा रीतिकालीन कविता शैलीमा सुन्दर श्लोक रचना गर्नु र त्यसमा नयाँ भाव, कल्पना र विचार प्रतिपादनले पौड्यालको तरुण तपसीभित्र पर्ने केही श्लोकका उच्च काव्य कलालाई पूर्वीय काव्य कलाको दृष्टिले माघ कविको जस्तो भन्न मन लागेको कुरा खनालले बताएका छन् ।

**ठाकुरप्रसाद पराजुली, 'तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ',** मधुपर्क **वर्ष १, अङ्क २, आषाढ २०२५, पृ. १७-१९**

'तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ' शीर्षकको लेख लेखक ठाकुरप्रसाद पराजुलीले लेखेका हुन् र यसमा लेखक पराजुलीले लेखनाथ पौड्यालका कविताले सौन्दर्यको प्रभात नेपाली साहित्यमा भिœयाएको बारेमा समीक्षा गरेका छन् । आफ्ना पूर्ववर्ती समस्त कविहरूका काव्य प्रवृत्तिलाई पचाई नवयुगीन स्वर दिने पौड्याल नेपाली साहित्यमा नयाँ वसन्त बोलाउने त्यस्ता कवि हुन् जो काव्यगत शिल्प र भावप्रवण माधुर्यबाट कविशिरोमणि हुन पुगे र कवितामा सौन्दर्यता पनि भिœयाए भनी लेखक पराजुलीले उल्लेख गरेका छन् । पौड्यालभन्दा पूर्ववर्ती कविहरूले अनुकरणको सोझो बाटो समातेका बेला लेखनाथले मौलिकताको प्रतिष्ठापन गर्नु पौड्यालको नवीन थालनी हो भन्दै र पौड्यालका रचनामा पाइने धर्म, नैतिक शिक्षा र दार्शनिक चिन्तनको रूपमा प्रकट भएका उपदेशहरूले सौन्दर्य सरोवरमा नुहाएर निस्केका एक अपूर्व आनन्द दिने कुरा पराजुलीले औँल्याएका छन् । वसन्तको आविर्भाव

भएपछि प्रकृतिको अनुपम शृङ्गार साम्राज्यबाट उद्दीपित भएका कालिदासका भमरा र मृगहरूले प्रीति र उत्कण्ठाको जुन सीमाहिन सञ्चार पाएका थिए तर लेखनाथको ऋतुविचारमा आएर कालिदासका भमरा र मृगले छुट्टा-छुट्टै शरद र वसन्तको एकलौटे मजा लिन आतुर देखिन्छ जुन पौड्यालको कलापूर्ण रचनाले दिएको पृथक अनुभूति हो भन्ने दृष्टिकोण पराजुलीको छ ।

**डमरुवल्लभ पौड्याल, 'साहित्यिक त्रिवेणीमा फुरेका कलकलको सम्झना'**, गोर्खापत्र **वर्ष ६८, अङ्क २३३, पौष १६, २०२५**

गोर्खापत्रमा प्रकाशित 'साहित्यिक त्रिवेणीमा फुरेका कलकलको सम्झना' शीर्षकको संस्मरणात्मक लेख डमरुवल्लभ पौड्यालद्वारा लेखिएको हो । यस लेखमा डमरुवल्लभले लक्ष्मीप्रसाद, लेखनाथ पौड्याल, बालकृष्णका संवादात्मक विषयवस्तुलाई संक्षिप्त रूपमा टिप्पणी गरेका छन् । नेपाली महाकाव्यको खाँचो अझै पूर्ति नभएको त्यसैले त्यो खाँचो पूरा हुने भन्दै लक्ष्मीप्रसादले दस दिनको काव्य लेखनको प्रयासस्वरूप काव्य तयार पारेको यसका चार श्लोकलाई लेखनाथले मैले पाएको भए यसरी लेख्ने थिए भनी टिप्पणी गरेको त्रिकोणात्मक संवादपरक कुराकानीलाई डमरुवल्लभले यहाँ उल्लेख गरेका छन् ।

**बल्लभमणि दाहाल, 'कवि लेखनाथ र उनको काव्यधारा'**, मधुपर्क **वर्ष १, अङ्क ११, चैत्र २०२५, पृ. ४२-४३**

बल्लभमणि दाहालद्वारा लेखिएको 'कवि लेखनाथ र उनको काव्यधारा' शीर्षकको लेख मधुपर्कमा प्रकाशित छ र यसमा लेखक दाहालले लेखनाथ पौड्याल नेपाली साहित्यका प्रतिष्ठित व्यक्तित्व भएको टिप्पणी गरेका छन् । पौड्याल आज हाम्रो माझ नभए तापनि आफूभन्दा कान्छा समस्त साहित्यकारलाई प्रभावित पार्न सफल भएको भन्दै नेपाली साहित्यभण्डारलाई भोर्न वा परिपूर्ण बनाउन प्रयास गरेका यी प्रतिभाले आफूभन्दा पछिका साहित्यिक पुस्तालाई त्यतातर्फ लाग्न प्रेरणा समेत दिएको चर्चा दाहालले गरेका छन् । आजजति साहित्यसेवीहरू साहित्योनतिमा लागेका छन् ती सबैको निर्माण र सिर्जनाको पथलाई आविर्भाव गर्ने व्यक्तित्व पौड्याल मात्र भएको र जसलाई आजका साहित्य पारखीहरूले अनुकरण गर्नुपर्ने विचार दाहालले व्यक्त गरेका छन् ।

**सम्पादकीय, 'कविशिरोमणिप्रति श्रद्धाञ्जली'**, गोर्खापत्र **वर्ष ६८, अङ्क २३३, पौष १६, २०२५**

'कविशिरोमणिप्रति श्रद्धाञ्जली' शीर्षकको लेख गोर्खापत्रका सम्पादकले लेखी सम्पादकीय खण्डमा प्रकाशित गरेका छन् । यसमा लेखनाथ पौड्याल नेपाली साहित्यको श्रीवृद्धिमा लागेका आधुनिक युगका प्रवर्तक र अन्य कविहरूभन्दा बेग्लै पहिचान बोकेर हिडेका प्रतिभाशाली कवि भएको टिप्पणी सम्पादकले सम्पादकीयमा गरेका छन् । यसमा कविशिरोमणिप्रति सच्चा श्रद्धाञ्जली प्रकट गर्दै पौड्याल नेपाली जनमानस, केटाकेटी बूढाबूढीदेखि सबैका अत्यन्त लोकप्रिय व्यक्तित्व भएको चर्चा सम्पादकीयमा गरिएको छ ।

**कृष्णचन्द्रसिंह प्रधान, 'तरुण तपसीको करुण गाथा : एउटा सत्य एउटा आदर्श',** रमझम **वर्ष ५, अङ्क १, २०२६, पृ ४१**

'तरुण तपसीको करुण गाथा : एउटा सत्य एउटा आदर्श' शीर्षकको लेख कृष्णचन्द्रसिंह प्रधानले लेखेका छन् र यसमा लेखक प्रधानले लेखनाथ पौड्याललाई मध्य, आधुनिक, पुरानो र नयाँयुगका जोर्नी वा सेतु-साहित्यकार भएको टिप्पणी गरेका छन् । तरुण तपसीको चर्चा गर्ने क्रममा प्रधानले पौड्यालका कवितामा वितेको युगको संस्कार र आधुनिक कालको परिबन्ध मिलेर तरुण तपसी बनेको भन्दै यसको प्राचीन विश्वासमा कविको दार्शनिक आदर्श जमेको छ भने अर्कोतिर आधुनिक तह नमिलेको समाजले छोएको छ भन्ने विचार प्रधानले व्यक्त गरेका छन् । विषयवस्तुको दृष्टिले तरुण तपसी सुधारवादी रहेको र यसले मानव जीवनको सेरोफेरोले अँगालेको कतै-कतै सैद्धान्तिक स्तरमा कविलाई धमिल्याएको भए तापनि सामाजिक परिप्रेक्ष्यमा यसले यथार्थलाई समाविष्ट गर्न सकेको दृष्टिकोण प्रधानको रहेको छ । सत्य, श्रम र पसिनाको भर परेर जीविकोपार्जन गर्नु आदर्श भएको, चोर्नु, चुस्नु र शोषण गर्नु अन्याय भएको कुरा पौड्यालका कृतिमा पाइने लेखक प्रधानले प्रस्ट्याएका छन् ।

**शरदकुमार भट्टराई, 'कविशिरोमणि लेखनाथ र उनको तरुण तपसी',** त्रिफला **१, २०२६, पृ. २५-३०**

शरदकुमार भट्टराईले 'कविशिरोमणि लेखनाथ र उनको तरुण तपसी' शीर्षकको लेख लेखेका छन् जुन त्रिफला पत्रिकामा प्रकाशित छ । यसमा लेखक भट्टराइले लेखनाथ पौड्यालको तरुण तपसी कृतिको संक्षिप्त चर्चा गरेका छन् । तरुण तपसीलाई पौड्यालको सर्वोत्तम रचना मान्दै यस रचनामा पौड्यालको आध्यात्मिक आस्थाको प्रकटीकरण भई गहन भएर पनि सरलपन रहेको भट्टराईले उल्लेख गरेका छन् । यो काव्य पौड्यालले जीवनभरि प्राप्त गरेको ज्ञानको अक्षयनिधि भएको जसमा समाजका खराब पक्षको विरोध गरी राम्रा पक्षको बाटो समात्न आग्रह गरिएको यहाँ भट्टराईले औँलाएका छन् । तरुण तपसी साहित्यिक प्रस्तुतिकरणमा भन्दा दर्शन र नीतिवादलाई

व्याख्या गर्नमा बढी संलग्न र तल्लीन रहेको विचार भट्टराईद्वारा व्यक्त गरिएको छ । नेपाली साहित्यका अनेक कृतिमध्ये ऋषि कल्प पौड्यालले लेखेको यो नव्यकाव्य नेपाली साहित्यजगत्मा अनुपम रत्न ठहरिन आएको भट्टराईको दृष्टिकोण छ ।

**वासुदेव त्रिपाठी, 'विभिन्न कृतिमा प्रतिबिम्बित लेखनाथको कवित्व'**, रूपरेखा **वर्ष ११, पूर्णाङ्क ११०, संख्या २, २०२६, पृ. १७-२०**

वासुदेव त्रिपाठीद्वारा लेखिएको 'विभिन्न कृतिमा प्रतिबिम्बित लेखनाथको कवित्व' शीर्षकको लेख रूपरेखामा प्रकाशित छ । यस लेखमा त्रिपाठीले लेखनाथ पौड्यालका विभिन्न पाटामाथि आबद्ध भएर समीक्षा गरेका छन् । ऋतुविचार कृतिलाई नेपाली कविताको सशक्त युग विभाजन मान्ने त्रिपाठीले भानुभक्त र मोतीरामबाट पौड्यालले प्रारम्भमा लेखनको सिको लिएको उल्लेख गरेका छन् । पौड्याललाई विभिन्न रचनामा बाँधेर तुलना गरी मूल्याङ्कन गर्ने त्रिपाठीले ऋतुविचारका सेरोफेरोमा लेखनाथलाई समसामयिक नेपाली जीवनको तस्वीर प्रस्तुत गरेको सामाजिक असमानताको भण्डाफोर गर्ने सौन्दर्य चेतनावादी व्यक्तित्व भएको बताएका छन् । तरुण तपसीका लेखनाथले प्राकृतिक जीवनको प्रतीक विश्वबोधलाई विश्वात्मा प्रतिबिम्बित गराउन सफल भएको टिप्पणी त्रिपाठीले गरेका छन् । सौन्दर्य चेतनाको असाधारण प्रयोग र अध्यात्मिक युगको दर्शनले पौड्याललाई महान् बनायो र पौड्यालका कविताले पौड्याललाई मात्र उचालेन तथापि युगलाई नै उच्चाल्यो र पौड्याल एक युग समेत भए भनी त्रिपाठीले औँल्याएका छन् ।

**चूडामणि बन्धु, 'लेखनाथ-आधुनिक नेपाली कविता'**, प्रज्ञा **वर्ष १, अङ्क २, २०२७, पृ. १४-१६**

चूडामणि बन्धुद्वारा लेखिएको 'लेखनाथ-आधुनिक नेपाली कविता' शीर्षकको लेख प्रज्ञा पत्रिकामा प्रकाशित छ । यस लेखमा लेखक बन्धुले लेखनाथ पौड्याललाई आधुनिक कविका रूपमा स्थापित गरी पौड्यालको नेपाली साहित्यप्रति रहेको योगदानको बारेमा टिप्पणी गरेका छन् । आधुनिक नेपाली कविताका जन्मदाताका रूपमा देखापरेका पौड्यालले नेपाली कविताको भाषा शैलीलाई चम्काएर यसमा पौड्यालले आफ्नो लालमोहर लगाउन सफल भएको कुरा बन्धुले उल्लेख गरेका छन् । नेपाली साहित्यजगत्मा प्रशस्त कविता काव्य सिर्जना गरेका पौड्यालका काव्य र कविता युग सापेक्ष र आधुनिक छन् जसले उत्तरोत्तर प्रगति गरिरहेको युगलाई समर्थन गर्ने र चेतनाको आविर्भाव गर्ने कार्यलाई प्रोत्साहन दिन्छन् भनी लेखक बन्धुले यहाँ औँल्याएका छन् । कवि लेखनाथले आधुनिक नेपाली कविताको गोरेटो बनाइ त्यसमा

देखिएका ढुङ्गा काढालाई पन्छाउँदै नेपाली कविताको राजमार्ग तयार गरी नेपाली कवितामा शब्द र शैलीलाई चम्काएको बन्धुले यहाँ बताएका छन् ।

**चूडामणि बन्धु, 'लेखनाथ-आधुनिक नेपाली कविता'**, प्रज्ञा **वर्ष १, अङ्क २, पुस २०२७, पृ. १९**

'लेखनाथ आधुनिक नेपाली कविता' शीर्षकको लेख लेखक चूडामणि बन्धुले लेखेका हुन् र यो लेख प्रज्ञा पत्रिकामा प्रकाशित छ । यसमा बन्धुले लेखनाथ पौड्यालका रचनाहरूमा पाइने भाषा शैलीका पक्षमा सामान्य चर्चा गरेका छन् । पौड्यालको भाषाशैलीले गर्दा नै पौड्याललाई आधुनिक कालमा राखिएको हो भन्दै यो कुराको पूष्टि वि.सं. १९८० सम्म लेखिएका कविताहरूबाट पाइने विचार बन्धुले व्यक्त गरेका छन् । लेखनाथको शैलीको विकास लेखनाथीय शिल्पको विकास हो र पौड्यालमा अरूको प्रभाव खास गरी १९९१ पछिका कविहरूको नगण्य छ बरु पौड्यालले अरूलाई प्रभावित गरेको कुरा बन्धुले उल्लेख गरेका छन् । नेपाली कवितालाई सरल सुन्दर पदावली दिएर साहित्यमा प्राण प्रतिष्ठा भर्ने लेखनाथले गरेका भन्दै पुराना कथनलाई मिल्काएर नेपाली कवितामा शब्द र शैलीको नयाँ सिर्जना गर्ने, प्रकृति चित्रणको अर्कै परिपाटी ल्याउने, युग सापेक्षताको आवश्यकतालाई अनुभव गर्ने अनि कवितालाई दर्शनले गहिऱ्याउने र आदर्शले चम्काउने कवि पौड्याल नै भएको टिप्पणी बन्धुद्वारा गरिएको छ ।

**ठाकुरप्रसाद पराजुली, 'नेपाली कविको आधुनिक दिशा र प्रवृत्ति'**, रूपरेखा **वर्ष ११, अङ्क १, पूर्णाङ्क १०९, २०२७, पृ. १३**

'नेपाली कविको आधुनिक दिशा र प्रवृत्ति' शीर्षकमा ठाकुरप्रसाद पराजुलीले लेख लेखेका छन् र यसमा लेखनाथ पौड्याललाई प्राचीन र आधुनिक नेपाली साहित्यका केन्द्रबिन्दु भनी संक्षिप्त टिप्पणी गरेका छन् । प्राचीन शैलीमा आधुनिक भाव भोरेर नेपाली साहित्यलाई पौड्यालले नयाँ दिशा दिएको हुनाले नै नेपाली साहित्यमा लेखनाथको प्रवेशलाई आधुनिक कालको सुरुवात मान्नुपर्ने विचार पराजुलीले व्यक्त गरेका वछन् । पौड्यालसँग नेपाली कविताको नयाँ युग ब्यूँझियो भनि सहस्रौं अरू किरणहरू पनि झल्मलाउँदै छन्द र व्याकरणको पारसपरिक विरोधाभासको अन्त्य पौड्यालबाटै सम्पन्न भएको पराजुलीद्वारा औंल्याइएको छ । सहजता, कृतिमता बीचको शैली लेखनाथको शैली हो र परिष्कार र हृदयस्पर्शी स्वाभाविकता दुवै गुण पाइने हुनाले चिन्तनमा तीव्र दार्शनिकता र कवि शूलभ तीव्र सम्वेदना पौड्यालको कवितात्मक उपलब्धि भएको कुरा पराजुलीले उल्लेख गरेका छन् । सबैका हृदयमा बास बस्न सफल भएका पौड्यालका रचनाहरू जीवनका नैतिक रेखाङ्कन र

आध्यात्मिक उन्मेषप्रति जागरुक भई पूर्वीय चिन्तनको प्रकाशमा विश्वबन्धुत्वको भाव र मानवतावादी विचारको उन्मेष फिँजाउन सफल देखिने कुरा पराजुलीले बताएका छन् ।

**दैवज्ञराज न्यौपाने, 'कविशिरोमणि लेखनाथ',** मधुपर्क **वर्ष ३, अङ्क ८, पौष २०२७, पृ. ७३-७४**

'कविशिरोमणि लेखनाथ' शीर्षकमा लेखक दैवज्ञराज न्यौपानेले लेख लेखेका छन् र यो लेख मधुपर्क पत्रिकामा प्रकाशित छ । यसमा न्यौपानेले लेखनाथ पौड्यालका कवितामा पाइने विविध पक्षको टिप्पणी गरेका छन् । पौड्यालका कवितामा कृतिमता नपाइने भन्दै पौड्यालले पालिश लगाएका कवितामा पनि कृतिमता विनाको जादूमय स्पर्श पाइने हुनाले पौड्यालका कवितामा नदीको आवाज, चराहरूको बोली पाइएको कुरा न्यौपानेले उल्लेख गरेका छन् । जतिसुकै भाव गाम्भीर्य भएका कविलाई पनि पौड्यालका रचनाले सहजै तान्न सक्ने क्षमता, वर्षात्को भेलसरी फोहरलाई पनि सफा बनाउन सक्ने स्वाभाविकताका साथ परिमार्जित शिल्पको सङ्केत दिएको विचार लेखक न्यौपानेले व्यक्त गरेका छन् ।

**वासुदेव त्रिपाठी, 'भानुभक्त र लेखनाथलाई सँगसँगै सम्झन खोज्दा',** सुस्केरा **वर्ष १, अङ्क २, कार्तिक २०२७, पृ. ५७**

वासुदेव त्रिपाठीले 'भानुभक्त र लेखनाथलाई सँगसँगै सम्झन खोज्दा' शीर्षकको लेख लेखेका छन् र यो सुस्केरा पत्रिकामा प्रकाशित छ । यसमा लेखक त्रिपाठीले लेखनाथ पौड्याललाई भानुभक्तसँग तुलना गर्दै नेपाली साहित्यमा यी दुवैको स्थान र महत्त्व तथा सामीप्यताका बारेमा चर्चा गरेका छन् । यहाँ लेखनाथलाई विचार गर्दा भानुभक्तको सम्झना आउने र भानुभक्तलाई सम्झदा लेखनाथलाई पनि सम्झन पुगिने अवस्थाले गर्दा यी दुबैबीचको सहस्मृतिको हिसावले नेपाली साहित्यका आरम्भकर्ता भानुभक्त भएको र त्यसको चरमोत्कर्ष पौड्याल भएको टिप्पणी त्रिपाठीले गरेका छन् । नेपाली कविताको इतिहासमा भानुभक्त (क)युगको सहधारा बनेको र लेखनाथ (ख) युग सूक्तिसिन्धुमा केहीबेर रङ्गमगिएर क युगतिरै अर्थात् भानुभक्त तर्फ नै फर्किएका प्रतिभा मान्दै नैतिक मूल्यको चौघेराका दृष्टिले भानुभक्त र लेखनाथमा थोरै अन्तर धेरै सामीप्यकै अनुभव हुने विचार त्रिपाठीले व्यक्त गरेका छन् । चोखो नेपाली पदावलीको नाता भानुभक्त र लेखनाथका बीचमा गहिरो छ तथापि लेखनाथ भानुभक्तभन्दा बढी सौन्दर्य चेतना भएका कवि भएको जानकारी त्रिपाठीले दिएका छन् । लेखनाथ भानुभक्तका चरम विकास हुन् भने भानुभक्त लेखनाथका कविगुरु हुन् भन्ने दृष्टिकोण त्रिपाठीको रहेको छ ।

**वासुदेव त्रिपाठी, 'ऋतुविचार खण्डकाव्यभित्र सामाजिक चित्राङ्कन'**, मधुपर्क **वर्ष ३, अङ्क २, आषाढ २०२७, पृ. ८१-८७**

वासुदेव त्रिपाठीद्वारा लेखिएको 'ऋतुविचार खण्डकाव्यभित्र सामाजिक चित्राङ्कन शीर्षकको लेख मधुपर्क पत्रिकामा प्रकाशित छ । यसमा लेखक त्रिपाठीले लेखनाथ पौड्यालको ऋतुविचार काव्यभित्रको समाज पक्षलाई लिएर सामान्य समीक्षा गरेका छन् । ऋतुविचारभित्र पौड्याल सुन्दरताका आराधक मात्र नभएर समाज द्रष्टा, सामाजिक मर्मकर्ता बारम्बार प्रतिबिम्बित हुन्छन् भन्ने कुरा त्रिपाठीले उल्लेख गरेका छन् । सामाजिक सन्दर्भले पौड्यालको सुन्दरतालाई तीव्रतम ओज प्रदान गरेको अनुभव हुने साथै सौन्दर्यमय सन्धान प्राप्त गरेर पौड्यालको सामाजिकता पनि तीखो र प्रभावकारी बनेको छ साथै सामाजिक सौन्दर्यको यो समन्वय नेपाली कविताको असामान्य प्राप्ति भएको लेखक त्रिपाठीले बताएका छन् । पौड्यालको ऋतुविचार सामाजिकता प्राकृतिक उपमेयतामा मुख्यतः उपमानको भूमिकामा देखापरेको र प्राकृतिक उपमेयको सामाजिक उपमानलाई तीव्रता दिएको छ भन्ने कुराको चर्चा त्रिपाठीले गरेका छन् । सामाजिक उपमानले प्राकृतिक उपमेयलाई सशक्त अभिव्यक्ति दिए जस्तै निश्चय नै सामाजिक उपमानहरू कवि पौड्यालको व्यापक सामाजिक अनुभूति र सशक्त सृजना शक्तिका प्रमाण भएको त्रिपाठीले औँल्याएका छन् । विविधता, मार्मिकता र सौन्दर्य सन्धानका दृष्टिले लेखनाथको समाज दर्शन सापेक्षमा समाज, स्पन्दी सौन्दर्य चेतको दृष्टिले पौड्याल ऋतुविचारमा अभिप्रेरित भएको टिप्पणी त्रिपाठीले गरेका छन् ।

**जगदीश शमशेर, 'कविकर लेखनाथको वसन्त कोकिल'**, रूपरेखा **वर्ष १२, अङ्क ८, पूर्णाङ्क १२८, २०२८, पृष्ठ १३-२५**

'कविकर लेखनाथको वसन्त कोकिल' शीर्षकको लेख लेखक जगदीश शमशेरले लेखेका छन् जुन रूपरेखा पत्रिकामा प्रकाशित छ । यहाँ लेखनाथ पौड्यालको वसन्त कोकिल रचनामा आबद्ध भएर लेखक शमशेरले सामान्य समीक्षा गरेका छन् । काव्य सिद्धान्त, आफ्नो व्यक्तिगत अनुभव, अनुभूति तथा भावनाको बीचमा सन्तुलन कायम राखी काव्यात्मक सौन्दर्य बुझेर विवेकपूर्ण ढङ्गले ध्वन्यात्मक प्रयोग गरी काव्य सिर्जना गर्ने पौड्यालका रचनामाथि खेलवाड गर्न नहुने कुरा लेखक शमशेरले यहाँ बताएका छन् । सबैको लागि काव्य रच्ने आफ्नो सामाजिक दायित्व सम्झने पौड्यालको वसन्त कोकिल जस्तो सुललित, सन्तुलित, परिमार्जित तथा उच्च काव्यात्मक स्तरको कविता पहिला देखापर्न सफल भएको टिप्पणी शमशेरले गरेका छन् । यस कवितामा प्रयोग गरिएका विभिन्न शब्द तथा स्थितिको ध्वनिद्वारा नै कवि पौड्यालले आफ्नो स्वकीय

व्यक्तित्व तथा भावनालाई काव्यात्मक स्तरमा उठाएर आफ्नो व्यक्तित्व दर्साउनुको सट्टा रचनाको व्यक्तित्व खडा गर्नतर्फ लागेको कुरा लेखक शमशेरले उल्लेख गरेका छन् ।

**नारायण शर्मा, कोइराला, 'महाकविको आँखामा कविशिरोमणि',** रूपरेखा **वर्ष १२, अङ्क ९, पूर्णाङ्क १२९, माघ २०२८, पृ. १७**

'महाकविको आँखामा कविशिरोमणि' शीर्षकको लेख लेखक नारायण शर्मा कोइरालाद्वारा लेखिएको हो र यो लेख रूपरेखा पत्रिकामा प्रकाशित छ । यस लेखमा देवकोटाको आँखामा लेखनाथ पौड्यालको स्थान, महत्त्व आदिका बारेमा कोइरालाले टिप्पणी गरेका छन् । देवकोटाको आँखामा पौड्याल नेपालका अद्वितीय महाकवि, आधुनिक महाकवि र महापुरुषका रूपमा देख्छौं भनी कोइरालाले देवकोटाका विचारलाई यस लेखमार्फत उल्लेख गरेका छन् । हाम्रा प्रथम कविजीमा अवगुणहरू छन् तर पौड्याल हाम्रा लागि महान् छन्, युग बदलिए पनि, शैली भिन्न भए पनि त्यो नेपालीको माधुर्य बिर्सन सक्तैनौं भन्ने देवकोटाको दृष्टिकोणलाई कोइरालाले यहाँ औंल्याएका छन् ।

**केशवप्रसाद उपाध्याय, 'तरुण तपसी एक अध्ययन',** खुड्किलो **२, डाँडो १, चैत्र २०२९, पृष्ठ ६**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'तरुण तपसी एक अध्ययन' शीर्षकको लेख खुड्किलो पत्रिकामा प्रकाशित छ । यस लेखमा उपाध्यायले लेखनाथ पौड्यालको तरुण तपसी रचनाको विषयमा सामान्य समीक्षा गरेका छन् । तरुण तपसीलाई आधार मानेर हेर्ने हो भने पौड्यालको कल्पना शक्ति र अध्ययन भानुभक्तभन्दा निश्चय नै बढ्ता छ, त्यसैले पौड्यालले जे लेखे त्यो गहकिलो छ साथै भयो पनि भन्ने विचार लेखक उपाध्यायले व्यक्त गरेका छन् । पण्डितहरूको हृदयलाई पौड्यालका कविताले छुन सके र आबाल-वृद्ध, बनिता मूर्ख-पण्डित सबैलाई मनपर्ने रचनाभित्र समेट्न सक्नु पौड्यालको आफ्नै निजी पहिचान भएको उपाध्यायले उल्लेख गरेका छन् । नेपाली जनजीवनमा भिज्न सक्नु, नेपाली भाषामा समाजलाई लोक र परलोक दुवै बनाउने ज्ञान भर्नु पौड्यालका कृतिगत विशेषता भएको उपाध्यायले बताएका छन् । देवस्तुतिदेखि लिएर लक्ष्मीपूजा जस्तो समाज सुधार नाटक लेखेका पौड्यालको तरुण तपसी केही कोणबाट सामान्य फितलो भए तापनि धेरै जसो कोणबाट सबल र सक्षम रहेको उपाध्यायले औंल्याएका छन् ।

**चिरञ्जीवी दत्त, 'लेखनाथ पौड्यालका पद्यहरूमा परिक्रमा गर्दा',** सम्झना **वर्ष ४, पूर्णाङ्क ९, २०२९, पृ. २१**

चिरञ्जीवी दत्तद्वारा लेखिएको 'लेखनाथ पौड्यालका पद्यहरूमा परिक्रमा गर्दा' शीर्षकको लेख सम्झना पत्रिकामा प्रकाशित छ र यसमा लेखनाथ पौड्यालका पद्यहरू अमरज्योतिको सत्य स्मृति र मेरो राम खण्डकाव्यमा आधारित रही दत्तले सामान्य चर्चा गरेका छन् । अमरज्योतिको सत्य स्मृतिमा पौड्याल गान्धिको हत्याबाट प्रभावित भई क्रान्तिकारी बनी कृतिको रचना समेत गर्न सफल भएको टिप्पणी लेखक दत्तले गरेका छन् । त्यस्तै गरी मेरो राममा भानुभक्तको रामायणबाट स्पर्शित भई लेखन कार्य सुरु गरेका भनी दत्तले उल्लेख गरेका छन् ।

**डमरुबल्लभ पौड्याल, 'दुईवटा काव्यको एउटा दुर्घटना',** गोर्खापत्र **वर्ष ७२, अङ्क २५०, माघ २, २०२९**

'दुईवटा काव्यको एउटा दुर्घटना' शीर्षकको लेख लेखक डमरुबल्लभ पौड्यालले लेखेका हुन् जुन लेखनाथ जन्म जयन्तीको अवसर पारेर लेखिएको हो । यसमा लेखनाथ पौड्यालले भोगेका जीवनका विविध विषयहरू तथा राणाकालीन जर्जर अवस्थामा कवि पौड्याल लगायत अन्य साहित्यकारले के कस्तो संकटकालीन स्थितिको बीचमा बसेर काव्य तथा कविता सिर्जना गरी जनतालाई व्यूँझाउन प्रयत्नरत थिए त भन्ने बारे र त्यति बेलाको वस्तुस्थितिको यथार्थलाई संक्षेपमा लेखक डमरुबल्लभले टिप्पणी गरेका छन् ।

**हरि श्रेष्ठ, 'महाकवि देवकोटा र कविशिरोमणि पौड्याल',** ने.रा.वि. **पूर्णाङ्क १२, २०२९, पृ. १८**

हरि श्रेष्ठले 'महाकवि देवकोटा र कविशिरोमणि पौड्याल' शीर्षकमा संस्मरणात्मक लेख लेखेका छन् र यसमा लेखनाथ पौड्यालसँग भएको भई र स्वास्थ्य स्थितिको जानकारी लिएको कुरा श्रेष्ठद्वारा उल्लेख गरिएको छ । देवकोटा र पौड्यालबीच भएको अगाढ प्रेम सम्बन्ध, स्नेह भावको बारेमा पनि लेखक श्रेष्ठले यहाँ संक्षिप्त रूपमा प्रस्ट्याएका छन् ।

**व्यासजी पौडेल, 'कविशिरोमणि लेखनाथप्रति श्रद्धाञ्जलिका दुई शब्द',** गोर्खापत्र **वर्ष ७२, अङ्क २५०, माघ २, २०२९**

व्यासजी पौडेलद्वारा लेखिएको 'कविशिरोमणि लेखनाथप्रति श्रद्धाञ्जलिका दुई शब्द' शीर्षकको लेख गोर्खापत्रमा प्रकाशित छ र यसमा लेखनाथ पौड्यालको नेपाली साहित्यमा रहेको योगदान र पौड्यालप्रति श्रद्धाञ्जलिका सच्चा फूल अर्पण गरेका

शब्दरूपी टिप्पणी गरिएको छ । यसमा व्यासजीले पद्य साहित्यलाई एक नयाँ मोड दिने र गति दिने कविहरूमध्ये पौड्याललाई प्रथम स्थान दिनुपर्ने भन्दै नेपाली साहित्यलाई नवयुगमा प्रवेश गराउने महारथीहरूमा पौड्याल अग्रस्थानमा रहेको उल्लेख गरेका छन् । पौड्यालका कृतिमा कलापक्ष र कल्पना पक्षको राम्रो समन्वय पाइने हुनाले पौड्यालका रसिला र कलापूर्ण कविता ज्यादै लोकप्रिय हुन पुगेको लेखक व्यासजीले औँल्याएका छन् ।

**वासुदेव त्रिपाठी, 'नाटककार लेखनाथ पौड्याल'**, ने.रा.वि. **पूर्णाङ्क ११, २०२९, पृ. १८**

'नाटककार लेखनाथ पौड्याल' शीर्षकको लेख वासुदेव त्रिपाठीले लेखेका हुन् र यो लेख ने.रा.वि. पत्रिकामा प्रकाशित छ । यसमा लेखक त्रिपाठीले लेखनाथ पौड्याललाई नाटककारका रूपमा चिनाउँदै पौड्यालका विभिन्न नाटकहरूका बारेमा संक्षिप्त टिप्पणी गरेका छन् । प्रजातन्त्रपूर्वक दरबारमा व्यतित दरबारीया पण्डितका रूपमा नाट्यकलाप्रति अभिरुचि राखेका पौड्यालको भर्तृहरिनिर्वेद (१९७४) र लक्ष्मीपूजा (१९९४) नै पौड्याललाई नाटककारका रूपमा चिनाउने बलिया नाटक हुन भन्ने विचार त्रिपाठीद्वारा व्यक्त भएको छ । पौड्यालको लक्ष्मीपूजा नाटक आफ्ना जमानामा निकै लोकप्रिय रहेको र नेपाली नाटकको विकासयात्रामा भर्तृहरिनिर्वेदको ऐतिहासिक मूल्य विशेष प्रतीत भएको त्रिपाठीको दृष्टिकोण छ ।

**केशवप्रसाद उपाध्याय, 'ऋतुविचारमा प्रकृति विचार'**, मधुपर्क **वर्ष ६, अङ्क ५, आश्विन २०३०, पृ. ३**

केशवप्रसाद उपाध्यायद्वारा लेखिएको 'ऋतुविचारमा प्रकृति विचार' शीर्षकको लेख मधुपर्कमा प्रकाशित छ र यसमा विभिन्न दृष्टिकोणबाट लेखनाथ पौड्यालको रचना ऋतुविचारमा पाइने प्रकृतिलाई आधार बनाई चर्चा गरिएको छ । ऋतुविचारमा प्रकृतिको पूर्ण र महिमामय रूपको दर्शन पाइने, सजीव अनुभूति, रसमय उद्गार, पदलालित्य शब्द चयन र सरलता लगाायत प्रकृतिको विविध चित्रण पाइने कुरा लेखक उपाध्यायले व्यक्त गरेका छन् । नेपाली प्रकृतिकाव्यको श्रीवृद्धि गर्ने कवि गुरु पौड्यालको प्रकृतिजगत् मानवीय संवेदनाले अनुप्रमाणित भई मोहक भएको र प्रकृतिका पुजारी देवकोटाको प्रकृतिजगत् समक्ष पनि यो काव्य ऋतुविचार महिमोज्वल भएको कुरालाई उपाध्यायले प्रष्ट्याएका छन् । ऋतुविचार वैचारिक कसीमा युगतीत प्रतीत भए पनि सौन्दर्य निरूपणको भरमा चाहिँ यो कृति निश्चय नै अमूल्य र अमर तथा कालजयी रचना सिद्ध हुन आएको उपाध्यायले बताएका छन् ।

**गोपाल भण्डारी, 'तरुण तपसीको स्थान'**, हिमाली सौगात **वर्ष २, अङ्क ८, २०३०, पृ. ४१**

'तरुणत पसीको स्थान' शीर्षकको लेख गोपाल भण्डारीद्वारा लेखिएको हो, यो हिमाली सौगात पत्रिकामा प्रकाशित छ । यसमा लेखक भण्डारीले लेखनाथ पौड्यालको रचना तरुण तपसीको देन र नेपाली साहित्यको फाँटमा यसले विशालता प्रदान गर्न सफल भएको टिप्पणी गरेका छन् । नेपाली साहित्यको विशालपनलाई विशालता प्रदान गर्ने तरुण तपसीका सुदिप्त भावनाहरू, सुप्रयुक्त छन्द, लालित्य रस, गुण अलङ्कारहरू सारवान भएका छन् भन्ने विचार भण्डारीले व्यक्त गरेका छन् । तरुण तपसी नेपाली साहित्य-जगत्मा प्रतिभाले खारिएको सौन्दर्यमयी उच्च कोटीको कृति हो जुन नेपाली साहित्यको मूर्धन्य स्थानमा शुशोभित बन्न सफल भएको छ भन्ने भण्डारीले औंल्याएका छन् । नेपाली साहित्यको यो विशाल क्षेत्रमा तरुण तपसी युगीन विकुलका रूपमा चिनिने छ यसका सुस्पष्ट सुमधुर ध्वनिहरूले नेपाली साहित्य सधैं पवित्र बन्ने भण्डारीले बताएका छन् ।

**चूडामणि शर्मा, 'काव्य साधनाको प्रारम्भ, विकास र पराकाष्ठा'**, गोर्खापत्र **वर्ष ७३, अङ्क २३९, पुस २०, २०३०**

चूडामणि शर्माले गोर्खापत्रमा 'काव्य साधनाको प्रारम्भ, विकास र पराकाष्ठा' शीर्षकको लेख लेखेका छन् । उक्त लेखमा शर्माले लेखनाथ पौड्यालको साहित्य क्षेत्रमा भएको प्रवेश, विकास र उत्कर्षकालसम्म पौड्यालको लगाव र तरण तपसी काव्यको विभिन्न पक्षमाथि टिप्पणी गरेका छन् । जीवनमा अनेक आरोह अवरोह पार गर्दै १९६२ सालदेखि रचना लेख्न थालेका पौड्याल हुने विरुवाको चिल्लोपात भनेझैं सानै उमेरदेखि साहित्यप्रति आकर्षिक भएको जानकारी शर्माले दिएका छन् । जीवनको आधा शताब्दीसम्म काव्यसाधना गरेका पौड्याल २०१० सालसम्म अनेक उत्कृष्ट काव्य, कविता रचना गर्दै तरुण तपसी लिएर उदाएका एक अध्ययन र चिन्तनशील प्रबुद्ध व्यक्तित्व हुन् भनी शर्माले उल्लेख गरेका छन् । तरुण तपसी बूढो कविको नौलो कृति हो भन्दै लेखनाथ जति बृद्ध हुँदै गए उति नयाँ विचार बढाउँदै भाषामा नवीनता, शिल्पमा नूतनता, शैलीमा परिष्कृतता र सरलता दिन सफल भएको शर्माले बताएका छन् । सौन्दर्यान्वित कला, रोचक र खिरिलो अभिव्यक्तिका साथ-साथै सशक्त र घटना सदृश रसको परिपाक पौड्यालको तरुण तपसीका अमूल्य वैशिष्ट्य हुन् भन्ने विचार शर्माले व्यक्त गरेका छन् । एकोहोरो ज्ञान र अन्धविज्ञानको भीषण संघर्ष भएको तरुण तपसी वास्तविक आधुनिक संसारको चित्रण भएको कृति हो भन्ने कुरा शर्माले प्रष्ट्याएका छन् ।

**शिवप्रसाद सत्याल 'पीठ', 'कविशिरोमणिका काव्यमान्यता',** मधुपर्क **वर्ष ६, अङ्क ११, चैत्र २०३०, पृ. २५-३९**

'कविशिरोमणिका काव्यमान्यता' शीर्षकमा लेख लेखक शिवप्रसाद सत्याल 'पीठ'ले लेखेका हुन् । यसमा अन्य साहित्यकारका दृष्टिमा लेखनाथ पौड्यालको स्थान र महत्त्वका बारेमा सत्यालले सामान्य टिप्पणी गरेका छन् । पौड्याल प्राचीनता प्रेमी अध्यात्मवादी, आधुनिक र उदार कवि भएका भन्दै पौड्यालको अवदान र ऋण नेपाली समाजले खाएको विचार सत्यालले व्यक्त गरेका छन् । यस्तै गरी समको दृष्टिमा लेखनाथको स्पर्शले नेपाली कवितामा युगपरिवर्तन भएको, त्यो अत्यन्त उच्च सुसंस्कृत भएको र त्यसमा मन्द मधुर सुगन्ध शीतल कस्तुरीको सुवास पाइने जसमा एक चरणले हृदयको द्वार घचघचाइरहने समको कुरालाई सत्यालले उल्लेख गरेका छन् । अनेकवाद र सङ्कुचित साम्प्रदायिकताभन्दा माथि केवल मानवता आधारित छ तथा ती सबै युगलाई एकातिर राखेर पनि कविता निरपेक्ष सुन्दर हुन सक्छ भन्ने उदाहरणको निमित्त केवल पौड्याल सर्वश्रेष्ठ भएको लेखक सत्यालले औँल्याएका छन् । कवि पौड्यालको काव्य प्रवृत्तिमा पाइने औपदेशिकता, दार्शनिकता, चरित्र शिक्षा र सांस्कृतिक प्रभाव जस्ता कुरा अरूको रचनामा पाउन नसकिने सत्यालको विचार छ ।

**ताराप्रसाद जोशी, 'कविशिरोमणि लेखनाथको कवि व्यक्तित्वको क्रमिक विकास',** दियालो **वर्ष १४, हाँगो ७५, २०३१**

'कविशिरोमणि लेखनाथको कवि व्यक्तित्वको क्रमिक विकास' शीर्षकको लेख ताराप्रसाद जोशीले लेखेका हुन् र यसमा जोशीले लेखनाथ पौड्यालका कृतिहरूमार्फत पौड्यालको कवि व्यक्तित्वमा आएको परिपक्वता र विकासका बारेमा टिप्पणी गरेका छन् । विक्रमको बीसौं शताब्दीको छैटौं दशकतिर नेपाली कविता साहित्यमा प्रवेश गरेका पौड्यालको कवि जीवनको अन्तिम यात्रामा भाव, भाषा र शिल्पीले पूर्ण परिमार्जन र परिष्कार पाइसकेको कुरा जोशीले उल्लेख गरेका छन् । काव्ययात्राको प्रथम प्रहरदेखि ऋतुविचार हुँदै बुद्धिविनोदसम्म आइपुग्दा लेखनाथमा केही पार्थक्यहरू देखापरेको भन्दै बुद्धिविनोददेखि पौड्याल सहज संवेदनाको क्षेत्रबाट मुक्त भएर बौद्धिक धरातलभित्र प्रवेश गरेको कुरा जोशीले बताएका छन् । भाव प्रवाहबाट यात्रा गर्दै तीव्र चिन्तनशील र बुद्धिवादी हुनु नै लेखनाथको कवि व्यक्तित्वको सुरुवात मान्ने जोशी पौड्यालको विचारधारा पाश्चात्य दर्शनसँग परिचित नभई पूर्वीय दर्शन र विचारधारासँग नजिक रहेको कुरा जोशीले व्यक्त गरेका छन् ।

**राजेन्द्रप्रसाद सुवेदी, 'लेखनाथको काव्ययात्राको चरम विन्दु : तरुण तपसी'**, नेपाली **पूर्णाङ्क ५९, २०३१, पृ. ३१**

राजेन्द्रप्रसाद सुवेदीले 'लेखनाथको काव्ययात्राको चरम विन्दु : तरुण तपसी' शीर्षकको लेख लेखेका छन् र यसमा लेखनाथ पौड्यालका काव्य यात्रामा देखापरेका सङ्केत, पहिचान र त्यसको तरुण तपसीमा परेको प्रभाव वा देनका बारेमा टिप्पणी गरेका छन् । पौड्यालको काव्य प्रतिभा प्रारम्भदेखि नै बाँचौ र बँचाऔँ भन्ने भावनामा ओतप्रोत भएको र पौड्यालका प्रत्येक पङ्क्तिमा मानवतावादी ओजस्वी स्वर गुञ्जिरहेको हुन्छ भन्दै कलात्मक रूपले लेखिएका पद्यहरूले कवि निम्न वर्गीय जनताको सेलाउन लागेको रगतलाई उमाल्ने प्रयास गर्छन् यी सम्पूर्ण विशेषताको चरमविन्दु तरुण तपसीमा देखापर्ने कुरा सुवेदीले औँल्याएका छन् । पौड्यालको तरुण तपसी काव्य साधनाको चरम बिन्दु हो, लेखनाथको आध्यात्मिक धरातलको उपज हो, पतोन्मुखी मानव समाजप्रतिको तीव्र व्यङ्ग्यको पनि प्रहार भएको विचार लेखक सुवेदीले व्यक्त गरेका छन् । नेपाली साहित्यको इतिहासमा पौड्यालले एउटा युग परिवर्तन गरे, पल्टाएका युगको निमित्त चरम रूपको काव्य तरुण तपसी पनि दिए भन्दै बौद्धिक सचेतता र बौद्धिक प्रतिभाको समन्वयले तरुण तपसी एकदमै खारिएको कुरा सुवेदीले प्रष्ट्याएका छन् ।

**सम्पादकीय, 'कवि शिरोमणिको सम्झना'**, गोर्खापत्र **वर्ष ७५, अङ्क २४७, पुस २९, २०३२**

'कवि शिरोमणिको सम्झना' शीर्षकको लेख गोर्खापत्रका सम्पादकले लेखेका हुन् र यसमा लेखनाथ पौड्यालको ९२ औँ जन्मजयन्ती मनाउन पाएकोमा खुशियाली प्राप्त भएको टिप्पणी गरेका छन् । नेपाली भाषा र साहित्यसित अलिकति मात्र परिचित हुने व्यक्ति पौड्याल मात्र भएको भन्दै नेपाली साहित्यका युग प्रवर्तक र जीवन जगत्का यथार्थ वक्ता पौड्याल एक मात्र भएको सम्पादकले यहाँ उल्लेख गरेका छन् । पौड्याललाई पाएर नेपाली भाषाले प्राप्त गरेको सुसंस्कार र परिष्कार अविष्मरणीय भएको सम्पादकीयमा बताइएको छ ।

**सृजन लम्साल, 'हाम्रा तपसी कवि'**, सिर्जना **वर्ष १, अङ्क ४, फागुन २०३२, पृ. ७-१४**

सृजन लम्सालद्वारा लेखिएको 'हाम्रा तपसी कवि' शीर्षकको लेख सिर्जना पत्रिकामा प्रकाशित छ । यसमा लेखक लम्सालले लेखनाथ पौड्यालको अध्यात्म पक्षका बारेमा सामान्य चर्चा गरेका छन् । मानसिक विकृति हटाउनका लागि साहित्यमा दर्शनलाई प्रधानता दिएका पौड्यालको दर्शन अध्यात्मवादी डोरीमा बाधिएको मानव

दर्शन हो भन्ने विचार लम्सालले व्यक्त गरेका छन् । भौतिकताले कहिल्यै अलिकति पनि छुन नसकेका पौड्याल एक महान तपसीले जस्तै अध्यात्मवादमा नै डुबी सूक्ष्मातिसूक्ष्म रहस्यको खोजी गरिराखेको कुराको उल्लेख लेखक लम्सालले गरेका छन् । अध्यात्मवादलाई शान्ति र परमानन्द सम्झने पौड्याल नेपाली साहित्यको दीर्घसेवा गरी पौड्याल शून्यमा विलाए पनि युगको गुञ्जनलाई र स्वरलाई पूर्वदेखि पश्चिमसम्म फैलाउन पनि सफल भएको कुरा लेखक लम्सालले औँल्याएका छन् ।

**राजेन्द्र सुवेदी, 'कविशिरोमणि लेखनाथ देखि म.वी.वि. शाहसम्म'**, रत्नश्री **वर्ष १४, अङ्क ४, २०३३, पृ. ३२**

'कविशिरोमणि लेखनाथदेखि म.वी.वि. शाहसम्म' शीर्षकको लेख लेखक राजेन्द्र सुवेदीद्वारा लेखिएको हो र यसमा लेखनाथ पौड्याललाई आधुनिकताको प्रादूर्भावमा उभ्याउन सकिने विचार व्यक्त गरिएको छ । लेखनाथलाई वर्तमान शताब्दीसँग परिचित मान्न सकिने भन्दै लेखनाथमा कवि भावनाको प्रकाशिलो बिम्ब र युगबोध अभिव्यक्तिको सशक्त पुञ्ज पाउन सकिने सुवेदीले औँल्याएका छन् । पूर्वीय अध्यात्मदर्शन र विश्वजनीन आदर्शलाई आफ्नै तरिकाबाट आत्मसात गर्ने कवि पौड्याललाई हेर्न व्यापक मानवीय जीवनको दायित्व बोध हुनु पर्ने कुराको उल्लेख सुवेदीद्वारा गरिएको छ । स्वच्छन्द र शास्त्रीय परम्पराको बीचमा तटस्थ रही उभय मान्यताको समन्वयकर्ता पौड्याल पूर्वीय आध्यात्मिक कवि व्यक्तित्व, स्वच्छन्दतावादी धारा र शास्त्रीयताको दोभानका आध्यात्मिक प्रयोगकर्ता भएको टिप्पणी सुवेदीले गरेका छन् ।

**कार्यालय प्रतिनिधि, 'साहित्यकारहरूद्वारा कविशिरोमणिमा श्रद्धाञ्जली'**, गोर्खापत्र **वर्ष ७८, अङ्क २४५, पुस २६, २०३५**

कार्यालय प्रतिनिधिद्वारा लेखिएको 'साहित्यकारहरूद्वारा कविशिरोमणिमा श्रद्धाञ्जली' शीर्षकको लेख गोर्खापत्रमा प्रकाशित छ । यसमा प्रतिनिधिले लेखनाथ पौड्यालको जयन्तीको अवसर पारी नेपाली शिक्षा परिषद्को आयोजनामा शिरोमणिको ९५ औं जन्मजयन्तीको प्रवचन कार्यक्रम गरेको र उक्त कार्यक्रममा विभिन्न विद्वान्हरूले गरेका टिका-टिप्पणीका सार संक्षेपलाई चर्चा गरेका छन् । यसमा प्रतिनिधिले पौड्याल आधुनिक नेपाली कविताका परिपक्व प्रतिभाका साथै नेपाली कविताका क्षेत्रमा ठोस प्रगति ल्याउने कवि व्यक्तित्व भएको उल्लेख गरेका छन् । यस कार्यक्रममा सम, घिमिरे, शिवगोपाल रिसाल, भरतराज पन्त लगायत अन्यले पौड्यालका बारेमा विविध टिका टिप्पणी गरेको भनी कार्यालय प्रतिनिधिद्वारा उल्लेख गरिएको छ ।

**रा.स.स., 'अर्धौ अर्चलेमा लेखनाथ जयन्ती'**, गोर्खापत्र **वर्ष ७८, अङ्क २४८, पुस २९, २०३५, पृ. मुख**

'अर्धौ अर्चलेमा लेखनाथ जयन्ती' शीर्षकमा रा.स.स.ले एउटा लेख लेखेको छ जुन गोर्खापत्रमा प्रकाशित छ । यसमा लेखनाथ पौड्यालको ९५ औँ जन्म जयन्तीका बारेमा रा.स.स.ले उल्लेख गरेको छ । नेपाली साहित्यको जगत्मा पौड्यालले दिएको योगदानका बारेमा त्यस कार्यक्रम विभिन्न वक्ताहरूले गरेको टिप्पणीमाथि रा.स.स.ले यहाँ प्रकाश पारेको छ ।

**के आचार्य, 'तरुण तपसीमा शैली र भावको सम्बन्ध'**, सिसार **वर्ष ३, अङ्क ३, २०३७, पृ. २६-२८**

'तरुण तपसीमा शैली र भावको सम्बन्ध' शीर्षकको लेख के आचार्यले लेखेका हुन् जुन सिसार पत्रिकामा प्रकाशित छ । यसमा लेखक आचार्यले लेखनाथ पौड्यालको रचना तरुण तपसी कृतिमा पाइने भाव र शैली पक्षमाथि विशेष चर्चा गरेका छन् । नेपाली कविताको इतिहासमा महत्त्वपूर्ण स्थान ओगट्न सफल पौड्यालको तरुण तपसी पनि त्यतैतर्फको यात्राभन्दा अत्युक्ति नहुने भन्दै शैशवकालीन रचना ऋतुविचारमार्फत परिपक्व र प्रौढकालीन रचना तरुण तपसीमा हाम फाल्दै सम्पूर्ण साहित्यलाई हाम फलाउन सफल भएको कुरा आचार्यले बताएका छन् । सौन्दर्यचेतनाको चरम विकास ऋतुविचारमार्फत सौन्दर्यमय मानवता र युगबोधका अग्रणी बन्न सफल पौड्याल यही तपसीबाट परिष्कारजन्य आध्यात्मिक दार्शनिक र सामाजिक कलात्मक चेतना भर्न सक्षम भएको विचार आचार्यद्वारा व्यक्त भएको छ । पौड्यालको मूलभूत काव्य विशेषता भाव शैलीको सन्तुलन हो जुन तरुण तपसीमा पाइन्छ भन्ने ठहर लेखक आचार्यको छ ।

**गोमा, 'लेखनाथको काव्यसाधनामा चरा'**, रत्नश्री **वर्ष १८, अङ्क २, २०३७, पृ. ४१-**

'लेखनाथको काव्यसाधनामा चरा' शीर्षकको लेख लेखिका गोमाद्वारा लेखिएको हो र यो लेख रत्नश्री पत्रिकामा प्रकाशित छ । यसमा लेखनाथ पौड्यालले लेखेको र नेपाली साहित्यकै उच्च रचनाहरू चरासँग सम्बन्धित विषयवस्तु भएका कविताका विविध पक्षमाथि केन्द्रित रही लेखक गोमाले चर्चा गरेकी छन् । यसमा पौड्याललाई नेपाली साहित्य संसारका उज्याला दीप मन्दै कृतिमा चराकै माध्यमबाट नेपाली पाठकजगत्लाई नयाँ बिहानी प्रदान गर्न सफल भएको विचार गोमाले व्यक्त गरेकी छन् । पौड्यालले चराकै विषयवस्तुलाई मानवीय संवेदनासँग तादात्मयता गराई समग्र मानव जीवनका सच्चा र वास्तविक परिघटनालाई आफ्ना काव्यमार्फत प्रष्ट्याउन

सफल भएको लेखक गोमाले औँल्याएकी छन् । पौड्यालको पिँजडाको सुगा, गौंथलीको चिरिबिरी, वयोवृद्ध कोइलीको बिलौना लगायत अन्य रचना यस देशका अविष्मरणीय उपलब्धि भएको उल्लेख गोमाले गरेकी छन् । मानवका समग्र सुख दु:ख विकास विनास र जवानी बूढ्यौली आदि सम्पूर्ण भाव कविले पंक्षीसँगै एकाकार गरी सत्य तथ्यमूलक विषय बनाई विभिन्न रूप र भावमार्फत छर्लङ्ग्याउँछन् भन्ने दृष्टिकोण गोमाले राखेकी छन् ।

**विजय चालिसे, 'कविशिरोमणि लेखनाथ र उनका केही कविता'**, मधुपर्क **वर्ष १३, अङ्क ८-९, २०३७**

'कविशिरोमणि लेखनाथ र उनका केही कविता' शीर्षकको लेख लेखक विजय चालिसेले लेखेका हुन् । यस लेखमा चालिसेले लेखनाथ पौड्याललाई नेपाली साहित्यका त्रिमूर्तिमध्ये एक मूर्ति मान्दै संस्कृत साहित्यको भावभूमि र हिन्दूधर्मले अँगालेको नीति तथा दर्शनको धरातलमा नेपाली साहित्यको जग बसाल्ने माध्यमिक र आधुनिक कालका सूत्रको सम्पर्कता भनी उल्लेख गरेका छन् । पौड्याल मूलत: उपदेशात्मक नैतिकवान कवि भएको र समाज सुधारक व्यक्तित्व भएको विचार चालिसेले व्यक्त गरेका छन् । विभिन्न कृतिहरू रचेका पौड्याल नेपाली साहित्यकै शिरोमणि भएर जीवित छन् र नेपाल, नेपाली र नेपाली भाषा रहेसम्म पौड्याल अमर रहने कुरा चालिसेले औँल्याएका छन् ।

**का.प्र., 'लेखनाथ जन्मजयन्ती सम्पन्न'**, गोर्खापत्र **वर्ष ८१, अङ्क २४३, पुस २५, २०३८**

कार्यालय प्रकाशनले 'लेखनाथ जन्मजयन्ती सम्पन्न' शीर्षकमा गोर्खापत्रको शनिवासरीय परिशिष्टाङ्कमा एउटा सानो सूचनात्मक लेख लेखेको छ । यसमा लेखनाथ पौड्यालको ९८ औं जन्मजयन्तीको उपलक्ष्यमा आयोजित समारोहमा विभिन्न वक्ताहरूले पौड्यालको देनमाथि प्रकाश पारेका विषयलाई संक्षिप्त रूपमा का.प्र.ले टिप्पणी गरेको छन् ।

**ठाकुरनाथ वशिष्ठ, 'केही फुटकर कविताभित्रका कविशिरोमणि'**, गोर्खापत्र **वर्ष ८१, अङ्क २४३, पुस १५, २०३८**

'केही फुटकर कविताभित्रका कविशिरोमणि' शीर्षकको लेख लेखक ठाकुरनाथ वशिष्ठद्वारा लेखिएको हो जुन गोर्खापत्रको शनिवासरीय परिशिष्टाङ्कमा प्रकाशित छ । यसमा पौड्यालको मानव जीवनप्रतिको दृष्टिकोणका बारेमा वशिष्ठले सामान्य टिप्पणी गरेका छन् । जीवनको नरश्वरता र क्षणभङ्गुरता अनिश्चिततताप्रति कवि पौड्याल पूर्ण रूपमा सचेत देखिन्छन् त्यसैले पौड्याल पूर्वीय दर्शन र धर्मशास्त्रले इङ्गित गरेका

कुराप्रति सतर्क देखिन्छन् भन्ने विचार वशिष्ठद्वारा व्यक्त भएको छ । पौड्यालले मानव जीवनलाई उडिरहेको चङ्गासँग तुलना गर्दै यस्तो क्षणभङ्गुर जीवनमा मानव अनित्य र क्षणिक भौतिक वस्तुमा लोभिएर अशान्ति र झैझगडाका सूत्रपात गर्न पुग्छ यस साँघुरो घेराबाट उम्किएर मानव विशाल मनसम्म पुग्नुपर्ने कुरामा पौड्यालले आफ्नो कृतिमार्फत जोड दिएको लेखक वशिष्ठले उल्लेख गरेका छन् ।

**ठाकुरनाथ वशिष्ठ, 'कविशिरोमणि लेखनाथ पौड्याल'**, गोर्खापत्र **वर्ष ८२, अङ्क २६२, माघ १५, २०३९**

ठाकुरनाथ वशिष्ठद्वारा लेखिएको 'कविशिरोमणि लेखनाथ पौड्याल' शीर्षकको लेख गोर्खापत्रको शनिवासरीय परशिष्टाङ्कमा प्रकाशित छ र यसमा लेखनाथ पौड्यालको अध्यात्म, नैतिक, प्राकृतिक आदि विविध पक्षमाथि टिप्पणी गरिएको छ । पूर्वीय अध्यात्मवादी दर्शनबाट प्रभावित पौड्याल विज्ञानले ल्याएको ध्वंश, लीला र भौतिकताको विरोध गरी अध्यात्मप्रेरित मनुष्य जगत्को हित, समाज सुधार र समाजका कुसंस्कार, अन्धविश्वासी प्रथाको विरोध गर्ने कार्य आफ्ना रचनामार्फत गरेको जानकारी वशिष्ठले दिएका छन् । नेपाली साहित्यमा चलेको धार्मिकता वा भक्तिप्रधान शृङ्गारिक परम्पराबाट केही अलगिएर नेपाली साहित्यमा नीति तथा दर्शनलाई प्रवेश गराएका पौड्याल मूलतः उपदेशात्मक, नैतिकताका प्रयोक्ता भएको वशिष्ठले औंल्याएका छन् । सामाजिक असमानता अनैतिकता, धर्म र ईश्वरको नाउँमा हुने शोषणहरूलाई विरोध गर्दै त्यसको विरुद्धमा नयाँ विचार, सन्देश प्रवाह गर्ने काम पौड्यालले गरेको लेखक वशिष्ठले प्रष्ट्याएका छन् ।

**राजेन्द्र सुवेदी, 'लेखनाथज्यूको भोजनभट्ट'**, सांग्रिला **वर्ष १, अङ्क २, २०३९, पृ. ५-६**

राजेन्द्र सुवेदीले 'लेखनाथज्यूको भोजनभट्ट' शीर्षकको लेख लेखेका छन् जुन सांग्रिला पत्रिकामा प्रकाशित छ र यसमा सुवेदीले भैरव अर्यालका दृष्टिमा लेखनाथको भोजनभट्टलाई चिनाइदिने काम गरेका छन् । यहाँ लेखनाथकै नाटक लक्ष्मीपूजा भित्रको पात्र भोजनभट्टलाई लेखनाथको आध्यात्मिक स्वरूपको शब्दलाई चित्र बनाई प्रस्तुत गरी भोजनभट्टको अद्भुत चरित्रमा लेखनाथको आध्यात्मिक बिम्ब उभ्याउनु अर्यालको व्यङ्ग्यकार द्रष्टाको कला देखिने कुरा सुवेदीले उल्लेख गरेका छन् । लेखनाथको आनीबानीसँग भोजनभट्टको आनीबानी ठ्याक्कै मिलेको देखाइदिनु स्मित हास्यका अर्यालको कला हो भन्दै अर्यालको द्रष्टाले लेखनाथको व्यक्तित्वमाथि भोजन भट्टका माध्यमबाट हाँसो उडाएको छ र व्यङ्ग्य खनाएको द्रष्टाको धर्म यही आएर सार्थक भएको विचार लेखक सुवेदीले व्यक्त गरेका छन् । जीवनका विविध फाँटमा शान्ति,उन्नति र चेतनाको लहर फैलाउन चाहने बुद्ध, इशाई, गान्धि आदिको

चाहनाभन्दा नयाँ तर समाज कल्याणकारी चाहना छ भन्ने अर्यालको यहाँ भोजनभट्टमा आरोपित लेखनाथप्रति अदोष व्यङ्ग्य हो भन्ने दृष्टिकोण सुवेदीले व्यक्त गरेका छन् ।

**ठाकुरनाथ वशिष्ठ, 'लेखनाथ शतवार्षिकी'**, गोर्खापत्र **वर्ष ८३, अङ्क २५९, माघ १४, २०४०**

ठाकुरनाथ वशिष्ठद्वारा लेखिएको 'लेखनाथ शतावार्षिकी' शीर्षकको लेख गोर्खापत्रको शनिवासरीय परिशिष्टाङ्कमा प्रकाशित छ । यसमा लेखक वशिष्ठले लेखनाथ पौड्याललाई स्मरण गर्दै शिरोमणिको शतवार्षिकी समारोह मनाउँदा गरिएको विभिन्न कार्यक्रम र अन्य पक्षमाथि टिप्पणी गरेका छन् । लेखनाथप्रति श्रद्धाञ्जली अर्पण गर्न र पौड्यालले लगाएका गुन र योगदानप्रति कृतज्ञता प्रकट गर्न प्रत्येक वर्ष लेखनाथ जयन्ती मनाइँदै आइएको र यस वर्ष पनि शिक्षा परिषद् समीतिबाट जयन्ती आयोजना गरिएको वशिष्ठले उल्लेख गरेका छन् । कतिपयले पौड्याललाई भाषाको सरल र स्वाभाविक रूपलाई विगार्ने अतिवादी कवि भएको पूर्वाग्रह राखेको भनी आलोचना गरे पनि पौड्याल सच्चा आधुनिक कालमा कवितालाई प्रवेश गराउने कविभएको वशिष्ठले औँल्याएका छन् । मनोरम र दार्शनिक कल्पनाले बेरिएको सरल, सुबोध, सुललीत चमत्कारपूर्ण काव्यहरूले गर्दा नै पौड्यालको व्यक्तित्व सुरक्षित रहेको जानकारी वशिष्ठले दिएका छन् ।

**तारानाथ शर्मा, 'कविशिरोमणि लेखनाथ पौड्याल'**, गरिमा **वर्ष २, अङ्क १, २०४०, पृ. ११५**

'कवि शिरोमणि लेखनाथ पौड्याल' शीर्षकमा तारानाथ शर्माले लेख लेखेका छन् । यस लेखमा लेखक शर्माले लेखनाथ पौड्याललाई गरेको २०११ सालको सम्मानित कार्यक्रम र पौड्यालले नेपाली भाषा र साहित्यका क्षेत्रमा पुऱ्याएका योगदान, उच्च मूल्याङ्कनको बारेमा सामान्य टिप्पणी गरेका छन् । राष्ट्रभाषा र राष्ट्रिय साहित्यका महारथी लेखनाथ हाम्रो समक्ष जीवित नभए पनि पौड्यालको कवितात्मक योगदानका लागि श्रद्धा गर्ने जमात भने धेरै भएको उल्लेख शर्माले गरेका छन् । नेपाली भाषालाई संस्कृत छन्दहरूको माध्यमद्वारा पौड्यालले जुन उच्चता प्रदान गरे त्यो अन्यत्र दुर्लभ छ भन्दै कसै-कसैले पौड्याललाई नेपाली साहित्यको आधुनिक प्रेरणता माने तापनि विषयगत र शिल्पगत दुवै हेराइले पुराना ठहरिने आफ्नो मत शर्माले जाहेर गरेका छन् । नेपाली साहित्यका फाँटमा भरपुर योगदान गरेका पौड्याल नेपाली भाषाका आदरणीय कवि गुरु युग-युगसम्म चम्किला नक्षत्रका रूपमा चम्किनै रहन्छन् र हामीलाई अन्तसम्म प्रेरणा दिईनै राख्छन् भन्ने कुरा शर्माले उल्लेख गरेका छन् ।

**ध्रुवचन्द्र गौतम, 'शताब्दीपछिको यात्रा : फेवाताल माछापुच्छ्रे र कविशिरोमणिको सम्झना'**, साप्ताहिक मञ्च **५-१२, फागुन २०४०**

ध्रुवचन्द्र गौतमद्वारा लेखिएको 'शताब्दीपछिको यात्रा : फेवाताल, माछापुच्छ्रे र कविशिरोमणिको सम्झना' शीर्षकको फुटकर लेख साप्ताहिक मञ्च पत्रिकामा प्रकाशित छ । यसमा लेखक गौतमले सहपाठी तथा अग्रज व्यक्तिहरूसँग यात्राका क्रममा गरिएका कार्यकलापको विभिन्न घटना, अनुभव र रमाइला दृश्यहरूलाई यस लेखमा चर्चा गरेका छन् । बाटा घाटाका प्राकृतिक दृश्य, भाषा, कला संस्कृति साहित्यका क्षेत्रमा लेखनाथ पौड्याल चर्चा परिचर्चा, पौड्यालका कवितामा धुन हालेर गाइदै गरेको आवाज आदि विषयवस्तु र स्मृतिको पटमा सङ्गालिएका कुराकानीलाई यस लेखमा लेखक गौतमले उल्लेख गरेका छन् । त्यो यात्राका क्रममा विभिन्न प्राकृतिक दृश्यहरूले आफ्नो यात्रालाई सुगम र रमाइलो बनाएको र फेवाताल, माछापुच्छ्रेका दृश्यहरूले आफूलाई छोएको त्यसमाथि पौड्यालको परिचर्चाले त्यस यात्रालाई सुनमा सुगन्ध थपेको टिप्पणी लेखक गौतमले गरेका छन् ।

**माधव भण्डारी, 'लेखनाथको उपमा विधान'**, गोर्खापत्र **वर्ष ८३, अङ्क २८७, फागुन १३, २०४०**

'लेखनाथको उपमा विधान' शीर्षकमा लेख लेखी माधव भण्डारीले गोर्खापत्रको शनिवासरीय परिशिष्टाङ्कमा प्रकाशित गरेका छन् र यसमा भण्डारीले लेखनाथ पौड्यालको उपमा, पक्षमा पाइने नवीनताको बारेमा टिप्पणी गरेका छन् । पौड्यालका उपमा संस्कृत साहित्यबाट प्रभावित भएकोले पौड्यालका प्रारम्भकालीन उपमाहरू पुराना भए पनि तिनको प्रयोगमा नवीनताको सिर्जना छ साथै पूर्णतःनयाँ उपमाहरूको कल्पनामा पनि पौड्याल आफ्नो प्रतिभाको उत्तिकै प्रयोग गरेको कुरा भण्डारीले उल्लेख गरेका छन् । ऋतुविचारको विभिन्न ऋतुहरूको वर्णनमा विभिन्न उपमा प्रयोग गरेका कवि पौड्यालले आफ्ना रचनामा परम्परित अथवा कल्पनासिर्जित उपमाहरूको मात्र प्रयोग नगरेर आधुनिक जीवनबाट समेत उपमाहरू टिपेका छन् भन्ने भण्डारीको दृष्टिकोण छ । त्यस्तै गरी तरुण तपसीमा पनि विभिन्न उपमा पाइने भन्दै उपमान र उपमेय जसरी हाम्रो जनजीवनबाट लिएका छन् तिनले कविको कथ्यलाई अति प्रभावशाली बनाएको लेखक भण्डारीले जनाएका छन् ।

**बद्रीविशाल भट्टराई, 'सत्य सन्देश भित्रका लेखनाथको सन्देश'**, मधुपर्क **वर्ष १६, अङ्क ८, २०४०, पृ. २२**

बद्रीविशाल भट्टराईले 'सत्य सन्देश भित्रका लेखनाथको सन्देश' शीर्षकको लेख लेखेका छन् जुन मधुपर्कमा प्रकाशित छ । यसमा लेखनाथ पौड्यालको विविध रचनाको बारेमा सामान्य चर्चा गर्दै सत्य सन्देश भित्रका दार्शनिक पक्षलाई केलाउने काम लेखक भट्टराईले गरेका छन् । दार्शनिकताका दृष्टिले तथा काव्यचमत्कृति र शिल्प विधानका दृष्टिले पौड्यालको सत्य सन्देश अनुपम रहेको भन्दै भट्टराईले पौड्यालका सत्य सन्देशले सामाजिक जीवनमा दम्भी चरित्रका विकृतिलाई औँल्याउँदै कविले सामाजिक रोगको उन्मुलन गर्ने चेष्टा गरेको भट्टराईले टिप्पणी गरेका छन् । परम्परागत धारणामा विकसित समाजका विकृतिलाई औँल्याउने पक्षमा स्वार्थी चरित्रको दबाबमा परी अनेक कुकृत्यमा भाग लिने समाजलाई सही बाटो देखाउने सन्दर्भमा पौड्यालको सत्य सन्देश वास्तविक सत्य भएको विचार भट्टराईद्वारा व्यक्त भएको छ । सत्य सन्देश भित्रका पौड्याल दार्शनिक प्रसङ्गलाई, अनुभूत जीवनका सत्यतालाई, सामाजिक विकृतिलाई र आध्यात्मिक शाश्वत् चिन्तनलाई प्रस्तुत गर्ने सन्दर्भमा बढी केन्द्रित रहेको भट्टराईले बताएका छन् ।

**अनन्त पौड्याल, 'कविशिरोमणि लेखनाथ र कविता'**, मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. ३१-३५**

अनन्त पौड्यालद्वारा लेखिएको 'कविशिरोमणि लेखनाथ र कविता' शीर्षकको लेख मधुपर्कमा प्रकाशित छ र यसमा लेखक अनन्तले लेखनाथ पौड्यालको कविताकाव्यका प्राकृतिक पक्षको चर्चात्मक टिप्पणी गरेका छन् । कवि र कविताले प्रकृति र मानिसको हृदयलाई कणकणमा छामेको हुन्छ भन्दै प्रकृतिमा मुग्धभै भावविभोर हुँदा लेखनाथले ऋतुविचार खण्डकाव्यको सृजना गर्न पुगे र साथै लेखनाथले प्राकृतिक विविध अंशलाई सौन्दर्यमयी ढङ्गबाट राख्न पनि सफल भए भन्ने दृष्टिकोण लेखक अनन्तले प्रस्तुत गरेका छन् । वर्षभरिका ६ वटा ऋतुहरूको स्वभावजन्य प्राकृतिक जीवन र सौन्दर्यको भिल्का चरम सीमामा ऋतुविचारमार्फत पुऱ्याएका पौड्यालले ऋतुहरूको सौन्दर्य चित्रणमा सफलतम रूपबाट अत्यन्त धनी र उच्चतम पुस्तक हाम्रा माभ दिन सक्षम भएको कुरा अनन्तले उल्लेख गरेका छन् । मस्तिष्कको मन्थनका लागि जीवनको रसास्वादन गर्न सक्ने सौन्दर्य चेतनामा डुबेका र ईश्वरीय सत्तालाई एक मात्र साध्य वस्तुका रूपमा मान्नेका लागि बुद्धिविनोद रचना दिएका र जीवनको उचाइसँगै कवि जीवन सापेक्ष बन्दै गएको, खारिँदै गएको, संस्कार

परिमार्जन हुँदै गएको अवस्थामा लेखनाथको जीवन पनि सोही अनुसारको स्वभावमा परिणत भएको अनन्तले बताएका छन् ।

**अभि सुवेदी, 'लेखनाथ : सार्त्र र रोगी भाषा'**, मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. ४३-४७**

'लेखनाथ : सार्त्र र रोगी भाषा' शीर्षकको लेख लेखक अभि सुवेदीले लेखेका हुन र यो मधुपर्कमा प्रकाशित छ । यसमा लेखक सुवेदीले लेखनाथ पौड्यालका कविता छन्दबद्ध हुँदा-हुँदै पनि वचन स्वाभाविक भाषाको प्रयोगले गर्दा नेपाली भाषाको स्वाभाविक ताल र ध्वनिलाई सफलतापूर्वक आफूमा आबद्ध गर्न सफल भएको टिप्पणी गरेका छन् । पौड्याल र सार्त्रको दर्शन एउटै छैन तर जीवनजगत्को सापेक्षित सम्बन्ध देखाउने पौड्यालको कविताको पात्र तरुण तपसी जीवनजगत्को सापेक्षतामा सार्त्र पात्रको अस्तित्त्वमा विशेष सम्बन्ध नभए तापनि साधारण सम्बन्ध भएको लेखक सुवेदीले उल्लेख गरेका छन् । पौड्यालको काव्यभाषा स्वस्थ थियो, सम्प्रेषणीय थियो भन्दै पौड्यालको कविताको भाषा रोगी नभएको बरु सिर्जनात्मक भएका पौड्यालको कविताका भाषामा आत्मविश्वास, वचन स्वाभाविक र ताल सम्प्रेषणीय गुण भएकाले नै पौड्यालका उत्तरवर्ती कविहरूले पौड्यालको भाषालाई अनुकरण गरेको देखिने कुरा सुवेदीले बताएका छन् । पौड्यालमा संस्कृत वाङ्मयको ठूलो प्रभाव अवश्य रहेको तर संस्कृत काव्यका भाषालाई आफ्ना कवितामार्फत सरल, स्वाभाविक र वचनसन्निध्य बनाउन सफल भएको भन्दै अन्य कविहरूलेझैँ सिर्जनात्मक प्रयोगमा ल्याउन पौड्याललाई श्रम र साधना त्यतिसारो गर्न नपरेको सुवेदीले यहाँ औँल्याएका छन् ।

**कमल दीक्षित, 'श्रद्धा गर्छ'**, मधुपर्क **वर्ष १७, अङ्क ४, भाद्र, २०४१**

'श्रद्धा गर्छ' शीर्षकको लेख कमल दीक्षितले लेखेका हुन् र यो मधुपर्क पत्रिकामा प्रकाशित छ । यसमा लेखनाथ पौड्यालको विविध कृतिका संशोधन पक्षको चर्चा गर्दै अरू कविहरूसँग तुलना गर्ने काम दीक्षितले गरेका छन् । पौड्यालका पहिला र पछिल्ला चरणका रचनाहरूको तुलना गर्नु बडो, चाख लागेको र असंशोधनवादी कवि देवकोटा पनि पछि गएर संशोधन गर्न उत्प्रेरित भएको टिप्पणी दीक्षितले गरेका छन् । समयको परिवर्तनसँगै प्रत्येक कविलाई नयाँ बन्ने जागर र जोश पलाएझैँ पौड्याललाई पनि नयाँ बन्ने चाहना हुनु अचम्म होइन यसै सन्दर्भलाई पौड्यालले अङ्गिकार गरेर ऋतुविचार र सानातिना कवितामा परिष्कृतमय हुने रहर लागेको दीक्षितले औँल्याएका छन् । वि.सं. १९७३ को ऋतुविचार १९९१ मा आइपुग्दा प्रौढ व्यक्तित्वको प्रतीक बनेको भन्दै संशोधन गर्दा केही रचनाले मौखिक सौन्दर्य गुमाएको दोष देखाउँदै १९७३ सालको ऋतुविचारमा तन्मयता प्रबल रहेको र मन्मयता प्रबल नभएको भए तापनि

१९९१ को ऋतुविचारमा तन्मयता र मन्मयताको सहकारिता प्रशस्त प्राप्त भएको दीक्षितले बताएका छन् ।

**कृष्णचन्द्रसिंह प्रधान, 'कवि शिरोमणिका आखिरी दिन'**, मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. ३७, ३९**

कृष्णचन्द्रसिंह प्रधानद्वारा लेखिएको 'कविशिरोमणिका आखिरी दिन' शीर्षकको लेख मधुपर्कमा प्रकाशित छ र यस लेखमा लेखनाथ पौड्यालको जीवनका अन्तिम दुःखत र मर्माहित क्षणका बारेमा टिप्पणी गरिएको छ । उपचारका लागि काशी जाने कुरा चल्दा-चल्दै स्वदेशमै प्राण विसर्जन गर्न चाहने इच्छा भएका पौड्यालको भरतपुर उपचारको क्रममा मृत्युवरण गरेको वीरहपूर्ण अवस्थाको चित्रण लेखक प्रधानले यहाँ गरेका छन् । रात-रातको समयमा आफू केदारमान व्यथितका साथ पौड्याललाई भेट्न गएको र त्यहाँ अस्पतालमा पौड्यालको जीण शरीर देखेर लेखनाथलाई अत्यन्त साह्रो परेको अनुभूति आफूले गरेको भन्दै लेखक प्रधानले तत्कालीन त्यति बेलाका सरकारले दसहजार रुपिया सहयोग प्रदान गर्ने निर्णय गरेको खबर पौड्याललाई सुनाउँदा अनुहारमा खुशी र शान्ति झल्किएको चर्चा प्रधानले गरेका छन् । केही घण्टाको बसाइ पश्चात् आफूहरू काठमाडौं फिर्ता भएको र त्यसै पर्सिका दिन रेडियो नेपालबाट कविशिरोमणि पौड्याल परलोक भएको खबर सुन्दा अत्यन्त दुःख लागेको लेखक प्रधानले बताएका छन् ।

**किशोर संसार, 'कविशिरोमणि लेखनाथ पौड्याल'**, गोर्खापत्र **वर्ष ८४, अङ्क २५३, माघ ६, २०४१ ।**

गोर्खापत्रको शनिवासरीय परिशिष्टाङ्कमा प्रकाशित 'कविशिरोमणि लेखनाथ पौड्याल' शीर्षकको लेख लेखक किशोर संसारद्वारा लेखिएको हो र यस लेखमा संसारले लेखनाथ पौड्यालका कविताकाव्यमा पाइने विविध विषयको सामान्य चर्चा गरेका छन् । प्रकृतिको सुन्दर छटाले रङ्गिएको गाउँको एक झुपडीमा जन्मिएका पौड्यालका धेरै जसो कवितामा नदी, पहाड, ताल, झरना, जङ्गल आदि जस्ता टल्कने गगनचुम्बी हिमशृङ्खलाको वर्णन पाइने कुराको उल्लेख लेखक संसारले गरेका छन् । संस्कृतमा कविता लेख्ने पौड्यालका कविता छन्दोबद्ध छन् भन्दै पौड्यालले वर्तमान साहित्यलाई बडो मिठासपूर्ण शैलीद्वारा सिंगारिदिँदै आफ्ना कवितामार्फत दार्शनिक विचारलाई अभिव्यक्त गर्न सफल भए भन्ने लेखक किशोर संसारले यहाँ बताएका छन् । वर्तमान सामाजिक सन्दर्भ र मानवतावादको त्रिवेणीलाई काव्यसाधना बनाएका पौड्यालका कविता शुद्धता, सरलता, मार्मिकता तथा मिठासले भरिएका छन् भन्ने विचार किशोरद्वारा व्यक्त भएको छ ।

**दयाराम श्रेष्ठ, 'पिँजडाको सुगा',** मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. ४९-५५**

दयाराम श्रेष्ठद्वारा लेखिएको 'पिँजडाको सुगा' शीर्षकको लेख मधुपर्क पत्रिकामा प्रकाशित छ र यसमा पिँजडाको सुगाको स्वरूप, सङ्गठन, र रचनाविधानको सफलताले लेखनाथ पौड्याललाई अमर तुल्याएको चर्चा गरिएको छ । स्वरूपका दृष्टिले योजनाबद्ध रहेको पिँजडाको सुगामा पौड्यालले क्रमिक विस्तार र विकासका लागि सङ्गठनात्मक ढाँचालाई पूर्ण निर्वाह गरेको कुरा श्रेष्ठले उल्लेख गरेका छन् । यस कवितामा पाइने व्यङ्ग्य कवितात्मक वस्तुशिल्पका सज्जा भएको तर व्यङ्ग्य मात्र यस कविताको मूल अभिप्राय नभएको विचार व्यक्त गर्दै यसको वैचारिक धरातल मानवीय स्तरको छ भन्ने विचार श्रेष्ठले व्यक्त गरेका छन् । लगभग वर्णनात्मक देखिने यो रचनाले छरिएका भावको घनतालाई सरलीकरण गरेको हुँदा माध्यमिककालीन कोरा वर्णनात्मक कवितालाई निकै पछि पार्न सफल भएको पौड्यालको एक सर्वोत्कृष्ट अर्थ गहिराई भएको रचना मान्न सकिने कुरा श्रेष्ठले यहाँ बताएका छन् ।

**नन्दनहरि उपाध्याय, 'कविशिरोमणिलाई सम्झदा',** गोर्खापत्र **वर्ष ८४, अङ्क १५८, असोज २७, २०४१**

गोर्खापत्रको शनिवासरीय परिशिष्टाङ्कमा नन्दनहरि उपाध्यायले 'कविशिरोमणिलाई सम्झदा' शीर्षकमा संस्मरणात्मक लेख लेखेका छन् । यसमा लखनाथ पौड्यालको गौंथलीको चिरिबिरी शीर्षकलाई सम्झेर एक साझ विभिन्न व्यक्तिहरू बसेर गरिएको चर्चालाई संस्मरणात्मक ढङ्गबाट लेखक उपाध्यायले टिप्पणी गरेका छन् ।

**पुञ्यप्रभा देवी ढुङ्गाना, 'मेरा पिताजी मेरा गुरु',** मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. ९०-९५**

'मेरा पिताजी मेरा गुरु' शीर्षकको लेख पुञ्यप्रभा देवी ढुङ्गानाद्वारा लेखिएको हो र यो मधुपर्क पत्रिकामा प्रकाशित छ । यसमा लेखनाथ पौड्यालको जीवन वृतान्तमाथि अडिएर लेखिकाद्वारा सामान्य टिप्पणी गरिएको छ । पौड्यालले आफ्नो जीवनमा दिएको उपदेशात्मक सन्देश, पौड्यालकै जीवन स्वभाव, आनीबानी, इष्टमित्र,पौड्यालले केटाकेटीप्रति गर्ने व्यवहार आदि विविध पक्षका बारेमा ढुङ्गानाले यहाँ उल्लेख गरेकी छन् ।

**बालचन्द्र शर्मा, 'अरूणोदय कवि',** मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. ३९**

'अरूणोदय कवि' शीर्षकमा बालचन्द्र शर्माले सानो लेख लेखेका छन् र यसमा लेखक शर्माले लेखनाथ पौड्याल नेपाली साहित्यको आधुनिक युगलाई अरूणोदय गर्ने

नेतृत्वकर्ता भएको र नेपाली भाषा र साहित्यमा पौड्यालको ठूलो योगदान रहेको टिप्पणी यहाँ गरेका छन् । भाषाको पाण्डित्यपूर्ण, प्राञ्जलता, सरलता र मनोहारिता पौड्यालका सर्वाधिक महत्त्वपूर्ण विशेषता हुन् र नेपाली जनजीवनमा भिजेका विषयवस्तुहरूलाई उस्तै आत्मीय किसिमले व्यक्त गर्ने पौड्याललाई कसैले भेटाउन नसक्ने विचार लेखक शर्माले व्यक्त गरेका छन् ।

**भरतराज पन्त, 'कविशिरोमणि लेखनाथको गौंथली'**, गोर्खापत्र **वर्ष ८४, अङ्क २१८, पुस १, २०४१**

'कविशिरोमणि लेखनाथको गौंथली' शीर्षकको लेख लेखक भरतराज पन्तले लेखेका हुन् र यो गोर्खापत्रको शनिवासरीय परिशिष्टाङ्कमा प्रकाशित छ । यसमा लेखनाथ पौड्यालको गौंथलीको चिरिबिरी रचनाको सामान्य रूपमा चर्चा पन्तले गरेका छन् । अध्यात्मवादी कवि पौड्यालले कविता रचनाका क्रममा विभिन्न विषयलाई अध्यात्मिक विषयका रूपमा प्रतीक तुल्याएर चित्रण गरेको र गौंथलीको चिरिबिरी पनि एक सशक्त अध्यात्मवादी कविता भएको टिप्पणी पन्तले गरेका छन् । गौंथलीको चिरिबिरी कविता सुन्दा साह्रै मीठो लाग्छ, आनन्दको अनुभूति हुन्छ भन्दै यसभित्र अनेकौ रहस्य लुकेको हुन्छ यस्तै अनेकौं रहस्यहरू लुकेको कृति लेख्ने पौड्यालको जीवननै अद्वितीय र रहस्यमय भएको विचार पन्तले व्यक्त गरेका छन् । गौंथलीको चिरबिरी रचनाबाट प्राप्त भएको आध्यात्मिक चेतनाले आत्माको अन्तरमा नयाँ प्रेरणाको ज्योति चम्कन्छ भन्दै समग्र मानव समुदायलाई अन्तर्मुखी बन्न यस कृतिमार्फत पौड्यालले सन्देश दिएका छन् भनी पन्तले उल्लेख गरेका छन् । यस रचनामार्फत पौड्याल मनुष्य जीवनलाई आदर्शोन्मुख तुल्याउने प्रेरणा दिएका छन्, व्यक्तिगत राग-विराग, शोषण, अत्याचार आदि भौतिक जगत्बाट पूर्णतः वैराग्य लिएर आध्यात्मिक चिन्तनमा रमाएर शाश्वत् शान्ति पहिल्याउने सन्देश पौड्यालले दिएको देखिन्छ भन्ने पन्तले यहाँ औंल्याएका छन् ।

**मधुपर्क, 'कविशिरोमणिको स्मृतिमा'**, मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१**

समय सन्दर्भमा मधुपर्कले 'कविशिरोमणिको स्मृतिमा' शीर्षकको लेख लेखी प्रकाशित गरेको छ ।

**शैलुन्दप्रकाश नेपाल, 'तिमी जो महान् छौ'**, मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. २९**

शैलुन्दप्रकाश नेपालद्वारा लेखिएको 'तिमी जो महान् छौ' शीर्षकको पद्य कविता मधुपर्कमा प्रकाशित छ ।

**हिरण्यलाल ज्ञवाली, 'श्रद्धाञ्जली : कविशिरोमणिप्रति'**, मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. ४८**

हिरण्यलाल ज्ञवालीले लेखेको 'श्रद्धाञ्जली : कविशिरोमणिप्रति' शीर्षकको कविता मधुपर्क पत्रिकामा प्रकाशित छ ।

**मधुपर्क, 'कविशिरोमणि लेखनाथका साहित्यगत धारणा'**, मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. ९८-१०२**

'कविशिरोमणि लेखनाथका साहित्यगत धारणा' शीर्षकको लेख मधुपर्क संस्थाले लेखेको हो र यसमा लेखनाथ पौड्यालसँग रेडियो नेपालका श्यामदास वैष्णव र जनार्दन समले लिएको अन्तर्वार्तामा पौड्यालका साहित्यसम्बन्धी निजी धारणालाई संक्षिप्त रूपमा मधुपर्कले टिप्पणी गरेको छ ।

**मधुपर्क, 'कविशिरोमणिको स्मृतिमा'**, मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१**

समय सन्दर्भ स्तम्भभित्र मधुपर्कले 'कविशिरोमणिको स्मृतिमा' शीर्षकको लेख लेखी प्रकाशन गरेको छ । यसमा लेखनाथ पौड्यालको व्यक्तित्व र कृतित्वको संयोग नै कविशिरोमणि पौड्याल थिए भन्दै पौड्यालको काव्य र साधनाले यस रूपमा प्रतिष्ठित तुल्याएको हो, तथा सम्मानित बनाएको टिप्पणी मधुपर्कले गरेको छ । भाषालाई लालित्य प्रदान गर्ने, भाव र शिल्पमा युगान्तर ल्याउन पौड्यालले गरेको संघर्षले राष्ट्रभाषालाई प्रयाप्त प्रतिष्ठा प्रदान गरेको, युगको परिवर्तन र आवर्तन पनि पौड्याल उत्तिकै सचेत भएकोले पौड्याललाई सबैले नेपाली काव्यमा आधुनिक प्रयोक्ताका रूपमा स्वीकारेको मधुपर्कले औँल्याएको छ । विभिन्न संस्थानमा सम्लग्न पौड्याल साहित्यको लामो यात्रामा भावुक कवि मात्र नभएर चिन्तक, विचारक, दार्शनिक र प्रखर युगचेतनाका रूपमा पनि देखापरेको कुरा मधुपर्कले उल्लेख गरेको छ ।

**मधुपर्क, 'समय र सन्दर्भ'**, मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१**

मधुपर्कले 'समय र सन्दर्भ' शीर्षकमा एउटा सानो सूचनात्मक लेख लेखेको छ र यो लेखमा लेखनाथ पौड्याल र नेपाली साहित्यबीच रहेको सह-सम्बन्धका बारेमा मधुपर्कद्वारा टिप्पणी गरिएको छ । यसमा मधुपर्क संस्थाले पौड्याल नेपाली साहित्यको विशेष गरी नेपाली काव्य कविताको एउटा अत्यन्त समृद्ध दीर्घकाल मानसपटलमा उदाउन सफल व्यक्तित्व भएको चर्चा गरेको छ । पौड्यालको व्यक्तित्व र कृतित्वलाई पृथक राखेर विचार गर्नु असंभव हुने हुनाले यी दुवैको संगम नै कविशिरोमणि पौड्याल भएको भन्दै पौड्यालले नै नेपाली भाषालाई ललित काव्य रचना गर्न सक्ने गरिमा प्रदान गर्दै अनेक रचना कोरेको कुरा यस मधुपर्कले उल्लेख गरेको छ ।

**मुरारीप्रसाद रेग्मी, 'तरुण तपसीमा विकासात्मक योग मनोविज्ञान'**, मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. ५७-६०**

मुरारीप्रसाद रेग्मीले 'तरुण तपसीमा विकासात्मक योग मनोविज्ञान' शीर्षकको लेख लेखेका छन् र यो मधुपर्कमा प्रकाशित छ । यस लेखमा रेग्मीले लेखनाथ पौड्यालको तरुण तपसीको प्राकृतिक वनस्पति विज्ञानको पक्षमा सामान्य चर्चा गरेका छन् । यसमा कवि स्वयम्को योगी जीवनदर्शनको मार्ग प्रशस्त मात्रामा मनोवैज्ञानिक काव्य सिर्जनको प्रेरक तत्त्वलाई भेटाउन सकिने तरुण तपसीमा आध्यात्मिकता, आत्मजीवनी, मानवता, प्रकृतिप्रेम र विविध जीवनदर्शनको भव्य प्रत्यावर्तन पाइन्छ भन्दै सृष्टिको आदिकालदेखि नै रुख र विरुवाहरूसित मानिसको घनिष्ठ सम्बन्ध रहेको टिप्पणी लेखक रेग्मीले गरेका छन् । तरुण तपसीमा आत्माद्रष्टा कविले तरुभित्र आफ्नै जीवनचर्याको सौष्ठवहरूको परिपक्व प्रक्षेपण गरेका पौड्यालले तरु र मानवको चक्रीय जीवन विकासका विभिन्न अवस्थाहरूको मनोवैज्ञानिक तादत्म्यपूर्ण वर्णन यस काव्यमा गरेका छन् भन्ने विचार रेग्मीले व्यक्त गरेका छन् । तरुण तरुले भोक, शोक, यातना र पीडा सहेर सन्तुलित जीवनदर्शन र परोपकारी प्रवृत्ति देखाउनु योग मनोवैज्ञानिक प्रवृत्ति हो र कविले आफ्नै यौवनका चरम विकासलाई प्रतीकात्मक ढङ्गबाट चित्रित गरेको कुरा लेखक रेग्मीले औँल्याएका छन् ।

**मोहन सिटौला, 'लेखनाथको बिम्ब-विधान'**, मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. ८१-८२**

'लेखनाथको बिम्ब विधान' शीर्षकको फुटकर लेख लेखक मोहन सिटौलाद्वारा लेखिएको हो र यसमा लेखनाथ पौड्यालका विभिन्न रचनाहरूमा पाइने बिम्ब विधानका बारेमा सामान्य समीक्षा गरिएको छ । समसामयिक जनजीवनका पक्ष-विपक्ष, परम-प्रकृतिचेतका रहस्यात्मकता र यसको भौतिक सतहका छवि-छाता र रङ्ग-रूपहरू, अनि व्यापक हिन्दू-दर्शनको गहन विषयलाई पौड्यालले बिम्बका रूपमा प्रस्तुत गरेको टिप्पणी सिटौलाले गरेका छन् । बिम्बमय र अलङ्कारपूर्ण ऋतुविचार समयचक्र र सुदर्शन चक्रको एउटा विवरणात्मक  मृदुल प्रस्तुति हो भन्दै प्रकृति र जीवनलाई एउटैमा स्थापना गर्न प्रकृतिचेत र मानवचेतको अन्तरसम्बन्धलाई दिग्दर्शन गर्न र आलङ्कारिक चयन गर्न विभिन्न कला र दर्शनको प्रयोग पौड्यालको ऋतुविचारमा पाइने कुरा सिटौलाले औँल्याएका छन् । लेखनाथले आफ्ना अनुभव, अनुभूति र विचार तीन ढङ्गबाट व्यक्त गरेको देखिन्छ व्यक्ति, समाज प्रकृति अनि दर्शन यीनै तीन व्यापक स्रोतबाट बिम्ब प्रतीकका सामाग्रीको खोजी गर्ने पौड्यालले मौलिक र नयाँ नेपाली

बिम्ब विधानलाई कलात्मक ढङ्गबाट प्रस्तुत गर्न सफल भएको चर्चा सिटौलाद्वारा गरिएको छ ।

**रत्नध्वज जोशी, 'लेखनाथ र चरा'**, गोर्खापत्र **वर्ष ८४, अङ्क १३३, भाद्र ३०, २०४१**

रत्नध्वज जोशीले यस गोर्खापत्रको शनिवासरीय परिशिष्टाङ्कमा 'लेखनाथ र चरा' शीर्षकका फुटकर लेख लेखेका छन् । यसमा जोशीले लेखनाथ पौड्यालले नेपाल अधिराज्यका सबै विषयवस्तुहरूमा केही न केही लेखेका र चराहरूको सम्बन्धमा लेखनाथले जति कविता लेख्ने प्रतिभा कमै भएको टिप्पणी गरेका छन् । पिँजडाभित्रको सुगाको चिन्हारी सुगा कै मुखबाट दिएर जुन लोकप्रियता हासिल गरेका पौड्याल चन्द्रशमशेरको बर्बर आस्थाबाट पीडित र सशङ्कित भएको अनुभूतिका माझबाट कविता रच्नु परेको गुनासो गर्ने कवि एक प्रकृतिप्रेमी, मानवता र आध्यात्मवादी व्यक्तित्व हुन भन्ने कुरा जोशीले उल्लेख गरेका छन् । पिँजडाको सुगा, गौंथलीको चिरिबिरी, पिँजराबाट छुटेको चरा र तरुण तपसी आदि काव्यमार्फत चराको विलाप सुनाउने कवि पौड्याल प्रकृति र चराहरूमै रमाउने, अध्ययन गर्ने लोकप्रिय कवि प्रतिभा भएको जोशीले औंल्याएका छन् ।

**रत्नध्वज जोशी, 'लेखनाथ र नेपाली साहित्यका चरा'**, गोर्खापत्र **वर्ष ८४, अङ्क १८३, कार्तिक २५, २०४१**

'लेखनाथ र नेपाली साहित्यका चरा' शीर्षकको लेख लेखक रत्नध्वज जोशीले लेखेका हुन् र यो गोर्खापत्रमा प्रकाशित छ । यसमा लेखनाथ पौड्यालको पिँजडाको सुगा कविताको विविध पक्षमाथि जोशीले टिप्पणी गरेका छन् । यहाँ लेखनाथभन्दा पूर्व कुनै कविले चराको सम्बन्धमा लेख नलेखेको दृष्टिबाट पनि पौड्यालको पिँजडाको सुगा कविताको महत्त्व उल्लेखनीय रहेको लेखक जोशीद्वारा औंल्याइएको छ । पिँजडाको सुगा राजनीतिक चेतना दिन सक्ने कविता हो भन्न सके तापनि पौड्यालको विशुद्ध काव्यप्रति अध्यात्म दर्शनप्रतिको झुकावलाई हेर्दा यस कविताबाट राजनीतिक अर्थमात्र लगाउन नहुने जोशीको दृष्टिकोण रहेको छ । चन्द्रशमशेर जस्ता सशङ्क शासकको दबादब चलिरहेको समयमा त्यो कविता निस्कियो र त्यस कविताभित्रका ती पङ्क्तिहरू जसको अर्थान्तरसङ्क्रमित ध्वनिले त्यस्ता शासकलाई सतर्क पार्न सफल भएको देखिन्छ भन्ने विचार जोशीद्वारा व्यक्त भएको छ । पिँजडाको सुगा जस्तो शङ्कास्पद कविता लेखेर पनि त्यस्ता बढी शङ्कालु प्रवृत्तिका शासकको दण्डबाट बच्न र यसरी चराकै सम्बन्धमा यति सूक्ष्म अध्ययनपूर्वक बिम्ब ग्रहण गराउने कवि नेपालीमा शायद पौड्याल मात्रै भएको कुरा यहाँ जोशीले चर्चा गरेका छन् ।

**रा.स.स., 'नेपाली भाषालाई परिष्कृत रूप दिनु कविशिरोमणिको विशेषता',** गोर्खापत्र **वर्ष ८४, अङ्क २४०, पुस २३, २०४१**

रा.स.स.ले 'नेपाली भाषालाई परिष्कृत रूप दिनु कविशिरोमणिको विशेषता' शीर्षकमा लेख लेखी गोर्खापत्रमा प्रकाशित गरेको छ । यसमा लेखनाथ पौड्यालका रचनाबाट समाजले धेरै अमूल्य वस्तु प्राप्त गरेको रा.स.स.ले टिप्पणी गरेको छ । यसमा पौड्यालका कविताको शैली र भाषा विद्वान्हरूका लागि जति सरस र सारगर्भित छन् त्यति नै सामान्य पाठकका लागि मधुर सारगर्भित भएकोले पौड्यालका रचना पढ्ने जोसुकैले पनि सहजै रसास्वादन गर्न सक्ने रा.स.स. ले जनाएको छ । यसरी नेपाली भाषालाई नयाँ रूप दिई परिष्कृत गरेर त्यसकै माध्यमबाट देश र जनताको प्रचुर सेवा पुऱ्याएकोले नै पौड्याल कविशिरोमणिको विशेष मान्यताले अलङ्कृत हुन पुगेका हुन् भन्ने रा.स.स.द्वारा उल्लेख गरिएको छ । नेपाली कविताको स्तरीकरणमा प्रयास गरेका पौड्यालले विश्व कविताको उचाई ताक्दै नेपाली भाषामा लालित्य भर्ने र सुन्दर पार्ने दिशातिर आफूलाई सधैं केन्द्रित गरेको चर्चा रा.स.स.ले गरेको छ ।

**शिवप्रसाद सत्याल 'पीठ', 'लेखनाथ काव्य प्रदर्शनी २०४१',** गोर्खापत्र **वर्ष ८४, अङ्क १२६, भाद्र २३, २०४१**

शिवप्रसाद सत्याल 'पीठ'ले गोर्खापत्रको शनिवासरीय परिशिष्टाङ्कमा 'लेखनाथ काव्य प्रदर्शनी २०४१' शीर्षकको सूचनात्मक लख लेखेका छन् । यसमा लेखनाथ पौड्यालका काव्य प्रदर्शनीबाट अनेक भौतिक मानसिक स्तरका उपलब्धि हुन सक्ने भन्दै यस प्रदर्शनीमा पौड्यालका ग्रन्थ, सङ्कलित र फुटकर कृति, पौड्यालले लेखेका कृति, अन्तर्वार्ता, मन्तव्य, टिप्पणी, प्रतिक्रिया, समाचार, सूचना, विविध घटनालाई स्मृति गराउने तस्वीर, परिचयात्मक विवरण र पारिवारिक सम्बन्धलाई देखाउने तस्वीर आदिको प्रदर्शनी गरिएको कुरा लेखक सत्यालले यस लेखमार्फत जानकारी दिएका छन् ।

**शिव रेग्मी, 'नेपाली साहित्यका वृद्ध तपसी',** गोर्खापत्र **वर्ष ८४, अङ्क २४०, पुस २३, २०४१**

शिव रेग्मीद्वारा लेखिएको 'नेपाली साहित्यका बृद्ध तपसी' शीर्षकको लेख गोर्खापत्रमा प्रकाशित छ र यसमा लेखक रेग्मीले लेखनाथ पौड्याललाई आधुनिक कविताको सुरुवातकर्ता भन्दै पौड्यालको अध्यात्मवादी दर्शन र चिन्तन पक्षमा टिप्पणी गरेका छन् । नेपाली कविता साहित्यमा आधुनिकताको सुरुवात गर्ने यी कवि पहिलो

प्रहरमा शृङ्गारिक कविताबाट व्यूँभिएका पौड्यालको कवि व्यक्तित्व अन्तिम प्रहरमा पुगेर अध्यात्मवादी दर्शन र चिन्तन बन्न पुगेको रेग्मीले उल्लेख गरेका छन् । आधुनिक नेपाली साहित्यका स्रष्टा तथा वरिष्ठ कविहरूमध्ये देवकोटा लगायत, सम, सिद्धिचरण, घिमिरे आदि पौड्यालका छत्रछायाँमा हुर्केका हुनाले पौड्यालको महŒव र गरिमा अभ्र बढ्न गएको विचार रेग्मीले व्यक्त गरेका छन् । आफ्ना समकालीन लेखक कविहरूबाट प्रशस्त आदर पाएका, सम्मान पाएका पौड्याल नेपाली साहित्यकै शिरोमणि थिए भन्नेमा अत्युक्ति नहुने लेखक रेग्मीले यहाँ बताएका छन् । पौड्यालभन्दा ठूला कवि भविष्यको गर्भमा होलान तर पौड्याललाई जित्ने हामीले देखेका छैनौ भन्दै लेखनाथ नेपाली साहित्यमा बैंस तुल्याउने तरुण पनि थिए र नैतिकता र अध्यात्मवादी ज्योतिलाई ल्याउने तपसी पनि थिए भन्ने रेग्मीले यहाँ जनाएका छन् । आफ्नै परम्पराबाट पूर्णतामा पुगेका सम्भवतः नेपाली साहित्यमा पौड्याल नै एक मात्र कवि भएको र भानुभक्तपछि नेपाली साहित्यको क्षेत्रमा सबभन्दा आलोकपूर्ण स्तम्भ पौड्यालमात्र भएको कुरा लेखक रेग्मीले प्रस्ट्याएका छन् ।

**शिवप्रसाद सत्याल 'पीठ', 'लेखनाथ पौड्याल : शिखरिणी कवि',** गोर्खापत्र **वर्ष ८४, अङ्क ७७, असार ६, २०४१**

शिववप्रसाद सत्याल 'पीठ'ले यस गोर्खापत्रको शनिवासरीय परिशिष्टाङ्कमा 'लेखनाथ पौड्याल : शिखरिणी कवि' शीर्षकमा फुटकर लेख लेखेका छन् । यस लेखमा सत्यालले लेखनाथ पौड्याल शिखरिणी छन्दका सिद्धहस्त कवि व्यक्तित्व भएको बारेमा सामान्य टिप्पणी गरेका छन् । मानवतावादलाई विशिष्ट पक्षका रूपमा अँगाल्ने पौड्यालका शिखरिणी छन्दमा बाँधिएका कविता सरल भएर पनि गम्भीर परम्परागत छन् तापनि समकालीन विस्तृत र संक्षिप्त हुनाले सरलता, सहजताको अनुभव उनका कविताबाट प्राप्त गर्न सकिने सत्यालले उल्लेख गरेका छन् । शिखरिणी सिद्धान्तले लेखनाथलाई यस छन्दमा कविता लेख्न प्रेरणा दियो र शिखरिणी लेखनाथको मुख्य अभिव्यक्तिको माध्यम भयो भन्दै छन्द, ज्ञान र तिनको प्रयोगका दृष्टिले लेखनाथले समकालीन सबैलाई पछि पारे यसको एउटा बलियो नमूना शिखरिणीमै एउटा सिङ्गो कृति लेख्न सफल हुनु हो भन्ने कुरा सत्यालले औंल्याएका छन् । पौड्यालले आफ्नो सम्पूर्ण कृति अध्ययन, व्युत्पत्तिको सिङ्गो दृष्टान्तको रूपमा तरुण तपसी लेखेका र त्यसमा प्रयुक्त विभिन्न छन्दमध्ये शिखरिणीको सफल प्रयोग गरेकोले नै 'लेखनाथको शिखरिणी' नेपाली कवितामा उखान नै बनेको हो भन्ने विचार सत्यालले व्यक्त गरेका छन् ।

**शिवप्रसाद रेग्मी, 'कविशिरोमणि र सत्य सन्देश'**, गोर्खापत्र **वर्ष ७४, अङ्क २५७, माघ १०, २०४१**

'कविशिरोमणि र सत्य सन्देश' शीर्षकको लेख शिव रेग्मीले लेखेका हुन् र यो गोर्खापत्र पत्रिकामा प्रकाशित छ । यस लेखमा लेखक रेग्मीले लेखनाथ पौड्यालको सत्य सन्देशमा पाइने अध्यात्म र अन्य रचनामा पाइने भाषाशैलीका बारेमा टिप्पणी गरेका छन् । वि.सं. १९६३ मा शृङ्गार कविताहरू लिएर देखापरेका पौड्याल अनेक रचना लेख्दै तरुण तपसी नव्य काव्यमा आदर्शताका पूजारी भई नेपाली काव्य साहित्यको फाँटलाई फराकिलो पारे भन्ने विचार रेग्मीद्वारा व्यक्त भएको छ । पौड्याल अध्यात्मवादी थिए भन्दै पौड्यालका हरेक रचनामा अध्यात्मवादी दर्शन पाउन सकिने र सत्य सन्देश रचना पनि अध्यात्मवादी दर्शनको निकै उत्कृष्ट कविता हो भन्ने कुरा रेग्मीले बताएका छन् । पौड्यालको आफ्नै भाषाशैली र शिल्पले गर्दा अरू कविहरूबाट पृथकता कायम गरेर सफलताको धुरी छुन पौड्याललाई कठिन नपरेको र बरु अन्य समसामयिक कविहरूबाट प्रशंसा पाउने कवि नेपाली साहित्यमा लेखनाथ बाहेक अरू पाउन कठिन भएको चर्चा लेखक रेग्मीद्वारा यहाँ गरिएको छ ।

**सम्पादकीय, 'लेखनाथ शतवार्षिकी'**, गोर्खापत्र **वर्ष ८४, अङ्क २३९, पुस २२, २०४१**

सम्पादकले 'लेखनाथ शतवार्षिकी' शीर्षकमा यस गोर्खापत्रको सम्पादकीयमा फुटकर लेख लेखेका छन् र यसमा सम्पादकले लेखनाथ पौड्यालको व्यक्तित्व र नेपाली भाषा तथा साहित्यलाई उनले लगाएको गुणबारेमा टिप्पणी गरेका छन् । नेपाली भाषा र साहित्यलाई माध्यमिककालीन लक्षण र स्थितिबाट आधुनिक तथा समृद्ध बनाउन पौड्यालको महत्त्वपूर्ण देन रहेको भन्दै सुललित पदावली र परिमार्जित भाषिक प्रयोग पौड्यालको काव्यात्मक उपलब्धि भएको सम्पादकले उल्लेख गरेका छन् । राष्ट्रियता, राष्ट्रिय एकता र जनचेतनाको अभिवृद्धिमा भाषा साहित्यमा महत्त्वपूर्ण कार्य गर्ने सफल प्रतिभा पौड्याललाई नेपाली साहित्यजगत्ले विभिन्न सम्मानद्वारा विभूषित गरेको विचार सम्पादकले व्यक्त गरेका छन् । नेपाली साहित्यमा लामो समयसम्म अनवरत साधना गर्ने साहित्यिक वृद्ध तपसी कवि पौड्यालका कवितामा मूलतः आध्यात्मिक चेतनामूलक प्रवृत्ति पाइए पनि समसामयिक विसङ्गति र धार्मिक अन्धविश्वासप्रति सूक्ष्म प्रहार पाइने सम्पादकले औँल्याएका छन् ।

**सिद्धिचरण श्रेष्ठ, 'लेखनाथ मेरो साहित्ययात्रामा'**, मधुपर्क **वर्ष १७, अङ्क ४, भाद्र २०४१, पृ. १६-२०**

सिद्धिचरण श्रेष्ठद्वारा लेखिएको 'लेखनाथ मेरो साहित्ययात्रामा' भन्ने शीर्षकको संस्मरणात्मक लेख मधुपर्क पत्रिकामा प्रकाशित छ र यस लेखमा श्रेष्ठले आफ्नो

जीवनको साहित्य यात्रामा लेखनाथ पौड्यालको विशेष स्मरण रहेको बारेमा चर्चा गरेका छन् । आफू जन्मदा पौड्याल २९ वर्षका भइसकेका आफूले विद्यालयमा अध्ययन गर्दा पौड्यालको पिँजडाको सुगा पढ्नु पर्ने त्यो कविता आफूलाई अत्यन्त मन परेको लेखक श्रेष्ठले बताएका छन् । पौड्यालका कविता पढ्दा अत्यन्त आनन्द लागेको र पौड्यालका नीति श्लोकहरू प्रेरणादायी भएको भन्दै पौड्याल जस्ता ठूला कवि अरू आफूलाई नलागेको बालकदेखि नै म पौड्यालको अनुयायी भए भनी लेखक श्रेष्ठले यहाँ उल्लेख गरेका छन् । २००८ र २०११ सालपछि बारम्बार आफूले लेखनाथलाई भेट्ने मौका पाएको र जहिले पनि खुशीले प्रफुल्लित भएको एउटा महान् कविको सामुन्ने आफू उभिन पाउँदा गौरवान्वित भएको विचार श्रेष्ठले व्यक्त गरेका छन् । पौड्यालले १९७२ सालदेखि १९८४/८५ सालसम्म जे जति लेखे त्यो पौड्यालको समस्त विचार र प्राप्ति हो भन्दै नेपाली साहित्यको पद्य लेखनमा पौड्याल सर्वश्रेष्ठ कवि हुन् र कविले दिएको योगदानको सही ढङ्गबाट मूल्याङ्कन हुनुपर्ने भनी लेखक श्रेष्ठले यहाँ औँल्याएका छन् ।

**वासुदेव त्रिपाठी, 'कविशिरोमणि लेखनाथ पौड्यालको कविता यात्रा : एक चर्चा',** भारद्वाज **वर्ष १, अङ्क ३, पुस २०४१, पृ. ३३-४६**

वासुदेव त्रिपाठीले 'कविशिरोमणि लेखनाथ पौड्यालको कविता यात्रा : एक चर्चा' शीर्षकको लेख लेखेका छन् र यसमा त्रिपाठीले लेखनाथ पौड्यालको कवितायात्राको आरम्भ लगायत नेपाली साहित्यमा पौड्यालको लगावका बारेमा सामान्य टिप्पणी गरेका छन् । आफ्नो ८२ वर्षे जीवनको लगभग ६० वर्ष कवितायात्रामा निरन्तर गतिशील, परिपक्व र प्रतिभा अक्षुण्ण ढङ्गले लागि परेका पौड्याल नेपाली साहित्यजगत्कै महारथी भएको विचार त्रिपाठीले व्यक्त गरेका छन् । १९६१-६२ सालबाट कवितायात्रामा लागि परेका पौड्याल निरन्तर रूपमा २०२२ अर्थात् मृत्युवरण नगर्दा सम्म साहित्यमा सेवारत रहेका यी प्रतिभा नेपाली परिष्कारवादी काव्य धारालाई प्रवर्तन, प्रतिष्ठापन र नेतृत्वकर्ता समेत भएको त्रिपाठीले औँल्याएका छन् । नेपाली प्रकृतिको विराट सौन्दर्यको पर्यवेक्षण र व्यञ्जना गर्ने प्रथम परिष्कारवादी कविकोकिल काव्यविद् बनेका पौड्याल नेपाली जाति र भाषाका चिरस्मरणीय निधि हुन् भन्ने विचार त्रिपाठीले प्रस्तुत गरेका छन् ।

**वासु रिमाल 'यात्री', 'कविशिरोमणि चिल्लोपात',** मधुपर्क **वर्ष १७, अङ्क ४, २०४१, पृ. ६३-६८**

वासु रिमाल 'यात्री'द्वारा लेखिएको 'कविशिरोमणिको चिल्लोपात' शीर्षकको लेख यस मधुपर्क पत्रिकामा प्रकाशित छ । यसमा रिमाल यात्रीले लेखनाथ पौड्याललाई

नेपाली कविताका आधुनिककालमा अग्रणी व्यक्तित्वका रूपमा स्थाापित गर्दै नेपाली साहित्यको नेतृत्वका प्रतिनिधि भएको टिप्पणी गरेका छन् । हुने विरुवाको चिल्लोपात भएझैँ पौड्यालले केही कविसँग प्रतिस्पर्धा गरेर आफूलाई महान् कविका रूपमा स्थापित गर्न सफल भएको एवम् सम, देवकोटा र सिद्धिचरणका गुरु कविको रूपमा सम्मानित भएको रिमालले यहाँ उल्लेख गरेका छन् । त्यसै गरी आधुनिक कविहरूमा पं. पौड्यालको स्थान बहुतै उच्च रहेको, पौड्यालका कविताले पोसिएको नेपाली साहित्य र हामी नेपाली जाति पौड्यालका ऋणी छौ भन्ने विचार रिमालले व्यक्त गरेका छन् । आफ्ना काव्यमार्फत पौड्यालले दार्शनिक विचार, शास्त्रीयता, सामाजिकता र ऐतिहासिक आदिलाई पुनर्स्थापन सफल भएको कुरा रिमालले यस लेखमार्फत बताएका छन् । नेपाली साहित्यमा यत्रो योगदान दिएका पौड्याल आध्यात्मिक कवि भएकोले आधुनिक कवि होइनन् भनेर कौंवा कराउँदै गरोस नेपाली साहित्यजगत्ले पौड्याललाई नै दैलाको बत्ती मानिसकेको कुरा लेखक रिमालले यहाँ चर्चा गरेका छन् ।

**दैवज्ञराज न्यौपाने, 'कविशिरोमणि लेखनाथ पौड्यालको 'तरुण तपसी',** कुञ्जिनी **वर्ष ६, अङ्क ४, २०५५, पृ. ५४-६२**

दैवज्ञराज न्यौपानेद्वारा लेखिएको, 'कविशिरोमणि लेखनाथ पौड्यालको तरुण तपसी' शीर्षकको लेख कुञ्जिनी साहित्यिक समालोचना विशेषाङ्कमा प्रकाशित छ । यसमा लेखक न्यौपानेले लेखनाथ पौड्यालको रचना तरुण तपसीको विविध पक्षका बारेमा सामान्य टिप्पणी गरेका छन् । यसमा लेखक न्यौपानेले तरुण तपसी पूर्वीय महाकाव्यका समग्र सिद्धान्तबाट पूर्ण नभई अधिकांश भएका र खण्डकाव्यभन्दा निकै माथिल्लो कोटिको महाकाव्यकक्षीय काव्य भएकोले यसलाई उपमहाकाव्यकै कोटिमा राख्न सकिने विचार व्यक्त गरेका छन् । यो पूर्वीय महाकाव्यकै अभिसन्धिहरूबाट बनेको, पूर्वीय दर्शनका योग, साङ्ख्य, वेदान्तका गूढ रहस्य लगायत शब्दालङ्कारका दृष्टिले अनुप्रास यमक-श्लेष, सबै भएको काव्य भनी लेखक न्यौपानेले टिप्पणी गरेका छन् । नेपाली कवितासाहित्यको उत्कृष्ट तरुण तपसीलाई आन्तरिक र बाह्य, भावपक्ष र शिल्पपक्ष दुवै दृष्टिले उच्च कोटिको काव्यिक वैशिष्ट्यपूर्ण काव्य भन्न सकिने लेखक न्यौपानेले उल्लेख गरेका छन् ।

**किरण सापकोटा, 'तरुण तपसी'मा अलङ्कार विधान',** कुञ्जिनी **वर्ष ११, अङ्क ८, २०६०, पृ. १८५-१८६**

'तरुण तपसीमा अलङ्कार विधान' शीर्षकको लेख लेखक किरण सापकोटाले लेखेका हुन् र यो लेख कुञ्जिनी साहित्यिक समालोचना विशेषाङ्कमा प्रकाशित छ ।

यसमा लेखनाथ पौड्यालको तरुण तपसीको अलङ्कार विधानमाथि समीक्षा गरिएको छ । पौड्याल भावपक्षलाई जोड दिने कवि भए तापनि बाह्यपक्ष अलङ्कार, रीति छन्द, आदिलाई उपेक्षा गर्ने कवि नभएका भन्दै भावोत्कर्षका लागि अलङ्कार संयोजन गरी लालित्यपूर्ण, माधुर्ययुक्त, प्रसादगुण सम्पन्न सौन्दर्यले परिपूर्ण काव्य सिर्जना गर्नु पौड्यालको मूल लक्ष्य रहेको टिप्पणी लेखक सापकोटाले गरेका छन् । अलङ्कारका दृष्टिले पौड्यालको तरुण तपसी उत्कृष्ट रचना मानिने भन्दै यसमा उपमा, उत्प्रेक्षाका अतिरिक्त दृष्टान्त, अर्थान्तरन्यास, स्वभावोक्ति, अतिशयोक्ति, समासोक्ति, सन्देह, अनुमान, श्लेष, संसृष्टि सङ्कर, उल्लेख, सहोक्ति, आक्षेप, विभावना,विषम, विकल्प, प्रत्यनिक प्रतीप, भाविक, अपह्नुति, परिकर, परिणाम आदि अलङ्कारको संयोजन पाइने लेखक सापकोटाले उल्लेख गरेका छन् ।

**उर्मिला शर्मा, 'कवि लेखनाथ पौड्यालको 'मेरो कैशोर' कविताका विषय र प्रवृत्तिहरू',** कुञ्जिनी **वर्ष १२, अङ्क ९, २०६१/०६२, पृ. १४९**

उर्मिला शर्माद्वारा लेखिएको 'कवि लेखनाथ पौड्यालको 'मेरो कैशोर' कविताका विषय र प्रवृत्तिहरू' शीर्षकको लेख कुञ्जिनी साहित्य समालोचना विशेषाङ्कमा प्रकाशित छ । यसमा पौड्यालको रचना मेरो कैशोरको विषय र प्रवृत्तिमाथि लेखक शर्माले टिप्पणी गरेकी छन् । ६ श्लोके यस कवितामा कविले प्रथमपुरुष शैलीमा आफूलाई प्रस्तुत गरेर आफ्नो जन्मथलो अर्चलेको सम्झना गरेका भन्दै पौड्यालले आफ्नो कैशोर अवस्थाको सम्पूर्णतालाई समग्र रूपले प्रस्तुत गरेको लेखक शर्माले उल्लेख गरेकी छन् । पौड्यालको मेरो कैशोर कविताले सम्झाएको किशोर अवस्थाको अध्ययन गर्दा कवि लेखनाथका काव्य प्रवृत्तिहरूको अध्ययनका साथै नेपाली, सामाजिक मूल्य, आदर्श, नेपाली राष्ट्रियता र प्रकृत्ति चित्रणको सौन्दर्य तथा कलात्मक मूल्यको अध्ययन गर्न सफल भएको चर्चा लेखक शर्माले गरेकी छन् ।

**नेपाली साहित्यकार परिचय र अभिव्यक्ति, 'नेपाली साहित्यका तपसी',** गोर्खापत्र **वर्ष १०५, अङ्क २३४, पुस १६, २०६२**

'नेपाली साहित्यका तपसी' शीर्षकको लेख नेपाली साहित्यकार परिचय र अभिव्यक्ति, २०५४ बाट गोर्खापत्रमा लिएको हो र यसमा लेखनाथ पौड्यालका जीवनमा जोडिएको घटना र त्यसले पौड्यालको साहित्यिक जीवनमा ल्याएको परिवर्तन बारेमा गोर्खापत्रमा टिप्पणी गरिएको छ । ११, १२ वर्षको उमेरमा पितृप्रसादले हप्काएको, छात्रावासमा अग्निधरले उपेक्षा गरेको, पं. शिवकुमारले दिएको समस्यापूर्तिबाट वञ्चित हुनु परेको लगायत यावत घटनाले पौड्यालमा इखको भावना जागृत भएको कुरा यहाँ उल्लेख गरिएको छ । लेखनाथको सम्पूर्ण काव्ययात्रा (१९६१-

२०२२) लगभग आधा शताब्दीभन्दा लामो साधना र माधवी १९६५ देखि नै लेखनाथको कवित्वमा दिग्बोधको आभास पाइने यहाँ उल्लेख गरिएको छ ।

**भरतराज पन्त, 'तरुण तपसीको पूर्वरङ्ग',** गोर्खापत्र **वर्ष १०५, अंक २३४, पुस १६, २०६२**

'तरुण तपसीको पूर्वरङ्ग' शीर्षकले लेख भरतराज पन्तले लेखेका हुन् र यो लेख गोर्खापत्रमा प्रकाशित छ । यसमा लेखक पन्तले लेखनाथ पौड्याल तरुण तपसीका पूर्वरङ्गको कृतिका रूपमा रहेको लक्ष्मीपूजा र तरुण तपसीमा पाइने नयाँपनको बारेमा संक्षिप्त टिप्पणी गरेका छन् । पौड्यालको तरुण तपसी अझै पनि नयाँ लाग्ने भन्दै यो रचना सत्तरी वर्षको बृद्ध अवस्थामा छापिएर पनि झन्झन् तरुनो बन्दै गएकोले आजसम्म पनि अजर र अमर रहेको उल्लेख लेखक पन्तले गरेका छन् । पौड्यालको तरुण तपसीको पूर्वरङ्गको रूपमा लक्ष्मीपूजा (१९९४) लाई लिन सकिने भन्दै तरुण तपसीको सातौं विश्रामको एघारौं श्लोकमा पूर्वरङ्गको प्रयाप्त प्रमाण पाइने लेखक पन्तले औँल्याएका छन् । यस्तै गरी शिखरिणी छन्दमा तन्किँदै गएको तरुण तपसीभित्रका विभिन्न विषयवस्तुमा पूर्वरङ्गका तरङ्ग पाइने र यस किसिमको पूर्ण आध्यात्मिक चेतना सम्पन्न परिष्कृत काव्य नेपालीमा 'न भुतो न भविष्यति' भएर नै रहेको लेखक पन्तले बताएका छन् ।

## २.२ सम्पादकीय र भूमिकामा पौड्यालसम्बन्धी गरिएको अध्ययन

विभिन्न पुस्तकमा सम्पादकीय र भूमिकामा पनि लेखनाथ पौड्यालसम्बन्धी अध्ययनहरू गरिएका छन् । यस्ता अध्ययनहरू विभिन्न लेखक, समालोचक तथा स्वयम् पौड्यालले पनि विभिन्न विषयमा केन्द्रित रहेर गरेको देखिन्छ । सम्पादकीय र भूमिकामा भएका टिका टिप्पणी तथा अध्ययनहरूलाई यहाँ समष्टिगत कालक्रमिक रूपमा क्रमशः प्रस्तुत गरिएको छ ।

**लेखनाथ पौड्याल,** अमरज्योतिको सत्य-स्मृति, **नेपाल : पाकोपोखल्याङ जोरगणेश-प्रेश, २००८**

लेखनाथ पौड्यालले अमरज्योतिको सत्य स्मृति नामक कृतिको रचना गरेका छन् र यस कृतिको वक्तव्यमा पौड्यालले अमरज्योतिको सत्य-स्मृति रचना गर्नतर्फ आफू कसरी लागेत भन्ने बारेमा सामान्य जानकारी दिएका छन् । त्यतिबेला गान्धिको हत्याले सर्वज्ञ हाहाकार मच्चिएको अवस्थामा सारा संसारले अधशोच मनायो तर महात्मा गान्धि मरेर पनि अमर भए त्यही छाप आफूमा परेको पौड्यालले यहाँ उल्लेख गरेका छन् । त्यो दुःसमाचार रेडियोद्वारा त्यतिबेलै संसारभर फैलियो, हामी

नेपालीहरूको कानमा पनि त्यसको आघात पऱ्यो, मैले पनि रेडियोद्वारा नै त्यो दुर्घटना सुन्दै गएँ, सारा संसारले उनको मृत्युमा अफशोस मनाएको र समवेदना प्रकट गरेको देख्दा मलाई पनि उनको उपर केही न केही लेख्ने इच्छा लाग्यो र यो सानू सत्य स्मृति लेख्ने धृष्टता गरे भनी पौड्यालले आफ्नो वक्तव्यमा टिप्पणी गरेका छन् ।

**लेखनाथ पौड्याल,** मेरो राम, **नेपाल : अमन्तनाथ शर्मा, पौड्याल, २०११**

मेरो राम खण्डकाव्य लेखनाथ पौड्यालद्वारा लेखिएको कृति हो र यस काव्यको वक्तव्यमा लेखक पौड्यालले यो कृति लेख्न आफूले प्रेरणा पाएको स्रोत के हो त ? भन्ने विषयमा यहाँ टिप्पणी गरेका छन् । यहाँ पढाइको तीव्र चाहाना भएकी एक बूढीआमैका हातबाट कालोपाटीमा दुई अक्षरको सफासित 'राम' शब्द बन्यो र आमैलाई पढाउने पण्डितजीले ती दुई अक्षर देखाएर बूढिआमालाई भने देख्यौ ? तिम्रो हातबाट भगवान बन्नुभयो, दर्शन गर भनेका र यही प्रेरणाबाट आफू यस कृति लेख्न आकर्षित भएँ भनी पौड्यालले उल्लेख गरेका छन् । आफूले बाल्मीकि, तुलसीदास इत्यादि भक्त कविलाई सम्भ्रेर पनि उक्त बूढिआमाको जस्तो मेरो राम लेख्ने सङ्कल्प गरे भन्दै लेख्दा मेरो रामको जुन रूपमा आविर्भाव भयो त्यो रूप किताबमा पढ्नुहोस् भन्ने विचार पौड्यालले व्यक्त गरेका छन् । बूढिआमालाई जस्तै नभए नि यो मेरो राम तयार भएको देख्दा मलाई पनि खुसी लागेको छ भनी पौड्यालले यहाँ टिप्पणी गरेका छन् ।

**लेखनाथ शर्मा पौड्याल,** अभिज्ञान शाकुन्तल, **काठमाडौं : नेपाल एकेडेमी, २०१५**

अभिज्ञान शाकुन्तल नाटक लेखनाथ पौड्यालद्वारा अनुदित कृति हो र यसका मूल लेखक कालिदास हुन् । यस नाटकको भूमिकामा सोमनाथ शर्माले महाकवि कालिदासका थुप्रै कृतिहरूमध्ये यो नाटक संस्कृत वाङ्मयको चहकिलो निधि भएको यस्तो महत्त्वपूर्ण कृति नेपालीमा अनुदित हुनु पनि महत्त्वम् कार्य भएको टिप्पणी शर्माले गरेका छन् । यसमा पाइने आनन्दमय आस्वादले विश्व मानव साहित्यकारलाई स्पर्श गर्न सफल भएको परिप्रेक्ष्यमा राष्ट्रभाषाका कविशिरोमणि लेखनाथ पौड्यालको अथक लेखनीबाट निस्केको अनुवादको आस्वादित रसपानले अझ बढी उत्सुक सहृदयको मनलाई पगाल्न सफल भएको कुरा भूमिकामा शर्माले उल्लेख गरेका छन् ।

**लेखनाथ पौड्याल (प्रश्नकर्ता), उत्तरदाता जयराज पन्त,** बुद्धिविनोद, **नेपाल : नेपाली भाषा प्रकाशिनी समिति नेपाल, २०१५**

लेखनाथ पौड्यालले बुद्धिबिनोद प्रश्नावली तयार पारेका छन् । उक्त कृतिमा पौड्यालले बुद्धिबिनोदको प्रश्नावली तयार पार्दा आफ्ना मनमा उठेका विभिन्न

आशङ्का बारेमा यस कृतिको वक्तव्यमा सामान्य चर्चा गरेका छन् । लेखनाथले यस वक्तव्यमा चालीसवर्ष अघि मेरो बाल्य चञ्चल मनमा पनि साहित्यका बारेमा जान्ने केही जिज्ञासा पलायो तर मेरो कलममा शक्ति नभए तापनि त्यो बेला आफूले योग्य विद्वान्हरूको हृदयमा साहित्य विषयक कुतकुती पैदा गर्नका निम्ति बुद्धिविनोद नामक सानू प्रश्नावली लेख्ने साहस गरेको पौड्यालले टिप्पणी गरेका छन् । त्यतिबेलाको साहित्यिक दृष्टिले हेर्दा विशेष आदरणीय नभएको तापनि त्यसले त्यस समयको जनसमाजमा केही आदर पायो जसले गर्दा आफूले त्यसलाई १९७३ सालमा छपाउने प्रेरणा पाए भन्ने विचार पौड्यालले व्यक्त गरेका छन् । यस रचनालाई छपाउँदा पनि शिक्षित समाजले स्वीकार गर्ला वा नगर्ला भन्ने द्विविधा नै भएको तर छापिएपछि नेपाली समाजका आबाल बृद्ध धेरैका मुखबाट धेरै श्रद्धा र सम्मानका उच्चारण सुन्दा मलाई खुशी लाग्यो भनी पौड्यालले यहाँ उल्लेख गरेका छन् ।

**लेखनाथ पौड्याल,** ऋतुविचार, **काठमाडौं : रत्नपुस्तक भण्डार, २०१६**

ऋतुविचार लेखनाथ पौड्यालद्वारा लेखिएको खण्डकाव्य हो जुन पौड्यालले रचेका विभिन्न कृतिहरूमध्येको एक उत्कृष्ट प्रकृति-काव्य अन्तर्गत पर्दछ । पौड्यालले यसको सफलताले र नेपाली पाठक तथा विद्यार्थीवर्गको प्रेरणाले गर्दा आफूलाई पटक-पटक परिष्कार गर्ने अवसर प्राप्त भएको टिप्पणी यस कृतिको भूमिका लेखनमा गरेका छन् । नेपाली समाजमा जस्तो यस कृतिको प्रचार भयो उस्तै गरी यसले विद्यालयहरूका पाठ्यश्रेणीमा समेत शुभ स्थान पाएको हुनाले नै यसको छैटौं संस्करण निकाल्ने सौभाग्य प्राप्त भएको पौड्यालले यहाँ उल्लेख गरेका छन् । त्यसैगरी छात्रवर्गका लागि उपयोगी बनाउन यथाशक्ति यसलाई केही परिवर्तन गरी नेपाली भाषाको एक सामान्य खण्डकाव्यको स्वरूपमा पाठकवर्गको अगाडि उपस्थित गरेको पौड्यालले जनाएका छन् । अघिजस्तै गरी अहिले पनि यसले समाजमा विशेष प्रेमको स्थान पाउन सक्यो भने म आफ्नो परिश्रम पूर्ण रूपमा सफल भएको सम्भने छु भन्ने विचार पौड्यालले व्यक्त गरेका छन् ।

**पं. लेखनाथ शर्मा पौड्याल,** सत्यकलि संवाद प्रश्नोत्तरी, **नेपाल : नरेन्द्र मन्त्रालय, पञ्चम सं. २०१६**

लेखनाथ शर्मा पौड्यालले रचना गरेको सत्यकलि संवाद प्रश्नोत्तर काव्यको भूमिकामा सानो पुस्तक पाठकवृन्दका समीपमा उपस्थित गर्न पाउँदा आफूलाई ठूलो सौभाग्यशाली व्यक्ति सम्भेको विचार रचनाकार पौड्यालले व्यक्त गरेका छन् । आफूले यो कृतिका केही श्लोक लेख्दा यसमाथि हस्तक्षेप भई तमाखू आदि विषयको वर्णनात्मक हास्य रस प्रधान भएका बीस पच्चीस श्लोक लेखी एक कुनामा फाली

राखेको र पछि मित्रहरूको अनुरोधले तथा यावत घटनाले अगाडि बढाएको कुरा रचनाकार पौड्यालले बताएका छन् । पिताजी दुर्गादत्त शर्माले आद्योपान्त हेर्ने कुरा गरे पश्चात्को केही अन्तरालमा पछि मात्र बुबाकै अमर आत्माको चिरणारविन्दमा समर्पण गरेर लेख समाप्त गरेको चर्चा पौड्यालले गरेका छन् । १९७६ सालमा बनारसमा छापिएको प्रस्तुत कृतिमा नेपाली समाजले विशेष प्रेमदृष्टि राखेको र विद्यालयले यसलाई पाठ्यश्रेणीमा शुभ स्थान दिएकोले आफूलाई पञ्चमा वृत्ति निकाल्ने सौभाग्य प्राप्त भएको कुरा पौड्यालले भूमिकामा व्यक्त गरेका छन् ।

**लेखनाथ पौड्याल,** पञ्चतन्त्र, **नेपाल : अनन्तनाथ पौड्याल अन्नपूर्ण प्रेस, ते.सं. २०१८**

लेखनाथ पौड्यालद्वारा अनुदित पञ्चतन्त्र आख्यायिका कृतिको मूल लेखक विष्णु शर्मा हुन् । २३ वटा फुटकर आख्यान भएको यस कृतिका २ वटा खण्ड प्रकाशित छन् । यसका अनुवादक लेखनाथ पौड्याल हुन् र यसमा अनुवादक पौड्यालले भूमिका लेखनको क्रममा लेखक शर्माको अत्यन्त श्रद्धा सुमनका साथ सम्मानरूपी शब्दबाट प्रशंसा गरेको कुरा उल्लेख गरिएको छ । भूमिकामा अनुवादक पौड्यालले पञ्चतन्त्रको कुनै पनि श्लोक वा कथा त्यस्तो निरस र अनुपयोगी नभएको र यसमा सामान्य व्यवहारदेखि ठूला ठूला राजनैतिक तथा व्यवहाीरक कुरा समेटिएकोले अत्यन्त उपयोगी ठहरिएको टिप्पणी गरेका छन् । यस रचनाले साहित्यिक क्षेत्रमा इतिहास भिœयाएको भन्दै आफूले श्री ३ भीम शमशेरका नातिहरूलाई पढाउने क्रममा यो कृति उपयोगी ठहरिएकोले त्यही समयमा प्रेरणा स्वरूप नेपाली भाषामा पञ्चतन्त्र अनुवाद गरेको अनुवादक पौड्यालले भूमिका लेखनमा उल्लेख गरेका छन् ।

**लेखनाथ पौड्याल,** भर्तृहरिनिर्वेद, **काठमाडौं : रोयल नेपाल एकेडेमी, २०२०**

लेखनाथ पौड्यालले भर्तृहरिनिर्वेद नाटकको रचना गरेका छन् । यसमा प्रकाशकीयले लेखनाथ पौड्याललाई आधुनिक युगका अरूणोदय र भाषाका प्रखरता भनी टिप्पणी गरेको देखिन्छ । भाषा र साहित्यमा ठूलो योगदान गरेका पौड्याल नेपाली साहित्यको आधुनिक युगको अरूणोदय कवि हुन् जसले भाषाको पाण्डित्यपूर्ण प्राञ्जलता, सरलता र मनोहारितालाई साहित्यमा भिœयाए भनी प्रकाशकीयले आफ्नो विचार व्यक्त गरेको छ । अनुवाद नाटकका क्षेत्रमा पनि प्रयाप्त कार्य गरेका पौड्याल नेपाली जनजीवनमा भिजेका विषयवस्तुलाई जस्ताको तस्तै आत्मीय किसिमले व्यक्त गर्ने सबैभन्दा सशक्त प्रतिभा ठहरिन्छ भन्ने प्रकाशकीयले औंल्याएको छ । अनुवाद नाटकको रूपमा सफल रहेको भर्तृहरिनिर्वेद नाटक संस्कृतको पाण्डित्य र स्वभावले

व्यवहारिक दर्शनको पुट सर्वत्र पाइने एक सबल नमूना हो भन्दै वयोवृद्ध कविको यो रचना मर्मज्ञ नेपालीजगत्मा आदरणीय हुनेछ भनी प्रकाशकीयले उल्लेख गरेको छ ।

**बाबुराम आचार्य,** पुराना कवि र कविता, **ललितपुर : साझा प्रकाशन, २०२३**

पुराना कवि र कविता नामक समालोचनात्मक पुस्तक बाबुराम आचार्यद्वारा लेखिएको हो र यसको प्रस्तावनामा आचार्यले लेखनाथ पौड्यालको भाषिक क्षेत्रमा रहेको स्थान र उनको भाषामा पाइने योगदान पक्षमाथि सामान्य टिप्पणी गरेका छन् । यस कृतिको प्रस्तावनामा आचार्यले पौड्याल व्याकरणलाई अनादर नगरी यसका नियमभित्र रहेर आफ्ना रसिला कविताहरू लेख्न सुरु गरे साथै यही नियमलाई अरू कवि तथा साहित्यकारले पनि समाते यद्यपि पुराना कविहरूमा ठूला विद्वान्हरू नभएका केवल साधारण संस्कृत भाषा लेख्न र पढ्न सक्ने मात्र भएको परिप्रेक्ष्यमा पौड्याल भाषालाई व्याकरणिक नियममा बाधेर व्यक्त गर्ने एक मात्र प्रतिभा भएको आचार्यले उल्लेख गरेका छन् । कविता लेखनमा १९६२ देखि यताको समयलाई नयाँ समय र यस समयका कविहरूलाई नयाँ कवि भन्न उचित देखिने हुनाले पौड्याल पनि नयाँ कवि भएको चर्चा आचार्यले गरेका छन् ।

**ईश्वर बराल,** हिमालचुली, **विराटनगर : पूर्वाअञ्चल पुस्तक भण्डार, दो.सं. २०२६**

ईश्वर बरालले हिमालचुली नामक कवितात्मक सङ्ग्रह सङ्कलन गरेका छन् । यस पुस्तकाकार कृतिमा बरालले लेखनाथ पौड्याल भाषाका क्षेत्रमा प्रखर प्रयोक्ता हुन् भनी यस कृतिको भूमिकामा टिप्पणी गरेका छन् । यसको भूमिकामा पौड्यालले नेपाली शब्दलाई चलाउनुभयो, छन्दोबद्धकारिताको हुरुक्क मरिमेटाई अनुरूप उनले संस्कृत शब्दलाई विन्यास फेरी खोरण्डो नबनाई त्यसलाई व्याकरणिक नियम अनुसार सुधार गर्न सफल भए भनी बरालले यहाँ उल्लेख गरेका छन् । भाव पक्षलाई उज्यालो पार्दै भाषालाई सुन्दर रूपले परिमार्जित गरेर विषयवस्तुलाई उत्कृष्ट ढङ्गबाट आकर्षित तुल्याई रीतिकालीन परम्पराको चातुर्य दार्शनिकताको गहनता, नीतिकारिता युवानुकूल भाव प्रेषण, भावनिष्ठा र लाक्षणिक वैचिœय सबैको चमत्कार पौड्यालका भाषामा पाइने विचार बरालले व्यक्त गरेका छन् ।

**लेखनाथ पौड्याल,** लक्ष्मीपूजा, **विराटनगर : पुस्तक संसार, दो.सं. २०२८**

लक्ष्मीपूजा नाट्यकृति लेखनाथ पौड्यालद्वारा लेखिएको नाटक हो र यसको भूमिकामा पौड्यालले यस नाटकमा विभिन्न पक्षमाथि सामान्य सूचना दिएका छन् । पौड्यालले यसको भूमिकामा आफूले एउटा सामाजिक नाटक लेखेर पाठकवर्गका माझ ल्याएको र यसका विभिन्न गुण दोषहरू पनि रहेको टिप्पणी गरेका छन् । पौड्यालले

यस नाटकको गुण र दोष पाठक वर्गले सही ढङ्गबाट केलाएर दूधको दूध पानीको पानी गरी सत्य र न्यायको माझमा दोषलाई पृथक बनाई सकारात्मक दृष्टिले हेर्ने आशा गरेको पौड्यालले यहाँ औंल्याएका छन् ।

**लेखनाथ पौड्याल,** लालित्य (**कविता सङ्ग्रह**) **प्रथम भाग, ललितपुर : साझा प्रकाशन, चौ.सं. २०३२**

लेखनाथ पौड्यालले लालित्य कविता सङ्ग्रह प्रथम भाग कृति रचेका छन् र यसको वक्तव्यमा पौड्यालले पाठकवर्गको प्रेरणा स्वरूप आफूले लेख्न प्रोत्साहन पाएको टिप्पणी गरेका छन् । वक्तव्यमा विद्यार्थी र पाठकवर्गबाट प्रोत्साहन पाएँ, अनि मेरो उत्साह र आत्मविश्वास पल्लवित हुँदै गयो जुन मनुष्य-हृदयका निमित्त स्वाभाविक कुरा हो त्यसैले केही न केही लेख्दै आएँ र लेख्दै पनि छु भनी पौड्यालले यहाँ उल्लेख गरेका छन् । अहिले धेरै जसो देशबन्धुहरूको अनुरोध अनुसार अघि बेलाबेलामा लेखिएका र यत्रतत्र छरिएका फुटकर कविताहरू र केही नयाँ कविताहरू समेत एकत्रित गरी यो दुई भागमा विभक्त कवितासङ्ग्रहको रूपमा तपाइहरूको माझ अगाडि राख्न पाउँदा आफूलाई ठूलो हर्ष लागेको विचार पौड्यालले व्यक्त गरेका छन् ।

**चूडामणि बन्धु,** साझा कविता, **ललितपुर : साझा प्रकाशन, ते.सं. २०३४**

साझा कविता चूडामणि बन्धुद्वारा सङ्कलन गरिएको पुस्तकाकार कृति हो, यसको प्राक्कथनमा बन्धुले लेखनाथ पौड्यालको नेपाली साहित्यमा सेवा र उनका विविध रचनाका बारेमा सामान्य चर्चा गरेका छन् । नेपाली काव्यको इतिहासमा सबभन्दा लामो युगसम्म सेवा गर्ने पौड्याल युगको प्रवाहका साथ बगे आफ्नै प्रकृति, परम्परागत संस्कार तथा संस्कृतिका साथ नयाँपनको आविर्भाव गराउने व्यक्तित्व भएको भनी बन्धुले यहाँ उल्लेख गरेका छन् । पौड्यालका कवितामा नेपाली समाजको साठी वर्षको इतिहास देखिन्छ त्यसैले पौड्याल गतिशील व्यक्तित्व हुन भन्दै ऋतुविचार, बुद्धिविनोद, सत्यकलि संवाद, तरुण तपसी र अपूर्ण गङ्गा गौरी तथा अरू असंख्य कवितामा उनी ब्रह्मा जिज्ञासु, अध्यात्मवादी, सहानुभूतिदाता, सुधारक र कर्मयोगी छन् भनी बन्धुले टिप्पणी गरेका छन् ।

**रत्नध्वज जोशी,** ऋतुविचार र लेखनाथ, **काठमाडौं : ने.रा.प्र.प्र., २०३६**

रत्नध्वज जोशीले ऋतुविचार र लेखनाथ पुस्तक लेखेका छन् । त्यसमा जोशीले लेखनाथ पौड्यालले रचेको ऋतुविचारको विश्लेषण गरेका छन् । जोशीले लेखेको ऋतुविचार र लेखनाथ पुस्तकको प्रकाशकीयमा प्रकाशकले लेखनाथ पौड्यालले रचेको ऋतुविचार नेपाली साहित्यकै उत्कृष्ट कृति र नौलो पाइलो भएको टिप्पणी गरेको छ ।

ऋतुविचारबाट नेपाली साहित्यमा नव वसन्त प्रारम्भ भई नेपाली भाषामा शब्दको लालित्य र कविताको नौलो छटाले मुग्ध पार्छ फलस्वरूप यस रचनाको सर्वत्र स्वागत हुन्छ भनी प्रकाशकीयले उल्लेख गरेको छ । यसैको प्रेरणा र प्रोत्साहन स्वरूप लेखनाथ सर्तक हुन्छन् जसले लेखनाथलाई पृथक अस्तित्त्वको बोध हुन्छ यसले गर्दा रचनामा पर्न गएको संस्कृतको प्रभावलाई हटाउँछन्, हलन्त बहिष्कार गर्छन् र ग्राम्य दोषलाई पुछेर फाल्छन् भन्दै पौड्यालको शैलीमा अझै गतिमयता र भावमा गंभीरता आउँछ भन्ने विचार प्रकाशकीयले व्यक्त गरेको छ । सत्रवर्षको अवधिमा लेखनाथले जुन जीवनबोध गरे, त्यसले ऋतुविचारको परिष्कृत रूपमा झन जीवन्तता ल्याएको प्रकाशकीयले बताएको छ ।

**माधवप्रसाद घिमिरे,** पच्चीस वर्षका खण्डकाव्य, **काठमाडौं : ने.रा.प्र.प्र., २०३९**

पच्चीस वर्षका खण्डकाव्य पुस्तक सम्पादक माधवप्रसाद घिमिरेद्वारा सम्पादन गरिएको हो ने.रा.प्र.प्र. ले प्रकाशनमा ल्याएको हो । यस पुस्तकको सम्पादकीयमा लेखनाथ पौड्यालको भाषिक पक्ष र अध्यात्म पक्षको सामान्य चर्चा गरिएको छ । सम्पादकीयमा प्रतिष्ठानले लेखनाथका काव्यमा लयको लालित्य, शैलीको परिष्कार र भाषावेग पाइन्छ भन्दै आफ्नै प्राचीन परम्पराबाट उठेर नवीनताका थुङ्गा टिप्ने पौड्याल एक प्रतिभाशाली व्यक्तित्व भएको प्रतिष्ठानले उल्लेख गरेको छ । यस्तै गरी साँस्कृतिक चेतना र आध्यात्मिकताले मण्डित् उनका काव्यले आदर्शोन्मुख र उदात्त चरित्रको निर्माण गर्छन् भन्दै आजको मानवीय समस्याको समाधानमा उदात्त चरित्र, उच्च आध्यात्मिकता खोज्दै पौड्यालले स्थापित मान्यतालाई नै नयाँ रूपमा स्थापित गर्छन् भन्ने प्रतिष्ठानले औंल्याएको छ । प्रकृति जीवनभित्र परिवर्तनशील मानव जीवन ध्वनन् गर्ने पौड्यालका रचनामा प्रकृति, मानव र अध्यात्मको त्रिवेणी पाइन्छ भन्ने विचारले प्रतिष्ठानले सम्पादकीयमा व्यक्त गरेको छ ।

**डकुमेण्टेशन शाखा,** कवि शिरोमणि श्री लेखनाथ पौड्याल वाङ्मयसूची, **त्रि.वि., कीर्तिपुर, २०४१**

कवि शिरोमणि श्री लेखनाथ पौड्याल वाङ्मयसूची डकुमेण्टेशन शाखा त्रि.वि. केन्द्रीय पुस्तकालयले तयार पारेको सूचनात्मक पुस्तिका हो, यस वाङ्मयसूचीको दुई शब्दरूपी भूमिकामा श्रीमती शान्ति मिश्रद्वारा लेखनाथ पौड्याल नेपाली समाजले देखेका कविहरूमध्ये सवभन्दा वरिष्ठ र ख्याति प्राप्त कवि हुन् भनी टिप्पणी गरिएको छ । पौड्यालका समकालीन र पछिका सबैजसो कविहरूले पनि आदर र श्रद्धा गर्ने गुरु कवि पौड्याल नै भएको जसको शैलीमा सरल र भाषामा रोचक कविता पाइने हुनाले उनका रचनाले समग्र पाठकलाई आकर्षित गर्छन् भनी मिश्रले उल्लेख गरेकी छन् ।

**तीर्थराम झा 'जानकीशरण'**, पं. लेखनाथ पौड्यालको ऋतुविचार, **काठमाडौं : अमृतकुमार अर्याल, २०४१**

लेखनाथ पौड्यालले रचेको ऋतुविचार मा तीर्थराम झाले पं. लेखनाथ पौड्यालको ऋतुविचार शीर्षकको पुस्तक लेखेका छन् । यस पुस्तकको प्रकाशकीय प्रकाशकले झाप्रति कृतज्ञता प्रकट गर्दै लेखनाथ पौड्यालको आलङ्कारिक प्रतिभाका बारेमा सामान्य टिप्पणी गरेको छ । पौड्यालको ऋतुविचार जस्तो प्रसिद्ध कृतिको साङ्गोपाङ्गो रूपमा भनेजस्तै समीक्षा यस पुस्तकमा झाले प्रस्तुत गर्न सफल भए भन्दै पौड्याल आलङ्कारिक प्रतिभा भएका व्यक्तित्व भएकोले उनको आलङ्कारिक प्रतिभा पहिल्याउन झा सफल भएको प्रकाशकले उल्लेख गरेको छ । ऋतुविचारसम्बन्धी प्रेरणा स्रोत आलङ्कारिक प्रतिभा र कवि व्यक्तित्वलाई लक्ष्यगरी मोटा-मोटी रूपमा तीन भागमा प्रस्तुत गरिएको यस कृतिबाट लेखकको अनुसन्धान तथा समालोचना दुवै पक्षको लेखाजोखा राम्ररी हुन गएको चर्चा प्रकाशकले गरेको छ ।

**टीकाप्रसाद शर्मा**, लेखनाथ प्रवचन माला, **धरान : त्रिभुवन विश्वविद्यालय पिण्डेश्वर विद्यापीठ, २०४२**

टीकाप्रसाद शर्मा सम्पादकद्वारा सम्पादित प्रस्तुत लेखनाथ प्रवचन माला कृतिको भूमिकामा उपकुलपति महेशकुमार उपाध्यायले कविशिरोमणि पौड्याल जीवित अवस्थामा हाम्रा समादरणीय कविशिरोमणि भएको भन्दै पौड्याल आज पनि उत्तिकै परमादरणीय संस्मरणीय अनि आदर्श राष्ट्रिय विभूति भएको टिप्पणी मन्तव्यमा उपाध्यायले गरेका छन् । नेपाली साहित्यलाई सगरमाथाको उच्च शिखरमा पुऱ्याउन नेपाली भाषालाई उठाउन जुन प्रशंसनीय अथक प्रयत्न गरे यो गुनलाई नेपाल र नेपालीले कहिल्यै नविर्सने उपाध्यायले उल्लेख गरेका छन् ।

**रमा शर्मा**, कविशिरोमणिको ऐतिहासिक रथयात्रा, **काठमाडौं : नेपाली शिक्षा परिषद्, २०६२**

कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तक रमा शर्माले सम्पादन गरेकी हुन् र यस पुस्तकको सम्पादकीयमा रमा शर्माले रथयात्राको पचास वर्षको अन्तरालमा कविशिरोमणि लेखनाथको नेपाली शिक्षा परिषद्ले नेपाली साहित्यमा प्रथम रथयात्रा स्वर्णजयन्ती मनाउने निर्णय गरेको कुरा उल्लेख गरेकी छन् । यस कार्यक्रमका लागि परिषद्ले प्रमुख दुई कार्यक्रम राखेको तीमध्ये पहिलो लेखनाथ अभिनन्दन समितिमा रहेर उल्लेखनीय योगदान दिनेहरूलाई यस वर्ष सम्मान गर्ने र अर्को महŒवपूर्ण अभिलेख सङ्कलन गरी कविशिरोमणिको ऐतिहासिक रथयात्रा कृति प्रकाशन गर्ने हुन् भनी सम्पादक शर्माले यहाँ बताएकी छन् ।

**लेखनाथ पौड्याल, तरुण तपसी, ललितपुर : साझा प्रकाशन, बाह्रौं सं. २०६२**

तरुण तपसी लेखनाथ पौड्यालद्वारा लेखिएको नव्यकाव्य हो जुन पौड्यालले लेखेका सम्पूर्ण कृतिहरूमध्ये सबैभन्दा ठूलो महाकाव्यस्तरको कृति हो । यस काव्यको भूमिकामा बालकृष्ण समले तरुण तपसीमा लेखनाथको पूर्णप्रकाश छ रुखलाई तपसी बनाएर आदिदेखि अन्त्यसम्म जुन किसिमले त्यसलाई कविले निर्वाह गरेका छन् त्यसमा लेखनाथ बोलेको र रुख बोलेको एकात्मकता लाग्दछ भनी यसको भूमिकामा लेखक समले टिप्पणी गरेका छन् । यस कृतिमा आफूले अघि पनि भूमिका लेखेको भन्दै लेखनाथले नेपाली भाषाको ऋण तिरे तर यो कुरा कविको कानमा नपरोस्, कविलाईचाहिँ लागोस् 'म अझै ऋणि छु' भन्ने कुरा उल्लेख गरेका छन् । यस्तै गरी पौडयाल त्यो वृक्षजस्तो बनून्,जुन नढली फल दिन छोड्दैन भन्दै हामी रसास्वादन गर्न पाइरहौं उनी चाहिँ सदैव हरियो, तरुण र चिरञ्जीवी होऊन् भनी समले आफ्नो विचार व्यक्त गरेका छन् ।

## तेस्रो परिच्छेद

# लेखनाथ पौड्यालसम्बन्धी पुस्तकाकार अध्ययनहरूको सर्वेक्षण

विभिन्न पुस्तकाकार कृतिहरूमा लेखनाथ पौड्यालसम्बन्धी विभिन्न लेखक, समालोचकहरूबाट विभिन्न अध्ययनहरू हुँदै आइरहेको पाइन्छ । यस्ता अध्ययन परम्पराहरूमा पौड्यालमै केन्द्रित पुस्तकहरू प्रकाशित भएका छन् भने अन्य विभिन्न विषयका पुस्तकहरूमा पनि पौड्यालका विविध पक्षलाई लिएर अध्ययन भएको पाइन्छ । यस परिच्छेदमा पौड्यालका सम्बन्धमा अध्ययन गरिएका पुस्तकाकार कृतिहरूमध्ये पौड्यालमै केन्द्रित पुस्तकहरूको मात्र अध्ययन गरी सर्वेक्षणात्मक निष्कर्ष कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

**चूडानाथ भट्टराय,** तरुण तपसी मीमांसा, **ललितपुर : जगदम्बा प्रकाशन, २०१८**

चूडानाथ भट्टरायले तरुणतपसी मीमांस पुस्तक लेखेका छन् । त्यसमा भट्टरायले लेखनाथ पौड्यालले रचेका तरुण तपसीको विश्लेषण गरेका छन् र त्यसो गर्दा भट्टरायले तरुण तपसीमा अभिव्यक्त दर्शन र त्यसलाई व्यक्त गर्दा आँगालेको कलापक्षका बारेमा गुणदोष-मूलक टिप्पणी पनि गरेका छन् । भट्टरायको विचारमा तरुण तपसीले दर्साएको विचार र दर्शनभन्दा साहित्यिक कल्पनाले माधुर्यलाई सुगन्धित बनाएको कुरा व्यक्त भएको छ । यस कृतिको भाषा प्रयोगमा गिर्खा नलाग्नु, कल्पनाको प्रवाहमा थिग्रो नलाग्नु, कल्पनाको कलालाई निचुरेर सहजता प्रदान गर्न सक्नु, उर्वरा भूमिमा विश्वको सम्पति रूपलाई फैलाउनु र नेपाली साहित्यको दार्शनिक रूपमा ढालेर सुन्दरता प्रदान गर्नु साथै विभिन्न तत्त्वहरूको मिश्रण गराई नेपाली सहत्यिमै अपूर्व ग्रन्थ बनाउन सक्नु पौड्यालको तरुण तपसी पुस्तकका गुण हुन् भने कल्पना दर्शनको भूमरीमा फनफनाउनु वा गजेल्टिनु, भावनामा उनिएका सबै ज्ञानराशि र दर्शन घातप्रतिघात, संघर्ष तथा अन्तर्द्वन्द एकत्रित भएर तरुण तपसी पुस्तकमा थुप्रिनु दोष पक्ष भएको विचार भट्टरायले व्यक्त गरेका छन् । यसका केही शैली र पदशØयाका केही श्लोक मेघदूतबाट लिएको, बौद्धिकताको चापले कलापक्षको समर्थन र भावको तीव्रताले समन्वयात्मकताको अभाव आदि यस कृतिका दोष हुन् । यसरी गुण र दोष दुवै पक्ष केलाउँदा भट्टरायले केही दोषका बीचबाटै शैलीको शिलान्यासमा नेपाली ढाँचाको भवन बनाई भाषा शैलीलाई रसिलो बनाउने तरुण तपसी कृति एक उच्च र अनुपम रहेको टिप्पणी गरेका छन् । नेपाली साहित्यमा यस कृतिको भावनामा मस्तिकष्कको, साधनामा हृदयको जति ठूलो सहारा छ त्यति नै तरुको त्याग र

बलिदानको निम्ति यस तरुण तपसी कृतिको महत्त्व र विशिष्टता रहेको विचार भट्टरायले व्यक्त गरेका छन् ।

**जीवननाथ उपाध्याय अधिकारी, तरुण तपसी प्रदर्शिका, दार्जिलिङ : श्री राज प्रकाशन, ई,सं. १९७१**

आफ्नो पुस्तक तरुण तपसी प्रदर्शिका मा जीवननाथ उपाध्याय अधिकारीले लेखनाथ पोड्यालले रचेको तरुणतपसी कृतिको विश्लेषण गरेका छन् । यसमा अधिकारीले तरुण तपसीमा अभिव्यक्त दर्शन र त्यसलाई व्यक्त गर्दा देखापरेको अद्वैत दर्शन र अन्य पक्षको समेत टिप्पणी गरेका छन् । यस कृतिमा लेखक अधिकारीले अद्वैत दर्शन प्रतिपादन भएको भन्दै अध्यात्मदर्शन र वेदान्तदर्शन देखाउनु नै मूल विषय रहेको विचार व्यक्त गरेका छन् । उपनिषद् रहस्य भएको अद्वैत बुद्धि मोक्षदायी रहेकोले कविको अभिरुचि पनि त्यतैतर्फ फर्किएको धारणा अधिकारीले पोखेका छन् । तरुण तपसीका ठाउँ ठाउँमा लेखनाथ अद्वैत अभिरुचितर्फ नै फर्किएको, जीवात्मा र ईश्वरबीच अभेद सम्बन्ध देखाउने प्रयास गरेको पाइन्छ भनी अधिकारीले यहाँ भनेका छन् । यस्ता उदाहरणको लागि प्रथम सर्ग, तृतीय सर्ग वा विश्राम, सत्तम विश्राम लगायत अन्य केही विश्राम  रहेको पाइन्छ । चङ्गाका प्रसङ, चराको हत्या काण्डको दर्शनमा कवि पौड्यालले यही भाव व्यक्त गरेको अधिकारीले औंल्याएका छन् । लेखक अधिकारीले पौड्यालमा कविमा हुनु पर्ने कलात्मक चेतना जागरुक भएकाले नै बाटो विराएर टाढा जान नपाउँदै पुनः सही मार्गमा फर्किएको र आफ्नो कवित्वलाई सही ढङ्गले दार्शनिक रङ्ग लगाई आफ्नो कृतिमा व्यक्त गर्न सफल भएको भनी पौड्यालको प्रशंसा अधिकारीले गरेका छन् । यस काव्यमा काव्यात्मक चेतना सजग अवस्थामै अलङकारयुक्त भई व्यक्त भएको र उक्त कृतिमा विभिन्न अवस्थाको वर्णन सहज ढङ्गबाट भएको विचार अधिकारीले अभिव्यक्त गरेका छन् । चन्द्रोदय, सूर्योदय आदिको वर्णन शृङ्गारिक ढङ्गबाट भएको छ र आजसम्म कुनै कृतिमा यस्तो अद्वैत दर्शन व्यक्त नभएको जुन चाहिँ यस तरुण तपसीमा मात्र व्यक्त भएको टिप्पणी लेखक अधिकारीले गरेका छन् । अद्वैत दर्शनसम्बन्धी ज्ञानमा कवि पौड्याल गहिरिएर पसेको भन्दै पौड्यालको शारीरिक बनावटमा नै ऋृषि मुनिहरूका गुण पाइएको धारणा अधिकारीले व्यक्ताएका छन् । तरुण तपसी भौतिकबादबाट मुक्त हुँदै अध्यात्मतर्फ अभिमुख भएको दर्शन र कलाको प्राकृतिक रूपले समन्वय भएको कृतिका रूपमा यसलाई अधिकारीले उल्लेख गरेका छन् ।

**रत्नध्वज जोशी , ऋतुविचार र लेखनाथ, काठमाडौं : ने.रा.प्र.प्र. २०३६**

रत्नध्वज जोशीले ऋतुविचार र लेखनाथ शीर्षकको पुस्तक लेखेका छन् । यस पुस्तकमा लेखक जोशीले लेखनाथ पौड्यालले रचेको ऋतुविचार कृतिको विश्लेषण गर्दै लेखनाथलाई चिनाउने काम गरेका छन् । लेखनाथलाई चिनाउने क्रममा नेपाली भाषालाई सिंगारिदिने कवि पौड्याल आफ्नो समयको अद्वितीय कवि रहेकोले उनको भविष्य उज्वल रहेको टिप्पणी जोशीले गरेका छन् । पौड्यालले शब्दमा रहेको त्रुटिलाई सही रूप दिएर सच्चाउन कसरत गरे, आफ्नो सिर्जना भित्रका नेपाली तथा संस्कृत भाषाका शब्दहरूलाई एउटा निश्चित रूप दिएको विचार जोशीले प्रस्तुत गरेका छन् । भ्याउतो, गीद जस्ता लेख्य भाषा रहेको अवस्थामा क्रमशः भ्यागुतो, गीत जस्तो शुद्ध लेख्य भाषाको थालनी गरेका पौड्यालको भाषाका क्षेत्रमा विशिष्ट योगदान गरको जोशीद्वारा उल्लेख गरिएको छ । भाषा परिष्कारको क्षेत्रमा पौड्यालको जुन किसिमको योगदान छ त्यो नेपाली भाषाका क्षेत्रमा अनुपम उपलब्धि रहेको भन्दै उनकै प्रेरणा बालकृष्ण सम लगायत आजका साहित्कार तथा भाषाप्रेमीले ग्रहण गर्दै आएका र ग्रहण पनि गर्नुपर्ने मत जोशीले जाहेर गरेका छन् । संस्कृतका कालिदासको शैलीलाई सम्झाउने लेखनाथको शैलीले नेपाली काव्य भाषालाई बाटो देखाएको, अध्यात्म जस्तो विषयलाई पहिलो विनोद र तरुण तपसी काव्य भाषामा ढालेर नेपाली काव्यको स्तरलाई उठाएको विचार लेखक जोशीले पोखेका छन् । सबैभन्दा प्यारो विषय अध्यात्म चिन्तनलाई तरुण तपसी लगायत ऋतुविचारका ठाउँ ठाउँमा झलक दिएका र ऋतुविचार जस्तो प्रकृतिमय काव्यको रचना गरेका पौड्यालले आफ्नो जीवनको दौरानमा अनेक कृतिहरूको सफलतापूर्वक अवतरण नेपाली साहित्यमा गराएको जोशीले बताएका छन् । विविध ऋतुहरको सफलतापूर्वक वर्णन गर्न सफल कवि पौड्यालको यो कृति ऋतुविचार एक प्राकृतिक विविधतामय वर्णनमा आधारित उच्तम परिष्कृत रचना रहेको टिप्पणी जोशीद्वारा गरिएको छ । भाषाप्रेमी र दीर्घजीवी पौड्यालले भाषाका क्षेत्र लगायत साहित्यका क्षेत्रमा समेत महत्त्वपूर्ण र अद्‌भूत सेवा गरेको जोशीले चर्चा गरेका छन् । शब्द छनौटमा होसियारीपनको सफलता ऋतुविचारमा पौड्याललाई मिलेको विचार व्यक्त गर्दै ऋतुविचारले आफ्नो विषयको प्रतिनिधित्व सफलतापूर्वक गर्न समेत सफल रहेको धारणा जोशीले अभिव्यक्त गरेका छन् ।

**तीर्थराम झा 'जानकीशरण', पं लेखनाथ पौड्यालको** ऋतुविचार, **काठमाडौं : अमृतकुमार अर्याल, २०४१**

लेखनाथ पौड्यालद्वारा रचिएको ऋतुविचारमा तीर्थराम झा 'जानकीशरण'ले पं लेखनाथ पौड्यालको ऋतुविचार नामक पुस्तक लेखेका छन् । यस पुस्तकमा लेखक झाले पौड्यालको र उनको ऋतुविचारको विविध पक्षको चर्चा गरेका छन् । यस पुस्तकमा कवि पौड्याल प्राचीन पूर्वीय सैद्धान्तिक पक्षका पक्षपाती भएर पनि समसामयिक विभिन्न पक्षका गहन समीक्षक तथा प्रगतिवादी कवि भएको टिप्पणी झाले गरेका छन् । उक्त कुराको प्रमाण पौड्यालका विभिन्न आलङ्कारिक प्रतिभाले र कल्पना शक्तिको छटाले पूष्टि भएको झाले बताएका छन् । सामान्य नगण्य रूपको विषयलाई पनि कल्पनाको शक्ति चमत्कारद्वारा सहज सरल रूपले व्यक्त गर्नु कवि पौड्यालको आफ्नैपन हो भन्ने झाको दृष्टिकोण छ । पं लेखनाथको प्रतिभा पुञ्ज वस्तुतः ऋतुविचारमा केन्द्रित रहेको यसैका माध्यमबाट उनको साहित्यिक अभिव्यक्ति सहज रूपबाट हासिँरहेको झाले उल्लेख गरेका छन् । ऋतुविचारमा अनेक प्रकारका सामाजिक, नैतिक, अध्यात्मिक, साँस्कृतिक , धार्मिक तथा विविध प्रकारका प्राकृतिक पक्षको चित्रण भएको चर्चा झाद्वारा गरिएको छ । यस कृतिमा पोखिएका वा अभिव्यक्त भएका विभिन्न आध्यात्मिक दर्शनसम्बन्धी आफ्ना अनूभूतिले पौड्याललाई जीवनचङ्गा उडाउने रहर लागेको आभाष मिलेको देखिन्छ भनी झाले प्रस्ट्याएका छन् । यसमा पौड्यालले मधुर कोइलीरूपी स्वरमा को ? को ? भन्दै कसैको परिचय लिन लागेको विचार झाले जनाएका छन् । साथै विवेक वाटिकाको 'सानो फूल' टिपेर त्यसको सुगन्ध र सौन्दर्यमा मक्ख पर्दै विश्राम घाटको पवित्र स्मृतिमा पौड्याल रमाएको कुरा झाले दर्शाएका छन् । ऋतुविचारले नै अध्यात्म वाटिकाको सानू सुगन्ध फूल फिँजाउन सफल भएको टिप्पणी झाद्वारा गरिएको छ । । जीवन ज्योतिको झल्को यस कृतिबाट पौड्यालले प्राप्त गर्न सफल भएको र यसैबाट लेखनाथका जे जति काव्यात्मक अभिव्यक्ति छन् ती सबैको प्रारूप सर्वप्रथम ऋतुविचारबाटै प्रकट भएको र कवि शिरोमणिको मूल सम्पति ठहरिन पुगेको कुरा झाले बताएका छन् ।

**वासुदेव त्रिपाठी, कविशिरोमणि लेखनाथका प्रतिनिधि कविता सङ्ग्रह, काठमाडौं : श्री ५ को सरकार सूचना विभाग, २०४२ ।**

कविशिरोमणि लेखनाथका प्रतिनिधि कविता सङ्ग्रह शीर्षकको पुस्तकाकार कृति वासुदेव त्रिपाठीद्वारा सम्पादन गरिएको हो जसमा लेखनाथ पौड्यालले रचेका फुटकर रचना सङ्कलित छन् । जम्मा जम्मी एक सय अट्ठाइस पृष्ठमा आवद्ध प्रस्तुत सङ्ग्रह दुई खण्डमा विभाजित छ जसअन्तर्गत पहिलो खण्डमा पन्ध्रवटा कविता र दोस्रो

खण्डमा सत्ताइस  वटा कविता सङ्कलित छन् । यस सङ्ग्रहको परिशिष्ट भागमा सम्पादक त्रिपाठीले तीनधारा पाठशालामा रही संस्कृत मध्यमाको अध्ययन गरिरहेका वखत नै लेखनाथको कविता अभ्यास विशेष तीव्र भएको बुझिन्छ भनी उल्लेख गरेका छन् । पौड्याल आधुनिक नेपाली समाजका नतिक  आध्यात्मिक कवि गुरु हुन् भन्दै उनी आध्यात्मिक काव्य सौन्दर्यका सर्वोच्च नेपाली स्रष्टा समेत भएको टिप्पणी त्रिपाठीले गरेका छन् । कविता कल्पद्रुमको माध्यमबाट जुन कविता यात्रा थालियो त्यो पौड्यालको शेष जीवनकालभर अक्षुण्ण र गतिशील रह्यो भन्ने विचार त्रिपाठीले व्यक्त गरेका छन् । यसै गरी पौड्याल पुराना कविमध्ये सबभन्दा नयाँ र हाम्रो आधुनिक कविमध्ये सवभन्दा पुराना कविमध्ये सवभन्दा नयाँ र हाम्रो आधुनिक कविमध्ये सवभन्दा पुराना जगको भूमिका खेल्ने महान् परिष्कारवादी कवि हुन् भन्ने कुरा सम्पादक त्रिपाठीले औंल्याएका छन् ।

**टीकाप्रसाद शर्मा, लेखनाथ प्रवचनमाला, धरानः त्रिभुवन विश्वविद्यालय पिण्डेश्वर विद्यापीठ, २०४२**

लेखनाथ प्रवचन माला शीर्षकको पुस्तक टीकाप्रसाद शर्माद्वारा सम्पादित कृति हो र यो लेखनाथ पौड्यालसम्बन्धी प्रवचन कार्यक्रमको आयोजना गराई वि.सं. २०४२ सालमा सम्पादन गरिएको पुस्तकाकार कृति हो जसमा जम्मा दसजना विभिन्न विद्धान्हरूको लेखनाथ पौड्यालमा केन्द्रित रहेका लेखहरू संकलित छन् । यसरी भिन्न भिन्न विद्धान् तथा लेखकहरूको पौड्यालमै केन्द्रित भिन्न शीर्षकमा दसवटा लेखहरू यस पुस्तकमा सङ्कलित छन् जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**माधवप्रसाद पोखेल, 'लेखनाथ पौड्यालका आयामहरू; लेखनाथ प्रवचन माला, धरान : त्रिभुवन विश्वविद्यालय पिण्डेश्वर विद्यापीठ, २०४२**

'लेखनाथ पौड्यालका आयामहरू' शीर्षकको लेख लेखक माधवप्रसाद पोखेलद्वारा लेखिएको हो र यसमा पोखेलले लेखनाथ पौड्याललाई अध्ययन गर्न समग्र पक्षबाट हेर्नु पर्ने भन्दै गुण र दोष दुवै केलाउनु नै पौड्यालको सही मूल्याङ्कन हुने कुराको टिप्पणी गरेका छन् । मान्छेमा गुण र दोष दुवै पक्ष रहने हुनाले पौड्यालमा पनि यी दुवै प्रवृत्ति विद्यमान रहेको अवस्थामा पौड्याल र कृतिमा विभिन्न आयमहरू देखापर्ने कुरा लेखक पोखेलले यहाँ उल्लेख गरेका छन् । प्रकृति, राष्ट्रियता, काव्यसत्र, नैतिकता, भाषा, आध्यात्मिकता, दर्शन र समाज जस्ता कुराको अध्ययन पौड्यालले आफ्ना कवितामार्फत गरेको हुनाले पौड्याल नेपाली साहित्यको प्रतिभाशाली आयाम बनेको कुरा पोखेलले उल्लेख गरेका छन् । पौड्यालका कवितामा प्रतिभाको मूल्य छ र

समयको प्रवाह भएकोले उपनिषद्को आदर्श नै पौड्यालको आदर्श हो भन्ने लेखक पोखेलले यस लेखमा औँल्याएका छन् ।

**पोषराज निरोला, 'लेखनाथ पौड्यालका काव्यभित्रको नैतिकता', (पूर्ववत्), २०४२**

पोषराज निरोलाले 'लेखनाथ पौड्यालका काव्यभित्रको नैतिकता', शीर्षकको लेख लेखेका छन् र यो लेखनाथ प्रवचन माला कृतिमा प्रकाशित छ । यसमा लेखक निरोलाले लेखनाथ पौड्यालका रचना अर्थात, काव्यमा पाइने नैतिक, आदर्श पक्षमाथि संक्षिप्त चर्चा गरेका छन् । पौड्याल नेपाली काव्य गरिमाको गौरवमय परम्परा बसाल्ने विशिष्ट पुरुष भएको र कविताबाट परम वस्तुतत्त्वको अध्यात्मलाई प्रकट गर्ने वक्ता समेत भएको टिप्पणी लेखक निरोलाले गरेका छन् । व्यवहार र अध्यात्मविषयक ज्ञान गराउन पौड्यालले नैतिकताकै मार्गलाई कवितामा अवलम्बन गरेका र यसबाट मानवले आदर्श ग्राह्यस्थ जीवनको जग बसाउने भनी पौड्यालको विचारलाई लेखक निरोलाले व्यक्त गरेका छन् । जीवन र परमात्माको सम्बन्धमा अनवरत चिन्तन र मनमा तल्लीन रहने पौड्याल मानवलाई भौतिक विषयप्रति अनासक्त भएर आत्मचिन्तनतर्फ लाग्न प्रेरणा दिन्छन् भन्ने विचार लेखक निरोलाले व्यक्त गरेका छन् । आफ्ना काव्यात्मक भावभूमिमा पौड्यालले नैतिक पक्षलाई ज्यादा रोचक र मार्मिक ढङ्गले व्यक्त गरेको कुरा निरोलाले बताएका छन् ।

**छविलाल पोखेल, 'कविशिरोमणि लेखनाथ ज्यू', (पूर्ववत्), २०४२**

छविलाल पोखेलद्वारा लेखिएको 'कविशिरोमणि लेखनाथ ज्यू', शीर्षकको लेख लेखनाथ प्रवचन माला पुस्तकमा प्रकाशित छ । यसमा पोखेलले लेखनाथ पौड्याल र त्यतिवेलाको समयगत वातावरणको वस्तुस्थितका बारेमा टिप्पणी गरेका छन् । राणाकालीन कठोर शासन र परम्परावादी सोचका कारण त्यतिवेला समाज सचेत लेखक र सुधारवादी सचेतक पौड्याल जस्ता कविलाई परेको आपत्तीले लेखकवर्ग च्यापुमा पर्न बाध्य भएको चर्चा लेखक छविलालले गरेका छन् ।

त्यतिवेलाको आर्थिक संकट, परम्परावादी चिन्तन र कठोर शासनलाई आफ्ना लेखमार्फत अभिव्यक्त गर्न खोज्दा पनि सम्भव नभएको अवस्थामा पनि पौड्यालले रचनामार्फत समाजका विकृतिलाई सुधार गरी पूर्वजहरूमा श्रद्धा प्रकट र भ्रष्ट्रहरूलाई विभिन्न तरिकाबाट समर्थन र विरोध गरको देखिने कुरा यस लेखमार्फत लेखक पोखेलले उल्लेख गरेका छन् ।

**नरेन्द्र चापागाई, 'लेखनाथका कवित्वमा युगबोध', (पूर्ववत्), २०४२**

'लेखनाथका कवित्वमा युगबोध' शीर्षकको लेख नरेन्द्र चापागाईद्वारा लेखएको हो र यो लेख लेखनाथ प्रवचन माला पुस्तकमा प्रकाशित छ । यसमा लेखक चापागाईले लेखनाथ पौड्यालका कवितामा युगबोध स्पष्ट रूपमा मुखरित भएको र पौड्यालका कवितत्वको उदय शृङ्गारसिक्त भावनाका अभिव्यक्तिबाट भएको र अस्तचाहिँ आध्यात्मिक परिपाकमा भएको भन्ने कुरा उल्लेख गरका छन् । यस लेखमा पौड्याल आध्यात्मिक चेतनाका कवि ठहरिए पनि पौड्यालका कवितामा भौतिक चेतना, राजनैतिक चेतना, सामाजिक चेतना तथा राष्ट्रिय एवं मानवतावादी चेतनाहरू प्रशस्त मात्रामा मुखरित भएका पाइन्छन् भन्ने विचार चापागाईले व्यक्त गरेका छन् । लेखनाथका फुटकर लगायत अन्य जस्तै विज्ञानको मोह, धनमहिमा, गौँथलीको चिरिबिरी, बुद्धिविनोद, सत्यकलि संवाद आदि रचनामा चेतनाका युवबोध प्रशस्त रहेको टिप्पणी लेखक चापागाईले गरेका छन् ।

**टीकाप्रसाद शर्मा, 'आक्काशिएर ज्यादा माथि जाँदा', (पूर्ववत्), २०४२**

टीकाप्रसाद शर्माले 'आक्काशिएर ज्यादा माथि जादाँ' शीर्षकमा लेख लेखी लेखनाथ प्रवचन मालामा प्रकाशित गराएका छन् । यसमा सम्पादक शर्माले आक्काशिएर ज्यादा माथि जादाको भयावह स्थिति र पौड्यालको जीवनचङ्गाको बारेमा टिप्पणी गरेका छन् । लेखनाथ पौड्यालको जीवनचङ्गामा मातृक छन्दका २० ओटा श्लोक भएको र यसमा आलङ्कारिकता पाइने कथा गाथामा चङ्गा देखापरेको र यो हाम्रो जीवनसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएको लेखक शर्माले उल्लेख गरेका छन् । अधिक माथि गएको चङ्गामा जत्तिको भयावह पाइन्छ त्यसको विपरीत सन्तुलित उडानमा उडेका चङ्गामा कलाशैल पनि दर्शनीय हुने भन्दै पौड्यालको चङ्गा उडानको कला बाजीको मुख्य दर्शनीय तत्त्व नभई यो त मध्यमार्गी समाजिक जीवनदर्शनको सामान्य दिग्दर्शन र जीवनदर्शन हो भन्ने विचार शर्माद्वारा व्यक्त भएको छ ।

**दुर्गाप्रसाद वस्ती, 'कविशिरोमणि पं. लेखनाथ पौड्याल र उनको दार्शनिक चिन्तन', (पूर्ववत्) २०४२**

'कविशिरोमणि पं. लेखनाथ पौड्याल र उनको दार्शनिक चिन्तन' शीर्षकको लेख लेखक दुर्गाप्रसाद वस्तीद्वारा लेखिएको हो र यो लेख लेखनाथ प्रवचन माला पुस्तकमा प्रकाशित छ । यसमा लेखनाथ पौड्यालका विविध रचनाका बारेमा चर्चा गर्दै दार्शनिक चिन्तनका बारेमा पनि वस्तीले समीक्षा गरेका छन् । वास्तवमा जीवनमा अनेक आरोह अवरोह भोगेका पौड्याल, भानुभक्त र मोतीरामपछिका महाहस्ती भएको भन्दै लेखनाथ आदर्श र दार्शनिक साहित्य सिर्जना गर्ने कवि भएको लेखक वस्तीले यहाँ उल्लेख गरेका छन् । नेपाली साहित्यको दर्शन पक्षलाई चित्रण गर्ने सर्वश्रेष्ठ कवि

पौड्यालमा पूर्वीय दर्शनको विशेष मोह पाइन्छ भन्दै अध्यात्म दर्शनलाई सरस एवं सरल ढङ्गले प्रतिपादित गर्ने प्रतिभा मानिन्छन् भन्ने चर्चा वस्तीले गरेका छन् ।

**नारायणप्रसाद शर्मा 'कट्टेल', 'रीतिकालीन प्रवृत्तिबाट फुत्कन खोज्दा',** (पूर्ववत्), २०४२

नारायणप्रसाद शर्मा 'कट्टेल'ले लेखेको 'रीतिकालीन प्रवृतिबाट फुत्कन खोज्दा' शीर्षकको लेख लेखनाथ प्रवचन माला पुस्तकमा प्रकाशित छ । यसमा लेखक शर्मा कट्टेलले लेखनाथ पौड्याल पुरानो युगलाई विदाई गर्ने र नयाँ युगलाई आमन्त्रण गर्ने युग प्रवर्तक भनी टिप्पणी गरेका छन् । राममणि आ. दीका सहयात्री बनेका पौड्याल माधवी पत्रिकामा प्रकाशित कविताबाट आधुनिक कवि बन्दै शृङ्गारलाई परित्याग गरी नयाँ जीवनधाराका प्रवर्तक समेत बन्न पुगे भन्ने विचार लेखक शर्मा कट्टेलले व्यक्त गरेका छन् । तत्कालीन परिवेशबाट पूर्ण परिचित पौड्याल कवितामा नयाँ दिशा बोध लालित्यमार्फत गराई, आध्यत्मिक, नैतिक आदि उपदेशमूलक कवितातर्फ ध्यान दिई नवयुगलाई अङ्कमाल गर्दै बौद्धिक लेखनलाई समेत अगाडि बढाउन पुगे भन्ने कुरा लेखक कट्टेलले बताएका छन् ।

**देवी शर्मा, 'कविशिरोमणि लेखनाथ पौड्यालका रचनामा नारी चरित्र',** (पूर्ववत्), २०४२

देवी शर्माद्वारा लेखिएको 'कविशिरोमणि लेखनाथ पौड्यालका रचनामा नारी चरित्र' शीर्षकको लेख लेखनाथ प्रवचन माला पुस्तकमा प्रकाशित छ । यसमा लेखक शर्माले लेखनाथ पौड्याललाई नारीका सन्दर्भमा अन्य समवर्ती र पूर्ववर्त्ती साहित्यकारसँग तुलना गर्दै पौड्यालका रचनामा पाइने नारी चित्रणको अवस्थाका बारेमा उल्लेख गरेका छन् । पौड्यालका धेरै जसो कृतिहरूमा नारीप्रकृति निरपेक्ष देखिए पनि पौड्यालले नारीप्रति सहानुभूति दर्शाएको पाइने र नारी वर्गप्रति आदर, सम्मान र विश्वास समेत व्यक्त गरेको कुरा लेखक शर्माले बताएका छन् । त्यतिबेलाको बर्बर, अत्याचारी समाजले नारीप्रति गरेका अन्याय, भोग्यवस्तुको कारणले नारीको जीवन अत्यन्त कारुणिक र कठोर बनेको अवस्थामा विभिन्न साहित्यकार तथा पौड्यालले पनि त्यसप्रति खुलेर वा नखुलेर विभिन्न काव्यमार्फत केही न केही हदसम्म विरोध गरेको भन्ने विचार शर्माले व्यक्त गरेका छन् ।

**कृष्णप्रसाद शर्मा 'वस्ती', 'दुई नाथ एक साथ',** (पूर्ववत्), २०४२

'दुई नाथ एक साथ' लेखक कृष्णप्रसाद शर्मा वस्तीद्वारा लेखिएको लेख हो र यो लेखनाथ प्रवचन माला पुस्तकमा प्रकाशित छ । यसमा लेखक शर्मा वस्तीले लेखनाथ पौड्याल र सोमनाथ सिग्द्यालको काव्यगत तुलना, प्रभाव र प्रतिभाव एवम् पौड्यालको

जीवनका आरोह अवरोहका साथसाथै पौड्यालका कविताले नेपाली साहित्यमा शृङ्गारिक प्रवृत्तिलाई पर सारेको कुरा उल्लेख गरेका छन् ।

**टङ्कप्रसाद न्यौपाने, 'ऋतुविचारमा प्रयुक्त उपमाहरूको विश्लेषण', (पूर्ववत्), २०४२**

टङ्कप्रसाद न्यौपानेद्वारा लेखिएको 'ऋतुविचारमा प्रयुक्त उपमाहरूको विश्लेषण' शीर्षकको लेख लेखनाथ प्रवचन माला पुस्तकमा प्रकाशित छ । यसमा लेखनाथ पौड्याल रचना ऋतुविचारमा पाइने आलङ्कारिक उपमागत विविधतामय अभिव्यञ्जनाको बारेमा लेखक न्यौपानेले टिप्पणी गरेका छन् । ६ वटा ऋतुहरूका वर्णनमा क्रियाशील लेखनाथ उस्तै रूपमा उत्तिकै अलङ्कार विधान गरिरहेका छन् भन्दै यस रचनामा प्रयोग भएका अलङ्कारलाई विभिन्न आधारमा लेखकले अभिव्यक्त गरेको भन्ने कुरा न्यौपानेद्वारा व्यक्त गरिएको छ । यसमा पौड्याललले समाज प्रकृति, आर्थिक शोषण, जडता संस्कृति, नेपाली जनजीवन, अध्यात्मदर्शन लगायत विविध विषयसित सम्बन्धित पक्ष र शास्त्रबाट उपमाहरू बटुली ऋतुवर्णन गरेको कुरा न्यौपानेले बताएका छन् ।

**वासुदेव त्रिपाठी, लेखनाथका प्रमुख कविता, ललितपुरः साझा प्रकाशन, २०४६ ।**

सम्पादक वासुदेव त्रिपाठीले लेखनाथका प्रमुख कविता शीर्षकको सानो पुस्तकाकार कृति सम्पादन गरेका छन् जसमा लेखनाथ पौड्याललले रचेका फुटकर कविताहरू सङ्कलन गरी सम्पादन गरेको पाइन्छ । यस कृतिमा त्रिपाठीले लेखनाथ पौड्याललले रचेको प्रमुख कविताहरूको विश्लेषण गर्दै पौड्यालको प्रवृत्ति र कवितायात्राको संक्षिप्त विवेचना गरेका छन् । लेखनाथ नेपाली वर्णमात्रिक गीति चेतना, परिष्कृत नेपाली काव्यभाषा, काव्यशैली र छन्दचेतनाका सर्वाधिक ललित परिष्कृत गायक भएको त्रिपाठीले स्पष्ट पारेका छन्। पौड्याल साहित्यका प्रथम पारखी स्रष्टा हुन भन्दै नेपाली प्राकृतिक सौन्दर्यको सूक्ष्म पर्यवेक्षण र व्यञ्जना गर्ने प्रथम परिष्कारवादी कवि कोकिल समेत भएको त्रिपाठीले टिप्पणी गरेका छन् । नेपाली समाजका साँस्कृतिक, आध्यात्मिक पुनर्जागरण प्रक्रियाको प्रवक्ता काव्यविद् समेत भएको र नेपाली आध्यात्मिक चैतन्य परम्परा र युगोन्मेषको समीकरणका विन्दूमा विश्वबोध र मनुष्य बोध गर्ने ऋषि कवि तपसीका रूपमा पौड्यालको स्थान सर्वोपरी रहेको विचार त्रिपाठीद्वारा व्यक्त गरिएको छ । वि.सं. १९५६ सालतिरकै आसपासबाट संस्कृत र नेपाली भाषामा समस्यापूर्ति कविता रच्न थालेका पौड्यालको साहित्ययात्राको प्रारम्भ विशेषगरी १९६१-६२ सालतिरको कविता-कल्पद्रुमः सामूहिक कवितासंग्रहबाट भएको त्रिपाठीद्वारा औंल्याईएको देखिन्छ । वि.सं. १९६१ सालबाट

आफ्नो साहित्ययात्रा थालेका पौड्यालले आफ्नो जीवनको अन्तिम अवस्थासम्म आफूलाई नेपाली साहित्यमा समर्पित गरेको प्रसङ्ग त्रिपाठीले उल्लेख गरेका छन् ।

**केशवप्रसाद घिमिरे, तरुण तपसीको पुनर्मूल्याङ्कन, ललितपुर : साझा प्रकाशन, दोस्रो सं. २०५८**

तरुण तपसीको पुनर्मूल्याङ्कन केशवप्रसाद घिमिरेले लेखेको पुस्तक हो । यसमा घिमिरेले लेखनाथ पौड्यालले रचेको तरुण तपसीको विवेचना गरेका छन् र यसक्रममा घिमिरेले तरुण तपसीका लेखनाथको सफलता, दार्शनिकता र अन्य संस्कृतका कविहरूसँगै तुलना समेत गरेका छन् । लेखनाथ पहिले दर्शनका आचार्य भएर अश्वधोषझैँ त्यसलाई प्रतिपादित गर्ने कवि नभएको र उनको उठान सुरुमा कविकै रूपमा भएको घिमिरेले प्रस्ट्याएका छन् । कविबाट दार्शनिकतातर्फ अगाडि बढेका पौड्याललाई कतै अर्ध सफलताका कतै असफलता प्राप्त भए तापनि तरुण तपसीमा आएर पूर्ण सफलता प्राप्त गर्दै दार्शनिक कविका रूपमा प्रकट भएको हो भन्ने विचार घिमिरले यहाँ व्यक्त गरेका छन् । जसरी बौद्धदर्शन प्रतिपादन गर्ने हेतुले आचार्य अश्वघोषले सौन्दरानन्द महाकाव्य लेखनमा प्रवृत्त भए त्यसरी नै कवि पौड्याल तरुण तपसीमा आएर दर्शन प्रतिपादन गर्नेतर्फ प्रवृत्त भएको चर्चा यहाँ घिमिरेद्वारा गरिएको छ । भर्तृहरिद्वारा रचिएको वैराग्यशतक दार्शनिक कृति हो भन्दै लेखनाथको दार्शनिक कविको तुलना अश्वघोष र अझ भर्तृहरिसँग गर्नुपर्ने किनकी अश्वघोषले सबल शृङ्खलाबद्ध कथानकको विधान गरी मानवीय इहा र द्वन्द्वलाई क्रमिक रूपमा राख्दै दार्शनिक बोधको लक्ष्य सम्प्राप्ति गराएका छन् भने भर्तृहरिले सौन्दरानन्द महाकाव्यमा आफ्नो वैराग्य भावना मुक्तकका रूपमा व्यक्त गरेको देखिन्छ भनी घिमिरेले औँल्याएका छन् । यसैगरी तरुण तपसीमा पनि दार्शनिक बोध प्रायः मुक्तक कोटिको भएको भन्दै दर्शनलाई कवित्वमा बाँध्न अश्वघोष र भर्तृहरिझैँ लेखनाथ पनि सफल छन् भन्ने सगर्व घोषित भएको घिमिरेद्वारा बताइएको छ । यस्तै तुलना गर्ने क्रममा दर्शनको स्तरमा कालिदाससँग पौड्यालको तुलना गर्नु अशोभनीय रहेको बरु यी दुबैबीचको कवित्वको तुलना गर्न सकिने प्रसङ्ग घिमिरले उल्लेख गरेका छन् । कालिदास दर्शन छाटने कवि नभई उनी मानव जीवनका र जगतका सूक्ष्म द्रष्टा भएका र मानवीय भावनाका कुशल अभिव्यक्तिकार हुन भने लेखनाथ मानवीय भावानुभूति र प्रकृतिनिरीक्षणका सन्दर्भमा सफल कवि भएको घिमिरेले समीक्षा गरेका छन् । घिमिरेले लेखनाथ कालिदासभन्दा ठूला कवि नहोऊन, उनी कालिदास सरहकै कवि पनि नहोऊन तर पक्कै नेपालीका कविशिरोमणि भने हुन भन्ने परिचर्चा गरेको पाइन्छ । पौड्याल नेपाली काव्यधाराका सर्वोच्च र पूर्वीय परिष्कारवादी दर्शनमा कवित्वलाई

आफ्नो शैलीले प्रस्तुत गर्ने एक कला-कौशलधर्मी र कोमल दार्शनिकता प्रतिनिधित्व गर्ने कवि हुन् भनी लेखक घिमिरेले टिप्पणी गरेका छन् ।

**रमा शर्मा, कविशिरोमणिको ऐतिहासिक रथयात्रा, काठमाडौं : नेपाल शिक्षा परिषद, २०६२**

रमा शर्माद्वारा सम्पादित प्रस्तुत कविशिरेमणिको ऐतिहासिक रथयात्रा पुस्तक नेपाली साहित्यले २००८ सालमा लेखनाथ पौड्याललाई गरेको रथयात्रा कार्यक्रमलाई पुनर्ताजकी गर्ने उद्देश्यले स्वर्णजयन्तीका उपलक्ष्यमा नेपाली शिक्षा परिषद्ले प्रकाशन गरेको हो । लेखनाथ रथयात्राको पचास वर्षको अन्तरालमा प्रकाशित प्रस्तुत पुस्तकमा लेखनाथ पौड्यालसँग केन्द्रित एक्काइस ओटा लेखहरू सङ्कलित छन् । यसमा विभिन्न विद्वान् तथा लेखकहरूले लेखेका लेखहरूलाई सङ्कलित गरी अथक परिश्रम र मेहनतका साथ सम्पादिका शर्माले सम्पादन गरेको यो पुस्तकले पौड्यालको ऐतिहासिक रथयात्रालाई वर्तमानमा पुनर्ताजकी गराई मूल्य प्रदान गर्न सफल भएको छ । यस पुस्तकमा रहेका लेखहरूलाई क्रमशः प्रस्तुत गरिएको छ ।

**राष्ट्रकवि माधवप्रसाद घिमिरे 'एसियाकै ऐतिहासिक घटना',** कविशिरोमणिको ऐतिहासिक रथयात्रा, **काठमाडौंः नेपाली शिक्षा परिषद्, २०६२**

रमा शर्माद्वारा सम्पादित कविशिरोमणिको ऐतिहासिक रथायात्रा पुस्तकमा लेखक माधवप्रसाद घिमिरेले 'एसियाकै ऐतिहासिक घटना' शीर्षकको लेख लेखेका छन् । यसमा लेखक घिमिरेले लेखनाथ पौड्याललाई रथमा राखी काठमाडौंको विभिन्न सहरमा बाजा गाजा सहित घुमाइएको र त्यस समयमा गरिएको विविध क्रियाकलापका बारेमा जानकारी दिएका छन् । यस रथयात्रा कार्यक्रममा आफू पनि उपस्थित भएको र सम्पूर्ण उपस्थित साहित्यकारहरू खुशी र हर्षले नारा लगाएको भन्दै त्यसै अवसरमा सरकारबाट रु पाँच हजार पौड्याललाई समर्पण गरिएको र उक्त रकम पौड्यालले नेपाली साहित्यको उत्थानका लागि आयोजक सामितिलाई सुम्पेको कुरा लेखक घिमिरेले टिप्पणी गरेका छन् । यसै गरी अभिनन्दनपछि कविशिरोमणिले भनेका एक श्लेके अर्थात २ पाउको श्लोकलाई उद्धत गर्दै त्यसलाई भाषामा ढालेर 'नेपाल सानो छ यद्यपि आफ्ना साहित्यकार र कलाकारप्रति श्रद्धा गर्छ र सिर्जनाको महŒव जानी सम्मान गर्छ' भनी पौड्यालको श्लोकलाई लेखक घिमिरले आफ्ना भाषाका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

**सत्यमोहन जोशी, 'गौरवमय रथायात्रा', (पूर्ववत्), २०६२**

सत्यमोहन जोशीद्वारा लेखएिको 'गौरवमय रथयात्रा' शीर्षकको लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा सङ्कलित छ । यस लेखमा पचास वर्ष अगाडिको रथयात्राका बारेमा आज आएर पुनः लेख्न पाउँदा अत्यन्त खुशी लागेको भन्दै २०११ सालमा जीवित कविलाई जुन किसिमको रथयात्रा अभिनन्दन गरियो त्यो गौरवमय भएको टिप्पणी लेखक जोशीले गरेका छन् । यस लेखमा उक्त कार्यक्रम गर्दाका सम्पूर्ण वृतान्तहरूलाई वेली विस्तारका साथ वर्ण गरिएको उक्त कार्यक्रमका लागि रथ कुलबहादुर नकर्मीले बनाएका र यस रथयात्रामा प्रधानमन्त्रीको सहभागिता रहेको साथै अत्यन्त भव्यताका साथ मनाएकोमा त्यो रथयात्रा नेपाली साहित्यमा स्वर्णक्षरले लेखिने विषय भएको कुरा लेखक जोशीले उल्लेख गरेका छन् ।

**फणीन्द्रराज खेताला, 'कविशिरोमणिको रथयात्राको पचास वर्ष', (पूर्ववत्), २०६२**

'कविशिरोमणिको रथयात्राको पचास वर्ष' शीर्षकको लेख फणीन्द्रराज खेतालाले लेखेका हुन् र यो लेख कविशिरोमणिको ऐतिहासिक रथायात्रा पुस्तकमा सङ्कलित छ । यसमा लेखक खेतालाले लेखनाथ पौड्यालको रथयात्राको पचासौं वर्षका अवसरमा २०६१ पुस २० गते लेखनाथ रथारोहणको स्वर्णजयन्ती लेखनाथ साहित्य सदनमा मनाइएको र उक्त अवसरमा पचास वर्ष अघिको रथयात्रामा सक्रिय भाग लिनेहरूलाई सम्मान गरिएको बारेमा लेखक खेतालाले यहाँ टिप्पणी गरेका छन् । वि.सं. २०११ सालको लेखनाथ रथयात्रा नेपाली साहित्यिक इतिहासमा पहिलो अभूतपूर्व भएको र यस कार्यक्रममा नेपाली साहित्यका विशिष्ट र प्रबुद्ध व्यक्तिहरूको उपस्थिति रहेको कुरा यहाँ खेतालले उल्लेख गरेका छन् ।

**वसन्तकुमार शर्मा 'नेपाल', 'त्यो रथारोहण र यो स्वर्णजयन्ती समारोह', (पूर्ववत्), २०६२**

वसन्तकुमार शर्मा 'नेपाल'द्वारा लेखिएको 'त्यो रथारोहण र यो स्वर्णजयन्ती समारोह' शीर्षकको लेख कविशिरोमणिको ऐतिहासिक रथायात्रा पुस्तकमा सङ्कलित छ । यस लेखमा लेखक शर्मा नेपालले लेखनाथ पौड्याललाई रथमा राखी लैनचौर शहर घुमाउँदै लगेर खरी बोटको मञ्चसम्म पुऱ्याउँदाका विविध रमाइला घटनाहरूलाई उल्लेख गरेका छन् । जीवित साहित्यपारखीलाई सम्मान गर्ने कार्यक्रमको थालनी त्यतिबेलाबाट मात्र भएको उक्त अवसरलाई सम्पन्न गर्न विभिन्न समिति र उपसमिति बनी कामको बाडफाड गरिएको र त्यसमा केही चुनौती, केही रमाइलो पनि भएको कुरालाई यहाँ शर्माले औंल्याएका छन् । कुनै पनि नयाँ र रचनात्मक काम

गर्दा सम्पूर्ण मानिसको ध्यान त्यतैतिर खिचिदो रहेछ भन्दै त्यस कार्यक्रमलाई अझ बलियो बनाउन आज आएर लेखनाथ स्वर्णजयन्ती मनाउने सौभाग्य प्राप्त भएको लेखक शर्माले बताएका छन् ।

**कृष्णचन्द्रसिंह प्रधान, 'रथायात्राको त्यो दिन', (पूर्ववत्), २०६२**

'रथायात्राको त्यो दिन' शीर्षकको लेख कृष्णचन्द्रसिंह प्रधानले लेखेका हुन उक्त लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा सङ्कलित छ । यसमा लेखनाथ पौड्याल एक मात्र त्यस्ता व्यक्तित्व हुन जसले नेपाली साहित्यजगत्मा पहिलो पटक जीवित अवस्थामा रथयात्रासहित अभिनन्दन प्राप्त गरे भन्ने बारेमा लेखक प्रधानले टिप्पणी गरेका छन् । यहाँ पौड्याललाई विराजमान गराउन बनाइएको रथ चानचुन नभएको एक पृथक ढाँचाको बनेको भन्दै त्यतिबेलाको समयमा यातायात साधनको अभाव, सूचना, र सञ्चारको अप्रर्याप्त मात्राको कारणले प्रचार प्रसारमा कठिनाई  परे तापनि त्यो सजधजको माहोलले ती विषयलाई दूर गरेको कुरा प्रधानले उल्लेख गरेका छन् । यस रथयात्रा कार्यक्रममा स्वदेश लगायत विदेशका विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको उक्त सम्मान कार्यक्रमबाट भारतका साहित्यकार र कवि लेखकहरूले पाठ सिक्नु पर्ने भारतीय कवि वक्ता रामवृक्ष वेनीपुरीले बताएका अभिव्यक्तिलाई लेखक प्रधानले यहाँ औँल्याएका छन् ।

**डा. यादवप्रसाद पन्त, 'राष्ट्रिय हृदय समर्पित रथयात्रा', (पूर्ववत्), २०६२**

यादवप्रसाद पन्तद्वारा लेखिएको 'राष्ट्रिय हृदय समर्पित रथयात्रा' शीर्षकको लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा प्रकाशित छ र यसमा लेखक पन्तले त्यो घटना सामान्य नभई आफूलाई लेखनाथ पौड्यालको रथयात्रा जस्तो पवित्र कार्यमा संलग्नता हुन पाउँदा एक प्रकारको सौभाग्य मिलेको टिप्पणी गरेका छन् ।यस्तै गरी लेखनाथको अभिनन्दन एक दीर्घ साहित्य साधकको सम्मानमात्र नभएको, वस्तुतः नेपाली वा गैरनेपाली संस्कृतिप्रति एक अर्थपूर्ण वन्दना पनि भएको उल्लेख लेखक पन्तले गरेका छन् । कविशिरोमणिको अभिनन्दनले इतिहासको आधाशताब्दी नाघेको तर अझै आफ्ना आँखा वरिपरि झल्झलती ती उत्साहबर्द्धक दृश्यहरू आइरहेका र असल साहित्यस्रष्टा र असली चिन्तकहरू जहिले सम्मानित हुन्छन्, त्यहाँ राष्ट्रको आत्मा सम्मानित हुने कुरा लेखक पन्तले बताएका छन् ।

**आर के मिश्र, 'स्मृतिको संगालोबाट', (पूर्ववत्), २०६२**

'स्मृतिको सँगालोबाट' शीर्षकमा आर.के. मिश्रले लेख लेखेका छन् जुन कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा प्रकाशित छ यस लेखमा लेखनाथ

पौड्याल साहित्यका उज्जवल नक्षत्र, नेपाली जनताको ढुकढुकी र राष्ट्रका धरोहर भएको टिप्पणी लेखक मिश्रले गरेका छन् । नेपाली साहित्यको मिर्मिरे अवस्थालाई आफ्नो साहित्ययात्रामा बोकेर हिँडेका पौड्याल भानुभक्त र मोतीरामपछिका नेपाली साहित्यजगत्मै चहकिला तारा बनेका भन्दै पौड्याल कवि मात्र नभई सफल नाटककार समेत भएको कुरा लेखक मिश्रले यहाँ उल्लेख गरेका छन् । राष्ट्रका विभिन्न विशिष्ट व्यक्तिहरूको निर्णयबाट जुन किसिमले पौड्यालको रथयात्रा गरियो वास्तवमै त्यो कविशिरोमणिको रथारोहण समारोह नेपाली साहित्यिकजगत्मा ठूलो महोत्सव भएको मिश्रले बताएका छन् ।

**श्यामदास वैष्णव, 'नेपाल- शिरोमणि पौड्यालज्यू र उहाँको रथयात्रा', (पूर्ववत्), २०६२**

श्यामदास वैष्णवद्वारा लेखिएका 'नेपाल-शिरोमणि पौड्यालज्यू र उहाँको रथयात्रा' शीर्षकको लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा प्रकाशित छ । यस लेखमा लेखक वैष्णवले लेखनाथ पौड्यालका कृतिका बारेमा सामान्य चर्चा गर्दै कवितात्मक उद्गारले बालकदेखि बुढासम्मलाई स्पर्श गरेको टिप्पणी गरेका छन् । समाजका विविध पाटा र पक्षलाई छोएर कविता लेख्ने पौड्याललाई 'साहित्य सिद्ध' वा 'साहित्यिक विभूति' नै भन्न सकिने भन्दै पौड्यालका सम्पूर्ण कविता खारिएका र कुँदिएका 'हिउँका हिरा' नै भएको उल्लेख लेखक वैष्णवले गरेका छन् । कविमाथि शिरोमणिको पद प्राप्त गरेका पौड्यालको स्मरण गर्दा सबभन्दा महŒवपूर्ण घटनाचाहिँ रथयात्रालाई मान्नुपर्ने जुन नेपालको निमित्त ऐतहासिक बन्न पुग्यो र साहित्यसेवीका लागि आत्मिक गहिराईको ज्वलन्त नमूना बनेको लेखक वैष्णवद्वारा औंल्याइएको छ ।

**भरतराज पन्त,' कृष्णाका तटको ढुङ्गो', (पूर्ववत्), २०६२**

भरतराज पन्तले 'कृष्णाका तटको ढुङ्गो' शीर्षकको लेख लेखेका छन् यो लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा सङ्कलित छ । यसमा लेखनाथ पौड्यालको रथयात्रामा प्रधानमन्त्री लगायत स्वदेश र विदेशका विशिष्टतम व्यक्तिहरूको उपस्थितिले यस कार्यक्रमलाई अझै पनि ताजै बनाएको पन्तले टिप्पणी गरेका छन् । टुँडिखेलको खरीको बोटमा भएको भव्य समारोहमा कविशिरोमणिले आफ्नो उद्गार व्यक्त गरेका ती शब्दलाई 'कृष्णाका तटको ढुङ्गो' भने तापनि कविलाई त 'शुक्लाको तटको ढुङ्गो' भन्न ठीक हुने भन्दै सेता दाह्रीवाला पौड्याल 'शुक्लाका तटको ढुङ्गो' भए पनि 'पूजा गरिने देवता' मानिने लेखक पन्तले उल्लेख गरेका छन् । योगको व्याख्यानलाई पराकाष्ठमा पुऱ्याइएको आध्यात्मिक काव्य तरुण तपसी नेपाली साहित्य मा न भूतो न भाविव्यति नै हो 'स्वर्गद्वारी महाप्रभुको अनुकम्पा' भएको पन्तले बताएका छन् ।

**नित्यराज पाण्डे, 'रथयात्रा महोत्सव', (पूर्ववत्), २०६२**

'रथयात्रा महोत्सव' शीर्षकको लेख लेखक नित्यराज पाण्डेले लेखेका छन् र यो कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा सङ्कलित छ । कविशिरोमणिलाई रथमा राखी नगर प्रदक्षिणाको महान् कार्यमा आफू सरिक हुन पाउँदा आनन्द लागेको उक्त दिनलाई राष्ट्रिय चेतना जागृत गर्ने दिन भन्न सकिने टिप्पणी लेखक पाण्डेले गरेका छन् । उक्त महोत्सवले नेपाली साहित्यकारको छाती उच्च र चौडा भएको भन्दै

उक्त समारोह हेर्न प्रकृतिलाई पनि उत्साह भएको र यस कार्यक्रमलाई उच्च बनाउन समाज, राष्ट्रिय, अन्तर्राष्ट्रिय गण्य मान्यको उपस्थितिले अझ सौजन्य प्राप्त भएको चर्चा लेखक पाण्डेले गरेका छन् ।

**कुन्तीदेवी भट्टराई, 'संस्मरण', (पूर्ववत्), २०६२**

'संस्मरण' शीर्षकको पाँच श्लोकको पद्यात्मक कविता कुन्तीदेवी भट्टाराइले लेखेकी छन् र यो कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा प्रकाशित छ । यसमा लेखनाथ पौड्याललाई रथयात्रा गराउँदाका सम्पूर्ण क्रियाकलापलाई कवितात्मक रूपमा लेखिका भट्टाराईले अभिव्यक्त गरेकी छन् ।

**कृष्णप्रसाद पराजुली, 'आँखाभरि झल्केको ऐतिहासिक रथयात्रा', (पूर्ववत्), २०६२**

कृष्णप्रसाद पराजुलीद्वारा लेखिएको 'आँखाभरि झल्केको ऐतिहासिक रथयात्रा', शीर्षकको लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा सङ्कलित छ ।यस लेखमा लेखक पराजुलीले लेखनाथ पौड्यालको रथयात्रामा आफू १९ वर्षे युवा भएको साथै आफ्नो नजरमा पौड्याल साह्रै ठूला कवि भएका टिप्पणी गरेका छन् । नेपाली साहित्यका त्रिमूर्तिले त्यतिबेला कविता सुनाएको त्यो दिन झल्झलती सम्झना आइरहेको यी त्रिमूर्तिका एक मूर्ति कविशिरोमणिलाई नेपाली साहित्यजगत्ले ठूलो सम्मान स्वरूप रथयात्रा गऱ्यो जुन अविस्मरणीय इतिहास बन्न पनि सफल भएको कुरा पराजुलीले यहाँ उल्लेख गरेका छन् ।

**हरिभक्त खरेल (विद्यार्थी), 'यहाँमा हार्दिक अभिनन्दन !', (पूर्ववत्), २०६२**

'यहाँमा हार्दिक अभिनन्दन' शीर्षकको सानो लेख हरिभक्त खरेलले लेखेका हुन् र यो कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा प्रकाशित छ ।यसमा लेखनाथ पौड्यालका रचनाले नेपाली भाषालाई फूर्तिलो र तेजिलो बनाएको भन्दै यसरी जीवित कविको जयन्ती मनाउन पाउनु नेपालको र नेपाली साहित्यको साह्रै महŒवपूर्ण कुरा भएको लेखक विद्यार्थी खरेलले टिप्पणी गरेका छन् ।

**भीमबहादुर अधिकारी, 'कविशिरोमणिको रथयात्राको सम्झना र पाएको प्रेरणा', (पूर्ववत्), २०६२**

भीमबहादुर अधिकारीद्वारा लेखिएको 'कविशिरोमणिको रथयात्राको सम्झना र पाएको प्रेरणा' शीर्षकको लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा प्रकाशित छ । यस लेखमा अधिकारीले लेखनाथ पौड्यालको रथयात्रा हुँदा आफू सानो भए तापनि सानातिना काम गर्ने मौका पाएकोमा आफूलाई अत्यन्त खुशी लागेको टिप्पणी गरेका छन् । यहाँ रथयात्रा तयार गर्दा लागेको आर्थिक हिसाबकिताबको जानकारी र

ऐतिहासिक रथयात्रामा संलग्न हुने र योगदान दिने व्यक्तिहरू सम्मानित मानिने भन्दै असल काम गर्ने मानिसको असल कार्यको सम्झना र सम्मान भइरहने हुनाले पनि यस्तो कार्य आफ्नो लागि प्रेरणाको स्रोत भएको लेखक अधिकारीले उल्लेख गरेका छन् ।

**रमा शर्मा, 'कविशिरोमणिको रथयात्रामा के के भयो', (पूर्ववत्), २०६२**

लेखिका रमा शर्माले 'कविशिरोमणिको रथयात्रामा के के भयो' भन्ने शीर्षकको लेख लेखेकी छन् र यो लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा सङ्कलित छ । यसमा लेखनाथ पौड्यालको रथयात्रामा के-के भयो र त्यससम्बन्धी विविध कुराको जानकारी र समग्र विषयको बुँदागत उल्लेख शर्माले गरेकी छन् । यो सम्मान कार्यक्रम पौड्यालको ७१ औं जन्मदिन राष्ट्रिय पर्वका रूपमा इतिहासमा अङ्कित भएको शर्माले बताएकी छन् ।

**शङ्करप्रसाद कोइराला, 'कविशिरोमणि श्री लेखनाथ', (पूर्ववत्), २०६२**

शङ्करप्रसाद कोइरालाले लेखेको 'कविशिरोमणि श्री लेखनाथ' शीर्षकको लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा प्रकाशित छ । यसमा लेखक कोइरालाले उक्त ऐतिहासिक रथयात्राको संस्मरणात्मक ढङ्गबाट विविध पक्षमा अडिएर अमूर्तढङ्गले टिप्पणी गरेका छन् ।

**कमल दीक्षित, 'समर्पये', (पूर्ववत्), २०६२**

'समर्पये' शीर्षकको लेख लेखक कमल दीक्षितले लेखेका हुन् उक्त लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा सङ्कलित छ र यस लेखमा लेखक दीक्षितले लेखनाथ पौड्यालको रथयात्रा हुँदा आफू त्यति जान्ने नभएको र आफू भर्खर कलकत्ताबाट फर्केको केही महिनामा मात्र भएको कुरा उल्लेख गरेका छन् । यसमा लेखक दीक्षितद्वारा आफू त्यो रथयात्रामा प्रत्यक्ष सहभागी भएको र त्यो रथयात्रा अत्यन्त उत्साहवर्द्धक र रोचक भएको उक्त रथयात्रामा प्रधानमन्त्री लगायत विशिष्ट व्यक्तिको आगमन र सहभागी भएको टिप्पणी गरिएको छ ।

**रमा शर्मा, 'कविशिरोमणिको रथयात्रा :एक अविस्मरणीय सम्मान', (पूर्ववत्), २०६२**

रमा शर्मद्वारा लेखिएको 'कविशिरोमणिको रथयात्रा : एक अविष्मरणीय सम्मान' शीर्षकको लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा प्रकाशित छ । २०११ सालमा ७१ औं वर्ष पुगेको अवसरमा लेखनाथ पौड्यालको योगदानलाई कदर गरी जुन किसिमको अभिनन्दन रथयात्रा मनाइयो त्यो नेपालका लागि मात्र नभई विश्वकै लागि अद्वितीय हुन पुगेको टिप्पणी लेखिका शर्माले गरेकी छन् । नेपाली काव्यजगत्मा सौन्दर्य र माधुर्य थपी यसलाई माध्यमिक प्रवृत्तिबाट मुक्त गराई आधुनिकतामा प्रवेश गराउने र उत्कृष्ट काव्यकृतिको रचना गरी यसलाई उच्चस्तरमा पुऱ्याउने कवि

पौड्याल सौभाग्यशाली भएको लेखिका शर्माद्वारा उल्लेख गरिएको छ । यसरी जनस्तरबाट आरम्भ गरिएको कविशिरोमणि अभिनन्दन 'एक अविष्मरणीय ऐतिहासिक क्षण' भएको कुरा शर्माले बताएकी छन् ।

**तेजेश्वरबाबु ग्वंग, 'ऐतिहासिक रथारोहण'**, (पूर्ववत्), २०६२

'ऐतिहासिक रथारोहण' शीर्षकको लेख लेखक तेजेश्वरबाबु ग्वंगद्वारा लेखिएको हो र यो कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा प्रकाशित छ । यसमा लेखक ग्वंगले नेपाल शिक्षा परिषद्ले लेखनाथ पौड्यालजयन्ती विभिन्न कार्यक्रमसहित गरेको र उक्त अवसरमा समाज अग्रसर स्रष्टा र बुद्धिजीवी कार्यक्रममा सम्मिलित भएको टिप्पणी गरेका छन् ।

**हंसपुरे सुवेदी, 'सारस्वत सम्मान परम्परा'**, (पूर्ववत्), २०६२

लेखक हंसपुरे सुवेदीले लेखेको 'सारस्वत सम्मान परम्परा' शीर्षकको लेख कविशिरोमणिको ऐतिहासिक रथयात्रा पुस्तकमा सङ्कलित छ । यस लेखमा लेखनाथ पौड्याल सरस्वती देवीका उपासक प्रतिभाप्रति भएको आदर सत्कार र त्यसले साहित्य अनुरागी कर्मठ व्यक्तित्वहरूमा सकारात्मक प्रभाव पार्न सक्ने टिप्पणी लेखक सुवेदीले गरेका छन् । लेखनाथ पौड्यालको ७० वर्षको उमेर पुगेको उपलक्ष्यमा राष्ट्रिय स्तरको सम्मान रथयात्रा गरिनु 'सारस्वत सम्मान' एक अविस्मरणीय घटना भएको उल्लेख सुवेदीले गरेका छन् । रथयात्रापछिको लामो अन्तराल क्रममा नेपाली साहित्यिक प्रतिभाप्रति भएको यस प्रथम यात्राको स्वर्णमहोत्सव समारोह २०६१ पुस २० गते लेखनाथको १२१ औँ जन्मजयन्ती भव्यताका साथ मनाइएको कुरा लेखक सुवेदीले बताएका छन् ।

## चौंथो परिच्छेद

# लेखनाथ पौड्यालसम्बन्धी विशेषाङ्क र स्मारिकाहरूको सर्वेक्षण

लेखनाथ पौड्यालसम्बन्धी विभिन्न अध्ययन हुने क्रममा विभिन्न समिति तथा पत्रपत्रिकाहरूले पौड्यालमै केन्द्रित रहेर भानु लेखनाथ विशेषाङ्क तथा स्मारिका प्रकाशित गरेका छन् । पौड्याललाई विषय बनाई नेपालभित्र र नेपालबाहिरका नेपाली जातिसँग सम्बन्धित विभिन्न संघ-संस्थाले विशेषाङ्क, स्मारिका निकालेको हुनु सम्भव नै छ तापनि यहाँ चाहिँ शोधार्थीले उपलब्ध वा प्राप्त गर्न सकेका भानु लेखनाथ विशेषाङ्क (२०२३) र शतवार्षिकी स्मारिका (२०४०-२०४१) जस्ता पत्रिकामा प्रकाशित लेखहरूबारे सर्वेक्षणात्मक र विवरणात्मक टिप्पणी गरिएको छ । उक्त विशेषाङ्क र स्मारिकामा विभिन्न लेखकहरूले पौड्यालका विभिन्न पक्षमा केन्द्रित भएर विभिन्न सर्वेक्षणात्मक अध्ययन गरेका छन् । ती विशेषाङ्क र स्मारिकामा प्रकाशित यस्ता विभिन्न लेखहरूको सूची र टिप्पणी यहाँ क्रमशः प्रस्तुत गरिएको छ ।

### ४.१ पौड्यालका सम्बन्धमा भानु लेखनाथ विशेषाङ्कभित्र भएका सर्वेक्षणहरू

**मोदनाथ प्रश्रित, 'कवि शिरोमणि लेखनाथ'**, कवि शिरोमणि लेखनाथ विशेषाङ्क, **वर्ष ३, किरण ८, काठमाडौं, २०२३**

कविशिरोमणि लेखनाथ विशेषाङ्कमा २०२३ मा प्रकाशित 'कविशिरोमणि लेखनाथ' शीर्षकको लेख मोदनाथ प्रश्रितद्वारा लेखिएको हो । यस लेखमार्फत लेखक प्रश्रितले लेखनाथ पौड्याललाई सीमित घेरामा राखेर अध्ययन गर्न उचित नहुने टिप्पणी गरेका छन् । जड युगको वर्णनमा पोखिएका पौड्यालका उद्‌गारहरूले विज्ञानप्रतिको चाखलाई मीठो शैलीमा प्रस्ट्याउँछन्, कविको युग भावनाप्रतिको दृष्टिकोणलाई देखाउन त यी एक दुईवटा नमूना मात्र हुन भन्दै यस्तै नमूना पौड्यालमा अनेकौ पाइने विचार प्रश्रितले व्यक्त गरेका छन् । विस्तारै हिड्न थालेदेखि मशानघाटको चितासम्म कविता बर्साउँदै हिँडेका कविलाई सानो घेरामा राख्न नहुने भन्दै पौड्यालका कोरिएका पङ्क्तिमा विशेष प्रयोजन भएको प्रश्रितले उल्लेख गरेका छन् ।

**माधवप्रसाद घिमिरे, 'अमर कवि लेखनाथ'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

माधवप्रसाद घिमिरेले 'अमर कवि लेखनाथ' शीर्षकको लेख लेखेका छन्, जुन लेखनाथ विशेषाङ्कमा प्रकाशित छ । यसमा घिमिरेले तरुण तपसी काव्यमा आधारित रही लेखनाथ पौड्यालको काव्यगत मूल्याङ्कन गरेका छन् । घिमिरेद्वारा पौड्याल 'नेपाली साहित्यमा बैंस ल्याउने तरुण पनि थिए, नैतिकता र आध्यात्मिक ज्योतिलाई

ल्याउने तपसी पनि भएका, आफ्नै परम्पराबाट पूर्णतामा पुगेका नेपाली साहित्यमा पौड्याल एक मात्र कवि भएको' उल्लेख गरिएको छ । मानिसले के लिएर गयोभन्दा पनि के दिएर गयोमा पौड्यालको महŒव छ, हामीलाई लेखनाथले त्यो दिएर गए जसले गर्दा नेपाली भाषा र साहित्य सदा जीवित रहने छ र त्यसैमा पौड्याल अमर रहनेछन् भनी घिमिरेले टिप्पणी गरेका छन् ।

**बासु रिमाल 'यात्री', 'आधुनिक नेपाली कविता : हिजो र आज',** भानु-कविशिरोमणि (**पूर्ववत्**)

'आधुनिक नेपाली कविता : हिजो र आज' शीर्षकमा बासु रिमाल 'यात्री'ले लेख लेखेका छन् र यो लेख भानु-कविशिरोमणि लेखनाथ विशेषाङ्कभित्र छापिएको छ । यसमा लेखनाथ पौड्यालका कविता क्षेत्रमा आएको परिपक्वतासँग भाषिक उपलब्धिको चर्चा रिमाल 'यात्री'ले गरेका छन् । लेखनाथको सिकारु कवि जति-जति परिपक्व हुँदै गयो उति-उति पौड्यालका कविताका भाषा शुद्ध, शब्द सरल, सरस र भाव पनि मौलिक हुन थालेको रिमाल 'यात्री'ले यहाँ उल्लेख गरेका छन् । कालिदासको ऋतुसंहारबाट प्रेरित भए पनि ऋतुविचारमा कविको मौलिकताको प्रतिभा देखिन्छ र कविको भावभूमिमा सुन्दर, सरल, सुसंस्कृत र सरसता पाइन्छ भन्दै यसबाट लेखनाथ जति बूढा हुँदै गए उति-उति पौड्यालको कवि तरुनो र आधुनिक हुँदै गएको प्रमाण तरुण तपसीमा पाइने रिमाल 'यात्री'ले टिप्पणी गरेका छन् ।

**विश्वराज पाण्डे, 'मेरो दृष्टिकोणमा श्री लेखनाथ पौड्याल',** भानु-कविशिरोमणि (**पूर्ववत्**)

कविशिरोमणि लेखनाथ विशेषाङ्कमा विश्वराज पाण्डेले 'मेरो दृष्टिकोणमा श्री लेखनाथ पौड्याल' शीर्षकको लेख लेखेका छन् । यस लेखमा पाण्डेद्वारा लेखनाथ पौड्यालको आफ्नै बेग्लै पहिचान भएको टिप्पणी गरिएको छ । नेपाली साहित्यमा आफ्नै किसिमको विशिष्ट स्थान रहेका पौड्याल भानुभक्तभैmँ आदिकवि होइनन् तथा मोतीरामभैmँ पनि नभएका लगायत अन्य कवि जस्ता पनि नभएका तर आफ्नै प्रतिभा स्थान र कार्यकलाप भएका व्यक्तित्व हुन भनी पाण्डेले चर्चा गरेका छन् ।

**रेवतीरमण खनाल, 'नेपाली साहित्यमा लेखनाथको देन',** भानु-कवि शिरोमणि (**पूर्ववत्**)

लेखनाथ विशेषाङ्कमा लेखक रेवतीरमण खनालद्वारा 'नेपाली साहित्यमा लेखनाथको देन' शीर्षकको लेख लेखी प्रकाशित गरिएको छ । यसमा खनालले लेखनाथ पौड्याललाई युग निर्धारक कवि भनी चर्चा गरेका छन् । नेपाली साहित्यका दुई धारा पहिलो धारा भानुभक्त र पौड्यालको उत्तरवर्ती कविहरूदेखि बढ्दै आएको परम्परावादी

र दोस्रो पश्चिमी साहित्यको प्रभावमा विकसित आधुनिक वृत्तलाई अलग्याएका पौड्यालपूर्वको युग पौड्यालमा आएर चरम विन्दुमा पुग्यो र पछिको युगलाई समेत अरूणोदय गर्ने यी प्रतिभाको नेपाली साहित्यमा विशेष स्थान रहेको छ भन्ने खनालले टिप्पणी गरेका छन् । आफ्नो युगको प्रतिनिधित्व गर्ने यी व्यक्तित्व साहित्यको आत्मा रस परिपाकमा जस्तै आफ्नो वेदान्त दर्शनलाई कवितामा अभिव्यक्त गर्नमा पूरा सफल छन् भनी खनालद्वारा उल्लेख गरिएको छ ।

**कुलमणि देवकोटा, 'लेखनाथ पौड्याल प्रतिप्रतिभा र अनुप्रभाव'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

'लेखनाथ पौड्याल प्रतिप्रतिभा र अनुप्रभाव' शीर्षकको लेख कुलमणि देवकोटाद्वारा लेखिएको लेख हो र यो लेख भानु कविशिरोमणि लेखनाथ विशेषाङ्कमा प्रकाशित छ । यसमा कुलमणिले लेखनाथ पौड्यालको अन्य साहित्यकारमा परेको प्रभावका बारेमा चर्चा गरेका छन् । संस्कृत आर्यभण्डारबाट लेखनाथ प्रभावित भएका भए परवर्ती रचनामा समेत पौड्याल देखापर्ने थिए भन्दै वेदान्त बाहेक लेखनाथको प्रभाव धेरैमा परेको र एक युगको धारा नै पौड्यालबाट नेतृत्व भएको भनी कुलमणिले उल्लेख गरेका छन् । विषयवस्तु र भावधाराको भन्दा लेखनाथको छन्द प्रभाव बढी माधवप्रसाद घिमिरेमा परेको तर आर्यको माधुर्य प्रभाव घिमिरेमा नपरेको देखिन्छ भनी देवकोटाद्वारा टिप्पणी गरिएको छ ।

**चूडानाथ भट्टराय, 'सौन्दर्यका पारखी कविशिरोमणि ऋतुविचारमा'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

चूडानाथ भट्टरायले 'सौन्दर्यका पारखी कविशिरोमणि ऋतुविचारमा' भन्ने लेख लेखेका छन् जुन लेख भानु-कवशिरोमणि लेखनाथ विशेषाङ्कमा छापिएको छ र यसमा भट्टरायले लेखनाथ पौड्यालको ऋतुविचार काव्यमा पाइने कवित्व पक्षमा समीक्षा गरेका छन् । सौन्दर्यको उद्‌बोधन पौड्यालको कवित्वको मुहान हो सुन्दर वनस्थली र हिम चुचुरा लेखनाथलाई कवित्वमा लैजाने प्रेरणास्रोत हुन र ऋतुहरू प्रकृति परिचय गर्नेद्वार हुन भन्दै सौन्दर्यको रसपान गर्नेले ऋतुविचारलाई गहन रूपमा अध्ययन गर्नुपर्ने विचार भट्टरायले व्यक्त गरेका छन् ।

**चूडामणि उपाध्याय रेग्मी, 'लेखनाथको रामायण'**, भानु कविशिरोमणि (**पूर्ववत्**)

भानु-कविशिरोमणि लेखनाथ विशेषाङ्कमा चूडामणि उपाध्याय रेग्मीद्वारा 'लेखनाथको रामायण' शीर्षकको लेख लेखिएको छ र यसमा रेग्मीले लेखनाथ पौड्यालको रामायणको बारेमा सामान्य जानकारी दिएका छन् । लेखनाथको

रामायणसार आद्यन्त स्रग्धारा छन्दमा लेखिएको छ, अन्य कृतिमाझैँ पौड्याल छन्दविधानमा यस कृतिमा पनि दोषमुक्त छन् भनी उपाध्याय रेग्मीले टिप्पणी गरेका छन् । यसैगरी मेरो राम काव्यमा भने भानुभक्तीय परम्परालाई केही हदसम्म अवलम्बन गरेको देखिन्छ र शब्दालङ्कार लेखनाथको कविताका आफ्नै पेवा जस्तै भएका छन् भन्ने लेखक रेग्मीद्वारा यहाँ उल्लेख गरिएको छ ।

**मोहनराज शर्मा, 'नेपाली साहित्यको मध्यकाल'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

कविशिरोमणि लेखनाथ विशेषाङ्कमा मोहनराज शर्माले 'नेपाली साहित्यको मध्यकाल' शीर्षकमा लेख लेखेका छन् र यसमा शर्माले लेखनाथ पौड्याल उत्तरमध्यकालका प्रतिनिधि कवि भएको टिप्पणी गरेका छन् । शर्माले लेखनाथ आफ्ना रचनामा लगभग शृङ्गारवादी र प्रकृतिवादी भएको, यस्ता प्रवृति मध्यकालका पहिचान भएकाले पौड्यालले आधुनिक भावबोध पेटमै (गर्भमै) च्यापेको देखिन्छ भनी शर्माले उल्लेख गरेका छन् । उत्तरमध्यकालको विचार, धारा र अभिव्यक्तिलाई अँगालेको हुनाले पौड्याललाई त्यसै कालको रचनाकार मान्न सकिने भएकोले पौड्याल 'नेपाली साहित्यमा आधुनिक कालका प्रवर्तक नभएको' विचार शर्माद्वारा व्यक्त गरिएको छ ।

**अभि सुवेदी, 'लेखनाथको जीवनदर्शन सापेक्षित छ ?'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

'लेखनाथको जीवनदर्शन सापेक्षित छ ?' भन्ने लेख अभि सुवेदीद्वारा लेखिएको हो जुन भानु-कविशिरोमणि लेखनाथ विशेषाङ्कमा सङ्कलित छ र यसमा सुवेदीले लेखनाथ पौड्यालको जीवनदर्शन बारेमा संक्षिप्त टिप्पणी गरेका छन् । नेपाली जीवनप्रति माया र प्रगतितिर अभिमुख भावनाको भरमार देखिन सकिने पौड्यालका कविताले अँगालेको दर्शन पनि नेपाली चिन्तन, नेपाली संस्कृति र प्रकृतिले ओतप्रोत छ भन्ने सुवेदीको ठहर छ । लेखनाथको दर्शन जनजीवन, संस्कृति र सरल नैसर्गिक पनले प्रभावित हुनाले पौड्यालको सबै कवितामा कोरा काल्पनिक उडान मात्र छैन तर त्यसमा एउटा यथार्थ पनि छ भन्ने कुरा सुवेदीले यस लेखमा चर्चा गरेका छन् ।

**मोहन सिटौला, 'लेखनाथको अध्यात्मपक्ष र जीवन'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

मोहन सिटौलाले 'लेखनाथको अध्यात्मपक्ष र जीवन' शीर्षकमा लेख लेखेका छन् । यो लेख कविशिरोमणि लेखनाथ विशेषाङ्कमा प्रकाशित छ । पौड्याल जीवनका र अध्यात्मतत्त्वका एक स्रष्टा भएको र यी दुवैको संगम र प्रयोगशाला पौड्यालको जीवनयात्रा हो तथा देशीय दृष्टिकोणले टाल्सटाय, टेगोर लगायत लेखनाथको पनि टेगोर र टाल्सटायका समाजसँगको तुलनामा जीवन दर्शनमा प्रायः समानता पाइने सिटौलाले उल्लेख गरेका छन । उनीहरूझैँ लेखनाथ पनि समकालीन युगका प्रवर्तक

भएको र अध्यात्मका एक महान् व्याख्याकार समेत भएको चर्चा सिटौलाद्वारा गरिएको छ ।

**आनन्ददेव भट्ट, 'राष्ट्रिय चिन्तन धारा र लेखनाथ'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

भानु-कविशिरोमणि लेखनाथ विशेषाङ्कमा 'राष्ट्रिय चिन्तन धारा र लेखनाथ' शीर्षकको लेख लेखक आनन्ददेव भट्टद्वारा लेखिएको हो । यसमा भट्टले लेखनाथ पौड्यालको राष्ट्रिय चिन्तनशील व्यक्तित्वको पक्षमा चर्चा गरेका छन् । पौड्याललाई साँस्कृतिक क्रान्तिको खाँचो थियो जसले मात्र पौड्यालको देशप्रिय दृष्टिकोणलाई राष्ट्रिय चिन्तनको प्रगतिशील बाटोमा उभ्याइ दिन्थ्यो भनी भट्टले आफ्नो विचार व्यक्त गरेका छन् । देशको साहित्यलाई सामान्य सुधारवादी, परम्परावादी विचारले लैंस लगाउन पौड्याल इमान्दारपूर्वक आफ्नो जीवन समर्पण गरे त्यसैले पौड्याल हाम्रो राष्ट्रिय चिन्तन धाराको एक अङ्ग हुन पुगे भनी भट्टद्वारा औंल्याएको छ ।

**वासुदेव त्रिपाठी, 'कवि शिरोमणिको दर्शन यात्रा'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

वासुदेव त्रिपाठीले 'कविशिरोमणिको दर्शन यात्रा', शीर्षकको लेख लेखेका छन् जुन भानु कविशिरोमणि लेखनाथ विशेषाङ्कमा छापिएको छ । यसमा लेखनाथ पौड्यालको सत्यकलि संवादका बारेमा सामान्य समीक्षा लेखक त्रिपाठीले गरेका छन् । यसमा सत्यकलि संवादका लेखनाथ नेपाली समाजका युगौंदेखि आएका विश्वासलाई पूर्ण काम नलाग्ने नभनी त्यसमा रहेका रूढिवादी संस्कार र अन्धविश्वासलाई निर्मूल गर्ने चिकित्सकका रूपमा देखापरेका छन् भनी त्रिपाठीद्वारा उल्लेख गरिएको छ ।

**हरिहर शास्त्री, 'लेखनाथ र रहस्यवाद'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

'लेखनाथ र रहस्यवाद' हरिहर शास्त्रीद्वारा लेखिएको लेख हो र यो भानु-कविशिरोमणि लेखनाथ विशेषाङ्कमा प्रकाशित छ । यसमा शास्त्रीले लेखनाथ पौड्यालको कृतिमा पाइने रहस्यवादका बारेमा चर्चा गरेका छन् । भानुभक्तको कवितामा रहस्यवाद अनुप्राणित थियो र लेखनाथको तरुण तपसी अन्तरहृदयमा तन्मयता ल्याउने लक्षणका आधारमा रहस्यमय भएको भन्दै समाजलाई बचाउन रहस्यवादको आधारमा रचेको काव्यात्मक दर्शन सदा 'अजर र अमर' रहने छ भन्ने शास्त्रीद्वारा प्रष्ट्याइएको देखिन्छ ।

**भैरव अर्याल, 'लेखनाथज्यूको भोजन भट्ट'**, भानु कविशिरोमणि (**पूर्ववत्**)

भानु-कविशिरोमणि लेखनाथ विशेषाङ्कमा भैरव अर्यालद्वारा लेखिएको 'लेखनाथज्यूको भोजन भट्ट' शीर्षकको लेख प्रकाशित छ । उक्त लेखमा लेखनाथ पौड्यालको लक्ष्मीपूजा अन्य पक्षका बारेमा सामान्य टिप्पणी अर्यालले गरेका छन् ।

लेखनाथको आध्यात्मिक फोटो भोजन भट्टले आफूमा खिँचेको छ, त्यसैले पौड्यालालाई राम्ररी चिन्न सकेमात्र लेखनाथलाई चिन्न सकिने अर्यालले औँल्याएका छन् । लक्ष्मीपूजा नाटकको धेरै हदसम्म सफल नायक हुन भोजन भट्ट जसको ठट्यौली स्वभावले हामीलाई हसाएर मात्र छोड्दैनन् चिन्तनका तन्तुलाई पनि एकपल्ट हल्लाई छाड्छ भन्ने अर्यालको दृष्टिकोण छ ।

**श्यामप्रसाद, 'लेखनाथका विषयमा फुटकर विचार'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

श्यामप्रसादले 'लेखनाथका विषयमा फुटकर विचार' शीर्षकको लेख भानु-कविशिरोमणि लेखनाथ विशेषाङ्कमा लेखी प्रकाशित गराएका छन् । यसमा श्यामप्रसादद्वारा लेखनाथ पौड्यालको साहासीपनको टिप्पणी गरिएको छ । त्यस्तो प्रतिक्रियावादी वातावरणमा पनि लेखनाथले लेख्न छोडेनन्, आफ्ना कृतिमा नेपाली जनताको दुःखी जीवनप्रति सहानुभूति देखाए, समाजका खराब पक्षलाई औँल्याई जनताको पक्षमा रचनामार्फत आवाज उठाए भनी श्यामप्रसादले यहाँ आफ्नो विचार अभिव्यक्त गरेका छन् ।

### ४.१.१ पौड्यालका सम्बन्धमा विशेषाङ्कभित्र भएका संस्मरणहरू

**बालकृष्ण सम, 'कवि शिरोमणि लेखनाथ'**, भानु-कविशिरोमणि लेखनाथ विशेषाङ्क **वर्ष ३, किरण ८, काठमाडौं, २०२३**

**धर्मराज थापा, 'कविशिरोमणिको स्मृति'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

**शक्ति लंसाल, 'लेखनाथ पौड्याल मान्छेमा पनि मान्छे'**, भानु कविशिरोमणि (**पूर्ववत्**)

**भवानी भिक्षु, 'आजीवन आस्था'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

**बालकृष्ण पोखरेल, 'मेरो खुड्को आलै रह्यो'**, भानु कविशिरोमणि (**पूर्ववत्**)

**भीमनिधि तिवारी, 'लेखनाथ एक सम्झना'**, भानु-कविशिरोमणि (**पूर्ववत्**)

**गोविन्द भट्ट, 'सत्तरी वर्षको बूढो सुगा र यौटा सिकारु गाइने'**, भानु कविशिरोमणि (पूर्ववत्)

**सिद्धिचरण श्रेष्ठ, 'सधै उस्तै तन्नेरी : नेपाली साहित्यका आलोक'**, भानु कविशिरोमणि (पूर्ववत्)

### ४.१.२ पौड्यालका सम्बन्धमा विशेषाङ्कभित्र भएका विशेष स्तम्भहरू

**म.रा.शा., 'साहित्य : समसामयिक'**, भानु-कविशिरोमणि लेखनाथ विशेषाङ्क **वर्ष ३, किरण ८, काठमाडौं : २०२३**

**डमरुबल्लभ पौड्याल, 'कविशिरोमणि पं. लेखनाथ पौड्याल',** भानु-कविशिरोमणि (**पूर्ववत्**)

डमरुबल्लभ पौड्यालले 'कविशिरोमणि पं. लेखनाथ पौड्याल' शीर्षकको लेख विशेष स्तम्भभित्र लेखी भानु-कविशिरोमणि लेखनाथ विशेषाङ्कमा छपाएका छन् । यसमा डमरुबल्लभले लेखनाथ पौड्याल प्रतिभासम्पन्न कवि भएकोले सरकारले सम्मान प्रदान गऱ्यो भनी टिप्पणी गरेका छन् ।

**ईश्वर बराल र अरू, 'भानु लेखनाथ विशेषाङ्कप्रति',** भानु-कविशिरोमणि (**पूर्ववत्**)

**कोशराज र अरू, 'पाठक प्रतिक्रिया',** भानु-कविशिरोमणि (**पूर्ववत्**)

### ४.१.३ पौड्यालका सम्बन्धमा विशेषाङ्कभित्र भएका कविताहरू

यस विशेषाङ्कभित्र प्रकाशित पौड्यालसम्बन्धी फुटकर कविताहरूको सूचीलाई यसप्रकार देखाउन सकिन्छ ।

**मेघराज मंजुल, 'बूढाको मृत्यु',** भानु-कविशिरोमणि लेखनाथ विशेषाङ्क **वर्ष ३, किरण ८, काठमाडौं, २०२३**

**पुण्य प्रभादेवी ढुङ्गाना, 'श्रद्धाञ्जली',** भानु-कविशिरोमणि (**पूर्ववत्**)

**मणिसिंह थापा, 'रत्न हराए',** भानु-कविशिरोमणि (**पूर्ववत्**)

**भरतराज पन्त, 'आन्तरिक आँसु',** भानु-कविशिरोमणि (**पूर्ववत्**)

**ऋषिदेव शर्मा, 'अमर स्मृति',** भानु-कविशिरोमणि (**पूर्ववत्**)

## ४.२ पौड्यालका सम्बन्धमा स्मारिकाभित्र भएका सर्वेक्षणहरू

**मुकुन्दशरण उपाध्याय, 'कविशिरोमणि श्री लेखनाथ पौड्याल',** लेखनाथ शतवार्षिकी स्मारिका, **२०४०-२०४१**

धर्मराज थापाद्वारा सम्पादित लेखनाथ शतवार्षिकी स्मारिकामा लेखक मुकुन्दशरण उपाध्यायले 'कवि शिरोमणि श्री लेखनाथ पौड्याल' शीर्षकमा लेख लेखेका छन् । उक्त लेखमा उपाध्यायले लेखनाथ पौड्यालको लोकप्रियताका बारेमा संक्षिप्त टिप्पणी गरेका छन् । बुद्धिविनोद र पिँजडाको सुगा जस्ता रचना लेखेका पौड्यालका यी रचना नेपाली जातिका अमूल्य र लोकप्रिय कविता बनेका छन् भन्दै जीवनमा विभिन्न पुरस्कारबाट पुरस्कृत पौड्याललाई समकालीन कवि देवकोटा र समजस्ता साहित्यिक प्रतिभाबाट सधै पूज्य गुरुका रूपमा सम्मान मिलेको कुरा उपाध्यायद्वारा चर्चा गरिएको छ । साहित्यमा निरन्तर सेवारत पौड्यालको जीवनभर निकट प्रतिद्वन्द्वी देखानपरेको र पौड्याल आफ्नो सारा जीवन श्रद्धा र सम्मानका साथ-साथै धन्य पार्न सफल भएका कवि व्यक्तित्व हुन भनी उपाध्यायले उल्लेख गरेका छन् ।

**गोपाल पराजुली, 'कविशिरोमणि श्री लेखनाथ-पौड्याल',** लेखनाथ (**पूर्ववत्**)

गोपाल पराजुलीद्वारा लेखनाथ शतवार्षिकी स्मारिकामा 'कविशिरोमणि श्री लेखनाथ पौड्याल' शीर्षकमा लेख लेखिएको छ । यसमा पराजुलीद्वारा पौड्यालका रचनाहरूमा सुन्दरता र मधुरता रहेको चर्चा गरिएको छ। लेखनाथका कविता सबैले राम्रोसित बुझ्ने, चट्ट मिलेका हुनाले २००८ सालमा सम्मानपूर्वक आदारस्वरूप पौड्याललाई कविशिरोमणि उपाधि दिइयो र २०११ सालमा देशवासीले पौड्यालाई रथमा राखी साहित्यिक रथयात्रा गरे भनी पराजुलीले टिप्पणी गरेका छन् । पौड्यालले नेपाली साहित्य र भाषालाई दरिलो,रसिलो र भरिलो पारिदिएकोले पौड्याललाई जीवित तथा परलोक अवस्थामा विभिन्न पुरस्कारले सम्मान गरिएको विचार पराजुलीले यस लेखमार्फत व्यक्त गरेका छन् ।

**शङ्कर कोइराला, 'हामी जस्तै कुण्ठित् कविशिरोमणि लेखनाथ ?'** लेखनाथ (**पूर्ववत्**)

'हामी जस्तै कुण्ठित कविशिरोमणि लेखनाथ' शीर्षकको लेख लेखनाथ शतवार्षिकी स्मारिकामा प्रकाशित छ जसलाई शङ्कर कोइरालाले लेखेका हुन् । यसमा लेखनाथ पौड्यालको आलोचनात्मक टिप्पणी र सबल पक्षको संक्षिप्त चर्चा कोइरालाले गरेका छन् । पिँजडाको सुगा पढ्दा आफूलाई जति सन्तुष्ट लाग्ने गर्छ आजको परिस्थितिमा त्यसप्रति पौड्याल इमान्दार रहन नसकेका हुन् कि ? वा पौड्यालको यो विवशतालाई प्रकट गर्ने खालको अरू कवितामा मेरो दृष्टि नपरेको हो भन्दै यस्तो कुण्ठित् र दमित स्वरप्रति आफ्नो सहानुभूति भएको कोइरालाले यहाँ उल्लेख गरेका छन् ।

**हंसपुरे सुवेदी, 'कविशिरोमणिको पखेरो अर्धौ ठूलाकोट',** लेखनाथ (**पूर्ववत्**)

हंसपुरे सुवेदीले लेखनाथ शतवार्षिकी स्मारिकाभित्र 'कविशिरोमणिको पखेरो अर्धौ ठूलाकोट' शीर्षकको लेख लेखेका छन् र यसमा सुवेदीले लेखनाथ पौड्यालको गाउँको साँस्कृतिक र ऐतिहासिक महत्त्वका बारेमा समीक्षा गरेका छन् । पौड्यालको पखेरो अर्धौ ठूलाकोटको गरिमा, सांस्कृतिक र ऐतिहासिक महत्त्व आज पनि त्यतिकै रूपमा रहेको र बूढा पाकाहरूले अझैँ यसलाई कास्कीका चौबिसे राजाहरूको प्रमुख गढ रहेको बताउँदै आएका छन् भनी सुवेदीद्वारा उल्लेख गरिएको छ । त्यसैगरी ऐतिहासिक महत्त्व रहेको यस्तो स्थलको अध्ययन र विश्लेषण हुनु आवश्यक छ भन्दै यसको गौरव गरिमालाई स्थानीय जनसमाजको धार्मिक हृदयले र कविशिरोमणिको सुललित पदावलीले गाइरहेका र गाउनुपर्ने सुवेदीले यहाँ टिप्पणी गरेका छन् ।

**डिल्लीराम मिश्र, 'आधुनिक युगका नक्षत्र कविशिरोमणि'**, लेखनाथ (**पूर्ववत्**)

लेखनाथ शतवार्षिकी स्मारिकामा डिल्लीराम मिश्रद्वारा 'आधुनिक युगका नक्षत्र कविशिरोमणि' शीर्षकको लेख लेखी प्रकाशित गरिएको छ र यसमा मिश्रले लेखनाथ पौड्याल समाजका अन्धविश्वास र कुप्रवृत्तिलाई हटाउने कवि हुन् भनी टिप्पणी गरेका छन् । मानिस जन्मनु र मर्नु प्राकृतिक नियम हो, त्यसै अनुरूप बाँच्ने र मर्ने विश्वव्यापी ऋतुचक्र हो भन्ने पौड्यालको दृष्टिकोण छ भनी मिश्रले उल्लेख गरेका छन् ।

**धर्मराज थापा, 'अर्चलेदेखि देवघाटसम्म', लेखनाथ** (**पूर्ववत्**)

'अर्चलेदेखि देवघाटसम्म' शीर्षकका लेख धर्मराज थापाले लेख लेखेका छन् जुन लेखनाथ शतवार्षिकी स्मारिकामा प्रकाशित छ । यसमा थापाले लेखनाथ पौड्यालको शारीरिक बनावट र वासस्थानको बारेमा चर्चात्मक टिप्पणी गरेका छन् ।

**लक्ष्मीप्रसाद देवकोटा, 'तरुण तपसी प्रदक्षिणा'**, लेखनाथ (**पूर्ववत्**)

'तरुण तपसी प्रदक्षिणा' शीर्षकको लेख लेखनाथ शतवार्षिकी स्मारिकामा लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको छ। उक्त लेखमा दवकोटाले लेखनाथ पौड्यालको तरुण तपसीको विविध पक्षका बारेमा सामान्य चर्चा गरेका छन् । यसमा तरुण तपसी कवि जीवनको घामपानीको एक विशाल कवितात्मक निष्कर्ष भएको र तरुण तपसीको दर्शन, अधिकांश भावुक, केही बौद्धिक भएर मिसिँदै वेदकालको स्फूरणात्मक, विवरणात्मक क्रियाको अनुकरण गर्दै श्रीमद्भागवद् गीताको अनाशक्ति कर्मयोगतर्फ लम्कन खोजेको देख्छु भन्ने विचार देवकोटाले व्यक्त गरेका छन् । पौड्यालको वाङ्मय प्रतिभा बराबर झल्कन्छ तर म पौड्याललाई व्यङ्ग्य प्रधान कवि मान्न प्रवृत्त छैन जस्तो ड्राइडन परम्परालाई परिमार्जनतर्फ बढाउँछन्, शैलीको रचनात्मक गुण शब्द शैलीले महानता अङ्ग्रेजी साहित्यमा लिइन्छन् भन्दै लेखनाथलाई भाषाको मास्टरी तथा परिमार्जन क्रियामा नेपाली ड्राइडन भन्न सकिने देवकोटाले यहाँ टिप्पणी गरेका छन् ।

**जगदीश शमशेर, 'कविशिरोमणि लेखनाथ पिँजडाको सुगा, ज्ञानमणि र ताना'**, लेखनाथ (**पूर्ववत्**)

लेखनाथ शतवार्षिकी स्मारिकाभित्र छापिएको 'कविशिरोमणि लेखनाथ पिँजडाको सुगा' शीर्षकमा जगदीश शमशेरले ज्ञानमणि र ताना शर्माको बहसलाई उल्लेख गर्दै लेखनाथ पौड्याललाई अन्य कविसँग तुलना गरेका छन् । यसमा ज्ञानमणि नेपालले लेखनाथको पिँजडाको सुगा मैथलीशरण गुप्ताको पञ्जरबद्ध कीर कविताको प्रतिछाया मात्र हो भन्दै पौड्याल राणाका भाट कवि मात्र भई अवसरवादी भएको भन्ने ज्ञानमणिको विचारलाई शमशेरले यहाँ उतारेका छन् । त्यस्तै गरी नेपालको उक्त

टिप्पणीलाई आलोचना गर्दै तारानाथ शर्माले मैथलीशरणको पञ्जरबद्ध कीरको अनुवाद र अनुकरण होइन पिँजडाको सुगालाई केवल प्रेरणासम्म पुऱ्याइदिएको जनप्रिय र प्रतिष्ठित कविता पनि भएको शर्माको भनाइलाई शमशेरले उतारेका छन् । लेखनाथ, बालकृष्ण र लक्ष्मीप्रसादलाई हाम्रा तीन महारथी मान्ने हो भने पनि यी तीनमा धरती नछाड्ने कवि लेखनाथ हुन् भनी शमशेरद्वारा टिप्पणी गरिएको छ ।

**लोकबज्र बज्रचार्य, 'कविशिरोमणि लेखनाथ (उनको हुलाक टिकट)'**, लेखनाथ (**पूर्ववत्**)

लोकबज्र बज्रचार्यद्वारा लेखिएको 'कविशिरोमणि लेखनाथ उनको हुलाक टिकट' शीर्षकको लेख लेखनाथ शतवार्षिकी स्मारिकामा प्रकाशित छ । उक्त लेखमा बज्रचार्यले लेखनाथ पौड्यालको कवित्व पक्षमा चर्चा गरेका छन् । नेपाली साहित्यका दीर्घयात्री कविवरको सम्मानमा पौड्यालको चित्र अंकित हुलाक टिकट वि.सं. २०२३।६।१४ मा हुलाक सेवा विभागले पौड्यालको चित्र अंकित हुलाक टिकट प्रकाशनमा ल्याइ पौड्यालको जीवनलाई इतिहासको रूपमा स्वीकार गरियो भनी बज्रचार्यले टिप्पणी गरेका छन् ।

**कुलबहादुर के.सी. 'कविशिरोमणिको संक्षिप्त जीवनी'**, लेखनाथ (**पूर्ववत्**)

'कविशिरोमणिको संक्षिप्त जीवनी' शीर्षकको लेख कुलबहादुर के.सीले लेखेका छन् र यो लेख लेखनाथ शतवार्षिकी स्मारिकाभित्र प्रकाशित छ । यसमा केसीले लेखनाथ पौड्यालको जीवनीलाई औँल्याउँदै कविताप्रति पौड्यालको निजी धारणाबारे चर्चा गरेका छन् । पौड्यालको भनाइ अनुसार कवितामा काग कराउनु हुँदैन कोइली बोल्नु पर्छ र प्रस्तुतिकरणमा मिठास झल्कनु पर्छ, पानी र व्याकुलतामा स्वच्छ र पवित्र झरनाको दर्शन मिलेजस्तै समाजको निम्ति साहित्य मिल्नु पर्छ भनी पौड्यालको दृष्टिकोणलाई के.सीले यहाँ उल्लेख गरेका छन् । जसलाई प्रयोग गर्दा आनन्दको अनुभूति मिलोस् उपमाको निम्ति नेपाली साहित्यका महारथी पौड्यालका कविता सरल, सरस मात्र नभई, व्यवहारिक, सामाजिक र हितोपदेशमा आधारित छन् भनी के.सीले यहाँ टिप्पणी गरेका छन् ।

**अमर चित्रकार, 'शुभकामना'**, लेखनाथ (**पूर्ववत्**)

'शुभकामना' शीर्षकमा अमर चित्रकारले लेखनाथ शतवार्षिकी स्मारिकामा एउटा शुभेच्छा लेखेका छन् । उक्त लेखमा चित्रकारले लेखनाथ शतवार्षिकी समारोह समितिलाई र लेखनाथ पौड्यालप्रति सम्मान र शुभेच्छा प्रकट गरेका छन् । कविशिरोमणि श्री लेखनाथ हाम्रो नेपाली काव्यजगत्को साँच्चै नै शिरोमणि थिए भन्दै मेरो जीवनकाल भरी यस्ता देशभक्त, विद्वान् गुणी, प्रतिभाशाली कवि लेखकहरू व्यक्तित्वको प्रतिभा कुँदेर देश नरेशको सेवा गर्न म आशावादी छु भनी चित्रकारले यहाँ टिप्पणी गरेका छन् ।

**वासुदेव शर्मा लुइटेल, 'मेरो मनको कुरो'**, लेखनाथ (**पूर्ववत्**)

वासुदेव शर्मा लुइटेलले 'मेरो मनको कुरो' शीर्षकमा लेखनाथ शतवार्षिकी स्मारिकाभित्र लेख लेखी लेखनाथ पौड्यालको घरको बारेमा संक्षिप्त चर्चा गरेका छन् । लुइटेलले लेखनाथलाई नेपाली नागरिकले साँच्चै मानेका हुन् भने पौड्यालको ठमेलको घर राष्ट्रियकरण गर्नुपर्ने टिप्पणी गरेका छन् ।

**धर्मराज थापा (प्रधान सम्पादक), 'कृतज्ञताको उद्‌गार'**, लेखनाथ (**पूर्ववत्**)

लेखनाथ शतवार्षिकी स्मारिकामा प्रधान सम्पादक धर्मराज थापाद्वारा 'कृतज्ञताको उद्‌गार' शीर्षकको लेख लेखिएको छ । उक्त लेखमा प्रधानले लेखनाथ पौड्यालको प्रेरणा र प्रभाव आजका साहित्यकारहरूले ग्रहण गर्नुपर्ने दृष्टिकोण प्रस्तुत गरेका छन् ।

### ४.२.१ लेखनाथ स्मारिका खण्डभित्रका प्रकाशित कविताहरू

यसमा प्रकाशित कविताहरूको विवरणात्मक सूची मात्र यहाँ उल्लेख गरिएको छ जुन यसप्रकार छन्:

**योगी नरहरिनाथ, 'कविशिरोमणि लेखनाथ'**, लेखनाथ शतवार्षिकी स्मारिका **२०४१-२०४२**
**कविशिरोमणि लेखनाथ पौड्याल, 'भूतनाथको भर्त्सना भङ्गकारी'**, लेखनाथ (**पूर्ववत्**)
**भरतराज पन्त, 'लेखनाथ'**, लेखनाथ (**पूर्ववत्**)
**नेत्रमणि शर्मा, 'निमन्त्रण'**, लेखनाथ (**पूर्ववत्**)
**माधवप्रसाद देवकोटा, 'गुँरास गरिमा'**, लेखनाथ (**पूर्ववत्**)
**कृष्णप्रसाद पराजुली, 'काव्यपथका यात्री'**, लेखनाथ (**पूर्ववत्**)
**लेखनाथ पौड्याल, 'हर्षको मुस्कान'**, लेखनाथ (**पूर्ववत्**)
**रविलाल अधिकारी, 'पोखरा'**, लेखनाथ (**पूर्ववत्**)
**लेखनाथ पौड्याल, 'रूपरेखा'**, लेखनाथ (**पूर्ववत्**)
**पूर्णप्रकाश नेपाल 'यात्री', 'यो देश बााचिरहोस्'**, लेखनाथ (**पूर्ववत्**)
**खगेन्द्रराज रेग्मी, 'बालक बबुरो'**, लेखनाथ (**पूर्ववत्**)
**कविशिरोमणि लेखनाथ पौड्याल, 'डाँफेचरीका भाले पोथी'**, लेखनाथ (**पूर्ववत्**)
**बमबहादुर थापा, 'जिताली', 'शिरोमणि पुष्पाञ्जली'**, लेखनाथ (**पूर्ववत्**)
**श्रीमती ॐ कुमारी आचार्य, 'श्रद्धाञ्जली'**, लेखनाथ (**पूर्ववत्**)
**भरतराज मन्थलीय, 'फेरि आऊ'**, लेखनाथ (**पूर्ववत्**)
**अलि मिया, 'श्रद्धाञ्जली गीत'**, लेखनाथ (**पूर्ववत्**)
**शिवभक्त शर्मा, 'समय र सत्य'**, लेखनाथ (**पूर्ववत्**)
**यमनाथ देवकोटा, 'मूर्तिको सजीवतामा मेरो सपना'**, लेखनाथ (**पूर्ववत्**)

## पाँचौ परिच्छेद

# लेखनाथ पौड्यालसम्बन्धी शोधअध्ययनहरूको सर्वेक्षण

विभिन्न पत्रपत्रिकाहरू र पुस्तकाकार कृतिहरूमा पौड्यालसम्बन्धी अध्ययनहरू भएजस्तै विभिन्न शोधकार्यका रूपमा पनि पौड्यालसम्बन्धी विभिन्न अध्ययनहरू हुँदै आइरहेका छन् । यस्ता शोधकार्यहरू विद्यावारिधीय उपाधि र स्नातकोत्तरीय तहको प्रयोजनका लागि भएका छन् । यस परिच्छेदमा विभिन्न तहका शोधकार्यहरूको निष्कर्ष क्रमशः तल प्रस्तुत गरिएको छ । सर्वप्रथम यहाँ पौड्यालका बारेमा गरिएका विद्यावारिधीय शोधकार्यहरू प्रस्तुत गरिएको छ र त्यसपछि पौड्यालका बारेमा गरिएका स्नातकोत्तरीय शोध अध्ययनका प्राप्तिहरूको चर्चा गरएको छ ।

### ५.१ विद्यावारिधीय शोधप्रबन्धहरू

**वासुदेव त्रिपाठी,** लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन **विद्यावारिधीय शोधप्रबन्ध, नेपाली विभाग त्रि.वि., कीर्तिपुर, २०३४**

वासुदेव त्रिपाठीले लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन नामक विद्यावारिधीय शोधकार्य वि.सं. २०३१ सालमा सम्पन्न गरेको देखिन्छ । यो शोधप्रबन्ध सार्वजनिक पुस्तकालयमा उपलब्ध छैन सो शोधप्रबन्ध पाठ्यक्रम विकास केन्द्र त्रिभुवन विश्वविद्यालय काठमाडौंबाट वि.सं. २०३४ सालमा प्रकाशित भयो र त्यसैको आधारमा लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । पाँच खण्डमा विभाजित प्रस्तुत शोधप्रबन्धको प्रथम खण्ड लेखनाथको कवि व्यक्तित्वको विश्लेषण, दोस्रो खण्ड लेखनाथको काव्ययात्राको प्रारम्भिक प्रहर, तेस्रो खण्ड लेखनाथको काव्ययात्राको मध्यवर्ती प्रहरको विश्लेषण, त्यस्तै गरी चौथो खण्ड लेखनाथको काव्ययात्राको अन्तिम प्रहरको विश्लेषण र पाँचौ खण्ड लेखनाथको कवित्वको मूल्याङ्कन गरी जम्मा पाँच खण्डमा त्रिपाठीले सङ्गठित गरेका छन् । लेखनाथ पौड्यालका समग्र, व्यापक र विस्तृत क्षेत्रलाई समेटेर तयार पारिएको प्रस्तुत शोधप्रबन्धमा पौड्याल र उनका समग्र कृति तथा रचनाहरूको भाषा, शैली, शिल्प, छन्द, रस, ध्वनि, अलङ्कार, कवित्व र भाव आदि विविध पक्षको त्रिपाठीद्वारा यस शोधप्रबन्धमा टिप्पणी गरिएको छ । वि.सं. १९६१/६२ तिरबाट आफ्नो काव्ययात्रा थालनी गरेका पौड्याल जीवनको अन्तिम अवस्थासम्म पनि नेपाली काव्य सिर्जनामा निरन्तर र अनवरत लागेका अध्यात्मवादी र समाज सचेत ऋषिद्रष्टा दार्शनिक कवि व्यक्तित्व भएको त्रिपाठीले यसमा उल्लेख गरेका छन् । मानवतावादी, नीतिवादी, अध्यात्मवादी ऋषिद्रष्टा तथा साँस्कृतिक पुनर्जागरणका समाज सचेतक कवि

पौड्यालले मुख्यतया संस्कृत काव्यतत्त्वलाई अँगाली नेपाली कविताकलाको परिष्कृतिको ध्येय राखेका छन् भन्ने विचार त्रिपाठीले व्यक्त गरेका छन् । त्यसैगरी लेखनाथ पौड्याल नेपाली कविताका पुराना कविहरूमध्ये सबभन्दा नयाँ र आधुनिक कालका नयाँ कविहरूमध्ये सबभन्दा जेठा पुराना वरिष्ठ कवि हुन् भन्दै पौड्याल नेपाली परिष्कारवादी कविहरूमध्ये सर्वश्रेष्ठ प्रतिभाशाली साधक भएको कुरा त्रिपाठीले आफ्नो शोधप्रबन्धमा अन्तिम निष्कर्षका रूपमा उल्लेख गरेका छन् ।

**बमबहादुर थापा, 'जिताली',** लेखनाथका कवितामा नैतिक पक्ष, **विद्यावारिधीय शोधप्रबन्ध, महेन्द्र संस्कृत विश्वविद्यालय, दाङ, २०६२**

बमबहादुर थापा 'जिताली'ले लेखनाथका कवितामा नैतिक पक्ष शीर्षकको विद्यावारिधीय शोधप्रबन्ध लेखेका छन् र यो शोधप्रबन्ध म सं. विश्वविद्यालयको मातहतमा रही वि.सं. २०६२ सालमा पूरा भयो । आठ परिच्छेदमा विभाजित प्रस्तुत शेधप्रबन्धको पहिलो परिच्छेद शोध परिचय, दोस्रो परिच्छेद पूर्वकार्यको समीक्षा, तेस्रो परिच्छेद नीतिमूलक कविताको पृष्ठभूमि, त्यसैगरी चौथो परिच्छेद नीतिको वर्गीकरण र कविताŒवको विश्लेषण, पाँचौ परिच्छेद कवि लेखनाथको कवित्वको परिचय, छैटौं परिच्छेद लेखनाथका कविता कृतिको परिचय, यस्तै गरी सातौं परिच्छेदमा लेखनाथका कवितामा नैतिक पक्षको विश्लेषण र आठौं परिच्छेदमा उपसंहार गरी जम्मा जम्मी आठ परिच्छेदमा थापा 'जिताली'ले सङ्गठित गरेका छन् । सूक्तिसिन्धु १९६० पत्रिकामा प्रकाशित पाठशाला विशाला शीर्षकको समस्यापूर्ति कविताबाट कवितायात्रा सुरु गरेका पौड्यालले कलिका विलासी समस्यापूर्ति कविताको प्रकाशनबाट पौड्यालका कवितामा नैतिक पक्षको सुरुवात भएको शोधप्रबन्धमा थापाले टिप्पणी गरेका छन् । पौड्यालका कविताले युगीन धर्म, विचारधाराको पूर्ण प्रतिनिधित्व गरेका छन् जसमा युगको प्रवृत्ति र प्रेरणाको सम्यक निरूपणका साथै हिन्दू जनजीवनसँग आबद्ध परम विचारको चरम विकास अङ्कित गर्छ भन्ने विचार थापाले व्यक्त गरेका छन् । नेपाली कविताको क्षेत्रमा पौरस्त्य काव्यसाधकको अनुकरणीय प्रभाव समायोजन गर्ने कवि ऋषि लेखनाथले औचित्यमा आधारित मर्यादित भावधारामा नीतिपरक कविताको उठान गरी उत्कर्षमा पुऱ्याएर उल्लेखनीय योगदान गरेको कुरा शोधलेखक थापाले औंल्याएका छन् । लेखनाथ नीतिचेतना, औचित्यसाधना, मर्यादापालना र कर्मकौशलका सर्वोत्तम कवि सिद्ध भएका छन् भने नैतिक, आध्यात्मिक र सामाजिक जीवन सन्देशका कवि महर्षि ठहरिएका छन् भन्ने निष्कर्ष थापा जितालीद्वारा आफ्नो शोधप्रबन्धमा दिएको छ ।

## ५.२ स्नातकोत्तरीय शोधकार्यहरू

**लक्ष्मणप्रसाद उपाध्याय,** समाज चित्रणका दृष्टिले लेखनाथको 'सत्यकलि संवाद' काव्य, **स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि., कीर्तिपुर, २०३१**

लक्ष्मणप्रसाद उपाध्यायले समाज चित्रणका दृष्टिले लेखनाथको 'सत्यकलि संवाद' काव्य शीर्षकको स्नातकोत्तर तहको शोधपत्र लेखेका छन् । दुई खण्डमा विभाजित यो शोधपत्र प्रत्येक खण्डलाई दुई दुई परिच्छेद गरी जम्मा चार परिच्छेदमा विभाजन गरिएको छ । यस शोधपत्रको प्रथम खण्डभित्र पृष्ठभूमि र यसलाई दुई परिच्छेदमा बाँडिएको छ जस्तै परिच्छेद एकमा लेखनाथको कवि व्यक्तित्वको विकास र काव्ययात्रा परिच्छेद दुईमा साहित्यमा समाज चित्रण भन्ने राखिएको छ । त्यस्तै गरी दोस्रो खण्डमा विश्लेषणात्मक अध्ययन र निष्कर्ष राखिएको छ जसलाई दुई परिच्छेदमै विभाजन गरिएको देखिन्छ जस्तै परिच्छेद एकमा समकालीन वातावरण, कवि लेखनाथ र सत्यकलि संवाद र परिच्छेद दुईमा सामाजिक कोणबाट सत्यकलि संवादको विश्लेषण समावेश गरी जम्मा चार परिच्छेदमा अनुबन्धित छ । यसमा उपाध्यायले लेखनाथ पौड्यालको रचना सत्यकलि संवादमा पाइने आर्षकालीन समयदेखि वर्तमान कालसम्मको आर्य सभ्यता र संस्कृतिको उत्थान र पतनको सर्वेक्षण गर्दै भारतवर्षको सभ्यतासम्बन्धी काव्यात्मक अभिव्यक्ति बारे संक्षिप्त टिप्पणी गरेका छन् । सत्य र कलि दुई प्रतिनिधि पात्र उपस्थित गराई तिनको उक्ति प्रत्युक्तिद्वारा सम्पूर्ण भारतवर्षको सभ्यता र संस्कृति, ह्रासको र पुनर्जागरणको वर्णन पौड्यालले यस काव्यमा गरेको विचार उपाध्यायले व्यक्त गरेका छन् । यसैगरी हिन्दूहरूको अहङ्कार आपसी वैमनस्य र असावधानीले गर्दा भारतमा मुगल साम्राज्य कायम हुन गएको हुनाले भारतवासी हिन्दूहरूलाई सामाजिक आर्थिक र धार्मिक कष्ट सहनु परेको संकटबाट पार हुन हिन्दूहरूमा जागृति चेतनाको आविर्भाव भएकोले अङ्ग्रेजहरूले भारतवासी साम्राज्यवादी मुगललाई परास्त गरी आफ्नो आधिपात्य कायम गर्न सफल भएको कुरा यस कृतिमा पौड्यालले देखाएका छन् भनी उपाध्यायले उल्लेख गरेका छन् । मुगल शासकभन्दा अङ्ग्रेजहरू धार्मिक मामलामा उदार देखिएका र भारतमा कला कौशल, पुरातात्विक र साँस्कृतिक अन्वेषणमा अङ्ग्रेजहरूले विकास गर्न सफल भएको यस काव्यममा लेखनाथले देखाएका छन् भनी उपाध्यायले औँल्याएका छन् ।

**शङ्करप्रसाद भट्टराई,** तरुण तपसी नव्यकाव्यमा प्रयुक्त शब्दहरूको आवृत्ति र तत्सम शब्दको अर्थ, **स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि., २०५२**

तरुण तपसी नव्यकाव्यमा प्रयुक्त शब्दहरूको आवृत्ति र तत्सम शब्दको अर्थ, शीर्षकको शोधपत्र शङ्करप्रसाद भट्टराईद्वारा लेखिएको हो र यो शोधपत्र चार परिच्छेदमा

विभाजित छ । यसको पहिलो परिच्छेदमा शोधपत्रको परिचय, दोस्रो परिच्छेदमा तरुण तपसी नव्यकाव्यमा प्रयुक्त शब्दहरूको अर्थसहित पुनरावृत्ति, त्यस्तै गरी तेस्रो परिच्छेद तरुण तपसी नव्य काव्यमा प्रयुक्त तद्भव तथा आगन्तुक शब्दहरूको आवृत्ति र चौथो परिच्छेद उपसंहार गरी चारवटा परिच्छेदमा शीर्षकीकरण गरिएको छ । जम्मा २५४ पृष्ठमा अनुबन्धित यो शोधपत्र भट्टराईले वि.सं. २०५२ सालमा नेपाली केन्द्रीय विभागको मातहतमा रही पूरा गरेका हुन् । यसमा भट्टराईले लेखनाथ पौड्यालको तरुण तपसी पुस्तकमा प्रयुक्त शब्दहरूको आवृत्ति र वस्तुस्थितिको बारेमा विस्तृत टिप्पणी गरेका छन् । नेपाली साहित्यको फाँटमा अनुपम रहेको तरुण तपसी पूर्वीय संस्कारबाट प्रभावित पौड्यालको आध्यात्मिक चिन्तनको ठोस उपलब्धि हो र यसमा सामाजिक, धार्मिक र आर्थिक व्यङ्ग्यको प्रौढरूढका साथै सशक्त बुद्धिविधान भएको भट्टराईले शोधमा उल्लेख गरेका छन् । सामाजिक विसङ्गत पक्ष, मूर्ति पूजा, रूखपूजा, रूढिवादी अन्धविश्वासको विरोध गरिएको यस तरुण तपसीमा ज्ञान र विज्ञानका बीचमा संघर्ष र द्वन्द्व देखाउँदै अध्यात्म दर्शनको व्याख्या र भौतिकजगत्को विश्लेषण गरिएको छ भन्ने विचार भट्टराईद्वारा व्यक्त गरिएको छ । तरुण तपसी नव्यकाव्यमा तत्सम शब्द बाहेक तद्भव तथा आगन्तुक शब्दहरूको दोहोरिएका संख्या नौ हजार सात सय सतसट्ठी अर्थात् (९७६७) रहेका, यस काव्यमा 'त्यो' शब्दको प्रयोग जम्मा दुईसय सतहत्तर (२७७) रहेका भट्टराईले यहाँ औंल्याएका छन् । त्यसैगरी तत्सम शब्दको संख्या जम्मा चार हजार छ सय बत्तीस (४६३२) रहेका सबभन्दा बढी आवृत्ति भएका शब्द 'वा' हो जसको आवृत्ति त्रियासी (८३) पटक भएको भट्टराईद्वारा जनाइएको छ । समग्रमा अर्थात् तत्सम, तद्भव र आगन्तुक शब्द सबैलाई मिसाएर हेर्दा तरुण तपसी नव्यकाव्यमा चौध हजार तीनसय उनान्सय (१४३९९) रहेका छन् भन्ने भट्टराईको दृष्टिकोण छ । यसैगरी यस काव्यमा तत्सम शब्दमध्ये 'इ' र 'ट' वर्णबाट सुरु भएका शब्द सबभन्दा कम एकएक वटा, 'व' अक्षरबाट आरम्भ भएका शब्दहरू पाँच सय चौतीस (५३४) सवभन्दा बढी प्रयोग भएको देखिन्छ र तत्सम, तद्भव र आगन्तुक तीनै प्रकारका शब्दहरूलाई हेर्दा 'इ' वर्णबाट सुरु भएका तीनवटा (३) वटा मात्र देखिन आएको भट्टराईको ठम्याई छ । त्यस्तै गरी 'स' वर्णबाट सुरु भएका शब्दहरू एक हजार एक सय चँवालीस (११४४) रहेको देखिन्छ भन्ने भट्टराईले यस शोधपत्रमा उल्लेख गरेका छन् ।

**दीपेन्द्रप्रसाद दाहाल,** ऋतुविचार (१९९१) खण्डकाव्यको कृतिपरक अध्ययन, **स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५८**

दीपेन्द्रप्रसाद दाहालले ऋतुविचार (१९९१) खण्डकाव्यको कृतिपरक अध्ययन शीर्षकको शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि.को मातहतमा रही २०५८ सालमा तयार पारेका हुन् । छ परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रलाई यसरी सङ्गठित गरिएको छ जसअन्तर्गत पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा लेखनाथ पौड्यालको जीवनी र व्यक्तित्वको संक्षिप्त रूपरेखा, तेस्रो परिच्छेदमा लेखनाथ पौड्यालको खण्डकाव्ययात्रा स्वरूप त्यसैगरी पाँचौ परिच्छेदमा ऋतुविचार खण्डकाव्यको कृतिपरक अध्ययन र छैटौं परिच्छेदमा शोधनिष्कर्ष र मूल्याङ्कन गरी जम्मा ६ परिच्छेदमा दाहालले एउटा पूर्ण शोधपत्र तयार पारेका छन् । भाषिक शैली शिल्पबाट पहिलो ऋतुविचार (१९७३), (१९९१) को परिष्कृत ऋतुविचारभन्दा केही कमजोर तथा लयात्मक, अनुप्रासिक, भाषा संयोजनमा र अन्तसङ्गीतात्मक पक्षमा फितलो रहेको देखिन आउँछ भनी दाहालले उल्लेख गरेका छन् । वि.सं. १९९१ को ऋतुविचारलाई बीज मुटु मानिने १९७३ को ऋतुविचारले ऐतिहासिक महत्त्व बोकेको छ भन्दै नेपाली काव्य परम्परामा पनि प्रकृतिकाव्यका दृष्टिले ऋतुविचार (१९९१) आजसम्मकै प्रतिद्वन्द्वविहीन खण्डकाव्य देखिन आउँछ भन्ने दृष्टिकोण दाहालको छ । प्रकृतिका रङ्ग, रस ध्वनि गन्ध आदिलाई मानवीय रूप दिएर प्रकृतिका विभिन्न स्वरूप र गतिविधिको सुन्दर चित्रण गरिएकोले यो काव्य प्राकृतिक सौन्दर्यका दृष्टिले महान् रहेको चर्चा समेत दाहालले गरेका छन् । यसमा उपमा, उत्प्रेक्षा, रूपक, समासोक्ति र दृष्टान्त जस्ता साधर्म्यमूलक अलङ्कारको प्रयोग गरेर पौड्यालले काव्यगत चमत्कार भर्ने काम गरेका, अन्त्यानुप्रासको प्रयोग पनि काव्य भरिनै भएको र छन्दगत अनुप्रासमा कति पनि विचलन नल्याई अनुष्टुप र मालिनी गरी दुई प्रकारका छन्दको प्रयोग गर्न पौड्याल सफल भएका छन् भन्ने दाहालले औंल्याएका छन् । पौड्यालको ऋतुविचारमा भाव, भाषा, छन्द, अलङ्कार आदि खारिएर, माझिएर परिष्कृत रूपमा आएका भए पनि सहज र अकृतिम छन् भन्दै प्रकृतिका माध्यमद्वारा समाजसुधार, साँस्कृतिक पुनर्जागरण र अध्यात्मवादी मानवतावाद यस कृतिको मुख्य स्वर हो भन्ने दाहालले यस शोधपत्रमा औंल्याएका छन् ।

**भविश्वर पङ्गेनी,** 'लक्ष्मीपूजा' नाटकमा हास्यव्यङ्ग्यको अध्ययन, **स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०५७**

'लक्ष्मीपूजा' नाटकमा हास्यव्यङ्ग्यको अध्ययन शीर्षकको शोधपत्र भविश्वर पङ्गेनीद्वारा लेखिएको हो र उक्त शोधपत्र नेपाली केन्द्रीय विभागको मातहतमा रही २०५७ पूरा भएको हो । पाँच अध्यायमा सङ्गठित यस शोधपत्रको अध्याय एक शोधपत्रको परिचय, अध्याय दुई हास्यव्यङ्ग्यको सैद्धान्तिक परिचय, अध्याय तीन लेखनाथको कवित्वमा हास्यव्यङ्ग्य चैतन्यको निर्माण र उनको हास्यव्यङ्ग्यात्मक कवितायात्रा, त्यस्तै गरी अध्याय चार लक्ष्मीपूजा नाटकको हास्यव्यङ्ग्य र अध्याय पाँच मूल्याङ्कन तथा निष्कर्ष गरी जम्मा पाँच अध्यायमा बाँधिएको यो शोधपत्र ८४ पृष्ठमा आधारित छ । यस शोधपत्रमा पङ्गेनीले लेखनाथ पौड्यालको लक्ष्मीपूजा (१९९४) कृतिको पूर्वीय नाट्य सिद्धान्तका आधारमा गुण दोषमूलक टिप्पणी गरेका छन् । पङ्गेनीका विचारमा पौड्यालको लक्ष्मीपूजा नाटक पूर्वीय दर्शनकै छहारीमा अध्यात्ममुखर बन्न सफल हुनु, चम्पूमय शब्दशøयामै लक्ष्मीपूजाले संस्कृत नाट्यप्रणाली अँगाल्नु, पूर्वीय नाट्यकलाका मौलिकतापूर्ण प्रयोगका सन्दर्भमा यो नाटक उल्लेख्य रहनु र साथै एक प्रयोगात्मक बन्न सफल हुनु यस नाटकका सफलता वा गुणपक्ष हुन् भने त्यस्तै गरी शैली शिल्पका दृष्टिले पूर्वीय ऐतिहासिक मूल्यमान्यता प्राप्त गर्न नसक्नु, नाट्य शिल्प र नाट्य प्रभावका दृष्टिले कमजोर प्रतीत हुनु, पूर्वीय नाट्य तत्त्वको महत्त्वलाई राम्ररी पचाउन नसक्नु, चरित्रविधानमा सफल नाटकको विशिष्ट रूप नझल्किनु र नाट्यकला तथा युग विश्वाससँग अप्रभावकारी सिद्ध हुनु यस लक्ष्मीपूजा नाटकका दोष पक्ष रहेको पङ्गेनीले शोधपत्रमा उल्लेख गरेका छन् । पौड्यालको लक्ष्मीपूजा नाटक बौद्धिक चेतनाको दुरवीनद्वारा हेरिएको जीवनको रूपरेखा हो र यसको मुख्य निष्कर्ष चन्द्र शमशेरकालीन जुवा प्रथालाई व्यङ्ग्य गर्नु नै नाटककारको निष्कर्ष रहेको पङ्गेनीले प्रस्ट्याएका छन् ।

**छैंटौ परिच्छेद**

# कवितासङ्कलन, इतिहास, समालोचना र निबन्ध सङ्ग्रहमा गरिएको लेखनाथ पौड्यालसम्बन्धी अध्ययन/सर्वेक्षण

कविता, इतिहास, समालोचना र निबन्ध विधा विषयक पुस्तकहरूमा विभिन्न लेखकहरूले लेखनाथ पौड्यालको विषयमा विभिन्न अध्ययनहरू गरेको पाइन्छ । तत्सम्बन्धी चर्चा निम्न प्रकारले क्रमशः गर्न सकिन्छ ।

## ६.१ कविता विधा

कवितासङ्कलन विधामा विभिन्न लेखकहरूले पौड्यालको विषयमा विभिन्न अध्ययनहरू गरेको पाइन्छ यसरी पौड्याललाई आंशिक आधार बनाई कविता विधाको पुस्तकभित्र गरिएको अध्ययनहरूलाई यसरी क्रमशः देखाइएको छ ।

**राममणि आचार्य दीक्षित,** मातृवोलीको स्वाङ, **काठमाडौ : शान्ति निकेतन पुस्तकालय, २०१७**

मातृवोलीको स्वाङ शीर्षकको सानो पुस्तकाकार काव्यकृति राममणि आ.दी.द्वारा लेखिएको हो । यसमा आ.दीले लेखनाथ पौड्यालको रचनाहरूले समाजका खराब पक्षमाथि व्यङ्ग्य तथा आलोचना गर्न पछि नपरेको टिप्पणी गरेका छन् । यहाँ लेखक दीक्षितले पौड्यालका रचनाहरूबाट केही पङ्क्ति उद्धत गरेर त्यसलाई प्रस्ट्याउने जमर्को समेत गरेका छन् ।

जस्तैः हेरी नसक्नु पारी पर्खाल वडे वडे

नेपाली कविले खुट्टा काटेका वर्णझैँ लडे ॥

वि.सं. १९६५ मा लेखिएका यी माथिका पङ्क्ति अक्षरक्ष : ठीक भएको टिप्पणी गर्दै शब्दलाई विगारी कुत्सित प्राणीलाई समाई लेख लेख्ने लेखकहरूको अहिले हामीलाई खाचो नपरेको भन्दै पौड्यालको लेखनले त्यस्तो खराब प्रवृत्तिलाई व्यङ्ग्य गरेको चर्चा दीक्षितले गरेको छन् ।

**पं बदरीनाथ साहित्यशास्त्री,** नेपाली पद्य सङ्ग्रह दोस्रो भाग, **काठमाडौ : नेपाली भाषा प्रकाशिनी समिति नेपाल, सम्पा : २०१८**

पं बदरीनाथ साहित्यशास्त्रीले नेपाली पद्य सङ्ग्रह दोस्रो भाग शीर्षकको पुस्तक लेखेका छन् । यसमा लेखनाथ पौड्यालको साहित्यिक प्रवृत्ति तथा अन्य पक्षहरूको टिप्पणी लेखक तथा सम्पादक साहित्यशास्त्रीले गरेका छन् । यस पुस्तकमा लेखनाथ

छन्दवादी कवि भएको र पौड्यालको भाषा कही कही कठिन भए तापनि सुन्दर पद छानेर सरसताले टम्म पार्न सकने शक्ति पौड्यालमा भएको लेखक साहित्यशास्त्रीले औँल्याएका छन् । कलात्मक रूपले साहित्यमा हात चलाउने पौड्याल साहित्यिक नयाँ युगलाई जगमगाउने कविका साथै साहित्य क्षेत्रमा एक महत्त्वपूर्ण इटा थप्ने साहित्यिक प्रतिभा भएको विचार साहित्यशास्त्रीले व्यक्त गरेका छन् । पौड्यालको कुशलतामा खुट्टा नकाटिएका शब्द नाच्छन्, अर्थ हाँस्छन्, अनुप्रास सप्रन्छन् श्लेष अँगालिन्छन् भाव छर्लङ हुन्छन् र लेखनले रङ्ग भरेपछि कुरा विशिष्ट जस्तो देखिदैं ढुङ्गा मूर्ति बन्छ, सिपी चाँदी बन्छ र पितलले सुनको शोभा पाँउछ भन्ने कुराको टिप्पणी बदरीनाथ साहित्यशास्त्रीद्वारा गरिएको छ ।

**तुलसी दिवस 'आयोजक',** नेपाली खण्डकाव्य र काव्यांश सङ्ग्रह, **कमलादी : ने.रा.प्र.प्र, सम्पा २०३०**

नेपाली खण्डकाव्य र काव्यांश सङ्ग्रह शीर्षकको पुस्तक तुलसी दिवसद्वारा लेखिएको हो र यस पुस्तकमा लेखनाथ पौड्यालको भाषिक पक्षमा चर्चा गरिएको छ । लेखनाथले भाषाशैली र अभिव्यञ्जनामा सौन्दर्य र मधुरता प्रस्तुत गरे जसले गर्दा भानुभक्तपछि भाषामा सरलता, सरसता र कोमलता समावेश गरेर काव्यलाई प्रभावपूर्ण बनाएको श्रेय पौड्याललाई छ भन्ने विचार दिवसले उल्लेख गरेका छन् । विचारशाली मीठा कुरा र भाषामा उपदेश प्रस्तुत गर्ने भएकोले पौड्यालका काव्यमा उपदेशात्मक र आध्यात्मिकता व्याप्त भएको हो भन्ने लेखक दिवसले औँल्याएका छन् ।

## ६.२ इतिहास विधा

अन्य विधाहरूमा जस्तै इतिहास विधाभित्र पनि विभिन्न लेखकहरूले लेखनाथ पौड्यालको विषयमा विभिन्न अध्ययन तथा अन्वेषण गरेको देखिन्छ । यसरी पौड्याललाई आंशिक आधार बनाइ ऐतिहासिक पुस्तकभित्र गरिएको अध्ययन तथा सर्वेक्षणहरूलाई क्रमशः यसरी देखाउन सकिन्छ।

**डिल्लीराम तिमिसिना र माधव भण्डारी,** हाम्रो साहित्य र साहित्यकारहरू, **विराटनगर : पुस्तक संसार, २०२७**

हाम्रो साहित्य र साहित्यकारहरू शीर्षकको पुस्तक एक ऐतिहासिक विषयमा केन्द्रित रचना हो जसलाई डिल्लीराम तिमिसना र माधव भण्डारीले लेखेका हुन् । यसमा लेखकद्वय तिमिसिना र भण्डारीले लेखनाथ पौड्यालका विविध पक्षमा सम्बन्धित भई चर्चात्मक समीक्षा गरेका छन् । नेपाली साहित्यमा पौड्यालका कविताहरू पूर्वीय शैलीमा चटक्क मिलेका, खारिएका र छन्दको बारेमा सर्लक्क अडिएका हुन्छन् साथै

पौड्यालले गद्य र पद्य दुवैमा कलम चलाए तापनि पद्यमा नै सफलता मिलेको लेखकद्वय तिमिसिना र भण्डारीले औँल्याएका छन् । लेखनशैली, कलापूर्ण शब्दविन्यास नतून भाव तथा रसको सञ्चार, आध्यात्मिकता वा वेदान्त दर्शनको छाप, गहनता तथा शुद्धता लेखनाथका विशेषताहरू भएको विचार तिमिसिना र भण्डारीले व्यक्त गरेका छन् । यसरी पौड्यालले नेपाली साहित्यमा नयाँ पारा, नयाँ रूप र चिन्तनकला एवं जीवनको अन्तस्तलमा डुबेर हेर्ने नयाँ दृष्टिकोणको साथ एउटा नौलो युगको जग बनाए भनी तिमिसिना र भण्डारीले टिप्पणी गरेका छन् ।

**यज्ञराज सत्याल,** नेपाली साहित्यको भूमिका, **काठमाडौ : रत्न पुस्तक भण्डार ते.सं. २०२९**

यज्ञराज सत्यालद्वारा लेखिएको नेपाली साहित्यको भूमिका एक ऐतिहासिक पुस्तक हो र यसमा लेखक सत्यालले लेखनाथ पौड्याल नेपाली साहित्यका आधुनिक कवि भएको र पौड्यालका रचनामा समाजको यथार्थ लगायत अन्य पक्ष पनि पाइने कुरा यहाँ उल्लेख गरेका छन् । वि.सं. १९७०-७४ सालदेखि नेपाली साहित्यले आधुनिक कालमा प्रवेश गरेको र यही अवधिमा पौड्यालका फाटफुट रचनाहरू र काव्य देखापरेको सत्यालले बताएका छन् । सत्यालले लेखनाथको पिँजडाको सुगामा आदर्शवाद रहे तापनि यो भन्दा बढी मानव जीवनको यथार्थ पक्ष रहेको तथा कविको झुकाव पनि यथार्थतिर रहेको चित्रण गरेका छन् । नेपाली जीवनको आदर्श, धर्म, अध्यात्म र दर्शन आदि पौड्यालका कृतिहरूमा प्रधानता रहेको, यी सबै सजीव र गतिशील रहेका भन्दै कविशिरोमणिका सम्पूर्ण साहित्यिक कलामा नेपालीपन खादिएको सत्यालले औँल्याएको छन् ।

**कमल दीक्षित,** बुइगल, **ललितपुर : साझा प्रकाशन, सम्पाः २०३४**

बुइगल कमल दीक्षितद्वारा सम्पादित एवं लिखित एक ऐतिहासिक पुस्तक हो जसमा लेखनाथ पौड्याल नेपाली साहित्यजगत्को थोरैमा एक उच्च प्रतिभा रहेको दीक्षितले जनाएका छन् । समाजका युग पुरुष र जीउँदै सम्मानित हुने थोरै कविहरूमध्येका पौड्याल एक भएको भन्दै पौड्याललाई यस युगका खम्बा र सबैका परमप्रिय प्रतिभा भएकाले यी सम्पूर्ण जीवनका पक्षहरू पौड्यालकै अन्तवार्ता र लेखबाट जानकारी पाएको विचार लेखक तथा सम्पादक दीक्षितले व्यक्त गरेका छन् । यसैगरी जीउँदै सम्मानित हुने थोरै कविहरूमध्येका एक मात्र होइन जीउँदा कविहरूले रथयात्रा गरी सम्मानित गरिएको एक मात्र कवि पनि यिनै हुन भन्ने दीक्षितद्वारा उल्लेख गरिएको छ ।

**खगेन्द्रप्रसाद लुइटेल,** कविता सिद्धान्त र नेपाली कविताको इतिहास, **काठमाडौ : ने.रा.प्र.प्र., २०६०**

खगेन्द्रप्रसाद लुइटेलले कविता सिद्धान्त र नेपाली कविताको इतिहास शीर्षकको पुस्तक लेखेका छन् र यसमा लुइटेलले लेखनाथ पौड्याललाई माध्यमिक कालको उत्तरार्धका शीर्षस्थ कविका रूपमा चिनाएका छन् । कविताको माध्यमिक कालअन्तर्गत पौड्याललाई राख्न सकिने भन्दै प्रारम्भमा पौड्यालका शृङगारिक कविताहरू निकै अश्लील र अशिष्ट खालका भएका तर अत्यन्त परिष्कृत, परिमार्जित लयात्मक र श्रुति मधुर समेत भएका लेखक लुइटेलले चर्चा गरेका छन् । पूर्वीय अध्यात्मवादी दर्शनका हिमायती पौड्यालले पश्चिमी शिक्षा ग्रहण नगरेको र पौड्यालका कवितामा वैज्ञानिक प्रविधिक दृष्टिकोण, प्रजातान्त्रिक प्रगतिवादी चेतना र नवीन जीवन मूल्यको खोजी नपाइने हुनाले पौड्याललाई आधुनिक कवि भन्न नसकिने दृष्टिकोण लुइटेलले व्यक्त गरेका छन् ।

**घनश्याम नेपाल,** नेपाली साहित्यको परिचयात्मक इतिहास, **काठमाडौ : जनपक्ष प्रकाशन, सन् १९९४**

घनश्याम नेपालले नेपाली साहित्यको परिचयात्मक इतिहास शीर्षकको इतिहासप्रधान पुस्तक लेखका छन् । यसमा नेपालले लेखनाथ पौड्यालका प्रवृत्ति लगायत अन्य पक्षमा सामान्य टिप्पणी गरेका छन् । नेपाली कविताको इतिहासमा कविशिरोमणि उपाधिले विभूषित पौड्याल भानुभक्त, मोतीराम संस्कृतमा कालिदास, भतृहरि र हिन्दीका मैथलीशरणबाट प्रभावित प्रतिभा भएको लेखक नेपालले उल्लेख गरेका छन् । समस्यापूर्तिबाट कविता लेखनको सुरुवात गरेका पौड्यालका सुरुका कविता शृङ्गारिक भएका पौड्यालको महत्त्वपूर्ण कविता वर्षाविचार भएको भन्दै यही कविता पछिका कृतिहरूबाट पौड्यालका काव्यगत विशेषताहरूको प्रारम्भिक रूप छर्लङ्ग भएको नेपालले औंल्याएका छन् । पौड्यालका प्रारम्भिक कवितामा पाइने रूपात्मक, उत्प्रेक्षात्मक उपमामूलक शैलीमा सामाजिक चित्रण अध्यात्मवादी जीवनदर्शनको कवितात्मक प्रस्तुति, नीतिवादी दृष्टि तथा बौद्धिक विकासको आग्रह नै पौड्यालका सम्पूर्ण परवर्त्ती काव्य कृतिमा विकसित, परिष्कृत र परिमार्जित रूपमा पाइने कुरा लेखक नेपालले बताएका छन् ।

**दयाराम श्रेष्ठ र मोहनराज शर्मा,** नेपाली साहित्यको संक्षिप्त इतिहास, **ललितपुर : साझा प्रकाशन, आठौ संस्करण २०६३**

नेपाली साहित्यको संक्षिप्त इतिहास शीर्षकको इतिहासप्रधान पुस्तक दयाराम श्रेष्ठ र मोहनराज शर्माद्वारा लेखिएको हो र यसमा लेखनाथ पौड्यालको भाषा, शैली र

पक्षमा आबद्ध भई समीक्षा गरिएको छ । शृङ्गारवादी र अन्य कविसँग दाजेर हेर्दा पौड्यालको बाटो मूलत : भाषा, शैली र पक्षमा फाटेको देखिन्छ भाषा चोखो मीठो र शैली कोमल, मधुर र बौद्धिक भएको श्रेष्ठ र शर्माले जनाएका छन् । बौद्धिकताले पौड्याललाई दार्शनिकतातर्फ लगेको जसले गर्दा जीवनको यथार्थ धरातलमा ओर्लने काम न्यून भएको श्रेष्ठ र शर्माद्वारा प्रस्ट्याइएको छ । भाषालाई चोख्याउन, भावुकतामा बौद्धिकताको समन्वय गर्नु , कवि र दार्शनिकको हातेमालो गराउनु र सरलतम् शैलीमा बनोटको चमत्कार गराउनु पौड्यालको विशेषता भएको लेखक द्वय श्रेष्ठ र शर्माले टिप्पणी गरेका छन् ।

### ६.३ समालोचना विधा

समालोचना विधाभित्र विभिन्न लेखकहरूले लेखनाथ पौड्यालको विषयमा विभिन्न अध्ययनहरू गरेको पाइन्छ । यसैगरी पौड्याललाई आंशिक आधार बनाई समालोचनात्मक पुस्तकभित्र गरिएको अध्ययन तथा सर्वेक्षणहरूलाई सिलसिलाबद्ध रूपमा यसरी देखाउन सकिन्छ ।

**हृदयचन्द्रसिंह प्रधान,** नेपाली काव्य र उसका प्रतिनिधि कवि, **काठमाडौ : रत्न पुस्तक भण्डार, २०२१**

हृदयचन्द्रसिंह प्रधानले नेपाली काव्य र उसका प्रतिनिधि कवि नामक पुस्तक लेखेका छन् र यस पुस्तकमा प्रधानले लेखनाथ पौड्यालका रचनागत वैशिष्ठ्यका बारेमा टिप्पणी गरेका छन् । लेखक प्रधानले यहाँ लेखनाथका रचनाहरू प्राय : वर्णन महिमा जीवन र सृष्टिको व्याख्या र विषमता, नीति र उपदेशात्मक रहेको साथै पौड्यालका रचनामा प्राय : स्पष्टता र शब्द गठनको सौष्ठव मिलेको र शैली सौन्दर्य पनि राम्रो भएको औंल्याएका छन् । यसैगरी शब्द लालित्य र शैली सौन्दर्य कम भएर पनि पद्यता अधिक हुनु पौड्यालको विशेषता र व्यक्तित्व हो भनी प्रधानद्वारा चर्चा गरिएको छ । पौड्यालका रचनाहरू प्राय : कवितात्मक चैतन्यले चिहाइरहेका सफल र सुन्दर पद्यमा समेत उत्कृष्ट देखिने भन्दै पौड्याल नेपाली साहित्यको कविता विधामा युगान्तर परिवर्तनको आविर्भाव गर्ने युगनायक हुन भन्ने कुरा प्रधानले यस पुस्तकमा प्रस्ट्याएका छन् ।

**माधवलाल कर्माचार्य,** तीन कविका केही कविता, **काठमाडौ : रत्न पुस्तक भण्डार , दो.सं. २०२२**

तीन कविका केही कविता पुस्तक माधवलाल कर्माचार्यद्वारा लेखिएको हो र यस पुस्तकमा लेखनाथ पौड्यालले रचेका केही कविताहरूको सक्षिप्त विश्लेषणात्मक

अध्ययन गरिएको छ । यसमा कर्माचार्यले पौड्यालका कवितामा पाइने शब्द प्रयोगगत विशेषताहरूको बारेमा समेत टिप्पणी गरेका छन् । कर्माचार्यले पौड्यालका केही रचनाहरूमा शब्द चयन, उपमा उदाहरण लगायतका आदि शब्दहरू प्रचुर मात्रामा संस्कृतबाट लिइएको भए तापनि तिनमा मीठास र आफ्नोपनको आभाष पाइएको विचार व्यक्त गरेका छन् । पौड्यालले उपमा, उदाहरण उल्लेख आदि आफ्नै दैनिक जीवनका कुराकानीबाट झिकेर प्रस्तुत गर्दछन् भनी कर्माचार्यले यस पुस्तकमा चर्चा गरेका छन् । त्यसैगरी अभिव्यक्ति पद्यात्मक भाषामा दिने पौड्याल यसको वर्णिक छन्दका विभिन्न माध्यमको विषयक अवलम्बन गर्ने व्यक्तित्व भएको कर्माचार्यद्वारा टिप्पणी गरिएको छ ।

**यज्ञराज सत्याल,** नेपाली साहित्यको संक्षिप्त विवेचना, **काठमाडौ : रत्न पुस्तक भण्डार, २०२३**

नेपाली साहित्यको संक्षिप्त विवेचना नामक पुस्तक यज्ञराज सत्यालले लेखेका छन् र यस पुस्तकमा सत्यालले लेखनाथ पौड्यालका रचनाहरूमा पाइने सामाजिक र अन्य पक्षको टिप्पणी गरेका छन् । वि.सं १९७०-७४ सम्म विभिन्न रचनाहरू प्रकाशित भएका पौड्यालको बुद्धिविनोद, लालित्य आदिमा सामाजिक कुटनीतिबाट छुटकारा पाउन ईश्वर बन्दनामात्र एक प्रेरणा हो भन्ने सन्देश पौड्यालका रचनामा पाइने विचार सत्यालले व्यक्त गरेका छन् । यसैगरी युगको चित्कार, नेपाली जनजीवनको सच्चा तस्विर, आदर्शभन्दा बढी यथार्थ जीवनको सजीव र गतिशील मनोभाव गौंथलीको चिरिबिरीमा रहेको सत्यालले औँल्याएका छन् । साथै अमर काव्य, खण्डकाव्य, नाटक लगायत अन्य रचना लेखी नेपाली साहित्यको भण्डार भर्ने कविबाट हाल कविशिरोमणि भएका पौड्याल प्रतिभाशाली कवि व्यक्तित्व हुन भन्ने विचार सत्यालले प्रस्तुत गरेका छन् । पौड्यालले अनेक विषयवस्तुका माझ, दर्शनका माझबाट छन्दलाई कुदेर, भावलाई उज्यालो बनाइ दिएर भाषालाई प्रवाहयुक्त बनाएको कुरा सत्यालले उल्लेख गरेका छन् ।

**रामकृष्ण शर्मा,** शप्तशारदीय, **ललितपुर : जगदम्वा प्रेस** (प्रा).लि. **प्रकाशन, २०२४**

शप्तशारदीय शीर्षकको समालोचनात्मक पुस्तक रामकृष्ण शर्माद्वारा लेखिएको हो । यस पुस्तकमा लेखक शर्माले लेखनाथ पौड्यालले रचेका ऋतुविचार र त्यसका विविध पक्षमाथि टिप्पणी गरेका छन र त्यसो गर्दा ऋतुविचारमा अभिव्यक्त सामाजिक र विशेष गरी प्राकृतिक पक्षको गुणदोषमूलक विश्लेषण पनि गरेका छन् । शर्माका विचारमा ऋतुविचारले नेपाली जातीय श्रीलाई सोस्न नसक्नु, नेपाली भौगोलिक शोभाको सहज वर्णन गर्न नसक्नु, वन डाँडा, खोच पाखा, जङ्गलको वर्णन कम हुनु,

प्राकृतिक काव्य भएर पनि गहिरिएर वर्णन नगरी हिमचुचुराका सतही दायाँ वायाँ हान्दै दगुर्नु र नेपाली कवि र नेपाल निवासी कविले लेखेको निश्चित उत्ति धेरै पहिचान ऋतुविचार काव्यभित्र नपाइनु ऋतुविचारका दोष पक्ष हुन् । त्यसै गरी नेपाली संस्कृति, नेपाली ग्रामीण रमणीको गीत गुञ्जनको झलक देखाउनु, नेपाली साहित्यमा ऋतुविचार जस्तो उच्च कृतिको रचना गर्नु र नेपाली काव्यलाई आधुनिक रूप दिनु आदि यस कृतिका गुणमुलक पक्ष भएका शर्माले औँल्याएका छन् ।

**रत्नध्वज जोशी,** साहित्य र समीक्षा, **ललितपुर : साझा प्रकाशन, २०२५**

रत्नध्वज जोशीले साहित्य र समीक्षा नामक समालोचनात्मक पुस्तक लेखेका छन् र यसमा लेखक जोशीले लेखनाथ पौड्यालको वर्ष विचारको श्लोकहरूमा पाइने भाषाशैलीका बारेमा संक्षिप्त चर्चा गरेका छन् । जोशीले लेखनाथको वर्ष विचारका केही श्लोकमा भाव विशेषको अभिव्यक्तिका निमित्त रूपक तथा साध्यवासना लक्षणा सशक्त छन् भन्ने विषयका नमूना रहेको जोशीले व्यक्त गरेका छन् । ऋतुविचारका पङ्क्तिहरू लेखनाथका साथै १९९४ सालसम्मको नेपाली कविताकै निम्ति अपूर्व सम्मान रहेको भन्दै भाषाशैलीको सन्दर्भमा पौड्यालपूर्व भाषा परिष्कृत नभएको र पौड्याल आएपछि मात्र भाषाशैलीमा ठूलो परिवर्तन, परिष्कार भएको लेखक जोशीद्वारा प्रस्ट्याइएको छ ।

**रामकृष्ण शर्मा,** दस गोर्खा, **ललितपुरः साझा प्रकाशन, २०२६**

दस गोर्खा रामकृष्ण शर्माद्वारा लेखिएको समालोचनात्मक पुस्तक हो र यसमा शर्माले लेखनाथ पौड्यालको रचना पिँजडाको सुगा भित्रको समाज र साँस्कृतिक पक्षको चर्चात्मक टिप्पणी गरेका छन् । यहाँ सिर्जनाको उद्देश्य जे जस्तो देखिए तापनि समाजको जीवन सभ्यता, संस्कृति आदर्श इत्यादिको प्रभाव तथा छाप साहित्यमा झल्कने विचार शर्माले यहाँ व्यक्त गरेका छन् । पौड्यालको पिँजडाको सुगा यस्तै किसिमको रचना हो भन्दै यस कवितामा मानिसले कौतुक खेलेका निम्ति असहाय पंक्षीलाई दिएको दुःखको दयनीय चित्र उतारेको शर्माले औँल्याएका छन् । यस कविताको वास्तविक यथार्थ कवि मस्तिष्कको कौतुक हो वा पंक्षीप्रति आफ्नो सच्चा सहानुभूति हो त्यो पौड्यालको जीवनले स्वयं बताउने छ भनी शर्माले उल्लेख गरेका छन् ।

**तारानाथ शर्मा,** नेपाली साहित्यको परिक्रमा, **काठमाडौ : सहयोगी प्रकाशन, २०२७**

तारानाथ शर्माले नेपाली साहित्यको परिक्रमा नामक समालोचनात्मक पुस्तक लेखेका छन् । यस पुस्तकमा लेखक शर्माले लेखनाथ पौड्यालको तरुण तपसीको

सामाजिक र दार्शनिक पक्षका बारेमा टिप्पणी गरेका छन् । पौड्यालका कविताहरू संस्कृत शैली र छन्दमा औधी मिलेका आध्यात्मिक विचारले भरिएका कविताहरूमा विश्वप्रेम र मानवतावादको सन्देश पाइन्छ भनी लेखक शर्माले प्रस्ट्याएका छन् । जतिसुकै संस्कृतका भाषा र विचारले प्रभावित भए तापनि पौड्यालका कवितामा नेपाली दृश्य छर्लङ भएको दार्शनिकता र शैलीको राम्रो समन्वय भएको विचार शर्माले व्यक्त गरेका छन् । सामाजिक असमानताको विरोधमा आध्यात्मिक दृष्टिकोणको प्रस्तुति पौड्यालको तरुण तपसीमा जति राम्रो अन्यत्र कतै नभएको शर्माले औंल्याएका छन् ।

**वासुदेव त्रिपाठी,** आधुनिक नेपाली कविता, **काठमाडौ : ने.रा.प्र.प्र., सम्पा. २०२८**

वासुदेव त्रिपाठीद्वारा सम्पादित आधुनिक नेपाली कविता शीर्षकको पुस्तक समीक्षात्मक पुस्तक हो र यसमा सम्पादक त्रिपाठीले लेखनाथ पौड्यालको भाषिक योगदान र साहित्यिक क्षेत्रमा पौड्यालको स्थान बारेमा टिप्पणी गरेका छन् । नेपाली साहित्यको सन्दर्भमा लेखनाथको भाषा, शैली र अभिव्यञ्जनमा सौन्दर्य र माधुर्य प्रस्तुत गरे त्यसैले भानुभक्तपछि भाषामा सरलता, सरसता र कोमलता समावेश गरेर काव्यलाई प्रभावपूर्ण बनाउने श्रेय लेखनाथलाई रहेको छ भन्ने विचार त्रिपाठीले व्यक्त गरेका छन् । नेपाली काव्य विधाको वस्तु, भाषा, अभिव्यञ्जन र शैलीको दृष्टिले आधा शताब्दीभन्दा बढी समयसम्म सेवा गरेका पौड्याल सस्कृतका छन्दलाई समेत ध्वन्यात्मक र प्रभावात्मक बनाउँदै नेपाली पारामा साह्रै सुललित ढङ्गले प्रयोग गर्न सक्षम रहेको त्रिपाठीले औंल्याएका छन् ।

**कृष्णप्रसाद पराजुली,** पन्ध्रतारा र नेपाली साहित्य, **ललितपुर : साझा प्रकाशन, २०२८**

पन्ध्रतारा र नेपाली साहित्य नामक समालोचनात्मक पुस्तक लेखक कृष्णप्रसाद पराजुलीद्वारा लेखिएको हो । यसमा पराजुलीको लेखनाथ पौड्याल नेपाली साहित्यका वरिष्ठ कवि तथा युग नेतृत्वकर्ता भएको टिप्पणी गरेका छन् । लेखक पराजुलीले पौड्याललाई पुरानो र नयाँ युगका साँघु भन्दै पौड्यालले नै नेपाली साहित्यमा आधुनिकताको घडेरी बसाइदिएका र मोतीरामका समयपछि सम, देवकोटा र सिद्धिचरण श्रेष्ठ आउनु अघि पूरै समयलाई पौड्यालले नै प्रतिनिधित्व गरेको उल्लेख गरेका छन् । साहित्यका दुवै विधामा हात चलाएका पौड्यालले पद्य विधामा सफलता प्राप्त गरेका छन् र आफ्ना रचनामार्फत समाजका नराम्रा पक्षलाई हटाउन चाहने लेखनाथ अध्यात्मवादी हुँदै धार्मिक अन्धविश्वास हटाउने प्रखर कवि व्यक्तित्व हुन् भनी पराजुलीले टिप्पणी गरेका छन् ।

**चिरञ्जीवी दत्त,** केही नेपाली काव्यहरूको समीक्षा, **काठमाडौ : रत्न पुस्तक भण्डार, २०३०**

केही नेपाली काव्यहरूको समीक्षा शीर्षकको समालोचनात्मक पुस्तक चिरञ्जीवी दत्तले लेखेका हुन् र यसमा लेखक दत्तले लेखनाथ पौड्यालका कृतिहरूमा पाइने विचारधारा पक्षका बारेमा सामान्य टिप्पणी गरेका छन् । यसै सन्दर्भमा दत्तले शिरोमणि पौड्याल नेपाली साहित्यका दिग्गज कवि भएका र पौड्यालका आध्यात्मिक विचारधाराहरू सत्यकलि संवाद, मेरो राम र तरुण तपसीमा आएर मौलाएको चर्चा गरेका छन् । त्यसै गरी लालित्य प्रथम र दोस्रो भागमा सङ्ग्रहित कविताहरूमा पनि आध्यात्मिक भावना पाइने र पौड्यालका यी आध्यात्मिक काव्यहरूले त्यतिबेलाको वातावरणमा ठूलो प्रभाव पारेको थियो भन्ने विचार लेखक दत्तले व्यक्त गरेको देखिन्छ । पौड्यालले गङ्गा गौरी महाकाव्य पूरा नगरे तापनि नेपाली साहित्यको पथ, बाटो देखाइ आफूपछिका कविहरूलाई समेत डोऱ्याए भनी दत्तले उल्लेख गरेका छन् ।

**राजनारायण प्रधान,** केही कृति र केही स्मृति, **दार्जिलिङ : नेपाली साहित्य परिषद् श्याम ब्रदर्श, ई.स. १९७३**

केही कृति र केही स्मृति शीर्षकको समालोचनात्मक पुस्तक राजनारायण प्रधानद्वारा लेखिएको हो । यस पुस्तकमा लेखक प्रधानले लेखनाथ पौड्याल नेपाली साहित्यका सम्मानित व्यक्तित्व र उच्च प्रतिभा भएको टिप्पणी गरेका छन् । नेपाली साहित्यमा सिर्जनात्मक कविका रूपमा पौड्यालको स्थान अत्यन्त उच्च र अनुपम रहेको र पौड्यालको काव्यमा जुन काव्यात्मकता पाइन्छ त्यो अन्यत्र नपाएको प्रधानले जनाएका छन् । साहित्यका यी महान् आराधकप्रति माधवप्रसाद घिमिरेको सच्चा श्रद्धाञ्जली सर्वोत्कृष्ट छ साथै घिमिरेका शब्दहरूले पौड्याल 'नेपाली भाषा र साहित्यमा सदा जीवित रहने, अमर रहने र ऋतुविचारमा घुम्ने तथा सत्य सन्देशमा सधै सत्य भएर रहनेछन्' भनी घिमिरेका यी शब्दप्रति आफ्नो सहमति लेखक प्रधानले व्यक्त गरेका छन् ।

**राममणि रिसाल,** नेपाली काव्य र कवि, **ललितपुर : साझा प्रकाशन, २०३१**

नेपाली काव्य र कवि नामक समीक्षात्मक पुस्तक राममणि रिसालले लेखेका हुन् र यसमा लेखनाथ पौड्यालका रचना र पौड्यालमा पाइने दार्शनिक पक्षमाथि रिसालले टिप्पणी गरेका छन् । पौड्यालमा रहेको दर्शनप्रतिको अटल निष्ठा र गहिरो अध्यात्म चिन्तले गर्दा कवि सर्वश्रेष्ठ दार्शनिक कवि भएको भन्दै पौड्यालले दर्शनको निश्चल गोरेटो सफासँग कोर्न सक्नु पौड्यालको उपलब्धि भएको रिसालले औंल्याएका

छन् । लेखनाथका काव्यमा पूर्वीय दर्शन विशेषगरी वेदान्त दर्शनको अभिष्ट छाप रहेको र अनित्यता क्षणिकता, मौलिक जीवनको निस्सारता एवं परम तŒवको प्राप्ति पौड्यालका कवितात्मक सन्देश हुन् भन्ने विचार रिसालले व्यक्त गरेका छन् । पूर्वीय दर्शन र साहित्यलाई नेपाली काव्यभरि पौड्यालले विशेष रूपमा झल्काएका अध्यात्मवाद लेखनाथीय समस्त कविताको आत्म भएको र पौड्यालको जीवन दार्शनिक गतिशीलतामा अगाडि बढेको रिसालले उल्लेख गरेका छन् ।

**वासुरिमाल 'यात्री',** केही साहित्यिक चिन्तनहरू, **ललितपुर : साझा प्रकाशन, २०३२**

वासु रिमाल 'यात्री'द्वारा केही साहित्यिक चिन्तनहरू शीर्षकको समालोचनात्मक पुस्तक लेखिएको छ । यसमा लेखक रिमाल 'यात्री'ले लेखनाथ पौड्यालको पिँजडाको सुगा कविताको प्रवृत्तिगत चिनारी र अन्य कवितासँग यसको तुलनात्मक स्थानका बारेमा टिप्पणी गरेका छन् । पिँजडाको सुगा २००७ सालपछि मात्र मुक्त भयो, ऊ निर्बन्ध भएर आकासमा उड्न थाल्यो र उसको साझ एकतन्त्री शासनबाट छुट्कारा पायो भन्दै पिँजडाको सुगा, हुरीको गीत, आमाको सपना र एक दिन लगायत अन्य प्रवृत्तिका कविताहरू हाम्रा साहित्यका सुनौला अक्षर भएका उत्कृष्ट कृतिहरू हुन भन्ने विचार रिमाल यात्रीद्वारा व्यक्त भएको छ । नेपाली कविता यीनै कृतिले सिँगारिनुका साथै विविध रूपले युक्त विस्तृत, व्यापक र विशाल हुँदै गएका हुन् भन्ने प्रसङ्ग रिमाल यात्रीले औँल्याएका छन् ।

**वासुदेव त्रिपाठी,** नेपाली कविताको सिंहावलोकन, **ललितपुर : साझा प्रकाशन, दो.सं. २०३२**

नेपाली कविताको सिंहावलोकन नामकको समालोचनात्मक पुस्तक वासुदेव त्रिपाठीद्वारा लेखिएको हो र यसमा त्रिपाठीले लेखनाथ पौड्यालको सत्यकलि संवाद, र यस काव्यको सकरात्मक पक्षको बारेमा चर्चा गरेका छन् । त्रिपाठीले लेखनाथको सत्यकलि संवाद नेपाली समाजका युगौं-युगदेखि आएका विश्वासलाई काम नलाग्ने घोषित गर्ने बहादुर नभई पौड्याल विश्वासमा परेका खराबी, समाजमा लागेको घाउ र रोगको मित्रवत् उपचार गर्ने चिकित्सकका रूपमा देखापरेका व्यक्तित्व हुन भन्ने टिप्पणी गरेका छन । यस्तै गरी सँस्कृतिको प्राचीन भण्डारलाई देखाउने व्यक्तित्वका रूपमा पौड्यालले आर्यजीवन पद्धतिको पुनर्जागरण र समाज सचेत दर्शन नेपाली साहित्यमा भित्राएका छन् भन्ने कुराको उल्लेख त्रिपाठीले गरेका छन् ।

**कृष्णचन्द्रसिंह प्रधान,** साझा समालोचना, **ललितपुर : साझा प्रकाशन, दो .सं २०३४**

कृष्णचन्द्रसिंह प्रधानले साझा समालोचना शीर्षकको समालोचनात्मक पुस्तक लेखेका छन् । यसमा लेखक प्रधानले लेखनाथ पौड्यालको भाषा र अन्य पक्षका बारेमा संक्षिप्त टिप्पणी गरेका छन् । प्रधानको विचारमा अमूर्ततालाई मूर्तता दिन लेखनाथको शैलीले नेपाली काव्य भाषामा नयाँ प्रवाह र नौलो आयाम थपेको कुरा यहाँ व्यक्त भएको छ । पौड्याल अध्यात्मदर्शनमा अभिरुचि राख्ने कवि हुन् कविको झुकाउ जता बढी छ कृतिहरूमा त्यही विषयको दृष्टान्त प्रचुर मात्रामा देखिन लाग्दछ जसले पौड्यालका कविताहरूमा अमूर्त रूपमा प्रस्तुत गरिएका दृष्टान्त स्वाभाविकै रहेको लेखक प्रधानले जनाएका छन् । संस्कृत साहित्यमा अमूर्तताको प्रभाव भाषाको भण्डारमा परी समृद्ध भएजस्तै नेपाली साहित्यमा पनि यस्तो परम्पराको प्रभाव लेखनाथसम्म चल्दै आएको प्रधानले उल्लेख गरेका छन् ।

**रमेश श्रेष्ठ,** नेपाली कविताका प्रवृत्ति, **ललितपुर : साझा प्रकाशन, २०३५**

रमेश श्रेष्ठले नेपाली कविताका प्रवत्ति नामक समालोचनात्मक पुस्तक लेखेका छन । यसमा लेखनाथ पौड्यालको भाषिक गुण र नेपाली साहित्यमा रहेको पहिचान पक्षमाथि लेखक श्रेष्ठले टिप्पणी गरेका छन् । श्रेष्ठको विचारमा पौड्याल नेपाली कविताको पुरातन र समकालीनताहरूको संगम हुन भन्दै पौड्यालले कवितालाई माध्यमिककालीन अन्धकारबाट आधुनिकताको उज्यालोमा प्रवेश गराए भन्ने विचार श्रेष्ठले व्यक्त गरेका छन् । भाषाका माध्यमबाट पौड्यालले नेपाली काव्यमा युग परिवर्तन गरे, भाषाको कलिलो रूपलाई नयाँ पेटेभोटो लगाइदिए, आधुनिकताको प्रथम शÊघोष फुके यसैको फलस्वरूप कविताको प्रेरणा र भावभूमिको स्रोत बनी पौड्याल पुरानो संसारको अन्तिम ठूला कवि भएको कुरा श्रेष्ठद्वारा औंल्याइएको छ ।

**भानुभक्त पोखरेल,** साहित्यिक अनुशीलन, **ललितपुर : साझा प्रकाशन, २०३५**

साहित्यिक अनुशीलन शीर्षकको समालोचनात्मक पुस्तक भानुभक्त पोखरेलद्वारा लेखिएको हो जसमा लेखक पोखरेलले लखनाथ पौड्यालका रचनागत सबलता र दुर्बलता पक्षमा टिप्पणी गरेका छन् । पोखरेलको विचारमा पौड्यालबाट भाषालाई भरिलो पार्ने कार्य भएको, भाषाशैली, साहित्यिक शिल्पचातुरी र रचनाकारिताको माधुर्यले नयाँपन साहित्यमा झल्काएको, नेपाली भाषालाई बटारबुटुर पारेर भए पनि समृद्धि तुल्याएको जस्ता पक्षहरू पौड्यालका सबलता भएको पोखरेलले उल्लेख गरेका छन् । यसैगरी पौड्यालबाट पूर्णतया युग चेतनाको मूल नफुटेको, चिन्तन र दर्शनको क्षेत्रमा नयाँभन्दा पुरानै भएको वैचारिक र सामाजिक युगबोधको दृष्टिले हेर्दा नवीनता

प्राय नभएको र सामाजिक वस्तुस्थिति र यथार्थको गर्भबाट पौड्यालको कविता नजन्मेको जस्ता पक्षहरू पौड्यालका दूर्बलता हुन् भन्ने पोखरेलले बताएका छन् तथापि लेखनाथ नेपाली साहित्यकारमा ध्रुव ताराझैँ चम्किरहने विचार पोखरेलले व्यक्त गरेका छन् ।

**प्रतापचन्द्र प्रधान,** माध्यमिककालीन नेपाली कवितामा शृङ्गार, **वाराणसी : नाथ पब्लिशिंग हाउस, २०३७**

माध्यमिककालीन नेपाली कवितामा शृङगार नामक समीक्षात्मक पुस्तक प्रतापचन्द्र प्रधानद्वारा लेखिएको हो । यसमा प्रधानले लेखनाथ पौड्यालको आधुनिकता र कवित्वको संक्षिप्त चर्चा गरेका छन् । पौड्यालको पहिलो कविता शृङ्गारपच्चीसी हो यही आलङ्कारिक शिष्ट शृङ्गार कविताद्वारा साहित्यारम्भ गरेका पौड्याल नेपाली कवितालाई आधुनिकतिर मोड्ने कवि हुन् भन्दै गहकिला पौड्यालका कवितामा भावको गहनता, नीति सुधार र युगको चेतना सल्वलाएको पाइन्छ भन्ने विचार प्रधानद्वारा व्यक्त भएको छ । यी यावत कारणले पौड्यालको कवित्व निरन्तर विस्तार भएको हुनाले पौड्याल माध्यमिक कालको प्रमुख कवि हुँदा-हुँदै पनि आधुनिक कालको पनि प्रवर्तक हुन पुगे भनी प्रधानले टिप्पणी गरेका छन् ।

**गोमा, साहित्यिक,** फूलवारीका फूलहरू, **काठमाडौ भगीरथ काफ्ले, २०३७**

साहित्यिक फूलबारिका फूलहरू नामक शीर्षकको समालोचनात्मक पुस्तक लेखिका गोमाद्वारा लेखिएको हो । यस पुस्तकमा गोमाले लेखनाथ पौड्यालको कृतिमा पाइने प्रकृतिवाद र मानवतावादका पक्षमा चर्चात्मक टिप्पणी गरेकी छन् । पौड्यालले चराकै माध्यमबाट मानवमात्रलाई विभिन्न शिक्षा दिए, सामाजिक चित्र उतारे र समाजका खराब पक्षमाथि व्यङ्ग्य हान्ने काम गरे साथै भौतिकवाद र अध्यात्मवादको परिचय पनि दिए भनी गोमाले आफ्नो विचार व्यक्त गरेकी छन् । यस्तै गरी प्रकृतिप्रेमी कवि पौड्याल वसन्त कोकिललाई निम्ताउँदै मानवको दुःख सुख, विकास विनाश, जवानी, बूढौली आदि सम्पूर्ण भाव पन्छीसँगै एकाकार गर्न मानिस जस्तै प्रकृतिमा पनि सुख दुःख घुमिफिरी आउने कुरा पौड्यालका कवितामा पाइने गोमाले जनाएकी छन् । आफ्नै रचनामार्फत विभिन्न उपदेश दिएर मानव जीवन सार्थक बनाउने उपदेश दिने प्रकृतिप्रेमी पौड्याल एक महान् मानवतावादी कवि हुन भन्ने लेखिका गोमाले चर्चा गरेकी छन् ।

**अभि सुवेदी,** सिर्जना र मूल्याङ्कन, **ललितपुर : साझा प्रकाशन, २०३८**

सिर्जना र मूल्याङ्कन नामक समालोचनात्मक पुस्तक अभि सुवेदीले लेखेका हुन र यस पुस्तकमा सुवेदीले लेखनाथ पौड्यालको जीवनदर्शन र जीवन भोगाइका क्रममा देखापरेका अनेक आरोह अवरोह र पौड्यालले जीवनलाई हेर्ने दृष्टिमाथि समान्य टिप्पणी गरेका छन् । यस्तै गरी नेपाली भाषा र साहित्यलाई आधुनिक युगतिर लैजाने प्रतिभावान् व्यक्ति पौड्यालमात्र भएको भन्दै त्यतिबेलाको संक्रमणकालीन समयमा पनि पौड्याल साहित्यलाई गति प्रदान गर्न पछि हटेनन् भनी सुवेदीले उल्लेख गरेका छन् । सबै जातजाति, भाषा, संस्कृति र धर्मको जातीय एकतामा साहित्यलाई भाषाका माध्यमबाट बाधेर लैजाने क्रममा परम्परावादी र अन्धविश्वासीजगत्बाट नेपाली वाङ्मयलाई क्रान्तिकारी दिशामा लगेर राख्ने पौड्याल क्रान्तिमार्गी युवा भएको कुरा भनी सुवेदीद्वारा उल्लेख गरिएको छ । पौड्यालको जीवनदर्शन जीवनको मोहदेखि टाढा नभएको भन्दै पौड्यालको जनजीवन, दर्शन र संस्कृति सरल नैसर्गिकपनले प्रभावित भएकाले पौड्यालका सबै कवितामा कोरा काल्पनिक उडान मात्र नभई त्यसमा एउटा यथार्थ जीवनको चित्रण पनि भएको विचार सुवेदीले व्यक्त गरेका छन् ।

**नरेन्द्र चापागाइ, केही कृति केही प्रतिकृति, ललितपुर : साझा प्रकाशन, २०३८**

प्रस्तुत केही कृति केही प्रतिकृति नामक समालोचनात्मक पुस्तक नरेन्द्र चापागाइद्वारा लेखिएको हो । यस पुस्तकमा चापागाइले लेखनाथ पौड्यालका विभिन्न सामाजिक पक्ष, राजनीति आध्यात्मिक, कवित्व, धार्मिक पक्ष र पिँजडाको सुगा समेतको सामान्य टिप्पणी गरेका छन् । पौड्यालको पिँजडाको सुगा नेपाली साहित्यमा मात्र नभई विश्व साहित्यजगत्मा पहिलो स्थान लिन सफल रचना हो र यही रचनाबाट पौड्यालको कवित्व प्रभावशाली र रहस्यमय देखापर्न सक्षम भई विभिन्न वर्गमा बाल, युवा र प्रौढ आदिमा आकर्षित र रोचक समेत भएको उल्लेख चापागाइले गरेका छन् । त्यसैगरी अन्यमा भन्दा आलोच्य कृतिमा पाइने कवित्व सरल, सुबोध र सम्प्रेषणीय हुन पुगेको समेत लेखक चापागाइद्वारा औँल्याइएको छ ।

**घटराज भट्टराई,** प्रतिभैप्रतिभा र नेपाली साहित्य, **काठमाडौं : नेशनल रिसर्च एशोसियट्रस, २०४०**

घटराज भट्टराईले प्रतिभैप्रतिभा र नेपाली साहित्य नामक समीक्षात्मक पुस्तक लेखेका छन् । जसमा भट्टराईले लेखनाथ पौड्यालका कवि व्यक्तित्व र नाट्य व्यक्तित्व पक्षमा आबद्ध भई सामान्य टिप्पणी गरेका छन् । नेपाली साहित्यमा ऋतुविचार जस्तो प्रकृतिकाव्य दिन सफल पौड्यालले एकदर्जन जति काव्य र तरुण तपसी जस्तो

खारिएको काव्य नेपाली साहित्यलाई प्रदान गरी साहित्यजगत्मा अमरत्व प्राप्त गरेको विचार भट्टराईले प्रकट गरेका छन् । यसका साथसाथै लक्ष्मीपूजा जस्तो मौलिक नाटक लेखी आफूलाई नाटककारका रूपमा समेत चिनाएका यी प्रतिभावान् पौड्यालका मौलिक अनुदित र नेपाली भाषेत्तर गरी लगभग सात ओटा जति नाटक पाइने कुरा भट्टराईले यहाँ बताएका छन् ।

**मोहन सिटौला,** केही सिर्जना : केही विवेचना, **काठमाडौं : श्रीमती भुवनेश्वरी सिटौला, २०४१**

केही सिर्जना : केही विवेचना नामक पुस्तक लेखक मोहन सिटौलाले लेखेका हुन र यस समालोचनात्मक पुस्तकमा सिटौलाले लेखनाथ पौड्यालको अध्यात्मपक्षको चर्चा गर्दै पौड्याललाई अन्य कविसँग तुलना गरेका छन् । जीवन र अध्यात्मतŒवका एक स्रष्टा भएका पौड्याल यी दुवैको संगम र प्रयोगशालामय जीवनयात्रा भएको भन्दै टाल्सटायको रुस, ब्राउनिर्गको वातावरण, टेगोरको समाज र लेखनाथको देशीय दृष्टिको प्रचलित रूप, प्रकार र स्वभाव एउटै जस्तो इतिहासले भन्छ भन्ने सिटौलाले औंल्याएका छन् । टाल्सटाय, ब्राउनिर्ग र टेगोरको अध्यात्म जीवनदर्शनमा प्राय : समानता पाउँछौ भन्दै यिनीहरूझैं पौड्याल पनि समकालीन युगका प्रवर्तक र अध्यात्मवादका एक महान् व्याख्याकार भएको सिटौलाले टिप्पणी गरेका छन् । पौड्यालका जीवनमा जीवनवादी र अध्यात्मवादी पक्ष दुवै जोड्दार छन् भन्ने विचार लेखक सिटौलाद्वारा यहाँ उल्लेख भएको छ ।

**कोशला जोशी,** नेपाली साहित्यकाशका सात तारा, **काठमाडौं : कुमारबहादुर जोशी, २०४४**

कोशला जोशीद्वारा लेखिएको नेपाली साहित्यकाशका सात तारा नेपाली साहित्यको एक समालोचनात्मक पुस्तक हो जसमा लेखिका जोशीले नेपाली कविता परम्परामा लेखनाथ पौड्यालको स्थान के कस्तो रहेको छ भन्ने बारेमा समीक्षा गरेकी छन् । जोशीले पौड्यालको कविताकलाको मूलभूत मर्मको प्रशंसा गर्दै नेपाली कविता परम्परामा पौड्याल भानुभक्त र मोतीरामपछिका तेस्रा तथा आधुनिक साहित्यका प्रथम उल्लेखनीय कवि भएको विश्लेषण गरेकी छन् ।

यस्तै गरी पौड्यालका धेरैजसो कविताका श्लोकमा कतै न कतै आध्यात्मिक आस्था र जीवनदृष्टिको सार संक्षेपमा झल्किने लेखक जोशीले टिप्पणी गरेका छन् ।

**ठाकुर पराजुली,** नेपाली साहित्यको परिक्रमा, **काठमाडौं : नेपाली विद्या प्रकाशन, २०४५**

नेपाली साहित्यको परिक्रमा शीर्षकको समालोचनात्मक पुस्तक ठाकुर पराजुलीद्वारा लेखिएको हो । यसमा पराजुलीले लेखनाथ पौड्यालको समाजप्रतिको दृष्टिकोण के कस्तो छ भन्ने बारेमा जानकारी दिएका छन् । पौड्यलले सामाजिक शोषणको मात्र निन्दा नगरेर आडम्बर र विकृतिप्रति समेत आलोचना गर्ने काम गरेको लेखक पराजुलीले टिप्पणी गरेका छन् । लेखनाथ आस्तिकता र नास्तिकताको वर्ग भेदभन्दा पनि आफ्ना अन्तरमनको आसुरी वृत्तिलाई हटाएर सत्यको निकट पुऱ्याई मानिसको आत्मबल बढेको देख्न चाहान्छन् भन्ने विचार पराजुलीले व्यक्त गरेका छन् । यसैगरी अध्यात्मप्रेरित मानवतावादको अर्को आधार सत्यलाई मान्ने पौड्याल सत्यको अर्को नाम परमतत्त्व ईश्वर हो भन्दै वैयक्तिक स्वार्थबाट माथि उठेर विश्वबोधको भावना फैलाउन चाहेको लेखक पराजुलीद्वारा औंल्याएको छ ।

**देवी शर्मा,** शोध र समीक्षा, **काठमाडौं : नेपाली नारी साहित्य सेवा केन्द्र, २०४५**

देवी शर्माले शोध र समीक्षा नामक समालोचनात्मक वा समीक्षात्मक पुस्तक लेखेका छन् । यस पुस्तकमा लेखक शर्माले लेखनाथ पौड्याल र उनको नारीप्रतिको दृष्टिकोणका बारेमा समीक्षा गरेका छन् । पौड्यालका धेरैजसो रचनाहरूमा नारीप्रति निरपेक्ष भाव देखिए तापनि नारीप्रति सहानुभूति र आदर भाव दर्शाएको साथै तत्कालीन समाजमा विद्यमान बालबिवाह त्यसपछि नारीको दुर्दशा र अज्ञानीपनको चर्चा गर्दै नारीप्रतिको यथार्थ, स्वाभाविक र सर्वव्यापी चित्रण पाइने भनी लेखक शर्माले यहाँ टिप्पणी गरेका छन् ।

**अच्युतरमण अधिकारी,** विवेचनै विवेचना, **काठमाडौं : उन्नयन प्रकाशन, २०४६**

विवेचनै विवेचना शीर्षकको समालोचनात्मक पुस्तक अच्युतरमण अधिकारीद्वारा लेखिएको हो र यसमा लेखक अधिकारीले लेखनाथ पौड्यालका विविध पक्षमाथि चर्चा गरेका छन् । यस सन्दर्भमा पौड्याल एउटा युग चेतनाका प्रतिनिधि कवि र बिम्ब कवि मात्र नभई समग्र पूर्वीय संस्कृतिका सफल गायक कवि र व्यक्तित्व भएको साथै एउटा आफ्नो संस्कृति, मर्यादा र गौरवका सचेत गायकका रूपमा समेत, नेपाली समग्र साहित्यले पौड्याललाई प्राप्त गरेको लेखक अधिकारीले यहाँ औंल्याएका छन् । त्यतिबेलाको सम्पूर्ण राष्ट्रिय चिन्तनलाई साहित्यको माध्यम बनाउने पौड्याल आफ्नो राष्ट्रिय परिवेशबाट हेर्दा रसियन साहित्यका महान् साहित्यकार लियोटाल्सटायसँग तुलनीय कवि व्यक्तित्व समेत भएको अधिकारीले यहाँ उल्लेख गरेका छन् ।

**तारानाथ शर्मा,** भानुभक्तदेखि तेस्रो आयमसम्म, **ललितपुर : साझा प्रकाशन, छै.सं. २०५०**

भानुभक्तदेखि तेस्रो आयमसम्म नामक समालोचनात्मक पुस्तक तारानाथ शर्माद्वारा लेखिएको हो र यसमा शर्माले लेखनाथ पौड्याललाई अन्य कविसँग तुलना गर्दै पौड्यालको कवित्व पक्षमा आधारित भई सामान्य चर्चा गरेका छन् । पौड्याल पनि अन्य कवि सम, देवकोटा र रिमालजस्तै प्रथम श्रेणीका कविभित्र पर्ने र पौड्यालका कवितामा संस्कृत छन्दको ज्यादै नै राम्रो कलात्मक अभिव्यक्ति पाइने विचार शर्माले व्यक्त गरेका छन् । यसैगरी पौड्याल देवकोटा युगका पुराना तर गुरु हुन भन्दै पौड्यालको कवितामा नेपाली भाषाको अत्यन्त गुलियो स्वाद पाइने र भाव पक्षबाट हेर्दा पौड्याल दक्षिण एशियाली परम्पराका छोरा हुन् भनी शर्माले टिप्पणी गरेका छन् । पौड्यालले तरुण तपसी जस्तो गम्भीर, दार्शनिक र सुन्दर कविता लेखेर पनि आधुनिक हुन सकेनन् भन्दै मौलिक दर्शनको अभावले र नवीन शैलीप्रतिको उदासीनताले नै पौड्याललाई महाकवि हुन दिएन भन्ने शर्माको दृष्टिकोण छ ।

**मोहन पी दाहाल,** केही अध्ययन पत्रहरू, **दार्जिलिङ : नेपाली लेखक सहकारी समिति, ई.सं. १९९३**

लेखक मोहन पी दाहालले केही अध्ययन पत्रहरू नामक समालोचनात्मक पुस्तक तयार पारेका छन् र यसमा दाहालले लेखनाथ पौड्याललाई आधुनिक कविका रूपमा उपस्थापन गर्दै पौड्यालकै अन्य पक्षलाई पनि सामान्य चर्चाको विषय बनाएका छन् । ऋतुविचारबाट माध्यमिककालीन शृङ्गारिक परम्पराको अन्त्य गराइ बुद्धिविनोदमार्फत आधुनिकताको सुरुवात गराउने पौड्याल आधुनिक नेपाली साहित्यको युगनिर्माता र प्रेणता भएको टिप्पणी दाहालले गरेका छन् । लेखनाथ संकीणता र भेदभाव त्याग्ने, भातृत्व सुखको आस्वादन गराउने, सामाजिक चेतनाको प्रतिमूर्ति र विश्वबन्धुत्वको सन्देश फिँजाउने व्यक्तित्व भएको दाहालले उल्लेख गरेका छन् ।

**घटराज भट्टराई,** नेपाली साहित्यकार परिचय, **काठमाडौं : नेशनल रिसर्च एशोसियट्रस, २०५१**

नेपाली साहित्यकार परिचय नामक समालोचनात्मक पुस्तक घटराज भट्टराईले लेखेका हुन् र यसमा लेखनाथ पौड्यालको परिचय दिई पौड्यालका रचनाहरूका बारेमा सामान्य चर्चा गरेका छन् । पौड्यालका कविता काव्यको मीठापनबाट नेपाली साहित्यजगत् लगाायत नेपाली पाठक लाभान्वित हुँदै आएका र पौड्यालले आफ्नो जीवनको अन्तिम अवस्थासम्म साहित्यसेवामा आफूलाई समर्पित गरी प्रशस्त कृतिहरू

रचेको देखिन्छ भनी लेखक भट्टराईले आफ्नो विचार व्यक्त गरेका छन् । साहित्यका कविता र नाटक विधामा कलम चलाएका पौड्याल नेपाली काव्यजगत्का विशिष्ट प्रतिभा हुन् र संस्कृतका सुन्दर वार्णिक छन्दमा खारिएका आध्यात्मिक चिन्तनलाई आधुनिक ढाँचामा प्रस्तुत गर्दै काव्य संसारमा चमत्कार देखाएका भनी लेखक भट्टराईले टिप्पणी गरेका छन् ।

**वासुदेव त्रिपाठी र अन्य,** नेपाली साहित्यको शृङखला भाग १, **काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०५२**

नेपाली साहित्यको शृङखला भाग १ नामक समीक्षात्मक पुस्तक वासुदेव त्रिपाठी लगाायत अन्य मिली लेखिएको हो । यसमा त्रिपाठी र अन्यद्वारा लेखनाथ पौड्यालको रचनामा पाइने भाषिक विशेषता र सीप पक्षका बारेमा टिप्पणी गरिएको छ । कवि पौड्याल नेपाली व्याकरणले तोकेको र वर्णविन्यासका अनुशासनमा यथाशक्य रही छन्दोबद्ध कविता लेख्ने परम्पराको थालनीकर्ता कवि भएको लेखक त्रिपाठी र अन्यले उल्लेख गरेका छन् । नेपाली भाषामा लेख्यरूपको मानक वर्णविन्यास कायम गर्ने प्रयास भइरहेको तर मतभेद पनि भइरहेको अवस्थामा पौड्यालले छन्दशास्त्र र आफूले मानेको वर्णविन्यास दुवैको अनुशासन मिल्ने गरी कविता लेख्ने काम पौड्यालले गरेको देखिन्छ भन्ने लेखक त्रिपाठी र अन्यको ठहर रहेको छ । आध्यात्मिक र उच्च विचार भएका गहिरा कविता लेख्ने पौड्याल नेपाली साहित्यका ठूला कालिगड वा कलाकार भएको त्रिपाठी र अन्यहरूले जनाएका छन् ।

**कुमारबहादुर जोशी,** चार अमर कविका पाँच काव्यकृति, **ललितपुर : साझा प्रकाशन, दो.सं. २०५३**

चार अमर कविका पाँच काव्यकृति नामक समालोचनात्मक पुस्तक कुमारबहादुर जोशीले लेखेका हुन र यसमा लेखक जोशीले लेखनाथ पौड्यालको तरुण तपसी काव्यको विविध पक्षमाथि सम्बन्धित भई टिप्पणी गरेका छन् । तरुण तपसीमा पौड्यालले आधुनिक युगले दिएको आर्थिक वैज्ञानिक र सामाजिक विचारलाई पूर्वपक्षमा राखी उत्तरपक्षमा आफ्नो पूर्वीय परम्परासूत दर्शन प्रस्तुत गरेको कुरा लेखक जोशीले बताएका छन् । धन सम्पतिले सुख नपाइने साँच्चिकै सुख शान्तिको लागि आध्यात्मिक चिन्तनकै आवश्यकता पर्ने भन्दै यस रचनाबाट त्यसतर्फ लाग्न प्रेरित गरेको लेखक जोशीले औंल्याएका छन् । तरुण तपसीमा पौड्यालले वेदान्त, प्रकृतिचित्रण र सामाजिक परिसंशोधन यी तीनै थरी विषयलाई प्रमुख बनाएर कविता लेखेको र सामाजिक परिसंशोधनभन्दा वेदान्त र प्रकृतिचित्रण भएका कविता धेरै पाइने कुरा जोशीले उल्लेख गरेका छन् । सांख्य र योगदर्शन कुरा तथा वेदान्त दर्शनमा

ज्ञानयोग र निष्काम कर्मयोगका कुरा नै वस्तुतः पौड्यालका आफ्ना मूलभूत कुरा भएको र आध्यात्मिक र नैतिकता पौड्यालको दर्शन वा विशेषता भएको जोशीले बताएका छन् ।

**अभि सुवेदी,** रचना र माध्यम, **ललितपुर : साझा प्रकाशन, २०५४**

अभि सुवेदीद्वारा लेखिएको रचना र माध्यम एक समीक्षात्मक पुस्तक हो र यस पुस्तकमा सुवेदीले लेखनाथ पौड्यालको विविध पक्षको सामान्य परिचर्चा गरेका छन् । संस्कृत वाङ्मयको ठूलो प्रभाव भएका पौड्यालको भाषा स्वस्थ भएको, सम्प्रेषणीय भएको, छन्दबद्ध भएकै कारणले नेपाली भाषको स्वाभाविक ताल र ध्वनिलाई सफलतापूर्वक आफूमा आबद्ध गर्न सफल भएको टिप्पणी सुवेदीले गरेका छन् । यही स्वाभाविक भाषा प्रयोगले गर्दा पौड्यालको भाषा सम्प्रेषणयूक्त गुणले भरिएको र कविताले आफ्नो दर्शन प्रस्तुत गर्न सफल भएको उल्लेख समीक्षक सुवेदीले गरेका छन् ।

**भानुभक्त पोखरेल,** साहित्य समीक्षा सङ्ग्रह, **ललितपुर : साझा प्रकाशन, २०५५**

साहित्य समीक्षा सङ्ग्रह नामक समालोचनात्मक पुस्तक लेखक भानुभक्त पोखरेलले लेखेका हुन जसमा पोखरेलले लेखनाथ पौड्यालका विविध व्यक्तित्व र स्थान पक्षका बारेमा चर्चा गरेका छन् । लेखनाथ कविशिरोमणि मात्र नभई नेपाली साहित्यिक भाषाका भगीरथ र काव्य भाषाका शिरोमणि तथा आदर्श ऋषिमूर्ति र नेपाली समाजका गुरु हुन भन्ने विचार समीक्षक सुवेदीले व्यक्त गरेका छन् । पौड्याललाई राष्ट्रले जुन श्रद्धा, सम्मान र आदरका दृष्टिले हेरिरहेको थियो र हेरिरहेको छ त्यस्तो परिस्थितिमा माधव घिमिरेलाई लेखनाथभन्दा ठूला कवि हुन भनी सिधै भन्न अलि नसक्ने विचार लेखक पोखरेलले प्रकट गरेका छन् ।

**वासुदेव त्रिपाठी र अन्य,** नेपाली कविता भाग ४, **ललितपुर : साझा प्रकाशन, चौ.सं., २०६०**

नेपाली कविता भाग-४ नामक समीक्षात्मक पुस्तक लेखक वासुदेव त्रिपाठी र अन्यद्वारा लेखिएको हो । यसमा लेखनाथ पौड्यालको धारागत प्रवृत्ति र अन्य पक्षका बारेमा त्रिपाठी र अन्यले टिप्पणी गरेका छन् । कविता लेखनको अन्तिम प्रहारमा पौड्याल आध्यात्मिक चेत र युगीन सामाजिक चेतको समीकरण गर्दै भावना र बौद्धिकताको सर्मान्वितमा लागेको कुरा त्रिपाठी लगाायत अन्यले औँल्याएका छन् । संस्कृत काव्यतŒव अँगाली नेपाली कविताकलालाई परिष्कृत गर्ने पौड्याल नेपाली कविताका पुराना कविहरूमध्ये नयाँ र आधुनिक कविहरूमध्ये सबैभन्दा जेठा, पुराना र वरिष्ठ कवि भएको विचार त्रिपाठी र अन्यले व्यक्त गरेका छन् । पौड्याल नेपाली

कवितापरम्परा र आधुनिकता बीचका सेतु हुन् र नेपाली परिष्कारवादी कविहरूमध्ये सर्वश्रेष्ठ प्रतिभाशाली व्यक्तित्व समेत रहेको लेखक त्रिपाठी लगायत अन्यद्वारा प्रस्ट्याइएको छ ।

### ६.४ निबन्ध विधा

अन्य विधाहरूमा झैँ निबन्ध विधाभित्र पनि लेखकले लेखनाथ पौड्याललाई आंशिक आधार बनाइ विभिन्न पुस्तकभित्र अध्ययन गरेको देखिन्छ जसलाई तत्सम्बन्धी देखाइएको छ ।

**जनकलाल शर्मा र राजेश्वर देवकोटा, नेपाली निबन्धावली, काठमाडौ : ने.रा.प्र.प्र., २०१८**

जनकलाल शर्मा र राजेश्वर देवकोटाले नेपाली निबन्धावली नामक निबन्धात्मक पुस्तक लेखेका छन् । यस पुस्तकमा लेखक शर्मा र देवकोटाले लेखनाथ पौड्यालको भाषिक योगदानका बारेमा चर्चा गरेका छन् । पौड्याल नेपाली भाषालाई वर्तमान रूप दिनेमा एक विशिष्ट व्यक्ति हुन र पौड्यालको यस क्षेत्रमा प्राथमिक स्थान छ, साथै पौड्यालमा कविताको नीति वार्णिक छन्दको माध्यम हुनुपर्ने भावना थियो भन्ने टिप्पणी लेखक द्वय शर्मा र देवकोटाद्वारा गरिएको छ । छन्दको नीति, भाषाको प्रचलन, व्याकरण आदिको बलिदान सामान्य मान्दै वार्णिक छन्दनै पक्रेर पनि शुद्ध भाषामा आफ्नो वक्तव्य पूरा गरेर छाड्न सक्नु लेखनाथका महान् विशेषतामध्ये एक रहेको शर्मा र देवकोटाले जनाएका छन् । भाषिक क्षेत्रमा पौड्यालको लगाव र योगदान अनुपम र अतुलनीय भएको विचार शर्मा र देवकोटाले व्यक्त गरेका छन् ।

## सातौं परिच्छेद

# लेखनाथ पौड्यालसम्बन्धी सान्दर्भिक अध्ययनहरू

केही शोधपत्र तथा शोधप्रबन्धमा र पुस्तक पुस्तिकाहरूमा लेखनाथ पौड्याललाई मात्र केन्द्रमा राखी पौड्यालसम्बन्धी शोध-अध्ययनहरू भएको देखिन्छ भने यहाँ अर्थात् यस परिच्छेदमा पौड्याललाई सान्दर्भिक विषयका रूपमा चर्चा गरिएका शोधपत्र तथा अन्य केही सान्दर्भिक अध्ययनहरूको चर्चा गरिएको छ ।

**प्रतापचन्द्र प्रधान,** नेपाली कवितामा शृङ्गार मोतीरामदेखि सूक्तिसिन्धुसम्म, **स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि., कीर्तिपुर, २०३२**

नेपाली कवितामा शृङ्गार मोतीरामदेखि सूक्तिसिन्धुसम्म शीर्षकको स्नातकोत्तर तहको शोधपत्र प्रतापचन्द्र प्रधानद्वारा लेखिएको हो र जुन नेपाली विभाग त्रि.वि. को मातहतमा रही २०३२ सालमा पूरा भयो । यस शोधपत्रमा प्रधानले विभिन्न पत्रपत्रिकामा लेखनाथ पौड्यालको भाषिक परिष्कारको योगदान र उनका केही रचनाहरूको सामान्य टिप्पणी गरेका छन् । लेखनाथ पौड्याल, राममणि आ.दी.ले सुन्दरी (१९६३) पत्रिकामार्फत चलिरहेका साहित्यिक प्रयोग, प्रवृत्तिहरूको परिवर्तन र परिवर्द्धन गर्दै हलन्त बहिष्कार गरी भाषा सुधार गर्नका साथै लेखनप्रणालीमा सचेतताका साथ स्तरीयताको बृद्धि गरी समाज, जाति र साहित्यको सुधार गर्न सफल भए भन्ने प्रधानले उल्लेख गरेका छन् । त्यस्तै गरी माधवी १९६५ पत्रिकामार्फत भाषिक परिष्कार र हलन्त वहिष्कारमा योगदान दिएका पौड्यालको यसै पत्रिकामा वर्षाविचार लगायत अन्य रचनाले शृङ्गार परम्पराको विरोध गर्दै नवीन कविता लेखन परिपाटीको अभिवृद्धि गर्न लागेको देखिन्छ भन्ने विचार प्रधानले व्यक्त गरेका छन् । वर्षाविचारलाई पूर्वरूप मानेको ऋतुविचारमार्फत प्रकृतिका विभिन्न पक्षमार्फत जीवनको सर्वाङ्गीण चित्रण गर्न पौड्याल लागेको प्रधानले बताएका छन् । आधुनिक कालको घोषणापत्र कविकवितालाप कवितालाई बनाएका पौड्यालका निम्ति भाषा नै त्यस्तो महत्त्वपूर्ण बन्यो जसबाट परम्परागत संस्कारमा जगल्टिएको भाषालाई र समाजलाई आधुनिकताको मार्गदर्शन दिन यस रचनामार्फत सफल भए भन्ने प्रधानले औँल्याएको देखिन्छ । साहित्य क्षेत्रमा यत्रो योगदान दिएका पौड्यालमा कवित्वको निरन्तर विकास भइरहेकोले यिनी माध्यमिक कालको प्रमुख कवि हुँदा-हुँदै आधुनिक कालको सूत्रधार पनि हुन पुगे भन्ने विचार प्रधानले यस शोधपत्रमार्फत प्रस्तुत गरेका छन् ।

# आठौं परिच्छेद

# शोधनिष्कर्ष

लेखनाथ पौड्यालसम्बन्धी अध्ययनपरम्परा भन्ने शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा जम्माजम्मी आठवटा परिच्छेद रहेका छन् । यस शोधपत्रको पहिलो परिच्छेद शोधपरिचयसँग सम्बन्धित छ भने यो आठौं परिच्छेद चाहिँ शोधनिष्कर्षका रूपमा रहेको छ । यस शोधपत्रमा दोस्रो परिच्छेददेखि सातौं परिच्छेदसम्म गरिएका चर्चाहरूको निष्कर्ष तल दिइएको छ :

१. नेपाली साहित्याकाशका उज्ज्वल नक्षत्र लेखनाथ पौड्यालले नेपाली साहित्यका कविता, नाटक, जस्ता मुख्य दुई विधामा प्रमुख सिर्जनशीलता देखाएका छन् भने कविता विधामा चाहिँ उत्कृष्ट र गुणस्तरीय सिर्जन सामार्थ्य देखाइ आफूलाई महान् युग निर्माताका रूपमा प्रतिष्ठित पनि तुल्याएकै छन् । यी महान् प्रतिशाली स्रष्टाका बारेमा अध्ययन गर्ने विद्वान्हरूले यिनका व्यक्तित्व र कृतित्वका साथै पौड्यालले गरेका खास खास कार्य, यिनले खास खास विधामा देखाएका खास खास प्रवृत्ति र पौड्यालले खास खास विधामा गरेका योगदान समेतलाई विषय बनाइ अध्ययन तथा सर्वेक्षण गर्दै आएको पाइन्छ ।

२. पौड्यालद्वारा रचित फुटकर कविता १९६३ सालदेखि सुन्दरी पत्रिकामा प्रकाशित भए तापनि मुख्य रूपले पौड्यालका सम्बन्धमा वि.सं. १९६५ सालमा 'पं. लेखनाथ पौड्याल छप्की वालाको' भन्ने शीर्षकमा राममणि आचार्य दीक्षित अर्थात् मातृप्रसाद शर्मा अधिकारीले आफै सम्पादित माधवी (१९६५) मा लेख लेखी प्रकाशन गराइ अध्ययन तथा चर्चा परिचर्चा गर्ने क्रम सुरु गरे । यसरी अधिकारीबाट थालनी भएको अध्ययनपरम्परा आजसम्म पौड्यालका कृतित्वका साथै साहित्यका विविध विधामा पौड्यालले गरेका कार्यहरूमा केन्द्रित भएर अध्ययन तथा सर्वेक्षण गर्ने क्रम सहजतापूर्वक अघि बढ्दै आएको छ । त्यतिबेलादेखि अहिलेसम्म पौड्याल र पौड्यालका काव्यकृतिका सम्बन्धमा नेपाल तथा नेपाल बाहिर विभिन्न विद्वान् तथा विद्वान्हरूले आ-आफ्ना अध्ययन र विचार प्रकट गर्दै आएका छन् । यी अध्ययनहरू पत्रपत्रिकाहरूमा प्रकाशित लेखका रूपमा, कुनै पत्रपत्रिका भित्रै फुटकर तथा लामा लेखका रूपमा, केही आंशिक चर्चाका रूपमा देखिन्छन् । पौड्यालका बारेमा लेखिएका यस्ता अधिकांश लेखहरू कुनै रचना विशेषमा र अझ कतिपय त रचनाको पनि विशेष पक्षमा केन्द्रित रही लेखिएका भए पनि केही ग्रन्थ र लेखहरू भने

पौड्यालका सम्पूर्ण कृतित्वलाई समेट्ने गरी लेखिएको पनि पाइन्छ । यस्तैगरी पुस्तकका सम्पादकीय र भूमिकाहरूमा पनि पौड्यालका सम्बन्धमा विभिन्न चर्चाहरू भएकै पाइन्छ । विभिन्न विद्वान्हरूले पौड्यालका बुद्धिविनोद, अभिज्ञान शाकुन्तल लगायत अन्य कृतिहरूमा भूमिका र सम्पादकीयमा पौड्यालका बारेमा चाखलाग्दा चर्चाहरू गरेका छन् । त्यस्तै पौड्यालका सम्बन्धमा अध्ययन भएका पुस्तकाकार र कृतिहरूमा भूमिकामा पनि पौड्यालसम्बन्धी अध्ययनहरू भएकै देखिन्छन् । यसैगरी स्वयं पौड्यालले आफ्ना कुनै कुनै कृतिको भूमिका आफैले पनि लेखेका छन् । अमरज्योतिको सत्य स्मृति, मेरो राम, बुद्धिविनोद, ऋतुविचार, सत्यकलि संवाद, पञ्चतन्त्र (अनुदित), लक्ष्मीपूजा, लालित्य जस्ता कृतिको भूमिका वा वक्तव्यमा पौड्याल आफैले आफ्ना बारेमा चर्चा गरेका छन् । त्यस्तै विभिन्न संघसंस्था र प्रकाशकले पनि विभिन्न कृतिका भूमिका पौड्यालका बारेमा अध्ययन तथा चर्चा गरेको पाइन्छ ।

३. पौड्यालका बारेमा अध्ययन गर्ने विद्वान्हरूले पौड्यालको व्यक्तित्व र कृतित्वमा केन्द्रित रहेर विभिन्न पुस्तकाकार कृतिहरूको प्रकाशन गरेका छन् । यस्ता पुस्तकाकार कृतिहरूमा पनि ८ (आठवटा) पुस्तकहरू पौड्यालकै विषयमा केन्द्रित छन् भने ५० वटा जाति विभिन्न विषयक पुस्तक कविता, इतिहास, समालोचना र निबन्ध विधाका लगायत अन्यहरूमा चाहिँ पौड्यालका सम्बन्धमा आंशिक रूपमा चर्चा भएको यस शोधपत्रमा उल्लेख गरिएको छ यद्यपि यस्ता पौड्यालका सम्बन्धमा आंशिक चर्चा भएका पुस्तक सय (१००) जति पाइन्छन् ।

४. पौड्यालका बारेमा अध्ययन गरी लेखिएका र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर लेखहरू १०० वटाभन्दा वेशी फेला पर्न आएका छन् ।

५. त्यस्तै गरी लेखनाथ पौड्यालका विविध विधालाई लिएर विद्यावारिधीय शोध र स्नातकोत्तरीय शोधका रूपमा अध्ययन भएको पाइन्छ । उपलब्ध शोधपत्रलाई आधार मानेर भन्नुपर्दा पौड्यालका सम्बन्धमा पूरा भइसकेका विद्यावारिधीय शोधप्रवन्ध जम्मा २ वटा र स्नातकोत्तरीय शोधपत्र जम्मा ४ वटा मात्र फेला पर्न आएका छन् भने पौड्यालसँग सान्दर्भिक स्नातकोत्तरीय शोधपत्र एउटा मात्र फेला परेको देखिन्छ ।

६. विभिन्न समिति तथा पत्रपत्रिकाका प्रकाशहरूले पौड्याललाई केन्द्रित गरी लेखनाथ शतवार्षिकी स्मारिका तथा लेखनाथ विषयक, विशेषाङ्कहरू पनि प्रकाशनमा ल्याएका छन् । यस शोधपत्रमा समेटिएका भानु (२०२३) र स्मारिका

(२०४१) मा प्रकाशित लेखहरू हेर्दा कवि पौड्यालका विषयमा गरिएका अध्ययनहरू नै अग्र पङ्क्तिमा आउँछन् । त्यसपछि व्यक्तित्व, कृतित्वका र जीवनीका सम्बन्धमा भएका अध्ययनहरू देखिन्छन् । यस्तै गरी नाटककार पौड्यालका सम्बन्धमा अध्ययन भएको खासै पाइदैनन् भने पौड्यालका बारेमा केही संस्मरणात्मक लेख देखिन्छन् ।

यसरी पौड्यालका बारेमा गरिएका विभिन्न अध्ययनहरूमा अधिकांशले पौड्यालको कृतित्वलाई छोएकै छन् भने उनको कवित्वका बारेमा अत्याधिक मात्रामा अध्ययन र सर्वेक्षण भएको पाइन्छ र त्यसपछिको क्रममा नाटककार पौड्यालका बारेमा भएको अध्ययन जोडिन्छ तर पौड्यालको जीवनी र व्यक्तित्व पक्षलाई लिएर शोधपत्रका रूपमा अध्ययन भएको पाइएन ।

नेपाली साहित्यका प्रतिभाशाली व्यक्तित्व पौड्यालका सम्बन्धमा अनेक लेखक, समालोचक, साहित्यप्रेमी, समीक्षक र अनुसन्धाताहरूले संस्मरण, समालोचना, विश्लेषण, टिप्पणी प्रशंसा र अनुसन्धानकार्यका तथा सर्वेक्षणका रूपमा समेत कलम चलाएको पाइयो । पौड्यालका विधागत, कृतिगत र कृतिमा निहित विभिन्न पक्षका सन्दर्भमा पनि लघुदेखि विद्यावारिधिसम्मको अनुसन्धान कार्य भएकै देखियो । पौड्यालका सम्बन्धमा सामान्य छलफलल भएका छोटाछरिता लेखदेखि पुस्तकाकारका सिङ्गा कृतिहरू पनि प्रकाशित नै देखिन्छन् । नेपाली साहित्यकारहरूमा सर्वाधिक चर्चामा आउने प्रतिभाशाली पौड्यालका बारेमा अझ धेरै अध्ययन हुनु सम्भव नै छ । यस शोधपत्रमा उपलब्ध तथा सम्भव भए सम्मका अध्ययनहरूलाई यथासक्य समेट्ने प्रयास गरिए तापनि यस्ता युगप्रवर्तक प्रतिभाशाली व्यक्तित्वका विषयमा गरिएका अध्ययनहरू यतिमात्र हुन भन्न उपयुक्त हुँदैन । अध्ययनको क्षेत्र व्यापक भएकाले नेपालबाहिरका नेपालभित्रैका विभिन्न लेखक संस्था, पत्रपत्रिकाका आदिले पौड्यालका बारेमा गरेका कतिपय अध्ययनहरूलाई यहाँ समेट्न सकिएको छैन । पौड्यालका बारेमा गरिएका जे-जति अध्ययन उपलब्ध भए तिनलाई समेटेर यो शोधपत्र तयार भएको छ ।

# सन्दर्भग्रन्थसूची

## (क) सन्दर्भपुस्तक सूची


अधिकारी, अच्युतरमण, विवेचनै विवेचना, काठमाडौं : उन्नयन प्रकाशन, २०४६ ।

अधिकारी, जीवननाथ उपाध्याय, तरुण तपसी प्रदर्शिका, दार्जिलिङ : श्रीराज प्रकाशन, ई.सं. १९७१ ।

आचार्य, दीक्षित, राममणि, मातृबोलीको स्वाड, काठमाडौं : शान्ति निकेतन पुस्तकालय, २०१७ ।

कर्माचार्य, माधवलाल, तीन कविका केही कविता, काठमाडौं : रत्न पुस्तक भण्डार, दो.सं., २०२२ ।

गोमा, साहित्यिक फूलबारिका फूलहरू, काठमाडौं : भगीरथ काफ्ले, २०३७ ।

घिमिरे, केशवप्रसाद, तरुण तपसीको पुनर्मूल्याङ्कन, ललितपुर : साझा प्रकाशन, दो.सं., २०५८ ।

चापागाई, नरेन्द्र, केही कृति केही प्रतिकृति, ललितपुर : साझा प्रकाशन, २०३८ ।

जोशी, कुमारबहादुर, चार अमर कविका पाँच काव्यकृति, ललितपुर : साझा प्रकाशन, दो.सं., २०५३ ।

जोशी, कोशला, नेपाली साहित्यकाशका सात तारा, काठमाडौं : कुमार बहादुर जोशी, २०४४ ।

जोशी, रत्नध्वज, साहित्य र समीक्षा, ललितपुर : साझा प्रकाशन, २०२५ ।

))))))), ऋतुविचार र लेखनाथ, काठमाडौं : ने.रा.प्र.प्र., २०३६ ।

झा, तीर्थराम, 'जानकीशरण', पं. लेखनाथ पौड्यालको ऋतुविचार, काठमाडौं : ऋतुकुमार अर्याल, २०४१ ।

त्रिपाठी, वासुदेव, आधुनिक नेपाली कविता, काठमाडौं : ने.रा.प्र.प्र., सम्पा. २०२८ ।

))))), नेपाली कविताको सिंहावलोकन, ललितपुर : साझा प्रकाशन, दो.सं., २०३२ ।

))))), कविशिरोमणि लेखनाथका प्रतिनिधि कविता सङ्ग्रह, काठमाडौं : श्री ५ को सरकार सूचना विभाग, २०४२ ।

))))), लेखनाथका प्रमुख कविता, ललितपुर : साझा प्रकाशन, २०४६ ।

))))) र अन्य, नेपाली साहित्यको शृङ्खला, भाग १, काठमाडौं : एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि., २०५२ ।

))))) र अन्य, नेपाली कविता भाग ४, ललितपुर : साझा प्रकाशन, चौ.सं., २०६० ।

तिमिसिना, डिल्लीराम र भण्डारी, माधव, हाम्रो साहित्य र साहित्यकारहरू, विराटनगर : पुस्तक संसार, २०२७।

दत्त, चिरञ्जीवी, केही नेपाली काव्यहरूको समीक्षा, काठमाडौं : रत्न पुस्तक भण्डार, २०३० ।

दाहाल, मोहन पी, केही अध्ययन पक्षहरू, दार्जिलिङ : नेपाली लेखक सहकारी समिति, ई.सं. १९९३ ।

दिवस, तुलसी आयोजक, नेपाली खण्डकाव्य र काव्यांश सङ्ग्रह, कमलादी : ने.रा.प्र.प्र., सम्पाः २०३० ।

दीक्षित, कमल, बुइगल, ललितपुर : साझा प्रकाशन, सम्पा. २०३४ ।

नेपाल, घनश्याम, नेपाली साहित्यको परिचयात्मक इतिहास, काठमाडौं : जनपक्ष प्रकाशन, सन् १९९४ ।

पराजुली, कृष्णप्रसाद, पन्ध्रतारा नेपाली साहित्य, ललितपुर : साझा प्रकाशन, २०२८ ।

पराजुली, ठाकुर, नेपाली साहित्यको परिक्रमा, काठमाडौं : नेपाली विद्या प्रकाशन, २०४५ ।

पोखरेल, भानुभक्त, साहित्य अनुशीलन, ललितपुर : साझा प्रकाशन, २०३५ ।

))))))‚ साहित्य समीक्षा सङ्ग्रह, ललितपुर : साझा प्रकाशन, २०५५ ।

पौड्याल, लेखनाथ, तरुण तपसी, ललितपुर : साझा प्रकाशन, २०६२ ।

प्रधान, कृष्णचन्द्रसिंह, साझा समालोचना, ललितपुर : साझा प्रकाशन, दो.सं., २०३४ ।

प्रधान, राजनारायण, केही कृति केही स्मृति, दार्जिलिङ : नेपाली साहित्य परिषद् श्याम-ब्रदर्श, ई.सं. १९७३ ।

प्रधान, प्रतापचन्द्र, माध्यमिककालीन नेपाली कवितामा शृङ्गार, वाराणसी : नाथ पब्लिशिंग हाउस, २०३७।

प्रधान, हृदयचन्द्रसिंह, नेपाली काव्य र उसका प्रतिनिधि कवि, काठमाडौं : रत्न पुस्तक भण्डार, २०२१ ।

भट्टराई, घटराज, प्रतिभैप्रतिभा र नेपाली साहित्य, काठमाडौं : नेशनल रिसर्च एशोसियट्स, २०४० ।

भट्टराई, घटराज, नेपाली साहित्यकार परिचय, काठमाडौं : नेशनल रिसर्च एशोसियट्स, २०५१ ।

भट्टराय, चूडानाथ, तरुण तपसी मीमांस, ललितपुर : जगदम्बा प्रकाशन, २०१८ ।

रिमाल, वासु 'यात्री', केही साहित्यिक चिन्तनहरू, ललितपुर : साझा प्रकाशन, २०३२ ।

रिसाल, राममणि, नेपाली काव्य र कवि, ललितपुर : साझा प्रकाशन, २०३१ ।

लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, काठमाडौं : ने.रा.प्र.प्र., २०६० ।

शर्मा, टीकाप्रसाद, लेखनाथ प्रवचन माला, धरान : त्रिभुवन विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठ, २०४२ ।

शर्मा, जनकलाल र देवकोटा, राजेश्वर, नेपाली निबन्धावली, काठमाडौं : ने.रा.प्र.प्र., २०१८ ।

शर्मा, तारानाथ, भानुभक्तदेखि तेस्रो आयामसम्म, ललितपुर : साझा प्रकाशन, छै.सं., २०५० ।

शर्मा, देवी, शोध र समीक्षा, काठमाडौं : नेपाली नारी साहित्य सेवा केन्द्र, २०४५ ।

शर्मा, रमा, कविशिरोमणिको ऐतिहासिक रथयात्रा, काठमाडौं : नेपाल शिक्षा परिषद्, २०६२ ।

शर्मा, रामकृष्ण, शप्तशारदीय, ललितपुर : जगदम्बा प्रेस प्रा.लि., प्रकाशन, २०२४ ।

)))))), दश गोर्खा, ललितपुर : साझा प्रकाशन, २०२६ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, नेपाली साहित्यको संक्षिप्त इतिहास, ललितपुर : साझा प्रकाशन, आठौं सं. २०६३ ।

श्रेष्ठ, रमेश, नेपाली कविताका प्रवृत्ति, ललितपुर : साझा प्रकाशन, २०३५ ।

सत्याल, यज्ञराज, नेपाली साहित्यको संक्षिप्त विवेचना, काठमाडौं : रत्न पुस्तक, २०२३ ।

))))), नेपाली साहित्यको भूमिका, काठमाडौं : रत्न पुस्तक भण्डार, ते.सं., २०२९ ।

साहित्यशास्त्री, बदरीनाथ, नेपाली पद्य सङ्ग्रह, दोस्रो भाग, काठमाडौं : ने.भा.प्र.स., नेपाल, सम्पाः २०१८ ।

सिटौला, मोहन, केही सिर्जना : केही विवेचना, काठमाडौं : श्रीमती भुवनेश्वरी सिटौला, २०४१ ।

सुवेदी, अभि, सिर्जना र मूल्याङ्कन, ललितपुर : साझा प्रकाशन, २०३८ ।

))))), रचना र माध्यम, ललितपुर : साझा प्रकाशन, २०५४ ।

**(ख) सन्दर्भ पत्रपत्रिकासूची**

अधिकारी, मातृकाप्रसाद शर्मा, 'पं. लेखनाथ पौड्याल छप्की वालाको', माधवी कला १, संख्या ४, १९६५, पृ. ७९ ।

आचार्य, के, 'तरुण तपसीमा शैली र भावको सम्बन्ध', सिसार वर्ष ३, अङ्क ३, २०३७, पृ. २६-२८ ।

उपाध्याय, केशवप्रसाद, 'तरुण तपसी एक अध्ययन', खुड्किलो २ डाँडो १, २०२९, पृ. ६ ।

))))), 'ऋतुविचारमा प्रकृतिविचार', मधुपर्क वर्ष ६, अङ्क ५, २०३०, पृ. ३ ।

उपाध्याय, नन्दनहरि, 'कविशिरोमणिलाई सम्झदा', गोर्खापत्र वर्ष ८४, अङ्क १५८, असोज २७, २०४१ ।

कार्यालय प्रतिनिधि, 'साहित्यकारहरूद्वारा कवि शिरोमणिमा श्रद्धाञ्जली', गोर्खापत्र वर्ष ७८, अङ्क २४५, पुस २६, २०३५ ।

))))), 'लेखनाथ जन्मजयन्ती सम्पन्न', गोर्खापत्र वर्ष ८१, अङ्क २४३, पुस २५, २०३८ ।

कोइराला, शङ्करप्रसाद, 'कविशिरोमणि श्री लेखनाथ', शारदा वर्ष २०, संख्या २, माघ २०११, पृ. ३२-३५ ।

खनाल, यदुनाथ, 'तरुण तपसी-एक दृष्टिकोण', नेपाली पूर्णाङ्क ४, २०१७, त्रैमासिक, पृ. २७-२९ ।

खनाल, रवेतीरमण, 'तरुण तपसी : एक तुलात्मक अवलोकन', मधुपर्क वर्ष १, अङ्क ९, २०२५, पृ. ६२-७० ।

गोर्खापत्र, 'श्री शिक्षामन्त्रीबाट आश्वासन लेखनाथ समारोह समितिको प्रतिनिधि मण्डललाई', गोर्खापत्र भाग ५५, संख्या १०४, पुस १९, २०११ ।

गोमा, 'लेखनाथको काव्यसाधनामा चरा', रत्नश्री वर्ष १८, अङ्क २, २०३७, पृ. ४१ ।

गौतम, ध्रुवचन्द्र, 'शताब्दीपछिको यात्रा : फेवाताल माछापुच्छ्रे र कविशिरोमणिको सम्झना', साहित्यिक मञ्च ५-१२, फागुन २०४० ।

चालिसे, विजय, 'कविशिरोमणि लेखनाथ र उनका केही कविता', मधुपर्क वर्ष १३, अङ्क ८-९, २०३७ ।

ज.ब.रा., भरत शमशेर, 'हाम्रा राष्ट्र-भाषाका कविकर लेखनाथ', साहित्यस्रोत वर्ष १, संख्या २, जेठ, २००४, पृ. २४ ।

जोशी, ताराप्रसाद, 'कविशिरोमणि लेखनाथको  कवि व्यक्तित्वको क्रमिक विकास', दियालो वर्ष १४, हाँगो ७५, २०३१ ।

जोशी, रत्नध्वज, 'कविशिरोमणि लेखनाथ : भाषाशैली', नेपाली पूर्णाङ्क २३, २०२३, पृ. ३-५ ।

))))), 'लेखनाथ र चरा', गोर्खापत्र वर्ष ८४, अङ्क १३३, भाद्र ३०, २०४१ ।

))))), 'लेखनाथ र नेपाली साहित्यका चरा', गोर्खापत्र वर्ष ८४, अङ्क १८३, कार्तिक २५, २०४१ ।

ढुङ्गाना, पुण्यप्रभा देवी, 'मेरा पिताजी मेरा गुरु', मधुपर्क वर्ष १७, अङ्क ४, पृ. ९०-९५ ।

त्रिपाठी, वासुदेव, 'ऋतुविचार खण्डकाव्यभित्र सामाजिक चित्राङ्कन', मधुपर्क वर्ष ३, अङ्क २, असार २०२७, पृ. ८१-८७ ।

))))), 'भानुभक्त र लेखनाथलाई सँगसँगै सम्झन खोज्दा', सुस्केरा वर्ष १, अङ्क २, कार्तिक, २०२७, पृ. ५७ ।

))))), 'विभिन्न कृतिमा प्रतिबिम्बित लेखनाथको व्यक्तित्व', रूपरेखा वर्ष ११, पूर्णाङ्क ११०, संख्या २, २०२७, पृ. १७-२० ।

))))), 'नाटककार लेखनाथ पौड्याल', ने.रा.वि. पूर्णाङ्क ११, २०२९, पृ. १८ ।

))))), 'कविशिरोमणि लेखनाथ पौड्यालको कवितायात्रा : एक चर्चा', भारद्वाज वर्ष १, अङ्क ३, पुस २०४१, पृ. ३३-४६ ।

दत्त, चिरञ्जीवी, 'लेखनाथ पौड्यालका पद्यहरूमा परिक्रमा गर्दा', सम्झना वर्ष ४, पूर्णाङ्क ९, २०२९, पृ. २१ ।

दाहाल, बल्लभमणि, 'कवि लेखनाथ र उनको काव्य धारा', मधुपर्क वर्ष १, अङ्क ११, चैत्र २०२५, पृ. ४२-४३ ।

दीक्षित, कमल, 'श्रद्धा गर्छ', मधुपर्क वर्ष १७, अङ्क ४, भाद्र, २०४१ ।

देवकोटा, राजेश्वर, 'नेपाली साहित्यको राजनैतिक पृष्ठभूमि', प्रगति वर्ष २, अङ्क ३, पूर्णाङ्क ९, २०११, पृ. १२३ ।

नेपाली साहित्यकार परिचय र अभिव्यक्ति, 'नेपाली साहित्यका तपसी', गोर्खापत्र वर्ष १०५, अङ्क २३४, पुस १६, २०६२ ।

न्यौपाने, दैवज्ञराज, ‘कविशिरोमणि लेखनाथ’, मधुपर्क वर्ष ३, अङ्क ८, पुस २०२७, पृ. ७३-७४ ।

)))))), ‘कविशिरोमणि लेखनाथ पौड्यालको तरुण तपसी’, कुञ्जिनी वर्ष ६, अङ्क ४, २०५५, पृष्ठ ५४-६२ ।

न्यौपाने, विश्वनाथ, ‘लेखनाथ ज्ञानकुञ्ज’, ने.रा.वि. हिउँद, दोस्रो प्रकाशन, २०२४, पृ. ३७ ।

पन्त, भरतराज, ‘मेरा स्मृति पटमा देखापर्ने कवि लेखनाथ’, रत्नश्री वर्ष १३, अङ्क ५, द्वैमासिक, २०१६, पृ. ३० ।

)))))), ‘कविशिरोमणि लेखनाथको गौंथली’, गोर्खापत्र वर्ष ८४, अङ्क २१८, पुस १, २०४१ ।

)))))), ‘तरुण तपसीको पूर्वरङ्ग’, गोर्खापत्र वर्ष १०५, अङ्क २३४, पुस १६, शनिवार, २०६२ ।

पराजुली, ठाकुरप्रसाद, ‘तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ’, मधुपर्क वर्ष १, अङ्क २, आषाढ, २०२५, पृ. १७-१९ ।

)))))), ‘नेपाली कविको आधुनिक दिशा र प्रवृत्ति’, रूपरेखा वर्ष ११, अङ्क १, पूर्णाङ्क १०९, २०२७, पृ. १३ ।

पोखरेल, भानुभक्त, ‘लेखनाथका बारेमा केही’, प्रतिबिम्ब सङ्कलन २०२३, पृ. ६९ ।

पौड्याल, अनन्त, ‘कविशिरोमणि लेखनाथ र कविता’, मधुपर्क वर्ष १७, अङ्क ४, २०४१, पृ. ३१-३५ ।

पौड्याल, डमरुवल्लभ, ‘साहित्यिक त्रिवेणीमा फुरेका कलकलको सम्झना’, गोर्खापत्र वर्ष ६८, अङ्क २३३, पुस १६, २०२५ ।

)))))), ‘दुईवटा काव्यको एउटै दुर्घटना’, गोर्खापत्र वर्ष ७२, अङ्क २५०, माघ २, २०२० ।

पौडेल, व्यासजी, ‘कविशिरोमणि लेखनाथप्रति श्रद्धाञ्जलिको दुई शब्द’, गोर्खापत्र वर्ष ७२, अङ्क २५०, माघ २, २०२९ ।

प्रधान, कृष्णचन्द्रसिंह, ‘तरुण तपसीको करुण गाथा : एउटा सत्य एउटा आदर्श’, रमझम वर्ष ५, अङ्क १, २०२६, पृ. ४१ ।

)))))), ‘कविशिरोमणिका आखिरी दिन’, मधुपर्क वर्ष १७, अङ्क ४, २०४१, पृ. ३७, ३९ ।

प्रधान, पारसमणि, ‘पण्डित् लेखनाथ शर्मा’, भारती वर्ष १, संख्या १, असार, २००६, पृ. १८ ।

))))), 'कविशिरोमणि लेखनाथ पौड्याल', दियालो वर्ष ५, हागो २०, २०२१, पृ. १४ ।

प्रधान, हृदयचन्द्रसिंह, 'नेपाली काव्य र उसका प्रतिनिधि कवि', जागृति वर्ष १, अङ्क २, २००९ ।

बन्धू, चूडामणि, 'लेखनाथ आधुनिक नेपाली कविता', प्रज्ञा वर्ष १, अङ्क २, पुस, २०१७, पृ. १९ ।

बराल, ईश्वर, 'श्री लेखनाथ पौड्याल : नीतिकार कवि', साहित्यस्रोत वर्ष ३, संख्या १, २००६, पृ. १६, १७, ७३ ।

भट्ट, आनन्ददेव, 'एक महान कविको मृत्यु', रत्नश्री वर्ष ३, अङ्क ४, २०२३, पृ. ४२ ।

भट्टराई, बद्रीविलाश, 'सत्य सन्देश भित्रका लेखनाथको सन्देश', मधुपर्क वर्ष १६, अङ्क ८, २०४०, पृ. २२ ।

भट्टराई, शरदकुमार, 'कविशिरोमणि लेखनाथ र उनको तरुण तपसी', त्रिफला १, २०२६, पृ. २५-३० ।

भण्डारी, गोपाल, 'तरुण तपसीको स्थान', हिमाली सौगात वर्ष २, अङ्क ८, २०३०, पृ. ४१ ।

भण्डारी, माधव, 'लेखनाथको उपमा विधान', गोर्खापत्र वर्ष ८३, अङ्क २८७, फागुन १३, २०४० ।

मधुपर्क, 'कविशिरोमणिको स्मृतिमा', मधुपर्क वर्ष १७, अङ्क ४, २०४१ ।

))))), 'कविशिरोमणि लेखनाथका साहित्यगत धारणा', मधुपर्क वर्ष १७, अङ्क ४, २०४१, पृ. ९८-१०२ ।

))))), 'समय र सन्दर्भ', मधुपर्क वर्ष १७, अङ्क ४, २०४१ ।

))))), 'कविशिरोमणिको स्मृतिमा', मधुपर्क वर्ष १७, अङ्क ४, २०४१ ।

रा.स.स., 'अभिनन्दन', गोर्खापत्र वर्ष ६५, अङ्क २३८, पुस २०, २०२२ ।

))))), 'कविशिरोमणि लेखनाथलाई अभिनन्दनपत्र समर्पण', गोर्खापत्र वर्ष ६५, अङ्क २५१, माघ ४, २०२२ ।

))))), 'कविशिरोमणिको आस्था चिन्ताजनक', गोर्खापत्र वर्ष ६५, अङ्क २६९, माघ २२, २०२२ ।

))))), 'कविशिरोमणिको आस्था सुधार', गोर्खापत्र वर्ष ६५, अङ्क २५१, माघ ४, २०२२ ।

))))), 'अर्धौ अर्चलेमा लेखनाथ जयन्ती', गोर्खापत्र वर्ष ८७, अङ्क २४८, पुस २९, २०३५, पृ. मुख पृष्ठ ।

))))), 'नेपाली भाषालाई परिष्कृत रूप दिनु कविशिरोमणिको विशेषता', गोर्खापत्र वर्ष ८४, अङ्क २४०, पुस २३, २०४१ ।

रिमाल, वासु 'यात्री', 'कविशिरोमणिको चिल्लोपात', मधुपर्क वर्ष १७, अङ्क ४, २०५१, पृ. ६३-६८ ।

रेग्मी, मुरारीप्रसाद, 'तरुण तपसीमा विकासात्मक योग मनोविज्ञान', मधुपर्क वर्ष १७, अङ्क ४, २०४१, पृ. ५७-६० ।

रेग्मी, शिव, 'नेपाली साहित्यका बृद्ध तपसी', गोर्खापत्र वर्ष ८४, अङ्क २४०, पुस २३, २०४१ ।

))))), 'कवि शिरोमणि र सत्य सन्देश', गोर्खापत्र वर्ष ७४, अङ्क २५७, माघ १०, २०४१ ।

लम्साल, सृजन, 'हाम्रा तपसी कवि', सिर्जना वर्ष १, अङ्क ४, फागुन २०३२, पृ. ७-१४ ।

वशिष्ठ, ठाकुरनाथ, 'कविशिरोमणि लेखनाथ पौड्याल', गोर्खापत्र वर्ष ८२, अङ्क २६२, माघ १५, २०३९ ।

))))), 'केही फुटकर कविताभित्रका कविशिरोमणि', गोर्खापत्र वर्ष ८१, अङ्क २४३, पुस १५, २०३८ ।

))))), 'लेखनाथ शतवार्षिकी', गोर्खापत्र वर्ष ८३, अङ्क २५९, माघ १४, २०४० ।

विप्रलब्ध कुञ्जवर्तिनी, 'पण्डित् लेखनाथ शर्मा पौड्याल', रूपरेखा वर्ष ६, अङ्क २, पूर्णाङ्क ५०, असार २०२२, पृ. ४ ।

शर्मा, उर्मिला, 'कवि लेखनाथ पौड्यालको मेरो कैशोर, कविताका विषय र प्रवृत्तिहरू', कुञ्जिनी वर्ष १२, अङ्क ९, २०६१/६२, पृ. १४९ ।

शर्मा, चूडामणि, 'काव्यसाधनाको प्रारम्भ, विकास र पराकाष्टा', गोर्खापत्र वर्ष ७३, अङ्क २३९, पुस २०, २०३० ।

शमशेर, जगदीश, 'कविकर लेखनाथको वसन्त कोकिल', रूपरेखा वर्ष १२, अङ्क ८, पूर्णाङ्क १२८, २०२८, पृ. १३-२५ ।

शर्मा, तारानाथ, 'कविशिरोमणि लेखनाथ पौड्याल', गरिमा वर्ष २, अङ्क १, २०४०, पृ. ११५ ।

शर्मा, नारायण, कोइराला, ‘महाकविको आँखामा कविशिरोमणि’, रूपरेखा वर्ष १२, अङ्क ९, पूर्णाङ्क १२९, माघ, २०२८, पृष्ठ १७ ।

शर्मा, बालचन्द्र, ‘अरूणोदय कवि’, मधुपर्क वर्ष १७, अङ्क ४, २०४१, पृ. ३९ ।

श्रेष्ठ, दयाराम, ‘पिँजडाको सुगा’, मधुपर्क वर्ष १७, अङ्क ४, २०४१, पृष्ठ ४९-५५ ।

श्रेष्ठ, सिद्धिचरण, ‘लेखनाथ मेरो साहित्य यात्रामा’, मधुपर्क वर्ष १७, अङ्क ४, भाद्र, २०४१, पृष्ठ १६-२० ।

श्रेष्ठ, हरि, ‘महाकवि देवकोटा र कविशिरोमणि पौड्याल’, ने.रा.वि. पूर्णाङ्क १२, २०२९, पृ. १८ ।

सत्याल, शिवप्रसाद ‘पीठ’, ‘कविशिरोमणिको काव्यमान्यता’, मधुपर्क वर्ष ६, अङ्क ११, चैत्र, २०३०, पृ. २५-३९ ।

))))), ‘लेखनाथ काव्य प्रदर्शनी’, २०४१, गोर्खापत्र वर्ष ८४, अङ्क १२६, भाद्र २३, २०४१ ।

))))), ‘लेखनाथ पौड्याल : शिखरिणी कवि’, गोर्खापत्र वर्ष ८४, अङ्क ७७, असार ६, २०४१ ।

सम्पादकीय, ‘ऋतुविचार’, शारदा वर्ष १, संख्या ३, १९९२, पृ. ३१ ।

))))), ‘कविशिरोमणिप्रति श्रद्धाञ्जली’, गोर्खापत्र वर्ष ६८, अङ्क २३३, पुस १६, २०२५ ।

))))), ‘कविशिरोमणिको सम्झना’, गोर्खापत्र वर्ष ७५, अङ्क २४७, पुस २९, २०३२ ।

))))), ‘लेखनाथ शतवार्षिकी’, गोर्खापत्र वर्ष ८४, अङ्क २३९, पुस २२, २०४१ ।

संवाददाता, ‘नेपाली साहित्यमा पाश्चात्य अनुकरण हुनु हुँदैन’, गोर्खापत्र ६५, अङ्क २३५, पौष १६, २०२२ ।

))))), ‘कविशिरोमणि लेखनाथको बयासीयौं जन्मोत्सव समारोह’, गोर्खापत्र वर्ष ६५, अङ्क २३८, पुस २०, २०२२ ।

))))), ‘जन्मोत्सव मनाउने निर्णय’, गोर्खापत्र वर्ष ६५, अङ्क २३३, पुस १४, २०२२ ।

))))), ‘कवि शिरोमणि लेखनाथको स्वास्थ्यमा पर्याप्त सुधार’, गोर्खापत्र वर्ष ६५, अङ्क २३३, पुस १४, २०२२ ।

))))), ‘कवि शिरोमणिको उपचारका लागि आर्थिक सहायता’, गोर्खापत्र वर्ष ६५, अङ्क २५३, माघ ६, २०२२ ।

संसार, किशोर, 'कविशिरोमणि लेखनाथ पौड्याल', गोर्खापत्र वर्ष ८४, अङ्क २५३, माघ ६, २०४१ ।

सापकोटा, किरण, 'तरुण तपसीमा अलङ्कार विधान', कुञ्जिनी वर्ष ११, अङ्क ८, २०६०, पृ. १८५-१८६ ।

सिटौला, मोहन, 'लेखनाथको बिम्ब विधान', मधुपर्क वर्ष १७, अङ्क ४, २०४१, पृ. ८१-८५ ।

सुवेदी, राजेन्द्रप्रसाद, 'लेखनाथको काव्ययात्राको चरमविन्दु : तरुण तपसी', नेपाली पूर्णाङ्क ५९, २०३१, पृ. ३१ ।

))))), 'कविशिरोमणि लेखनाथदेखि म.वी.वि. शाहसम्म', रत्नश्री वर्ष १४, अङ्क ४, २०३३, पृ. ३२ ।

))))), 'लेखनाथज्यूको भोजनभट्ट', सांग्रिला वर्ष १, अङ्क २, २०३०, पृ. ५-६ ।

सुवेदी, अभि, 'लेखनाथ : सार्त्र र रोगी भाषा', मधुपर्क वर्ष १७, अङ्क ४, २०४१, पृ. ४३-४७ ।

**सन्दर्भशोधसूची**

उपाध्याय, लक्ष्मणप्रसाद, समाजचित्रणका दृष्टिले लेखनाथको सत्यकलि संवाद काव्य, स्नातकोत्तर शोधपत्र, नेपाली विभाग त्रि.वि., कीर्तिपुर, २०३१ ।

त्रिपाठी, वासुदेव, लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन, विद्यावारिधीय शोधपत्र, नेपाली विभाग त्रि.वि., कीर्तिपुर, २०३४ ।

थापा, बमबहादुर, 'जिताली', लेखनाथका कवितामा नैतिक पक्ष, विद्यावारिधीय शोधपत्र, महेन्द्र संस्कृत विश्वविद्यालय, दाङ, २०६२ ।

दाहाल, दीपेन्द्रप्रसाद, ˘ऋतुविचार' (१९९१) खण्डकाव्यको कृतिपरक अध्ययन स्नातकोत्तर शोधपत्र, नेपाली विभाग त्रि.वि., कीर्तिपुर, २०५८ ।

पङ्गेनी, भविश्वर, ˘लक्ष्मीपूजा' नाटकमा हास्यव्यङ्ग्यको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली विभाग त्रि.वि., कीर्तिपुर, २०५७ ।

भट्टराई, शङ्करप्रसाद, तरुण तपसी नव्यकाव्यमा प्रयुक्त शब्दहरूको आवृत्ति र तत्सम शब्दको अर्थ, स्नातकोत्तर शोधपत्र, नेपाली विभाग त्रि.वि., कीर्तिपुर, २०५२ ।

**अन्य सान्दर्भिक शोधसूची**

प्रधान, प्रतापचन्द्र, नेपाली कवितामा शृङ्गार मोतीरामदेखि सूक्तिसिन्धुसम्म, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०३२ ।